
# लेखापरीक्षण प्रतिवेदन
# रुपन्देही
## २०७२।७३




# महालेखापरीक्षकको कार्यालय
## काठमाडौं, नेपाल

# Serving the Nation and the People

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| ३.१. | उच्च अदालत बुटवल | ३ |
| ३.२. | जिल्ला अदालत | ४ |
| ३.३. | उच्च सरकारी वकिल कार्यालय | ५ |
| ३.४. | जिल्ला सरकारी वकिल कार्यालय | ५ |
| ३.५. | आन्तरिक राजश्व कार्यालय, बुटवल | ६ |
| ३.६. | आन्तरिक राजश्व कार्यालय, भैरहवा | १६ |
| ३.७. | किसानकालागि उन्नत बिउबिजन कार्यक्रम | २९ |
| ३.८. | कोष तथा लेखा नियन्त्रक कार्यालय । | ३२ |
| ३.९. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ३२ |
| ३.१०. | घरेलु तथा साना उद्योग कार्यालय | ३४ |
| ३.११. | जनताको तटवन्ध फिल्ड कार्यालय | ३६ |
| ३.१२. | जल उत्पन्न प्रकोप व्यबस्थापन डिभिजन कार्यालय नं.१४, भैरहवा | ३७ |
| ३.१३. | जिल्ला कारागार कार्यालय | ३९ |
| ३.१४. | जिल्ला कृषि विकास कार्यालय | ३९ |
| ३.१५. | जिल्ला जनस्वास्थ्य कार्यालय | ४० |
| ३.१६. | जिल्ला पशु सेवा कार्यालय | ४४ |
| ३.१७. | जिल्ला प्रशासन कार्यालय | ४५ |
| ३.१८. | जिल्ला प्रहरी कार्यालय | ४६ |
| ३.१९. | जिल्ला प्राविधिक कार्यालय | ४६ |
| ३.२०. | जिल्ला भू-संरक्षण कार्यालय | ४८ |
| ३.२१. | जिल्ला वन कार्यालय | ५० |
| ३.२२. | जिल्ला विकास समितिको कार्यालय | ५२ |
| ३.२३. | जिल्ला शिक्षा कार्यालय | ६३ |
| ३.२४. | जिल्ला हुलाक कार्यालय | ६६ |
| ३.२५. | डिभिजन सडक कार्यालय वुटवल | ६६ |
| ३.२६. | डिभिजन सहकारी कार्यालय | ७१ |
| ३.२७. | दंगा नियन्त्रण प्रहरी गण | ७१ |
| ३.२८. | पर्यटन कार्यालय | ७२ |
| ३.२९. | पश्चिमान्चल क्षेत्रीय मेडिकल स्टोर, बुटवल | ७३ |
| ३.३०. | बुटवल बहुमुखी क्याम्पस, बुटवल | ७४ |
| ३.३१. | भीम अस्पताल भैरहवा | ७६ |
| ३.३२. | भूमीगत जल सिंचाइ विकास डिभिजन | ७८ |
| ३.३३. | भूमिगत जलश्रोत विकास समिति, बुटवल | ७९ |
| ३.३४. | भैरहवा बहुमुखी क्याम्पस, भैरहवा | ८० |
| ३.३५. | भैरहवा भन्सार कार्यालय वेलहिया | ८१ |
| ३.३६. | भैरहवा लुम्विनी भूमिगत सिंचाइ व्यवस्थापन डिभिजन | ८७ |
| ३.३७. | महिला तथा वालवालिका कार्यालय | ८८ |
| ३.३८. | मत्स्य विकास केन्द्र | ८८ |

| | | |
|---|---|---|
| ३.३९. | मालपोत कार्यालय, भैरहवा | ८९ |
| ३.४०. | यातायात व्यवस्था कार्यालय (सवारी) बुटवल | ९० |
| ३.४१. | यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमती पत्र | ९१ |
| ३.४२. | राजस्व अनुसन्धान पश्चिमान्चल क्षेत्रीय कार्यालय, बुटवल | ९२ |
| ३.४३. | राष्ट्रिय गहुवाली अनुसन्धान कार्यक्रम | ९३ |
| ३.४४. | राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय, बुटवल | ९४ |
| ३.४५. | लुम्बिनी अंचल अस्पताल , बुटवल | ९४ |
| ३.४६. | लुम्बिनी परिक्रमा, बर्दघाट पालडाडा  त्रिवेणी सडक योजना | ९७ |
| ३.४७. | लुम्बिनी बिकास कोष (२०७१।७२ र २०७२।७३) | ९८ |
| ३.४८. | लुम्बिनी बौद्ध विश्वविद्यालय, लुम्बिनी | १०९ |
| ३.४९. | व्यापारिक मार्ग विस्तार आयोजना, बुटवल | १०९ |
| ३.५०. | सिंचाइ विकास डिभिजन | ११२ |
| ३.५१. | शहरी बिकास तथा भवन निर्माण डिभिजन कार्यालय | ११४ |
| ३.५२. | शैक्षिक तालिम केन्द्र | ११७ |
| ४. | आन्तरिक लेखापरीक्षण | ११८ |
| अनुसूची १ : | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | ११९ |
| अनुसूची २ : | बेरुजूको स्थिति | १२२ |
| अनुसूची ३ : | जिल्ला विकास समितिको कार्यालयको आय व्यय विवरण | १२४ |
| अनुसूची ४ : | जिम्मेवार पदाधिकारीको नामावली | १२६ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ। संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबार(बक्यौता समेत)को लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **पद्धति** : संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ।

| | |
|---|---|
| ● सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>● वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>● महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>● संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>● गुणस्तर आश्वस्तता निर्देशिका,<br>● आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>● राजस्व लेखापरीक्षण मार्गदर्शन, | ● सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>● प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>● जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>● जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>● लेखापरीक्षकको आचारसंहिता,<br>● सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ७० कार्यालयको विस्तृत र ३५ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षणः** यस जिल्ला स्थित १०५ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.१ खर्ब ९१ अर्ब ९१ लाख को लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ ।

२. **बेरुजू:** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ ।

यस वर्ष ५८ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा १०७३ र रु १ अर्ब ८४ करोड ५५ लाख २२ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो । प्रतिवेदन अबधिसम्म ४७ कार्यालयको प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन भएका ५३९ दफा र रु.१ करोड ९६ लाख १० हजार मिलान भै ५७ कार्यालयको दफा ५३४ र रु.१ अर्ब ८२ करोड ५९ लाख १२ हजार बेरुजू बाँकी रहेको छ । लेखापरीक्षणको क्रममा रु.३ करोड ८१ लाख २४ हजार र प्रतिक्रियाबाट रु.२ लाख ३४ हजार समेत रु.३ करोड ८३ लाख ५८ हजार असुल भएको छ ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.४१ करोड ८५ हजार, अनियमित रु.६४ करोड ९९ लाख ३ हजार र पेश्की रु.७६ करोड ५९ लाख २४ हजार रहेको छ । यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ ।

३. **सुझावः** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो । प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ । बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ । तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ । प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा
## उच्च अदालत, तुलसीपुर इजलास बुटवल

१. **कर्मचारी दरवन्दी र पदपूर्ति** : निजामती सेवा ऐन, २०४९ को दफा ६क वमोजिम सिर्जना भएको दरवन्दी दफा ७ वमोजिम पुनरावलोकन हुनुपर्दछ। कार्यालयबाट प्राप्त विवरण अनुसार ९ कर्मचारी अन्यत्र काजमा, २० दरबन्दी खाली र १७ जना कर्मचारी करारमा रहेको देखिन्छ। कर्मचारीहरु काजमा खटाउने र दरबन्दी पदपूर्ति समयमा नहुने तर्फ तालुक निकायको ध्यान जानुपर्ने देखिन्छ ।

२. **जिन्सी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० (१) बमोजिम लिलाम गर्नु पर्ने मालासामान भए ६ महिना भित्र र मर्मत सम्भार गर्नुपर्ने भए तीन महिना भित्र गरि सक्नु पर्ने व्यवस्था छ ।कार्यालयको २०७२।०७३ को जिन्सी निरीक्षण प्रतिवेदन अनुसार १२७ थान जिन्सी मर्मत गर्नुपर्ने र ९२ थान मर्मत हुन नसक्ने अवस्था उल्लेख भएको छ। मर्मतको व्यबस्था गरी सम्पत्तिको उपयोग गर्नुपर्दछ।

३. **चाडपर्व खर्च** : निजामती सेवा ऐनको दफा ३२ को उपदफा (१) बमोजिम निजामती कर्मचारीले पाउने एक महिनाको तलव बराबरको चाडपर्व खर्च प्रत्येक वर्ष निजले चाडपर्व खर्च लिन चाहेको मुख्य चाडपर्वको पन्ध्र दिन अगावै पाउने व्यबस्था छ । कार्यालयका ३ कर्मचारीहरु मिति २०७२।११।११ मा नियुक्ति भई फागु पूर्णिमामा चाडवाड खर्च बापत निम्नानुसार रकम बुझेकोमा २०७३ सालको आश्विन महिनामा पुःन चाडवाड खर्च लिएकोले नियमावलीको प्रावधान विपरीत रु.७३ हजार चाडवाड खर्च लिएको उक्त रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ।

४. **क्वाटर भवन निमार्ण** : माननीय मुख्य न्यायाधीशको क्वाटर भवन निमार्णको लागि मुल्य अभिबृद्धि कर समेत रु.८९ लाख ४ हजारमा २०७३ जेष्ठ ३१ मा एक कन्सट्रक्सन .सँग २०७४ जेठ ३० मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा ठेक्काको कुल अवधि १ बर्षमा ६२ प्रतिशत समय समाप्त भएकोमा भौतिक प्रगति न्यून रहेको छ । संरचनाको कार्य मध्ये सामान्य रुपमा फाउन्डेशनको कार्य मात्र गरेको देखिँदा निर्धारण गरेको समयमा कार्य सम्पन्न भई भवन हस्तान्तरण हुने अवस्था देखिँदैन। समयमा कार्य सम्पन्न नगर्दा सम्झौता बमोजिमको पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने अवस्था रहेको छ। निमार्ण व्यवसायीलाई सम्झौताको शर्त बमोजिम सन् २०१७ मे ४ सम्म मान्य अवधि रहेको जमानतको आधारमा रु.११ लाख ८१ हजार कार्य परिचालन पेश्की उपलब्ध गराएकोमा फछर्यौट भएको छैन । अतः आीर्थक कार्यविधि नियमावली, २०६४ तथा सम्झौताको शर्त बमोजिम कार्य परिचालन पेश्की फछर्यौट हुनुपर्दछ। यस सम्बन्धी अन्य व्यहोरा निम्न छन्:

४.१. सम्झौताको शर्त बमोजिम रु.७० लाखको कार्य बिमा, रु.४० लाखको २ बर्षको नोक्सानी बिमा र कर्मचारी तथा कामदारको नामनामेसी सहितको दोहोरो दुर्घटना लाभ सहितको इन्जुरी बिमाको प्रमाण बेगर कार्य आदेश दिएको देखिन्छ। अप्रत्याशित जोखिमहरु न्यूनीकरण गर्न त्रुटी सच्याउने अबधीसम्म मान्य अवधि रहेको बिमाको प्रमाण पेश गरी रु.९२ हजार नियमित गर्नुपर्दछ।

४.२. सम्झौताको शर्त बमोजिम रड, सिमेन्ट तथा निमार्ण सामाग्रीहरुको प्रयोगशाला परीक्षण गरी उपयुक्त मेटेरियलहरु प्रयोगमा ल्याउनुपर्ने र प्रयोग भएका सामाग्रीको गुणस्तर आश्वस्तता प्राप्त गर्नुपर्ने हुन्छ। तसर्थ प्रयोगमा आएका सामाग्रीको परीक्षण, प्रमाणहरु लिई भौतिक कार्य प्रगतिको निरन्तर मुल्यांकन तर्फ बिशेषरुपमा ध्यान दिन आवश्यक देखिन्छ।

५. **सुरक्षा ब्यारेक भवन** : सुरक्षा भवन तथा जाँच पोष्ट निमार्ण कार्यको लागि २०७२।१।२७ मा एक निमार्ण सेवासँग भएको सम्झौता अनुरुप रु.४८ लाख ६३ हजार मिति २०७२।९।१५ मा कार्य सम्पन्न गर्ने गरी तय भएकोमा उक्त अवधि भित्र कार्य सम्पन्न हुन नसकी २०७२ फाल्गुण मसान्तसम्म म्याद थप गरेको देखिन्छ। सो अवधिमा पनि कार्य समापन नगरेको कारण २०७३

बैशाख मसान्त पुर्याएको देखिन्छ । आर्थिक बर्ष २०७१।०७२ मा रु.११ लाख ८६ हजार भुक्तानी भएकोमा यो बर्ष दोश्रो तेश्रो तथा अन्तिम बिलबाट रु.४३ लाख ९९ हजार भुक्तानी भएको देखिन्छ। सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम रु.१० लाख भन्दा बढिको निमार्ण खरिद सम्झौतामा अनिवार्यरुपमा कार्य, नोक्सानी तथा कामदारको बिमा गर्नुपर्नेमा नगरेको देखिन्छ । यस्तो निमार्ण कार्यमा बिमा गर्नुपर्दछ ।

साथै निमार्ण व्यवसायीलाई सामग्री परीक्षण बापत रु.२९ हजार र एज बिल्ट ड्र्इङ्गबापत रु.२० हजार भुक्तानी भएकोमा सोको प्रमाण खर्चसाथ संलग्न नदेखिँदा उक्त रकमको मुल्य अभिबृद्धि कर समेत रु.५६ हजारसंचित कोष दाखिला गर्नुपर्दछ ।

६. **धरौटी** : गत बर्षको जिम्मेवारी रु.७६ लाख २६हजार मा यो बर्षको आम्दानी रु.१३ लाख ९२ हजार समेत रु.९० लाख १८हजार कुल आय देखाएकोमा रु.३ लाख ४३ हजार फिर्ता खर्च समायोजन गर्दा रु.८६लाख ७५ हजार बाँकी देखिन्छ। २०४८ साल देखिको विभिन्न व्यक्तिको नाममा धरौटी देखिन्छ। पुरानो मुद्दा मामिलाको रु.३ देखिका धरौटी हिसाबमा मौज्दात जिम्मेवारी सर्दै आएको छ । साना र सम्पर्क कायम हुन नसकेका पुरानो धरौटी आर्थिक कार्यविधि नियमावली, २०६४ तथा कानूनी प्रक्रिया पुरा भएकाको समय र रकमको आधार निर्धारण गरी सदरस्याहा समेत गर्नुपर्ने देखिन्छ ।

७. **पूँजीगत खर्च** : समयमै अख्तियारी प्राप्त गरी बजेटको आधारमा प्रथम चौमासिकमा ठेक्का स्वीकृत गरी दोश्रो चौमासिकमा खरिद प्रक्रिया कार्यान्वयनमा ल्याई कार्य लक्ष्य सम्पन्न गर्नुपर्ने बजेट तथा कार्यक्रममा व्यवस्था छ । कार्यालयले ब.उ.शि.नं. २०४१०१४ मा व्यवस्था भएको बजेट मध्ये आषाढमा मात्र रु.२२ लाख ७४ हजार अर्थात ६२ प्रतिशत, ब.उ.शि.नं. २०४०२१४ मा ब्यवस्था भएको बजेट मध्ये रु.२२ लाख ६६ हजार अर्थात ५० प्रतिशत खर्च भएको छ । जेष्ठमा बजेट भाषण र तत्पश्चात् अख्तियारी प्रवाहमा केही सुधार आएतापनि आषाढमा खर्च भार बढि हुनु उपयुक्त देखिएन ।

८. **खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम मासिक तथा बार्षिक रुपमा सम्पादन गर्नुपर्ने कार्यक्रमहरु तोकिएको आधारमा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्नेमा सोलार जडान तर्फ रु.५ लाख ९३ हजार मेशिनरी औजार तर्फ रु.१० लाख ३३ हजार लगायतको खरिदमा प्रतिस्पर्धा नगरी सोझै खरिद गरेको आन्तरिक लेखापरीक्षणले समेत औंल्याएकोमा सोमा सुधार गरी खरिद वा प्राप्तिमा प्रतिस्पर्धा अवलम्बन गर्नुपर्ने देखिन्छ ।

## जिल्ला अदालत

१. **पारिश्रमिक कर** : आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा श्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसुची १ बमोजिमको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। ३८ कर्मचारीहरुले १ प्रतिशतमात्र सामाजिक सुरक्षा कर कट्टी गरेको देखिएकोले नपुग पारिश्रमिक कर रु २ लाख ६४ हजार असुल गर्नुपर्ने व्यहोरा उल्लेख भएकोमा प्रतिक्रियाबाट रु.२ लाख ३४ हजार असुली भै दाखिलाको प्रमाण पेश भएको हुँदा बाँकी रु.३० हजार असुल गर्नुपर्दछ ।

२. **धरौटी तर्फ** : गत बर्षको जिम्मेवारी रु.६ करोड ३६ लाख ४५ हजार मा यो बर्षको आम्दानी रु.२ करोड ४६ लाख ४३ हजार समेत रु.८करोड ८२ लाख ८९ हजार मा रु.४० लाख ५६ हजार सदरस्याहा तथा रु.१करोड ८ लाख ५हजारमा रु.४० लाख ५६ हजार सदरस्याहा तथा रु.१ करोड ८ लाख ५ हजार फिर्ता खर्च समायोजन गर्दा रु.७ करोड ३४ लाख २७ हजार बैंक अनुसार बाँकी देखाएको छ । उक्त बाँकी रकमको नामनामेशी विवरण, बर्षगत बाँकी देखिने आयु वर्गीकरण विवरण, र सम्पर्क हुन नसकेका तथा कानूनी प्रक्रिया पुरा नभएका धरौटीको हिसाब देखिने गरी

रकमगत समष्टिगत विवरण तयार गर्नुपर्नेमा गरेको देखिएन । तसर्थ सो बमोजिम विवरण तयार गरी मौज्दात रकमको अभिलेख अद्यावधिक गर्नु जरुरी देखिन्छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ उप नियम (३) अनुसार कार्यालयले बढीमा रु.१० हजारसम्मको रकम नगदकै रुपमा लिन सक्ने र सो भन्दा बढी रकम लिदा बैंक भौचर मार्फत लिनु पर्ने प्रावधान रहेको छ । कार्यालयले यो वर्ष धरौटी आम्दानी रु.२ करोड ४६ लाख ४४ हजार गरेको मध्ये अधिकांश कारोबार आम्दानी नगदकै रुपमा लिएको देखियो । नियमावलीको प्रावधानको पालना गरिनु पर्दछ ।

## उच्च सरकारी वकिल कार्यालय

१. **स्वीकृति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३८ बमोजिम एक खर्च शिर्षकबाट लेख्नुपर्ने रकम अर्को खर्च शिर्षकमा लेख्दा सम्बन्धित तालुक कार्यालयको स्वीकृति प्राप्त गर्नुपर्ने व्यवस्था छ । कर्मचारीलाई अन्य भत्ता भुक्तानी गर्दा भत्ता खर्च शिर्षक २१११९ बाट लेख्नुपर्नेमा तलब खर्च शिर्षक २११११ बाट रु.४ लाख ९९ हजार खर्च लेखेको तर नियम बमोजिम तालुक कार्यालयको स्वीकृति प्राप्त गरी गरेको खर्च रकम नियमित गरेको छैन ।

२. **जिन्सी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० ले जिन्सी निरीक्षण गर्नुपर्ने व्यवस्थाहरु गरेको छ । कार्यालयले जिन्सी निरीक्षण गर्दा १६१ थान संख्याका फर्निचर लगायतका सामान चालु हालतमा नरहेको, ५७९ संख्याका विभिन्न किताबहरु प्रयोगमा आउन सक्ने नदेखिएको, फोटोकपी मेशिन लगायत १६० संख्याका सामान ममर्त हुन नसक्ने भनी जिन्सी निरिक्षण प्रतिवेदन तथा जिन्सीको बार्षिक प्रतिवेदनमा खुलासा भएको छ । अतः सामानको लिलाम, मिन्हा, तथा प्रयोगमा ल्याउन सकिने सामान ममर्तको व्यवस्था अपनाएर जिन्सी सामानको अवस्था र स्थितिलाई दुरुस्त राख्नुपर्ने देखिन्छ ।

३. **निमार्ण** : उच्च सरकारी वकिल कार्यालयको भवन निमार्ण कार्यको लागि २०७२।१।१३ को सम्झौता अनुसार मुल्य अभिबृद्धि कर समेत रु.३ करोड ९२ लाख ४७ हजारमा एक संयुक्त उपक्रमसँग सम्झौता भएको मितिदेखि २४ महिना अर्थात २०७४।१।१२ सम्म कार्य सम्पन्न गर्ने तय भएकोमा निमार्ण व्यवसायीलाई आर्थिक बर्ष २०७१।०७२ मा कार्य परिचालन पेश्की रु.६९ लाख ४५ हजार र चौथो रनिङ बिल सम्म आर्थिक बर्ष २०७२।७३ मा रु.१ करोड ३६ लाख ८० हजार भुक्तानी भएको देखिन्छ । उक्त भुक्तानीमा गत बर्षको कार्य परिचालन पेश्की मध्ये रु.२४ लाख ४५ हजार पेश्की फछ्यौंट गरी निमार्ण व्यवसायीको नाममा रु.४५ लाख पेश्की बाँकी देखिन्छ । कार्य सम्झौता मितिले २०७३ बैशाख १३ सम्म ४ महिनामा कार्य सम्पन्न गर्नुपर्ने हुन्छ । ४ महिनाको समयमा प्लाष्टर, पेन्टिङ, स्यानिटरी, इलेक्ट्रिकल, फायर फाइटिङ र मेटेरियल वर्कको केही भाग सम्पन्न गर्न बाँकी देखिन्छ । लागतको तुलनामा निमार्ण व्यवसायीलाई रु.२ करोड १४ लाख ,७७ हजार भुक्तानी गर्न बाँकी देखिँदा र बाँकी कामको परिमाण समेत बढि देखिँदा निर्धारित समयमा कार्य सम्पन्न हुने अवस्था देखिँदैन । तसर्थ तोकिएको समयभित्र बाँकी कार्य पुरा गर्न आवश्यक छ ।

## जिल्ला सरकारी वकिल कार्यालय

१. **स्वीकृति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३८ बमोजिम एक खर्च शिर्षकबाट लेख्नुपर्ने रकम अर्को खर्च शिर्षकमा लेख्दा सम्बन्धित तालुक कार्यालयको स्वीकृति गर्नुपर्ने व्यवस्था छ । कर्मचारीलाई अतिरिक्त समय कार्य गरेबापत रकम भुक्तानी गर्दा भत्ता खर्च शिर्षक २१११९ बाट लेख्नुपर्नेमा बजेट अभावको कारण तलब खर्च शिर्षक २११११ बाट रु.१ लाख ६७ हजार खर्च लेखेको देखिँदा उल्लिखित नियम बमोजिम तालुक कार्यालयको स्वीकृति प्राप्त गरी गरेको खर्च रकम नियमित गरेको छैन ।

## आन्तरिक राजश्व कार्यालय, बुटवल

१. **आय विवरण** : आयकर ऐन, २०५८ को दफा ९६ मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिना भित्र सो वर्षको आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष आय विवरण दाखिला गर्नुपर्ने ३४४०९ करदातामध्ये २१२७१ करदाता (६२ प्रतिशत) ले मात्र आय विवरण दाखिला गरेको अभिलेखबाट देखिन्छ । जसमध्ये डे १ विवरण १५९८५(७५ प्रतिशत) र डे३ विवरण ५२८६ (२५ प्रतिशत) रहेका छन । कानुनमा तोकिएको समयमा आय विवरण दाखिला नगर्ने १३१३८ करदाता (३८ प्रतिशत) को खोजि गरी आय विवरण दाखिला गर्न लगाउने कार्य भएको पाइएन ।

२. **मुल्य अभिबृद्धि कर विवरण** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिन भित्र कर विवरण बुझाउनु पर्ने व्यवस्था छ । कार्यालयमा मूल्य अभिबृद्धि करमा दर्ता भएका ६२९० करदाताहरुमध्ये ७ ले बन्द गरेको ,बांकी ६२८३ ले मूल्य अभिबृद्धि कर विवरण बुझाउनु पर्नेमा १८९३ (२७ प्रतिशत) ले डेविट विवरण, २७४० (४४ प्रतिशत) ले क्रेडिट विवरण, १४९८(२४ प्रतिशत) ले शुन्य विवरण पेश गरेको र १५२ (२ प्रतिशत) नखुलेको देखिन्छ । यसबाट डेविट विवरण बुझाउने करदाताको संख्या न्युन देखिएकाले (डेविटभन्दा क्रेडिट ६९ गुणाले बढी) बजार अनुगमन गरी यस्ता विवरणको छानवीन बढाउनु पर्ने देखिन्छ ।

३. **लगत** : गत वर्षसम्मको बांकी रु.९६ लाख ८८ हजार र यो वर्ष थप भएको रु.२ करोड ९१ लाख २ हजार समेत आर्थिक वर्षको अन्तमा कुल लगत बांकी रु.३ करोड ८७ लाख ९० हजार पुगेको छ । तर आर्थिक विवरणमा साविक र हालको कायमी लगत जोडी सोमा जम्मा लगती आम्दानी रु.१ करोड १० लाख २८ हजार घटाई बाँकी रु.३८ लाख ७९ हजार जिम्मेवारी सार्न पर्नेमा हाल तर्फको २ करोड ९१ लाख २ हजार मात्र लगत बाँकी कायम गरेको देखियो । तसर्थ उक्त बाँकी लगत रु.९७ लाख ८७ हजार समेत जोडी आर्थिक विवरणमा लगत बाँकी कायम गर्नुपर्ने देखिन्छ ।

४. **निरन्तर क्रेडिट** : कार्यालयमा दर्ता रहेका करदाताहरुले २०७१।४।१ देखि २०७२।३।३१ सम्म २७३९ वटा क्रेडिट कर विवरण पेश गरेकोमा ती करदातालाई रु.६४ करोड ९१ लाख नेपाल सरकारले मूल्य अभिबृद्धि कर फिर्ता दिनुपर्ने रकमलाई आर्थिक विवरणमा दायित्वमा देखाइएको छैन । क्रेडिट कर विवरण पेश गर्ने करदाताहरु मध्ये १२ महिनाभन्दा बढि अवधि देखि निरन्तर क्रेडिट हुने करदाता छनौट गर्दा १५४३ रहेका छन । मुल्य अभिबृद्धि करमा रकम क्रेडिटसम्बन्धमा बिषेश निगरानी राखी वास्तविक क्रेडिटको अवस्था एकिन गरी मु. अ.कर डेविटमा ल्याउन प्रभावकारी पहल गर्नु पर्ने देखिन्छ ।

५. **वक्यौता राजस्व असुली** : मु.अ.कर बक्यौता रहेका करदाताहरुमध्ये २०७३ आषाढ मसान्त सम्म १४२२ करदाताको कर वापत रु.८करोड ३१ लाख ६२ हजार दाखिला गर्न बांकी रहेको छ । त्यस्तै गरी आयकर तर्फ यस कार्यालय अन्तरगत रहेका करदाताहरुमध्ये विभिन्न करदाताहरुसंग मिति २०७३ आषाढ मसान्तसम्म आयकर , अन्त:शुल्क, परिश्रमिक कर र बहाल कर समेत गरी रु.३ करोड १५ लाख ६५ हजार कर असुल गर्न बांकी रहेको छ । उक्त बक्यौता असुल गर्ने तर्फ बिशेष ध्यान दिनु जरुरी देखिन्छ ।

६. **करपरीक्षण** : आयकर ऐन, २०५८ को दफा ९५(७), ९६(५), १००(२), १०१ एवं मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २३ तथा अन्त:शुल्क ऐन, २०५८ को दफा १०घ माआन्तरिक राजश्व

विभागले संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था छ । आयकर ऐन, २०५८ अनुरुप पेश भएका आय विवरणमध्ये पूर्ण कर परीक्षणका लागि गत वर्षहरुमा छनौट भएकामध्ये परीक्षण हुन बांकी रहि जिम्मेवारी सरेका ५३ र यो वर्ष आय विवरण पेश गरेका मध्ये छनौट भएका ८४ गरी जम्मा १३७ (आय विवरण पेश गर्ने करदाताको ०।४८ प्रतिशत) यो वर्ष पूर्ण करपरीक्षण गर्नुपर्नेमा १०२ करदाताको मात्र कर परीक्षण गरी वाँकी ३५ करदाताको आगामि वर्षको लागि जिम्मेवारी सरेको देखिन्छ । डे ३ पेश गर्ने करदाताहरु मध्ये १।९३ प्रतिशत करदाताहरुको मात्र कर परीक्षण भएको छ । अतः आय विवरण मध्ये  विवरण पेश गरेका सबै करदाताहरुको चार वर्षभित्र कर परीक्षण गर्ने नीति अवलम्बन गर्न आवश्यक सुधार गर्दै लानु पर्ने देखिन्छ ।

७. **ऋण वा सापटी** : आयकर ऐन, २०५८ को दफा ११(ख) मा राष्ट्रिय महत्वकाआयोजना लगायत ३०० भन्दा वढी स्वदेशी कामदारलाई रोजगारी दिने, ५० प्रतिशत भन्दा वढी स्वदेशी कच्चा पदार्थ प्रयोग गर्ने उद्योग वाहेक अन्यत्र लगानी गरेकोमा लगानीको स्रोत खोजिने व्यहोरा उल्लेख छ । आन्तरिक राजस्व विभागको  २०६९।०९।२९ को परिपत्रबाट समेत सञ्चालकवाट प्राप्त सापटीको रकम बैंक मार्फत प्राप्त हुनु पर्ने, सापटीको स्रोत एकीन गरी सापटी लगानीको रकममा कानुन अनुसार कर दाखिला भए नभएको विश्लेषण गर्नु पर्ने उल्लेख गरेको छ । कार्यालयले यो वर्ष एक डिष्ट्रिब्युटर्सको सञ्चालकबाट लिएको सापटी रु१,३२,५०,०००। को श्रोतको सम्बन्धमा छानवीन गरेको देखिएन ।

८. **ऋण पूंजीको अनुपात र आर्थिक कारोवार** : ऋण पूंजी र शेयर पूंजीको अनुपात अर्न्तराष्ट्रिय अभ्यास हेर्दा ३:१ सम्म रहेको देखिए तापनि यस कार्यालयका क्षेत्राधिकारका करदाताको अवस्था २२:१ सम्म देखिएकोले पूंजी न्यून संकलन गरेर ऋण लिई व्याज खर्च लेख्दा आयकर राजस्वमा प्रभावपरेको छ । यस सम्वन्धमा कानुनी व्यवस्था नभएकोले ऋण र पूंजीको अनुपात निर्धारण गर्न कठिनाई परेको अवस्थालाई दृष्टिगत गदै अर्न्तराष्ट्रिय मान्यता अनुरुप ऋण पूंजी अनुपात सम्वन्धमा कानूनी व्यवस्था गर्नु पर्दछ ।

९. **स्वास्थ्य सेवा कर** : आर्थिक ऐन, २०७१ को दफा ७ मा नेपाल सरकारले प्रदान गर्ने स्वास्थ्य सेवा र सामूदायिक अस्पतालहरुले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेकका अन्य निकायहरुले प्रदान गर्ने स्वास्थ्य सेवाहरुमा जारी विजक मूल्यको पांच प्रतिशतका दरले स्वास्थ्य सेवा कर लगाई असुल गरिने व्यवस्था छ । यस वर्ष कार्यालयको रु.२,५३,२३,०००।०० शुल्क असुल गर्ने लक्ष्य रहेकोमा रु.२,४८,११,०००।०० असुल भएको देखाइएको छ । जिल्लामा कारोबार स्थल राखी सम्बन्धित निकायमा दर्ता भएका सबै अस्पतालले स्थायी लेखा नम्बर लिए नलिएको र आय विवरण एवं शुल्क दाखिला गरे नगरेको सम्बन्धमा कार्यालयलले विद्युतीय माध्यममा अभिलेख खडा गरी प्रभावकारी रुपमा अनुगमन गर्न सकेको छैन ।

१०. **सामाजिक सुरक्षा कर** : आर्थिक ऐन, २०७२ को दफा २८ मा आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा १ बमोजिम एकल प्राकृतिक व्यक्तिको वार्षिक दुई लाख पचाँस हजार रुपैयासम्म रोजगारीको आय भएमा उक्त आयमा एक प्रतिशतका दरले र दम्पत्तीको हकमा वार्षिक तीन लाख रुपैयासम्म रोजगारी आय भएमा एक प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ । यस वर्ष कार्यालय अन्तर्गतसामाजिक सुरक्षा कर वापत रु.५,४९,४४,०८४।०० असुल भई नेपाल सरकारको राजश्व खातामा दाखिला भएको छ । सामाजिक सुरक्षा कोष (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६७ अनुसार सामाजिक सुरक्षा कोषले योगदानकर्ताहरुलाई परिचयपत्र जारी गर्ने व्यवस्था समेत रहेको छ । करदाताहरुले आय विवरण पेश गर्दा करदाताले धेरै जना कर्मचारी वा कामदार देखाई उनीहरुलाई यस्तो कर लाग्ने रकमको सीमासम्म तलब भुक्तानी भएको देखाउने गरेको पाइयो ।

यस्तो करलाई व्यवस्थित गर्न कर दाखिला गर्दा कोषबाट जारी भएको परिचयपत्र नम्बर अनिवार्य रुपमा उल्लेख गर्न लगाउने वा कामदार तथा कर्मचारीलाई विभागले व्यक्तिगत स्थायी लेखा नम्बर लिन अनिवार्य गर्नु पर्ने देखिन्छ ।

११. **एक आल्मुनियम २०७१।०७२** : आयकर ऐन, २०५८ को दफा १४ बमोजिम व्यवसायसँग सम्बन्धित ऋण दायित्व अन्तगर्तको ब्याज खर्च कट्टी गर्न पाउने व्यवस्था छ। करदाताले वित्तिय विवरणमा सुरक्षित कर्जा रु.५,२९,१६,२७३।- र असुरक्षित कर्जा बापत रु.६०,७०,२९१।- खुलासा गरेको छ । एक बैंकको २०७१।०७२ को कर्जाको बाँकीमा रु.५,३३,७३,७९६।- देखाएबाट करदाताको ऋण दायित्वको कारोबार भिडान नगरी रु.४,५७,५२३।- घटी दायित्व देखाएको छ। घटी दायित्व खुलासा गर्दा सो बराबरको रकम मौज्दात वा सम्पत्तिमा निसर्ग भई बिक्रि कायम गर्नुपर्नेमा गरेको छैन । साथै बैंकले कर्जा ब्याज रु.३०,७४,१६६।- दावी गरेको देखिएतापनि करदाताले रु.३८,८८,०४८।- दावी गरी ब्याज खर्च लिएको छ। सम्बन्धित पार्टी अन्तगर्त असुरक्षित कर्जाको ब्याज खर्च भुक्तानी गर्न नमिल्ने हुँदा ब्याज खर्चमा बढि दावी गरेको रु.८,१३,८८२। लाई अमान्य गरी आयकर ऐन, २०५८ को अनुसुची १ बमोजिम लाग्ने कर रु.२,०३,४७०।०० र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्ने देखिन्छ ।

१२. **एक ड्रग डिष्ट्रिब्युटर्स २०७१।०७२** : डिष्ट्रिब्युटर्सका एक खरिदकर्ताले करदाता बाट रु.२,३७,७२,०६८।- खरिद गरेको उल्लेख गरेकोमा करदाताले रु.२,४०,६०,६५०। बिक्रि देखाएकोछ । एक स्वास्थ्य सेवाले रु.२,३७,७२,०६८।- खरिद देखाएकोमा फरक परेको रु.२,८८,५८२।- औषधि फिर्ता वा कमिशन हुन सक्ने भएकोले उक्त खरिदकर्ताले खरिद कम देखाएको स्थिति उपर छानवीन गरी खरिद बिक्रि हिसाब भिडान गर्नुपर्ने अन्यथा सोही रकम बराबर करदाताले देखाएको साझाको आसामी हिसाब रु.५३,१५,८७६।- मा प्रभाव पर्ने र सोही रकमले घटी आसामी देखाउनुपर्नेमा नदेखाएकोले सोको छानवीन गरी कर दायित्व निर्धारण गर्नुपर्ने देखिन्छ ।

१३. **एक पाइप प्रोडक्टस प्रा.लि.२०७१।०७२** : आयकर ऐन, २०५८ को दफा १३ बमोजिम व्यवसायसँग सम्बन्धित खर्च मात्र दावी गर्न पाउने उल्लेख छ। करदाताले प्रशासनिक खर्च तर्फ चन्दा, जरिवाना लगायतका खर्च र खरिद लागतमा बढि दावी गरेको खर्च समेत रु.४,६२,६१८।- नपाउने खर्च दावी गरेको देखिन्छ। तसर्थ आयकर ऐन, २०५८ को दफा २१ बमोजिम उक्त खर्च अमान्य गरी सोही ऐनको अनुसुची १ बमोजिम लाग्ने कर रु.९५,५२३।- र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्ने देखिन्छ ।

१३.१. बोनस ऐन, २०३० बमोजिम गत आ.व. मा छुट्याएको रकम ८ महिना भित्र वितरण गरिसक्नुपर्ने व्यवस्था छ । करदाताले आय बर्ष २०७०।०७१ मा रु.३८६५३५। खर्च लेखेकोमा आय बर्ष २०७१।०७२ मा वितरण गरेको देखिएन। तसर्थ उक्त रकम करदाताको आयमा समावेश गरी लाग्ने कर रु.९६,६३४। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

१४. **एक एग्रो इन्जिनियरिङवर्क्स प्रा.लि.२०७१।०७२** : आयकर ऐन, २०५८ को दफा १४ बमोजिमको व्यवसायमा प्रयोग भएको कर्जाको व्याज खर्च दावी गर्न पाउने व्यवस्था छ। करदाताले एक संयुक्त उपक्रमलाई रु.४०,०४,९५०।- उधारो बिक्रि मात्र गरेको, एक संयुक्त उपक्रमलाई विगतको उधारो बिक्रि गरी यो बर्ष प्राप्त गर्नुपर्नेमा नगरेको र रु.१२८११९६।- जिम्मेवारी मात्र कायम गरेको एक निमार्ण व्यवसायीसँग लिनुपर्ने उधारो बिक्रि २७,१५,३३९।- विगत बर्ष देखि सारेको र एक कन्सट्रक्सन प्रा.लि.लाई बर्षभरिमा रु.२,७६,५२७। उधारो बिक्रि गरी नगद डेबिट नै नगरेको अवस्थामा उल्लिखित नउठेको विगतको आसामी जम्मा रु.८५,५४,५३९। मा निजले पेश्की दिँदा लिएको ब्याजदर १० प्रतिशतलाई आधार लिई हुने ब्याज रु.८,५५,४५४। करदाताले दावी गर्न

मिल्ने देखिँदैन । अतः उक्त रकम करदाताको आयमा समावेश गर्दा लाग्ने कर रु.२,१३,८६३।- र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

१४.१. आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम कामदार तथा कर्मचारीको ज्याला तथा पारिश्रमिकमा तोकिएको दर न्यूनतम १ प्रतिशतले सामाजिक सेवा सुरक्षा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । करदाताले कारखाना उत्पादनमा कामदार बापतको रु.८६,९७,२४०।- खर्च भुक्तानी गरेकोमा सोको १ प्रतिशतले हुने रु.८६,९७२।- कट्टी गरी दाखिला गर्नुपर्नेमा करदाताको प्यानगत विवरणमा रु.३९,४७१।- मात्र दाखिला भएको देखिँदा फरक रु.४७,५०१।-- सम्बन्धितबाट ब्याज सहित असुल गरी दाखिला गर्नुपर्दछ ।

१५. **एक होटेल प्रा.लि.२०७०।०७१** : आयकर ऐन, २०५८ को दफा १९ तथा अनुसुची २ बमोजिम विभिन्न ह्रासयोग्य सम्पत्तिमा तोकिएबमोजिम आयकर प्रयोजनार्थ ह्रासदर अवलम्बन गर्नुपर्ने व्यवस्था छ । करदाताले एअरकुलर रु.२७२२३५।-, एयर कण्डिसन रु.६०,०१,०००।- सि.जि. लेड टि.भि., रु.११,३५,२००।- वासिङ मेशिन रु.६१,८२७।- तथा किचेनका विभिन्न सामाग्री रु.८,५१,५००।- र फ्रिज रु.४६,२५८।- समेत कुल रु.८४,२९,८४७।- को पूँजीकरण भए मध्ये ह्रास आधार रु.३,७७,०१८८।- को १५ प्रतिशतले ह्रास खर्च दावी गर्नुपर्नेमा २५ प्रतिशतले दावी गरेबाट फरक परेको रु.३,७७,०१९।- करदाताको आयमा समावेश गरी देखाएको नोक्सानी घटाउनुपर्दछ ।

१६. **एक चिया प्याकेजिङ उद्योग २०७१।०७२** : आयकर ऐन, २०५८ को दफा १५ बमोजिम मौज्दातको गणना र मुल्यांकन गर्नुपर्ने व्यवस्था छ । करदाताले गत बर्षको अन्तिम मौज्दात लुज चिया तर्फ रु.३८,६३४।- को मौज्दातमा यो बर्ष ७,१७,६०६ के.जी. खरिद गरी कुल परिमाण ७५६२४०। के.जी. मध्ये ७१८७९१ के.जी खपत देखाएको छ । प्राप्त भएको उत्पादित परिमाण ७५६२४० के.जी. मध्ये खपतका साथसाथै अन्तिम मौज्दात २६७०९ के.जी. समायोजन गर्दा हुने ७२९५३१ के.जी. मध्ये ७२०३७८ के.जी. लुज चिया बिक्रि गरेको र बाँकी ९१५३ के.जी. प्याकिङ चियामा देखाई उक्त परिमाण समेत गत बर्षको प्याकिङ मौज्दात २६०७६ के.जी. समेत ३५२२९ के.जी. मौज्दात देखाउनुपर्नेमा ३६८१६ के.जी. देखाएबाट १५८७ के.जी. रु.२१० ले हुने रु.३,३३,२७०। घटी बिक्रि हुन गएबाट र सोको लागत समेत दावी भएको अवस्थामा उक्त रकम करदाताको आयमा समावेश गरी लाग्ने कर रु ८३,३१७।- असुल हुनुपर्दछ ।

१७. **एक इन्टरनेशनल २०७१।०७२** : आयकर ऐन, २०५८ को दफा १३ बमोजिम व्यवसायसँग सम्बन्धित खर्च मात्र कट्टी गर्न पाउने व्यवस्था छ । करदाताले बिक्रिको लागत रु.८,६१,४६,२१६। दावी गर्दा प्रत्यक्ष खर्च अन्तगर्त रु.१,४१,७८९।- कार डेकोरेशन खर्च दावी गरेको देखिन्छ । कारको डेन्टिङ, पेन्टिङ खर्च तयारी खरिद कारमा आवश्यक नपर्ने र व्यवसायिक सेवासँग उक्त खर्च सम्बन्धित समेत नदेखिँदा अमान्य गरी सो रकम करदाताको आयमा समावेश गर्दा लाग्ने कर रु.३५,४४७।- र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

१७.१. बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ८ मा कसैले पनि बैंक, वा वित्तिय संस्थाबाट जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरेमा रु.१ करोड भन्दा बढि बिगो भएको अवस्थामा ३ बर्ष देखि ५ बर्षसम्म कैद हुन सक्ने व्यवस्था छ । करदाताको व्यवसाय संचालनको लागि गत बर्ष रु.२,२४,४७,२६५।- ऋण दायित्व रहेकोमा यो बर्षको अन्त्यमा रु.३,३०,८२,३२२।- पुर्याएको छ । उक्त ऋण मध्ये संचालकलाई रु.१,२८,८६,१०५।- सापटी दिएको छ । व्यवसाय र व्यक्ति फरक हुन भन्ने अवधारण अनुरुप एक प्रयोजनमा लिएको रकम सापटी लिई अन्य प्रयोजनमा सापटी प्रदान गर्नु उचित देखिँदैन ।

१८. **एक फ्रुट ट्रेडर्स २०७१।०७२** : करदाताले आय बर्ष ०७१।०७२ मा फलफुल लगायतका सामान आयातबाट रु.११,५२,३५,२८२।- र स्थानीय खरिदबाट रु.१,८०,८६,९२१।- समेत करपरीक्षण पश्चात् रु.१३,३३,२२,२०३।- कुल खरिद देखाएको छ । गत बर्षको जिम्मेवारी रु.९२,६००।- मा

उक्त खरिद समायोजन गरी करदाताले खुलासा गरेको अन्तिम मौज्दात रु.५,६८,१२०।- घटाउँदा रु.१३,२८,४६,७०३।- को करदाताले देखाएको मुनाफा दर १.७२ प्रतिशतले रु.२२,८४,९६३।- र आयातमा घटी देखाएको रु.१,६४,४५,९०९।- को १.७२ प्रतिशतले रु.२,८२,८६९।- समेत रु.२५,६७,८३२।- कुल नाफा देखिनुपर्नेमा रु.२३,१९,०१९।- खुलासा भएबाट फरक परेको रु.२,४८,८१३।- को २५ प्रतिशतले हुने कर रु.६२,२०३।- र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

१८.१. करदाताले आयातित फलफुल बापतको अनलोड लगायतको खर्च बापत रु.२,६५,६००।- दावी खर्च लिई सकेपछि भंसारमा खर्च भनी रु.३,८१,२००।- देखाएको छ । भंसारको आशिकुडा विवरणमा यस्तो खर्च रु.२१,२५५।- मात्र देखिएबाट फरक दावी खर्च रु.३,५९,९४५।- करदाताले दावी गर्न मिल्दैन । तसर्थ उक्त रकम करदाताको आयमा समावेश गरी आयकर ऐन, २०५८ को अनुसुची १ बमोजिम लाग्ने कर रु.८९,९८५। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

१९. **एक ब्रोड ब्यान्ड प्रा.लि. २०७१।०७२ :** आयकर ऐन, २०५८ को दफा १३ बमोजिम व्यवसायसँग सम्बन्धित खर्च मात्र कट्टी गर्न पाउने व्यवस्था छ । करदाताले पेश गरेको वित्तिय विवरणमा देखाएको ममर्त खर्च रु.१८,७७,९९७- आयकर विवरणमा सोही अनुरुप दावी खर्च लिएको छ । उक्त ममर्त खर्चमा पूँजीकरण समेत नेटवर्क लाइनमा रु.१४,६७,९४८।- र औजार तथा उपकरणमा रु.९६८४७२।- खर्च लेखेकोमा उक्त खरिद भएको सामान सम्पत्ति तर्फ पूँजीकरण गरी ह्रास खर्च समेत अवलम्बन गरेको देखिन्छ । करदाताले पेश गरेको लागत खर्चमा तार तथा उपकरण खर्च विवरण नदेखिँदा उक्त ममर्त खर्च सम्पत्तिमा पूँजीकरण गरेको देखिन्छ । तसर्थ ममर्त खर्चलाई दोहोरो खर्चमा समावेश गरी ह्रास तथा ममर्त दुवै तर्फ दावी गरेकोले पूँजीकरण गरेको सम्पत्तिको फरक ह्रास खर्च रु.४,१६,५८४।- दावी गर्न नमिल्ने देखिँदा उक्त रकम करदाताको आयमा समावेश गरी लाग्ने कर रु.१,०४,१४६।- र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

२०. **एक रोलिङ्गमिल्स प्रा.लि २०७०।०७१ :** करदाताको रिर्पोटेड मिसम्याच अनुसार एक ट्रेड्स सँग रु.१८,२३,७१८।०० र अर्को टेडिङ्ग सँग रु.२५,९०,५२५।०० लिन वाँकी रहेको देखिन्छ । करपरीक्षणको क्रममा एक ट्रेड्ससँग रु.१९,७७,६११।५९ र अर्को टेडिङ्गसँग रु.२५,९०,५२५।०० लिन वाँकी रहेको यकिन गरिएको छ । तर करदाताको वासलातमा लिनुपर्ने असामी जम्मा रु.४१,२३,३४३।४९ मात्र देखिन्छ । यसरी वासलातमा घटी देखिएको सम्पत्ति रु.४,४४,७९२।८० लाई आयकर ऐन, २०५८ को दफा ४० वमोजिम निसर्ग मानी सोही ऐनको अनुसूची १ बमोजिम लाग्ने कर रु.८८,९५८।०० र शुल्क ब्याज समेत असुल गर्नुपर्दछ ।

२१. **एक ट्रेडिङ्ग कन्सर्न २०७०।०७१ :** करदाताको रिर्पोटेड मिसम्याच अनुसार एक सप्लायर्स सँग रु.२५,१९,८९७।८० लिन वाँकी रहेको देखिन्छ । करपरीक्षणको क्रममा उक्त कारोवारलाई यकिन गरिएको छ । तर करदाताको वासलातमा लिनुपर्ने असामीमा विभिन्न फर्म सँग जम्मा रु.३,८०,८५,५११।९६ लिन वाँकी रहेको उल्लेख गरिएकोमा उक्त असामी संलग्न गरिएको छैन । यसरी उक्त आसामी आर्थिक बर्षको अन्त्यमा लिन बाँकी रहे नरहेको यकिन गर्न छानवीन गर्नुपर्ने देखिन्छ ।

२१.१. आयकर ऐन, २०५८ को दफा १४ बमोजिम कुनै आय बर्षमा व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्ने प्रयोजनको लागि व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएको ऋण दायित्व अर्न्तगत लागेको ब्याज कट्टी गर्न पाउने व्यस्था रहेको छ । करदाताले वैङ्क ऋण भनी देखाएको रु.६८,३७,६६२।१४ को दावि गरेको ब्याज खर्च रु.१७,४७,८८४।४८ को ब्याज खर्चको वैङ्क प्रमाण संलग्न भएको देखिएन । तसर्थ उक्त ब्याज खर्चलाई अमान्य गरी आयकर

ऐन, २०५८ को अनुसुची १ बमोजिम लाग्ने कर रु.४,३६,९७१।१२ र सोको शुल्क तथा ब्याज समेत गणना गरी असुल गर्नुपर्दछ ।

२२. **एक प्लाष्टिक एण्ड विल्डिङ्ग मेटिरियल प्रा.लि. २०७०।७१ :** बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ८ मा कसैले पनि बैंक, वा वित्तिय संस्थाबाट जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी वा गराई कर्जाको दुरुपयोग गर्नु वा गराउन नहुने यस्तो कसुर गरेमा रु.१ करोड भन्दा बढि बिगो भएको अवस्थामा ३ बर्ष देखि ५ बर्षसम्म कैद हुन सक्ने व्यवस्था छ । करदाताको आय बर्ष २०७०।०७१ मा पेश गरेको वित्तिय विवरणमा नविल वैक लि.बाट रु.१,१३,६१,००४।- कर्जाको अन्यत्र प्रयोग भएकोले कर्जाको व्याज खर्च रु.१०,३३,७२८।११ वित्तिय विवरणमा दावि गरेता पनि आय विवरणमा दावि गरेको देखिएन । यसरी कम्पनीको नामबाट कर्जा लिने तर कर्जा अन्यत्र प्रयोग गर्ने कार्य कानून सम्मत नभएकोले नियन्त्रण हुनुपर्ने देखिन्छ ।

२३. **एक कलेज अफ टेक्नोलोजि २०७०।०७१,** : करदाताले गत वर्ष ७,७७,३९,३६६।- ऋण लिएकोमा यस वर्षको अन्तमा उक्त ऋण ११,३४,२४,७६१।०० रहेकोमा सो ऋणको व्याज वापत्त रु.८९,०१,६४५।- खर्च दावी गरेको देखिन्छ । यसरी लिएको ऋण मध्ये संरचना निमार्णमा खर्च गरेकोमा सो संरचना संचालनमा आउनु अगाडि अवधिको व्याज आनुपातिक रुपमा उक्त संरचनाको मूल्यमा पूँजीकरण गर्नुपर्दछ । तर करदाताको सम्पत्ति पूँजिकरण र व्याज खर्च दाविमा यस सम्बन्धमा कुनै खुलासा गरिएको छैन साथै उक्त संरचना निमार्णमा प्रयोग भएको ऋण पूँजीको आधारमा व्याज पूँजीकरण गरेको देखिएन । तसर्थ उक्त सम्पत्ति पुँजिकरण भएको अवधिको आधारमा रु.८९,०१,६४५।- को दुई तिहाई रु.६६,७६,२३४। अमान्य गरी आयकर ऐन, २०५८ को अनुसूची १ वमोजिम लाग्ने कर रु.१६,६९,०५८।र सो को शूल्क तथा व्याज समेत असूल गर्नुपर्दछ ।

२४. **एक हाईजिन प्रोडक्ट २०७१।०७२ :** वोनस ऐन, २०३० अनुसार कम्पनीले नाफाको १० प्रतिशत वोनस वापत छुट्याउन पाउने, उक्त रकम ऐनको व्यवस्था अनुसार ८ महिना भित्र वितरण गरी सक्नु पर्ने व्यवस्था छ । करदाताले २०७१।७२ मा रु.४,०७,१०३।– वोनस व्यवस्था प्रस्ताव गरेकोमा वोनस वितरण नगरी प्रोभिजनमात्र गरेको पाइयो । कानूनले तोकेको म्याद भित्र वितरण नगरी प्रोभिजन मात्र गरेको वोनसलाई आयकर ऐन, २०५८ को दफा २४ अनुसार खुद आयमा समावेश गरी २५ प्रतिशतले हुने कर रु.१,०१,७७५।– मा शुल्क समेत हिसाव गरी असुल गर्नुपर्दछ ।

२५. **एक किचेन इन्ड्रष्टिज २०७१।०७२ :** करदाताले पेश गरेको आयात विवरण अनुसार जम्मा आल्मुनियम खरिद रु.२,४०,९५५। देखिन्छ भने करदाताको खरिद विक्री र मौज्दातको एकिकृत विवरण अनुसार आल्मुनियम खरिद २३८९६० के.जी. मात्र देखिन्छ । यसरी आयत मध्ये १९९५ केजी आल्मुनियम को मौज्दात मूल्यांकन गरिएको प्रति के.जी.औसत लागत दर ३१५.१२ का दरले रु.६,२८,६६४।४० वरावरको खरिद लुकेकोले उक्त खरिदमा लागत कट्टा गरी करदाताले पेश गरेको कुल नाफा प्रतिशत ९।२४ को आधारमा हुने रु.५८,०८८।- लाई आयकर ऐन, २०५८ वमोजिम करयोग्य आयमा समावेश गरी सोही ऐनको अनुसूची १ वमोजिम लाग्ने कर २०,३३०।८० र सो को शूल्क तथा व्याज समेत असूल गर्नुपर्दछ ।

२६. **एक डिजेल्स २०६९।७० :** करदाताको वासलातमा दायित्व तर्फ गत वर्ष ४६,०९,२४१।७२ ऋण रहेकोमा यस वर्ष ५० लाख थप गरी रु.८६,६७,६५२।०० पुगेको देखिन्छ भने अर्को तर्फ एक व्यक्तिसँगको व्यक्तिगत सापटी लिएको रकम मध्ये यस वर्ष रु.७९,५२,०००।०० भुक्तानी गरेको देखिन्छ । यसरी व्यक्तिगत सापटीको प्राप्ती र सोको स्रोत साथै उक्त सापटीको प्राप्ति र भुक्तानी वैकिङ्ग माध्यमबाट भए नभएको यकिन गरिएको छैन । वैकबाट ऋण लिई यकिन नगरिएको व्यक्तिगत सापटी भुक्तानी भएको देखिएकोले उक्त ऋणमा भुक्तानी गरिएको व्याज रु.६,३०,६०१।००

आयकर ऐन, २०५८ को दफा १४ वमोजिम अमान्य गरी सोही ऐनको अनुसूची १ वमोजिम लाग्ने कर रु.१५,७६५०।०० तथा दफा १२०(क) अनुसारको शुल्क र ऐनको दफा ११९ अनुसारको व्याज समेत असुल गर्न छानविन गर्नुपर्दछ ।

२७. **सूर्ती मदिराको कारोबार** : आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम कुनै आय बर्षमा चुरोट, बिडि, सिंगार, खानेसूर्ति, खैनी मदिरा, वियर गुट्खा, पानमसलाको कारोबार गर्ने निकायको करयोग्य आयमा ३० प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ। ५ सुर्ती मदिराको कारोबार गर्ने करदाताहरुले करयोग्य आयमा ३० प्रतिशतले कर निर्धारण गर्नुपर्नेमा २५ प्रतिशत मात्र कर निर्धारण गरेको देखिँदा नपुग ५ प्रतिशतले हुने कर रु.२,४३,८४५/- र सोको शुल्क, तथा व्याज गणना गरी असुल गर्नुपर्दछ ।

२८. **संरचना निर्माणको मूल्य अभिबृद्धि कर** : मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने रु ५० लाख भन्दा बढिको भवन, अर्पाटमेन्ट वा सपिङ कम्प्लेक्स दर्ता नभएको व्यक्तिबाट गराएको छ भने पनि दर्ता भएको व्यक्तिबाट गरे सरह मानी कर निर्धारण गरी असूली गरिने कानूनी व्यवस्था छ ।संरचना निर्माण गर्ने २ करदाताले मूल्य अभिवृद्धि करमा दर्ता नभएका सँग कार्य गराई संरचना पूँजीकरण समेत गरेको देखिन्छ। संरचना थप गरी पूँजीकरण गरेको स्थितिमा ऐन बमोजिम छानबीन गरी १३ प्रतिशतले हुने मूल्य अभिबृद्धि कर रु.५०,९०,५१५।०० छानवीन गरी असूल गर्नुपर्दछ ।

२९. **एक कृषि सहकारी संस्था लिमिटेड २०७०।०७१, २०७१।०७२** : मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने रु ५० लाख भन्दा बढिको भवन, अर्पाटमेन्ट वा सपिङ कम्प्लेक्स दर्ता नभएको व्यक्तिबाट गराएको छ भने पनि दर्ता भएको व्यक्तिबाट गरे सरह मानी त्यस्तो संरचनाको स्वामित्व रहेको व्यक्तिबाट कर निर्धारण गरी असूली गरिने कानूनी व्यवस्था छ ।संरचना निर्माण गर्ने यस करदाताले मूल्य अभिवृद्धि करमा दर्ता नभएका सँग कार्य गराई संरचना पूँजीकरण समेत गरेको देखिन्छ। संस्थाले आय बर्ष २०६९।७०, २०७०।७१ र २०७१।०७२ मा संस्थाको भवन निमार्ण गरी विभिन्न बर्षमा खर्चलाई पूँजीकरण गर्दै आएको र आय बर्ष २०७१।०७२ को अन्त्यमा भवनको ह्रास योग्य आधार रु.५५,७६,८८७ देखिएबाट सोको मुल्य अभिबृद्धि कर भुक्तानी गरेको देखिएन । तसर्थ भवनको खर्चमा मुल्य अभिबृद्धि कर रु.७,२४,९९५। छानवीन गरी असुल गर्नुपर्दछ ।

२९.१. आयकर ऐन, २०५८ बमोजिम कर्जा प्रवाहको अधिक्तम ५ प्रतिशतसम्म व्यवस्था खर्च लिन पाउने व्यवस्था छ। करदाताले वित्तिय विवरण साथ पेश गरेको कर्जा नोक्सानी व्यवस्थामा कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने रु.५६,२१,५८७- मा अघिल्लो बर्ष व्यवस्था गरेको रु.२८,८३,८४५।- समायोजन गर्दा रु.२७,३७,७४१।- कर्जा वर्गीकरणको आधारमा दावी गर्नुपर्नेमा आय विवरणमा रु.३६,२५,७४१।- दावी गरेको देखिएकोबाट छानवीन गरी फरक दावी खर्च करदाताको आयमा समावेश गरी लाग्ने कर निर्धारण गर्नुपर्दछ ।

३०. **एक सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड २०७१।०७२** : आयकर ऐन, २०५८ बमोजिम व्याज खर्च लेखेको रकममा प्राकृतिक व्यक्तिलाई न्युनतम ५ प्रतिशतले ब्याजकर कट्टी गर्ने व्यवस्था छ। करदाताले रु.३८,९०४,७४७- ब्याज खर्च दावी गरेकोमा सोको ५ प्रतिशतले हुने ब्याज कर रु.१९,४५,२३७- दाखिला गर्नुपर्नेमा रु.९ लाख मात्र दाखिला भएको देखिँदा फरक रु.१०,४५,२३७- संचित कोष दाखिला गर्नुपर्दछ ।

३०.१. सहकारी मापदण्ड बमोजिम कुल कर्जा रु.३८,४३,१८,४२५। को २५ प्रतिशत भन्दा बढि घरजग्गामा कर्जा प्रवाह गर्न नहुनेमा रु.१०,४०,२६,४६९।- प्रवाह गरी कुल कर्जाको तुलनामा २७ प्रतिशत प्रवाह गरेको छ । मापदण्डमा रही कर्जा प्रवाहको अनुपालना गरिनुपर्दछ ।

३०.२. सहकारी मापदण्ड बमोजिम जुन उद्देश्य र प्रयोजनका लागि विनियमावली बमोजिम कोषको खडा गरिन्छ । सोही उद्देश्य र प्रयोजनमा खर्च गर्नुपर्ने र खर्च नभएमा जगेडा कोषमा रकम सार्नुपर्ने व्यवस्था छ । २०७१।१२।३० मा बसेको संचालक समितिको बैठकको निर्णायानुसार कर्मचारी बोनस कोष, सहकारी विकास कोष, डुवन्ते ऋण कोष र घाटा पूर्ति कोषबाट रु.३२ लाख खर्च लेखी भवन निमार्ण कोषमा रकम ट्रान्सफर गर्न नमिल्ने हुँदा उक्त रकम जगेडा कोषमा ट्रान्सफर गर्नुपर्ने अन्यथा सो रकम करदाताको आयमा समावेश गरी कर निर्धारण गर्नुपर्दछ ।

३०.३. अध्यक्षको अनुगमन खर्च बापत गत बर्ष र यो बर्ष रु.३,६०,०००।- भुक्तानी गरेको संस्थाको उद्देश्यसँग मेल नखाने, योग शिविर संचालनमा रु.२४७०२०।- खर्च लेखेको, कर्जा असुली तथा अनुगमन खर्चमा रु.१,७४,८८१।- भुक्तानी गरेको, कर्मचारीलाई रु.१,१८,७८२।- उपदान खर्च लेखेको रकम समेत जम्मा रु.९,००,६८३।०० आयकर ऐन, २०५८ को दफा १३ बमोजिम असम्बन्धित देखिँदा उक्त रकम करदाताको आयमा समावेश गरी आयकर ऐन २०५८ को अनुसूची वमोजिम लाग्ने कर रु.१,८०,१३६।- र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

३१. **एक सहकारी संस्था लिमिटेड २०७१।०७२** : स्वीकृत प्राप्त संस्थामा खर्च गरेको राहत सहयोग बाहेक अन्य सहयोग खर्च दावी गर्न मिल्दैन । करदाताले पेश गरेको आय विवरणमा आयकर ऐन, २०५८ बमोजिम कट्टी हुने खर्च रु.५८,७९,८७९।- मा रु.१५,००,०००।- राहत कोष खर्च दावी गरेको देखिन्छ । आयकर ऐन, २०५८ को दफा १३ बमोजिम यस्तो खर्च व्यवसायसँग असम्बन्धित देखिँदा सो रकम करदाताको आयमा समावेश गरी लाग्ने कर रु.३,००,०००।- र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

३२. **एक सहकारी संस्था लिमिटेड २०७१।०७२** : आयकर ऐन, २०५८ को दफा १३ बमोजिम व्यवसायको मुनाफा लाभ गणना गर्दा सम्बन्धित एवं सहकारी मापदण्ड बमोजिम खर्च कट्टी गर्न पाउने व्यवस्था छ । करदाताले आय विवरणमा दावी गरेको अन्य खर्च रु.३८,६४,१९६।- मा शेयर सदस्य राहत कोष रु.५,००,०००।- एवं साधारण सभा खर्च रु.१२,७६,३४१।- दावी गरेको देखिन्छ । कारोबारको आधारमा यस्तो असामान्य खर्च दावी गर्न मिल्ने देखिँदैन ।

**३३.** **एक कन्सट्रक्सन २०७२।०७३** : आयकर ऐन, २०५८ को दफा ७ बमोजिम करदाताले व्यवसायको मुनाफा तथा लाभ गणना गर्दा सबै प्रकारको रकम आयमा समावेश गरी कर निर्धारण गर्नुपर्ने व्यवस्था छ । करदाताको स्थायी लेखा नम्बर प्रयोग गरी एक निमार्ण व्यवसायीले २०७२।०७३ मा जिविस मा ठेक्का नं. २१।०७२।०७३ कंचन नदी बरौली नाकाबाट ५७९२९७ क्यु.फि. नदि जन्य पदार्थ उत्खनन् बापत ठेक्का लिएको देखिन्छ । उक्त खरिद ठेक्का रु.७०,००,०००।- मा सम्झौताको शर्त बमोजिम १.५ प्रतिशतले हुने अग्रिम आयकर रु.१,०५,०००।- र सोको मुल्य अभिबृद्धि कर १३ प्रतिशतले हुने रु.९,१०,०००।- बुझाउनुपर्ने उल्लेख छ । करदाताको प्यानगत विवरणमा अग्रिम आयकर तथा मुल्य अभिबृद्धि कर समावेश नभएको र खरिद भएको इन्पुट खरिद नदेखाएको कारण कर योग्य बिक्रि खुलासा समेत आय विवरणमा समावेश गरेको देखिएन । करदाता वा सोही स्थायी लेखा नम्बरको आय बर्ष २०७२।०७३ मा व्यापारिक कार्यको बिक्रि आय रु.१५,७४,८६७।- मात्र खुलासा गरेको छ । कारोबार गरी आयमा समावेश नगरेको वा कारोबार लुकाएको अवस्थामा उक्त व्यवसायीको कारोबार छानवीन गरी सोको आयकर तथा मुल्य अभिबृद्धि करमा पर्ने प्रभाव यकिन गर्नुपर्दछ ।

३४. **एक निमार्ण सेवा २०७१।०७२, २०७२।०७३ :** आयकर ऐन, २०५८ को दफा ७ बमोजिम सबै किसिमको आयलाई मुनाफा र लाभ गणना गर्दा समावेश गर्नुपर्ने र व्यवसायसँग सम्बन्धित खर्च कट्टी गरी करयोग्य आय निर्धारण गर्नुपर्ने व्यवस्था छ । करदाताले जिविस मा २०७१।७२ को अन्त्यमा भारतीय नम्बर प्लेट गाडीमा पटके सवारी करको रु.६०,११,१३१। ठेक्का कारोबार गरेको र सम्झौताको शर्त बमोजिम सोको १३ प्रतिशत मुल्य अभिबृद्धि कर रु.७,८१,४४७। र अग्रिम आयकर १.५ प्रतिशतले रु.९०,१६६। बुझाउनुपर्ने उल्लेख छ । करदाताले उक्त कारोबारको २०७२।१२।१९ मा रु.२,००,०००। र २०७२।३।१२ मा रु.२,६८,०००। को ११४१४ मा दाखिला गरेको भौचर पेश गरेको र बाँकी बुझाउनुपर्ने मुल्य अभिबृद्धि कर रु.३१२५८०। राजश्व शिर्षक ११११९ मा ०७२।३।२९ मा दाखिला गरेको देखिन्छ । तर करदाताको आय विवरण तथा मुल्य अभिबृद्धि कर विवरणमा उक्त कारोबार खुलासा नगरी आय बर्ष २०७१।०७२ मा रु.७,५१,७३४। र आय बर्ष २०७२।७३ मा रु.२०८९०७७। मात्र देखाएबाट इन्पुट खरिद खुलासा नगरेको कारण करयोग्य बिक्रि पनि देखिएन । तसर्थ बुझाएको मुल्य अभिबृद्धि कर अन्य शिर्षकमा दाखिला हुँदा आयकरमा क्रेडिट लिने र कारोबार खुलासा गरी मुनाफा तथा लाभ गणना गर्नुपर्नेमा नगरेको देखिँदा करदाताको कारोबार छानवीन गरी सोको मुल्य अभिबृद्धि कर तथा आयकरमा परेको प्रभाव यकिन गर्नुपर्दछ ।

३५. **एक फाइनान्स सहकारी संस्था लिमिटेड २०७१।०७२ :** करदाताले आय बर्ष २०७१।०७२ सम्ममा रु.४५,०७,३९,३८३। कर्जा प्रवाह गरेकोमा घरजग्गा कर्जा बापत रु.९,४२,८७,०३१। लगानी गरेको देखिन्छ । करदाताको उक्त कर्जामा घरजग्गाको लगानी २१ प्रतिशत रहेको छ । कुल कर्जामा घरजग्गा खरिद कर्जा ९,४२,८७,०३१।००, २०.९१ प्रतिशत, व्यवसायिक कर्जा रु.३३०३८५५६०। मा ७३ प्रतिशत र अन्य कर्जा ६.०९ प्रतिशत देखिन्छ । रु.१० लाख भन्दा माथिको कुल परियोजना लागत निर्धारण गर्दा संस्थागत मुल्यांकन नगरेको र १ कर्जामा ऋण प्रवाह भएको रु.७५ लाख मा एकाघरको जेथा नलिई अन्य पक्षको धितो स्वीकार गरी ऋण प्रवाह गरेको छ । त्यस्तै जोखिम व्यहोर्ने कोषबाट रु.१० लाख खर्च लेखी मौज्दात घटाएकोमा उक्त रकम नाफा नोक्सान हिसाबमा आम्दानी जनाएको देखिएन ।

३५.१. शेयर पूँजीको १० प्रतिशत भन्दा बढि एउटै व्यक्तिलाई कर्जा लगानी गर्न नमिल्ने व्यवस्था छ । करदाताको वित्तिय विवरणमा गैर सहकारी सम्पत्ति रु.१,७१,२१,२३४। खुलासा गरेको छ । उक्त सम्पत्तिमा २०६५।११।०६ देखि २०६९।४।२३ सम्म ८ जना व्यक्तिको रु.१८६२९७८३। मा लिलाम सकार गरी सम्पत्ति देखाएकोमा रु.१५,०८,५४९। बिक्रि गरी रु.१,७१,२१,२३४। उठन बाँकी देखिन्छ । लिलाम सकार गरेको १ जना व्यक्तिको मात्र साँवा रु.१,०२,२२,५५५। देखिन्छ । शेयर पूँजी रु.७,१५,४७,४००। को १० प्रतिशत भन्दा बढि कर्जा प्रवाह भई उठन नसकेबाट गैर सहकारी सम्पत्तिमा राख्नुपर्ने स्थिति विगत देखिनै देखिदै आएको अवस्था विद्यमान रहेको छ । सहकारी संस्थालाई कर्जा लगानीबाट गैर सहकारी सम्पत्तिको कर्जा घटाई त्यस्तो सम्पत्ति बिक्रि गरी आय जनाउनुपर्नेमा नजनाएको देखिँदा उक्त सम्पत्ति खर्च दावी गर्न नमिल्ने हुँदा करदाताको आयमा उक्त रकम समावेश गरी लाग्ने कर रु.३४,२४,२४६। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

३५.२. सहकारी लेखापरीक्षण निर्देशिका बमोजिम सहकारी संस्थाले दिर्घकालीन रुपमा लगानी हुने क्षेत्रमा रकम प्रवाह गर्न नहुने उल्लेख छ । करदाताले पेश गरेको वित्तिय विवरणमा रु.२७,६४,४०,८९०। लगानी गरेको देखाएको छ । उक्त लगानी मध्ये रु.२,१७,१३,५००। हाइड्रो, शेयर लगानी र सामुदायिक टेलिभिजनमा गरेको छ । राष्ट्रिय सहकारी बैंकमा रु.२,०५,१०,०००। लगानी गरेको उल्लेख छ । अन्य बाँकी लगानी मुद्धती बचतमा खुलासा गरेको देखिन्छ । उक्त लगानीबाट प्राप्त गरेको लाभांश रु.८,८९,९८०। अर्थात लगानीको तुलनामा २ प्रतिशत मात्र देखिन्छ । मुद्दती बचत

ब्याजबाट रु.२,४०,७१,२२४। ब्याज प्राप्त गरेकोमा मुद्दतीमा रहेको रु.२३,४२,१७,३९०। को औषत ब्याज आय १० प्रतिशत देखिन्छ । सोबाट दिर्घकालीन लगानीमा रहेको रकमबाट प्राप्त हुने आय ८ प्रतिशतले नोक्सानी समेत परेको देखिन्छ ।

३५.३. आयकर ऐन, २०५८ को दफा १३ बमोजिम व्यवसायसँग सम्बन्धित खर्च मुनाफा तथा लाभ गणना गर्दा कट्टी गर्न पाउने व्यवस्था छ । करदाताले वित्तिय विवरण साथ पेश गरेको अनुसुची १६ मा रु.३८,३७,२४०। खर्च उल्लेख गरेकोमा सो खर्च व्यवसायसँग असम्बन्धित रहेको र उक्त खर्चहरु दावी समेत गरेको देखिँदा उक्त खर्चहरु छानवीन गरी कर दायित्व यकिन गर्नुपर्दछ ।

३६. **एक यातायात व्यवसायी समिति २०७१।०७२** : करदाताले पेश गरेको आ.व. २०७१।७२ को आय विवरणमा देखाएको कुल आम्दानी रु.६,७४,४२,४५२।०० मध्ये विधान वमोजिम तोकिएका शूल्कहरु वाहेक विभिन्न शीर्षकमा समेत आम्दानी गरेको देखिन्छ । आयकर ऐन, २०५८ को दफा २(घ) मा नाफा नकमाउने उद्देश्यले स्थापना भएको सार्वजनिक प्रवृत्तिका सामाजिक धार्मिक शैक्षिक वा परोपकारी संस्थालाई जनाउने उल्लेख छ रतोकिएको सदस्यता शूल्क एवंम वार्षिक शूल्क वाहेका शीर्षकबाट आम्दानी भएको रु.१,१२,०९,७७०। मा आयकर ऐन २०५८ को अनुसूची १ वमोजिम २५ प्रतिशतले लाग्ने कर रु.२८,०२,४४२।५० र शूल्क व्याज समेत असूल गर्न छानविन हुनुपर्दछ ।

३७. **एक वस व्यवसायी संघ २०७१।०७२** : आयकर ऐन, २०५८ को दफा २(घ) मा नाफा नकमाउने उद्देश्यले स्थापना भएको सार्वजनिक प्रवृत्तिका सामाजिक धार्मिक शैक्षिक वा परोपकारी संस्थालाई जनाउने उल्लेख छ। कर छुट पाउने संस्थाको उद्देश्य अनुसार कार्य सम्पन्न हुंदा वा कुनै व्यक्तिद्धारा सो संस्थालाई प्रदान गरिएको सम्पत्ति वा सेवा वापत कुनै भुक्तानी गर्दा वाहेक सो संस्थाले प्राप्त गरेको रकमवाट कुनै व्यक्तिलाई फाइदा पुऱ्याएको भए त्यस्तो संस्थालाई यस खण्ड वमोजिम कर छुट नहुने व्यवस्था छ । करदाताको वित्तिय विवरण अनुसार आ.व. २०७१।७२ मा सदस्यता शूल्क रु.११,०१,००,०००।, नविकरण शूल्क ३,१९,४००। लगायत अन्य विभिन्न शीर्षकमा गरी कुल जम्मा रु.२८,८६,५०,३३५। आम्दानी देखिन्छ । उक्त आम्दानी बाट प्रशासनिक खर्च, कल्याणकारी खर्च वाहेक व्यवसायी संरक्षण कोषमा र पुराना गाडी विस्थापन कोषमा ट्रान्सफर गरेको रकम सवारी धनीलाई विभिन्न प्रकारले वितरण गर्ने गरेको देखिएकोले उक्त कारोवार कर छुटको कारोबारमा पर्ने देखिदैन । तसर्थ व्यवसायीलाई व्यक्तिगत लाभ हुने कार्यमा भएका तपसिल वमोजिमका कोषहरुको छानविन गरी करको दायरामा ल्याउनु पर्ने देखिन्छ ।

३७.१. कर छुट संस्थाको रुपमा दर्ता भएको यस समितिको विधानको उद्देश्य अनुरुप सार्वजनिक यातायात संचालन गराउने, आफ्ना सदस्यहरुको सामुहिक हितको संरक्षण एवंम आर्थिक समृद्धि तर्फ उन्मुख गराउने लगायत उल्लेख छ । उद्देश्य अनुरुप खर्च गर्ने विभिन्न किसिमका प्रवेश शूल्क, मासिक तथा वार्षिक शूल्क संकलन गरी उल्लेख छ । करदाताले पेश गरेको आ.व. २०७१।७२ को आय विवरणमा देखाएको कुल आम्दानी रु.२८,८६,५०,३३५।००मध्ये विधान वमोजिम तोकिएका शूल्कहरु वाहेक विभिन्न शीर्षकमा समेत आम्दानी गरेको देखिन्छ । आयकर ऐन २०५८ को दफा २(घ)३ वमोजिम छुट पाउने संस्थाको उद्देश्य अनुसारको आय व्ययमा मात्र कर छुट हुने व्यवस्था छ । तोकिएको सदस्यता शूल्क एवंम वार्षिक शूल्क वाहेका निम्न शीर्षकबाटे रु.३९,५१,३९६ आम्दानी भएका देखिन्छ । तसर्थ उक्त आम्दानीमा आयकर ऐन २०५८ को अनुसूची १ वमोजिम २५ प्रतिशतले लाग्ने कर रु.९,८७,८४९।०० र शूल्क व्याज समेत असूल गर्न छानविन हुनुपर्दछ ।

३८. **लेखापरीक्षकको जिम्मेवारी** : आयकर, २०५८ को दफा ९९ अनुसार आय विवरण दाखिला गर्नुपर्ने मितिमा विवरण दाखिला गरेको अवस्थामा कर निर्धारण गरे सरह मानिने व्यवस्थाले कर निर्धारण प्रक्रिया स्वयं कर निर्धारणमा आधारित छ । कम्पनी ऐन, २०६३ तथा नेपाल लेखामान १ ले समेत

ढाँचा तोकेको र सोमा खुलासा गर्नुपर्ने ब्यहोरा समेत स्पष्ट पारेको छ । सो अनुरुप करदाताको आय विवरण तथा वित्तिय विवरणमा लेखामान अनुरुप अनुपालना हुन नसकेका विषयको परीक्षण गरी मन्तव्य सहित कारोबारको प्रमाणित गर्ने जिम्मेवारी लेखापरीक्षकको हो । कानूनले तोके अनुसार तुलनात्मक विवरण पेश नगर्ने, अनुसुची नदेखाउने, कारोबार खुल्ने विवरण नदेखाउने लगायतका व्यहोरा देखिएका छन् । पालना नगरेको विषयमा नियमनकारी निकायमा जानकारी दिई कानून बमोजिम कारवाही समेत अवलम्बन गरिनुपर्दछ ।

३९. **एक ट्रेड इन्टरप्राइजेज २०७१।०७२ :** आयकर ऐन, २०५८ को दफा २(द) ४ मा प्राकृतिक व्यक्तिले रु.३० लाख वा सो भन्दा बढि मूल्यको घर जग्गाको कारोबार गर्दा भएको पूँजीगत लाभमा ऐनको अनुसूची १ बमोजिम तोकिएको दर अनुसार रजिष्ट्रेशन पास गर्दाकै बखतमा पूँजीगत लाभकर असूल गर्नुपर्ने व्यवस्था छ । व्यवसायिक कारोबार गर्ने करदाताको हकमा ह्रासयोग्य तथा जग्गा जस्ता सम्पत्ति मालसमानको रुपमा गणना हुने र आयकर ऐन, २०५८ को दफा ७ बमोजिम कुनै व्यक्तिको कुनै आय बर्षमा व्यवसाय संचालनबाट भएको मुनाफा र लाभको गणना गर्दा व्यवसायिक ह्रासयोग्य सम्पत्तिको निसर्गबाट प्राप्त हुने रकमहरु समावेश गरी गणना गर्ने व्यवस्था छ । व्यवसायिक कारोबारमा प्राप्त लाभमा सोही ऐनको अनुसूची १ बमोजिम २५ प्रतिशत आयकर लाग्ने समेत व्यवस्था छ। करदाताले मालपोत कार्यालय मा २०७१।०७२ मा र.नं २९१२।०७१।१०।१५ मा रु.१ करोड २० लाख र र.नं ४९८१।०७२।२।२८ मा रु.१ करोड २० लाख समेत रु.२ करोड ४० लाखको जग्गा बिक्रि गर्दा प्राकृतिक व्यक्तिको रुपमा पूँजीगत लाभकर नतिरी जग्गा बिक्रिको आयलाई एक ट्रेड इन्टरप्राइजेज प्रा.लि.को नाममा बिक्रि देखाई पूँजीगत लाभकर तिरेको देखिँदैन । करदाताको २०७१।०७२ र २०७२।०७३ को वित्तिय विवरणमा जग्गा नै नदेखिएको अवस्थामा स्थायी लेखा नम्बरको प्रमाण पेश गरी पूँजीगत लाभकरबाट उन्मुक्ति लिन मिल्दैन । तसर्थ वित्तिय विवरणमा जग्गाको खरिद लागत समेत उल्लेख नभएको, पूँजीगत लाभकर तिर्ने प्रयोजनबाट उन्मुक्ति लिएको तथा गलत विवरण पेश गरेको कारण उक्त बिक्रि रकम करदाताको आयमा समावेश गरी लाग्ने कर रु.६०,००,०००। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

## आन्तरिक राजश्व कार्यालय, भैरहवा

१. **आय विवरण :** आयकर ऐन, २०५८ को दफा ९६ मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिना भित्रसो वर्षको आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष आय विवरण दाखिला गर्नुपर्ने २३६२३ करदातामध्ये १३२२८ करदाता (५६ प्रतिशत) ले मात्र आय विवरण दाखिला गरेको अभिलेखबाट देखिन्छ । जसमध्ये डे१ विवरण ८८११(६६ प्रतिशत) र डे३ ४५१७ विवरण (३४ प्रतिशत) रहेका छन । कानुनमा तोकिएको समयमा आय विवरण दाखिला नगर्ने १०३९५ करदाता (४४ प्रतिशत) को खोजि गरी आय विवरण दाखिला गर्न लगाउने कार्य भएको समेत पाइएन ।

२. **कर विवरण :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिन भित्र कर विवरण बुझाउनु पर्ने व्यवस्था छ । कार्यालयमा मूल्य अभिबृद्धि करमा दर्ता भएका ३४४७करदाताहरुमध्ये यो बर्ष ३ करदाता स्थगन र ५६ ले बन्द गरेको बांकी ३३८८ सक्रिय करदाताले मूल्य अभिबृद्धि कर विवरण बुझाउनु पर्नेमा ३३६(१०प्रतिशत) ले डेबिट विवरण,१४३४.(४२ प्रतिशत) ले क्रेडिट विवरण,६७४.(२० प्रतिशत) ले शुन्य विवरण पेश गरेको र ८३६ (२५ प्रतिशत) ले विवरण पेश नगरेको र १०८ (३ प्रतिशत)ले विवरण नखुलेको देखिन्छ । यसबाट डेबिट विवरण बुझाउने

करदाताको संख्या न्युन देखिएकाले (डेबिटभन्दा केडिट ३२६ गुणाले बढि) बजार अनुगमन गरी यस्ता विवरणको छानवीन बढाउनु पर्ने देखिन्छ ।

३. **निरन्तर क्रेडिट** : कार्यालयमा दर्ता रहेका करदाताहरुले २०७२।४।१ देखि २०७३।३।३१ सम्म १३८२ वटा केडिट कर विवरण पेश गरेकोमा ती करदातालाई रु.५४,८०,७५,७६३।०० नेपाल सरकारले मूल्य अभिबृद्धि कर फिर्ता दिनु पर्ने संभावित दायित्व देखिएकोमा सो रकमलाई आर्थिक विवरणमा दायित्वमा देखाइएको छैन । केडिट कर विवरण पेश करदाताहरु मध्ये १२ महिनाभन्दा बढि अवधि देखि निरन्तर केडिट हुने करदाता छनौट गर्दा ७७५ रहेका छन । मुल्य अभिबृद्धि करमा रकम केडिट देखाई विवरण पेश गर्ने यस्ता करदाताहरुको कार्यालयबाट बिषेश निगरानी राखी वास्तविक केडिटको अवस्था एकिन गरी मु. अ.कर डेबिटमा ल्याउन प्रभावकारी पहल गर्नु पर्ने देखिन्छ ।

४. **वक्यौता राजस्व असुली** : मूल्य अभिबृद्धि कर बापत कार्यालयमा दर्ता रहेका करदाताहरुमध्ये २०७३ आषाढ मसान्त सम्म ९३८ करदाताको कर वापत रु.१५,३६,४५,०७०।०० दाखिला गर्न बांकी रहेको छ । त्यस्तै गरी आयकर बापत यस कार्यालय अन्तरगत रहेका करदाताहरुमध्ये विभिन्न करदाताहरुसंग मिति २०७३ आषाढ मसान्तसम्म रु.७,०१,९५,३५७।३२ आर्थिक वर्ष ०७२।०७३ को असुल गर्न बांकी रहेको छ । बक्यौता असुली गर्न कार्यालयले बिशेष पहलकदमी लिनु जरुरी देखिन्छ ।

५. **कर परिक्षण** : आयकर ऐन, २०५८ अनुरुप पेश भएका आय विवरणमध्ये पूर्ण कर परीक्षणका लागि गत वर्षहरुमा छनौट भएकामध्ये परीक्षण हुन बांकी रहि जिम्मेवारी सरेका १४९ र यो वर्ष आय विवरण पेश गरेका १३२२८ करदाताहरुमध्ये ९० (आय विवरण पेश गर्ने करदाताको .६८ प्रतिशत) समेत जम्मा २३९ करदाताको यो वर्ष पूर्ण करपरीक्षण गर्नुपर्नेमा ११३ (आय विवरण पेश गर्ने करदाताको .८५ प्रतिशत) मात्र करदाताको मात्र कर परीक्षण हुन सकेको देखियो । वाँकी १२६ कर विवरणको करपरीक्षण वक्यौता रही अगामी वर्षको लागि जिम्मेवारी सरेको अवस्था छ । अत: आय विवरण पेश गरेका सबै करदाताहरुको चार वर्षभित्र कर परीक्षण गर्ने नीति अवलम्बन गन आवश्यक सुधार गर्दै लानु पर्ने देखिन्छ ।

६. **सञ्चालकबाट लिएको ऋण वा सापटी** : आयकर ऐन, २०५८ को दफा ११(ख) मा राष्ट्रिय महत्वमा आयोजना, लगायत ३०० भन्दा वढी स्वदेशी कामदारलाई रोजगारी दिने, ५० प्रतिशत भन्दा वढी स्वदेशी कच्चा पदार्थ प्रयोग गर्ने उद्योग वाहेक अन्यत्र लगानी गरेकोमा लगानीको स्रोत खोजिने व्यहोरा उल्लेख छ । आन्तरिक राजस्व विभागको मिति २०६९।०९।२९ को परिपत्रबाट समेत सञ्चालकवाट प्राप्त सापटीको रकम बैंक मार्फत प्राप्त हुनु पर्ने, सापटीको स्रोत एकीन गरी सापटी लगानीको रकममा कानुन अनुसार कर दाखिला भए नभएको विश्लेषण गर्नु पर्ने उल्लेख गरेको छ । कार्यालयले यो वर्ष सञ्चालकबाट लिएको सापटीको सम्बन्धमा छानवीन गरेको देखिएन । साथै उक्त सापटी रकमको लेनदेन वैंक मार्फत भएको देखिएन । यसबाट कर दायित्वमा असर पर्ने अवस्था देखिएकोले छानविन हुनुपर्दछ ।

७. **ऋण पूंजीको अनुपात र आर्थिक कारोवार** : कर दायित्वमा प्रत्यक्ष असर गर्ने ऋण पूंजी र शेयर पूंजीको अनुपात अर्न्तराष्ट्रिय अभ्यास हेर्दा ३:१ सम्म रहेको देखिए तापनि यस कार्यालयका क्षेत्राधिकारका करदाताको अवस्था ३२:१ सम्म देखिएकोले पूंजी न्यून संकलन गरेर ऋण लिई व्याज खर्च लेख्दा आयकर राजस्वमा परेको प्रभाव, यस सम्वन्धमा कानुनी व्यवस्था नभएकोले

ऋण र पूंजीको अनुपात निर्धारण गर्न कठिनाई परेको अवस्थालाई दृष्टिगत गदै अर्न्तराष्ट्रिय मान्यता अनुरुप ऋण पूंजी अनुपात सम्वन्धमा कानूनी व्यवस्था गर्नु पर्दछ ।

८. **शिक्षा सेवा शुल्क :** आर्थिक ऐन, २०७१ को दफा ८ मा आन्तरिक राजश्व विभागले तोकेको स्थानमा संचालित शिक्षण संस्थाहरुले असूल गर्ने भर्ना शुल्क र मासिक शिक्षण शुल्कमा १ प्रतिशतका दरले शिक्षा सेवा शुल्क असूल गर्ने व्यवस्था छ । स्थायी लेखा नम्बर लिएका शिक्षण संस्थाहरुले शिक्षण सेवा शुल्क नवुझाएको नियमित रुपमा अनुगमन भएको देखिएन । साथै यस जिल्लामा दर्ता भएकामध्ये स्थायी लेखा नम्बर लिन बांकी विद्यालयहरु खोजी गरी आय विवरण तथा शुल्क दाखिला गरे नगरेको अनुगमन गर्न सकिने अवस्था छैन । यो बर्ष रु.६१,५०,०००। शुल्क उठाउने लक्ष्य रहेकोमा रु.५८,३३,०००। असुल भई लक्ष्यको तुलनामा ९५ प्रतिशत प्रगति देखिएको छ । लक्ष्य अनुसार प्रगति गर्न थप अनुगमन हुनु आवश्यक छ ।

९. **स्वास्थ्य सेवा कर :** आर्थिक ऐन, २०७१ को दफा ७ मा नेपाल सरकारले प्रदान गर्ने स्वास्थ्य सेवा र सामूदायिक अस्पतालहरुले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेकका अन्य निकायहरुले प्रदान गर्ने स्वास्थ्य सेवाहरुमा जारी विजक मूल्यको पांच प्रतिशतका दरले स्वास्थ्य सेवा कर लगाई असुल गरिने व्यवस्था छ । यस वर्ष कार्यालयले रु.३६,३७,०००।००शुल्क असुल गर्ने लक्ष्य भएकोमा रु. ३५,३५,८८४।४० असुल भएको देखाइएको छ । यस जिल्लामा कारोबार स्थल राखी सम्बन्धित निकायमा दर्ता भएका निकायले स्थायी लेखा नम्बर लिए नलिएको र आय विवरण एवं शुल्क दाखिला गरे नगरेको सम्बन्धमा कार्यालयलले विद्युतीय माध्यममा अभिलेख खडा गरी प्रभावकारी रुपमा अनुगमन गर्न सकेको छैन ।

१०. **सामाजिक सुरक्षा कर :** आर्थिक ऐन, २०७२ को दफा २८ मा आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा १ बमोजिम एकल प्राकृतिक व्यक्तिको वार्षिक दुई लाख पचाँस हजार रुपैयासम्म रोजगारीको आय भएमा उक्त आयमा एक प्रतिशतका दरले र दम्पत्तीको हकमा वार्षिक तीन लाख रुपैयासम्म रोजगारी आय भएमा एक प्रतिशतका दरले कर लाग्ने, यस्तो कर रकम भुक्तानीका बखत स्रोतमा कट्टी गरी असूल गरिने र असूल गरिएको रकम छुट्टै राजस्व खातामा जम्मा गरिने व्यवस्था रहेको छ । यस वर्ष सामाजिक सुरक्षा कर वापत रु.६,६०,६५,०७३।२३ असुल भई नेपाल सरकारको राजश्व खातामा दाखिला भएको छ। सामाजिक सुरक्षा कोष नियमावली, २०६७ अनुसार कोषले योगदानकर्ताहरुलाई परिचयपत्र जारी गर्ने व्यवस्था समेत रहेको छ । यस्तो करलाई व्यवस्थित गर्न कर दाखिला गर्दा कोषबाट जारी भएको परिचयपत्र नम्बर अनिवार्य रुपमा उल्लेख गर्न लगाउने वा कामदार तथा कर्मचारीलाई विभागले व्यक्तिगत स्थायी लेखा नम्बर लिन अनिवार्य गर्नु पर्ने देखिन्छ ।

११. **एक आयल २०७१।०७२** : करदाताको आशिकुडा तथ्यांक अनुसारको निर्यात र मू.अ.कर विवरण अनुसुारको निर्यात भिडान हुनुपर्दछ । तर करदाताको मुल्य अभिबृद्धि कर विवरण अनुसार निर्यात रु.५४,४७,८६८। देखिन्छ भन आशिकुडा अनुसार निर्यात रु.७०,४४,७११। देखिन्छ । यसरी अशिकुडा अनुसार यस वर्ष निकासी भएको भन्दा रु.१५,९६,८४३। कम रकमले आय विवरणमा निकासी आयलाई समावेश गरेको देखिएकोले उक्त रकमलाई करयोग्य आयमा समावेश गरी आयकर ऐन, २०५८ को अनुसुची १ बमोजिम लाग्ने कर रु.३९९२१०।७५ र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

१२. **एक तेल उद्योग २०७१।०७२ :** आयकर ऐन २०५८ को दफा २१(२) ले कुनै आय वर्षमा बीस लाख रूपैया भन्दा बढीको वार्षिक कारोबार गर्ने व्यक्तिले तोकिएको अवस्थामा बाहेक सो आय वर्षमा एक पटकमा ५० हजार रूपैया भन्दा बढीको नगद भुक्तानी गरेमा सो खर्च कट्टी गर्न नपाउने व्यवस्था गरेको छ । करदाताले विभिन्न

पार्टीहरुलाई भुक्तानी गर्दा निम्नानुसार सोझै नगदमा भुक्तानी गरेको छ। सोझै नगदमा भुक्तानी गरेको रु.३,३५,७९९।०० को २५ प्रतिशतले हुने कर रु.८३,९४९।०० र सोको शुल्क तथा ब्याज समेत गणना गरी असुल गर्नुपर्दछ।

१२.१. आयकर ऐन २०५८ को दफा ७ बमोजिम कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै व्यवसाय संचालनबाट भएको मुनाफा र लाभहरू सो व्यक्तिको सो व्यवसायको सो वर्षको आय हुनेछ भन्ने उल्लेख छ । करदाताले यो बर्ष मु.अ.कर फिर्ता बापत रु.७४,०१,८६३। लिएकोमा आय विवरण अनुसार आयमा समावेश गर्नुपर्ने अन्य रकम भनी रु.५८,९४,५४१।०० मात्र उल्लेख गरेको छ अतः मु.अ.कर फिर्ता बापतको नपुग रकम रु.१५,०७,३२२। आयमा समावेश गर्दा लाग्ने कर रु.३,७६,८३०। असुल गर्नुपर्दछ।

१३. **एक राइस मिल/एक खाद्य एजेन्सी २०७१।०७२ :** आयकर ऐन, २०५८ को दफा १४ बमोजिम व्यवसायसँग सम्बन्धित ऋण दायित्व अन्तगर्तको ब्याज खर्च दावी गर्न सक्ने व्यवस्था छ । करदाताले राइस मिल र मल खाद्य दुई फरक व्यवसाय संचालन गरेको र प्रोपाइटर एउटै रहेको अवस्थामा दुई व्यवसायको लिएको ऋण दायित्व अन्तगर्तको ब्याज क्रमशः रु.९,५०,११६। र रु.१७,४६,८८६। समेत रु.२६,९७,००२। कर परिक्षणबाट पुर्नलेखन गरी रु.२१,२४,२४२। करदाताबाट ब्याज खर्च दावी भएको देखिन्छ। चालू पूँजीको अभाव दर्शाई दुवै व्यवसायको लागि लिएको ऋण क्रमशः रु.२,२५,९८,६५९। र रु.२,३७,८१,५४१। बाँकी देखिन्छ। तथापि एक राइस मिलले अर्को खाद्य एजेन्सीलाई रु.१ करोड ८ लाख तिर्नुपर्ने र मल खाद्य एजेन्सीले लिनुपर्ने देखाएको छ । आसामीको उक्त रकम एक आपसमा ऋण दायित्वमा समायोजन नगरेको कारण उक्त रकमको ब्याज दर ७.३५ प्रतिशतले रु.७,९३,८००। ब्याज खर्च दावी गर्न मिल्दैन । तसर्थ उक्त रकम करदाताको आयमा समावेश गरी लाग्ने कर २५ प्रतिशतले रु.१,९८,४५०। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ।

१३.१. खरिद लागतमा नोक्सानी खर्च दावी गर्न मिल्दैन। त्यस्तै एउटै दुरी, एउटै बिक्रेता, एकै स्थानबाट खरिद भएको वस्तुमा भाडा तथा बिमा समेत अधिक फरक हिसाबमा लागत खर्च दावी गर्न पनि मिल्दैन। भाडा तथा बिमा बापत प्रति क्वीन्टल रु.९५।८० ले २१५२१।१५ क्वी. को रु.२०,६१,७२६। अनलोडिङ तर्फ फरक ३४६२.१० क्वीन्टलको रु.२३७५०। र सर्टेज नोक्सानी रु.९०,२२५। समेत रु.२१,७५,७०१। करदाताको आयमा पुर्नलेखन गर्दा लाग्ने कर २५ प्रतिशतले रु.५,४३,९२५। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ।

१३.२. उक्त खाद्य एजेन्सीले गत बर्षको ६३० क्वीन्टल मकई जिम्मेवारी सारी यो बर्ष ४४०।१०० क्वीन्टल खरिद समेत १०७०।१०० क्वीन्टल खपत तथा बिक्रि देखाएकोमा २१२.७० क्वीन्टल गत बर्षको स्टकमा नै जिम्मेवारी सरेको देखिन्छ। स्टक रहँदा रहँदै पुःन खरिद गर्ने र पुरानो स्टक नै खपत नगरी नयाँ खरिद सबै मौज्दात कायम गर्नुले स्टकमा पुरानो मौज्दात नरहेको पुष्टि हुन्छ। यस सम्बन्धमा कर लेखापरीक्षणले पनि कुनै व्यहोरा उल्लेख गरेको छैन। तसर्थ २१२.७० क्वीन्टलको प्रति क्वीन्टल रु.२०००। ले हुने रु.४,२५,४००। करदाताको आयमा पुर्नलेखन गर्दा लाग्ने कर रु.१,०६,३५०। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ।

१४. **एक जे.भी. २०७१।०७२, ०७२।०७३ :** मुल्य अभिबृद्धि कर ऐन, २०५२ बमोजिम मु.अ. कर लाग्ने वस्तु बिक्रि गर्दा भ्याट असुल गर्नुपर्ने व्यवस्था छ । २०७२।०७३ मा संयुक्त उपक्रमको त्रुटि सच्याउने अवधि समाप्त भईसकेको अवस्थामा स्टकमा देखिएको मौज्दातको बिक्रि गरी मुल्य अभिबृद्धि कर असुल गनुपर्ने हुन्छ । करदाताले आय बर्ष २०७१।०७२ मा मेटेरियल स्टक रु.१,७४,७६,८३०। देखाएकोमा २०२।०७३ मा त्रुटि सच्याउने अवधि सकिँदा पनि स्टकमा विटुमिन रु.१,१५,५६,८४७। देखाएको छ। त्यस्तै रु.१६,४९,२१३। को स्थिर सम्पत्ति खुलासा गरेकोमा सोको बिक्रि तथा मुल्य अभिबृद्धि कर एवं आयकरमा पर्ने प्रभाव यकिन तथा निर्धारण गर्नुपर्ने साथै संयुक्त

उपक्रमको कार्य अवधि समाप्त समेत भएको देखिँदा खरिदको लागत समायोजन गरी विटुमिन स्टकको बिक्रि भ्याट छानवीन तथा निर्धारण गरी मुल्य अभिबृद्धि कर असुल गर्नुपर्दछ ।

१५. **एक रोटो प्याकेजिङ २०७१।०७२** : आयकर ऐन, २०५८ को दफा २१ बमोजिम कुनै आय बर्षमा २० लाख रुपैया भन्दा बढिको बार्षिक कारोबार गर्ने व्यक्तिले सो आय बर्षमा एक पटकमा रु.५० हजार भन्दा बढिको नगद भुक्तानी गरेमा कट्टी गर्न नपाउने उल्लेख छ । करदाताले अर्को रोटो प्याकेजिङ प्रा.लि.लाई २०७१।११।११ मा रु.७,०८,८२१। नगद भुक्तानी गरेको देखिँदा उल्लिखित ऐनको प्रावधान बमोजिम उक्त खर्च कट्टी गर्न नमिल्ने देखिँदा सो रकम करदाताको आयमा समावेश गरी देखाएको नोक्सानी घटाउनुपर्ने देखिन्छ ।

१५.१. बिशेष उद्योगले आयकर ऐन, २०५८ को अनुसुची २ बमोजिम तथा दफा ११ बमोजिम ह्रास खर्चमा १/३ थप सुविधा बापत खर्च कट्टी पाउने व्यवस्था छ । करदाताले पेश गरेको वित्तिय विवरणमा १/३ थप समेत रु.१,१३,७०,११८। ह्रास खर्च दावी गर्नुपर्नेमा रु.१,१५,१३,७०४। दावी लिएको देखिँदा फरक दावी खर्च रु.१,४३,५८६। करदाताको आयमा पुर्नलेखन गरी देखाएको नोक्सानी घटाउनुपर्दछ ।

१५.२. कच्चा पदार्थ खरिद गरी उत्पादन गर्ने उद्देश्य रहेको उद्योगले बिशेष सुविधा बापत २५ प्रतिशत करबाट ५ प्रतिशत छुट प्राप्त गरी २० प्रतिशतम कर लाग्ने व्यवस्था छ । करदाताले कच्चा पदार्थ खरिद गरी उत्पादन प्रक्रियामा खपत नगरी बिक्रि गरेमा उद्योग र व्यापारको हिसाबमा छुट्टा छुट्टै रुपले कर निर्धारण गर्नुपर्नेमा कच्चा पदार्थ बिक्रि बापत प्राप्त रकममा पनि २० प्रतिशतले कर निर्धारण भएको देखिन्छ । करदाताले विभिन्न किसिमका कच्चा पदार्थ ४२१५९.५९५ के.जी. रु.९७१७४६१। मा बिक्रि गरेको छ । करदाताले लेखा नीति बमोजिम फिफो प्रणालीमा २१३। प्रति के.जी.ले पर्ने खरिदको लागत रु.८९,७९,९९४। समायोजन गर्दा बचत हुने रु.७,३७,४६७। को छुट ५ प्रतिशतले लाग्ने कर रु.३६,८७४। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

१६. **एक सिमेन्ट इण्डष्ट्रिज प्रा.लि. २०७१।०७२** : आयकर ऐन, २०५८ बमोजिम व्यवसायमा संचालकले पूँजीमा बृद्धि गरेको तथा सापटी स्वरुप प्रदान गरेको रकमको श्रोत खुलाउनुपर्ने व्यवस्था छ । करदाताले सिमेन्ट उद्योग संचालनमा रु.९ करोड व्यवसायलाई सापटी दिएको छ । २०७१।०७२ मा संचालकको नाममा रहेको जग्गा बिक्रिबाट रु.५ करोड र सिद्धार्थ इटा भट्टा उद्योग र जय अम्बे इटा उद्योगबाट रु.४ करोड सापटी लिएको उल्लेख छ । इटा उद्योगले उपलब्ध गराएको सापटी रकममा तिर्नुपर्ने ब्याज र उद्योगले सापटी सम्बन्धमा खुलाएको श्रोत लेखापरीक्षण फाइलमा समावेश छैन । रकमको प्राप्ति श्रोत, शर्त तथा तिर्नु बुझाउनुपर्ने ब्याजका सम्बन्धमा व्यहोरा खुलाउनुपर्दछ । साथै सापटीका सम्बन्धमा अन्तर पार्टी कारोबार खुलासा नभएको स्थिति छ ।

१६.१. आयकर ऐन, २०५८ को दफा २१ बमोजिम रु.२० लाख भन्दा बढिको कारोबार गर्ने करदाताले एक पटकमा रु.५० हजार भन्दा बढि नगदमा भुक्तानी नगर्ने व्यवस्था छ । करदाताले पावर चार्ज बापत विभिन्न मितिमा रु.५० हजार भन्दा बढि पटक पटक रु.५६४५९२८। ढुवानी रु.२५,७७,३१०। समेत रु.८२,२३,२३८। भुक्तानी गरेको देखिँदा यस्तो खर्च ऐनको प्रावधान बमोजिम खर्च कट्टी गर्न नमिल्ने देखिँदा सो रकम करदाताको आयमा समावेश गरी लाग्ने कर २० प्रतिशतले रु.१६,४४,६४७ र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

१६.२. **नियन्त्रणको परिवर्तन** : २०६२ साल जेष्ठ १ मा एक सिमेन्ट प्रा.लि. स्थापना भई कार्य गर्दै आएको र कम्पनी रजिष्ट्रारको कार्यालयको स्वीकृतिमा २०७१।६।२ मा अर्को सिमेन्ट प्रा.लि. र २०७१।९।२९ देखि सो नामको प्रा.लि. बाट अर्को सिमेन्ट इण्डष्ट्रिज प्रा.लि. कायम भएको देखिन्छ । शुरु अधिकृत पूँजी रु.७ करोड, जारी पूँजी रु.४ करोड र चुक्ता पूँजी रु.२,४०,००,०००। शेयर लगत किताबमा ट्रान्सफर हुँदै आएको छ । स्वामित्वको हस्तान्तरण हुँदा जे जस्तो सम्पत्ति तथा दायित्व छ सोही

अनुरुप शेयर होल्डर समेत परिवर्तन हुँदै आएकोमा यस सम्बन्धमा निम्न व्यहोरा देखिन आएका छन् ।

(**क**) आयकर ऐन, २०५८ को दफा १४ को उपदफा ३ बमोजिमको अगाडि सारेको ब्याज कट्टा गर्ने, नोक्सानीलाई दफा २० को उपदफा ४ बमोजिम स्वामित्व परिवर्तन अघिको आय बर्षमा पछाडि लैजाने, खर्च बापत दफा २४ (४) बमोजिमको हिसाब समायोजन गर्ने, स्वामित्वको परिवर्तन अघि सम्पत्ति वा दायित्वको निसर्गबाट प्राप्त आम्दानीमा दफा ३६ बमोजिम घटाउने गरी आय बर्षको स्वामित्व परिवर्तन अघि र पछीको भागहरुलाई छुट्टा छुट्टै आय बर्षहरुको रुपमा गणना गरी सो अनुरुप कर निर्धारण र असुल गर्नुपर्ने व्यवस्था छ । एक सिमेन्ट इन्डष्ट्रिजको स्वामित्व परिवर्तन भएकोमासो अनुरुप आय बर्ष नमानी कर गणना गरेको छ । सो बाट कर दायित्वमा समेत असर परेको छ । शुरुको सिमेन्टको नामबाट स्वामित्व परिवर्तन भएपनि २०७०।०७१ को वित्तिय विवरण अर्को सिमेन्ट र २०७१।०७२ को वित्तिय विवरण वर्तमान सिमेन्टले पेश गरेको देखिँदा एक पछि अर्को हुँदै वर्तमान सिमेन्ट उद्योगमा परिवर्तन हुँदा स्थिर सम्पत्तिमा हुने बढोत्तरी मुल्यलाई लाभमा गणना नगरेको अवस्था छ । जग्गा रु.१५,४५,०००। भवन रु.१,२१,०४,१०३। मेशिनरी रु.१,४२,५६,५९३। सवारी साधन रु.१७,००,४०७। अन्य सामान रु.१०,७५,४३६। समेत रु.३,०६,८१,५३९। सम्पत्ति ट्रान्सफर भई आएकोमा सोको बजार मुल्यमा मुल्यांकन गरी आयकर निर्धारण गर्नुपर्ने देखिन्छ ।

(**ख**) उक्त सिमेन्टले रु.६१,८१,४१४। कच्चा पदार्थ, रु.६,४१,५५०। को सिमेन्ट र रु.२,३४,३९१। को प्याकिङ बोरा स्वामित्व ग्रहण गरेको देखिन्छ । सोको लेखांकन लागत मुल्य भएकोमा बजार मुल्यमा हुने फरक आय निर्धारण गरी प्राप्त हुने लाभमा कर निर्धारण गर्नुपर्ने देखिन्छ । ऐनमा उल्लेख भए बमोजिम नोक्सानी पछाडि लैजान मिल्दैन । एकको स्वामित्व परिवर्तन हुँदै अर्को नाममा आएको ०७०।०७१ को व्यवसायको नोक्सानी रु.१,९१,९८,८८६। जिम्मेवारी सारेको छ । उक्त नोक्सानीमा नयाँ कायम भएको सिमेन्टले ०७१।०७२ को नोक्सानी रु.३२,९६,७९९। समेत जोडी रु.२,२४,९५,६८५। नोक्सानी वित्तिय विवरणमा खुलासा गरेको छ । नियन्त्रणमा परिवर्तन हुनु अगाडि र पछाडिको भागमा कायम हुने बिक्रि आय, खर्च, नोक्सानी सम्पत्ति मौज्दात आदि लाई विचार गरी सोले आयकर तथा मुल्य अभिबृद्धि करमा पार्ने प्रभाव समेत यकिन गरी करदाताले वित्तिय विवरणा नोक्सानी नै सार्न नपाउनेमा अगाडि सारेको नोक्सानी रु.१,९१,९८,८८६/-को पुनरावलोकन गरी कर निर्धारण गरिनुपर्दछ ।

१७. **एक इन्टर प्राइजेज २०७१।०७२** : आयकर ऐन, २०५८ को दफा १३ बमोजिम व्यवसायसँग सम्बन्धित खर्च मात्र कट्टी गर्न पाउने व्यवस्था छ । करदाताले पेश गरेको वित्तिय विवरणको अनुसुची ९ मा शुल्क तथा जरिवाना खर्च रु.३०९०७५। दावी गरेकोमा सो खर्च कर परीक्षणले समेत मान्यता दिई दावी भएको छ । अतः यस्तो खर्च व्यवसाय सँग सम्बन्धित नदेखिएकोले आयकर ऐन २०५८ को दफा २१ वमोजिम अमान्य गरी करदाताको आयमा समावेश गर्दा लाग्ने कर २५ प्रतिशतले रु.७७,२७०। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

१७.१. आयकर ऐन, २०५८ को दफा ४० बमोजिम कुनै निकाय/व्यक्ति कुनै दायित्वको भारबाट हटेमा तिर्नुपर्ने दायित्वको निसर्ग मानिने व्यवस्था छ । व्यवसायिक उद्देश्य पुरा गर्न प्रोपाइटरले बैंक माफर्त कर्जा लिई व्यवसायमा लगानी गर्ने र सोही रकम व्यवसायको दायित्वमा खुलासा गर्दा ऋण तमसुकको तोकिएको ब्याजदरले भुक्तानी नभएको अवस्था देखिन्छ । सोबाट व्यवसाय र व्यक्ति फरक फरक हुन भन्ने अवधारणा समेत अनुपालना हुँदैन । १२ प्रतिशतमा रु.२२ लाख कर्जाको व्यवसायिक दायित्व हुने रु.२६४०००। खर्च नलेख्दा निसर्ग गरेको मानिन्छ । उक्त दायित्वबाट एकलौटी व्यवसाय मुक्त हुँदा सो रकम व्यवसायको आय हुने देखिँदा उल्लिखित ब्याज

रकम करदाताको आयमा समावेश गरी लाग्ने कर ३५ प्रतिशतले रु.९२,४००। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ।

१८. **एक दाल मिल २०७१।०७२ :** आयकर ऐन, २०५८ को दफा ७ बमोजिम व्यवसाय संचालन गर्न प्राप्त गरेको आय/सेवा शुल्क मुनाफा र लाभ गणना गर्दा समावेश गर्नुपर्ने व्यवस्था छ। करदाताले पेश गरेको वित्तिय विवरणमा ब्याजबाट प्राप्त आय रु.५,१५,६२१। कार्यालयबाट कर परीक्षण तथा निर्धारण गर्दा समावेश गर्न छुटेको देखिँदा सो बराबर कर दायित्व घटी भएको देखिन्छ। तसर्थ उक्त रकम करदाताको आयमा समावेश गरी लाग्ने कर ३५ प्रतिशतले हुने रु.१,८०,४६७ र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ।

१९. **एक दाल मिल २०७१।०७२ :** करदाताको उत्पादन बिक्रि निर्यात एवं कच्चा पदार्थ बिक्रिको देहाय बमोजिम कर दायित्व निर्धारण हुनुपर्नेमा रु.१,४१,६१५/- घटी दायित्व निर्धारण भएको रकममा शुल्क तथा ब्याज निर्धारण गरी असुल गर्नुपर्दछ।

२०. **एक जनरल फुड इण्डष्ट्रिज २०७१।०७२ :** आयकर ऐन, २०५८ को दफा १३ बमोजिम जुन व्यवसाय हो सो व्यवसायसँग सम्बन्धित खर्च मात्र कट्टी गर्न पाउने व्यवस्था छ। करदाताले एक दाल मिल तर्फ रु.२६३६४२६६। को कच्चा पदार्थ बिक्रि गरेकोमा उक्त बिक्रि रकममा स्थिर प्रकृतिको रु.८,८०,२१३। खर्च र कच्चा पदार्थको लागत खर्च रु.२,५४,५९,७९७ समेत रु.२,६३,४०,०१०। र गत बर्षको नोक्सान रु.२४,२५५। समायोजन गरी व्यापारमा बिक्रि तथा लागत बराबर देखाएको छ। उद्योगको उद्देश्य व्यापार गर्ने नभएको र उद्योगको स्थिर खर्च व्यापारमा समायोजन गर्न नमिल्ने हुँदा रु.८,८०,२१५। को फरक दर ५ प्रतिशतले हुने रु ४४,०१०। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ।

२१. **एक फरवार्डिङ सर्भिस २०७१।०७२ :** आयकर ऐन २०५८ को दफा २१(२) ले कुनै आय वर्षमा बीस लाख रूपैया भन्दा बढीको वार्षिक कारोबार गर्ने व्यक्तिले तोकिएको अवस्थामा बाहेक सो आय वर्षमा एक पटकमा ५० हजार रूपैया भन्दा बढीको नगद भुक्तानी गरेमा सो खर्च कट्टी गर्न नपाउने व्यवस्था गरेकोछ। करदाताले एक इन्टरप्राइजेज पर्सालाई निमार्ण सामाग्री खरिद बापत २०७२।३।३० मा रु.९,१५,५४०। नगद भुक्तानी गरेको गरेको देखिएबाट उक्त रकम खर्च कट्टी नपाउने हुँदा सो रकम आयमा जोडी लाग्ने कर ३५ प्रतिशतले हुने रु.३,२०,४३९। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ।

२१.१. करदाताको मुल्य अभिबृद्धि कर रिटर्न डिटेल्समा आय बर्ष ०७१।०७२ मा रु.५२६१५८। क्रेडिट हिसाब खुलासा भएको छ। सो रकममा बिक्रिको गुणांक ०.१३ ले गुणन गर्दा न्युनतम स्टक रु.४०,४७,३६९। हुन जान्छ। करदाताले अन्तिम स्टकमा गत बर्ष रु.५,२९,६०,२८०। र यो बर्ष रु.५,५२,४४,६५२। वित्तिय विवरणमा खुलासा गरेकोमा सोलाई लेखापरीक्षणबाट मान्य गरी बिक्रिको लागत गणना भएको देखिन्छ। करदाताले देखाएको मौज्दाता न्यूनतमरुपले रहने मौज्दात भन्दा १३.६४ गुणाले बढि छ। खरिद र बिक्रि बिचको नाफा अनुपात न्यून रहेको तथा रिटर्न डिटेल्सको क्रेडिटको आधारमा मौज्दात अधिक देखिएबाट सोको थप छानवीन हुनुपर्दछ। करदाताले पेश गरेको मौज्दात विवरणमा रड, नेल, वाइण्डिङ वायर, आइरन एङ्गल, एमएस पाइप, जिआई वायर ५७३६९६। के.जीको मुल्य रु.३,८९,४७,०४५। मौज्दात देखाएको छ। अतः मौज्दातको थप छानवीन गरिनुपर्ने अन्यथा मूल्य अभिबृद्धि कर क्रेडिट रु.५,२६,१५८/-मान्य गर्न मिल्दैन।

२२. **एक गल्ला भण्डार २०७१।०७२ :** आयकर ऐन, २०५८ को दफा १५ बमोजिम लागत मुल्यमा आधारित रहेर मौज्दातको गणना गर्नुपर्ने व्यवस्था रहेको छ। करदाताले गत बर्षको शुरु मौज्दात विभिन्न दरमा जिम्मेवारी सारी यो बर्ष कुनै परिमाण खरिद नभई सोही परिमाण बिक्रि गरी बाँकी परिमाणको दर शुरु मौज्दातकै लागतमा गर्नुपर्नेमा बढि दर कायम गरी बिना कारण मौज्दातको

अधि मुल्यांकन गरेको देखिन्छ। अत: अधि मुल्यांकन गरेको रकम आयकर ऐन, २०५८ को दफा ४० बमोजिम निसर्ग आय कायम गरी लाग्ने कर २५ प्रतिशतले हुने रु.१,४७,७५७ र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ।

२३. **एक एग्रो इण्ड्रष्टिज प्रा.लि. २०७१।०७२ :** करदाताको स्टक विवरणमा तयारी वस्तुको मौज्दात अन्तरर्गत चिनी २०१५ क्विन्टलको १,१५,८९,६९२।४६ र मोलासिस(११४६२ क्विन्टल) को रु.७४,२०,५२३।२५ गरी जम्मा रु.१,९०,१०,२१५।७१ को तयारी वस्तुको शुरु मौज्दात देखिन्छ तर उत्पादन लागत गणना गर्दा वित्तिय विवरणको अनुसुची १२ मा अन्तिम मौज्दातमा रु.१,८१,६४,७८२।९९ को मौज्दात मात्र अल्या गरेको देखिन्छ । यसरी वास्तविक भन्दा रु.८,४५,४३२।७२ कम मौज्दात सारेको देखिएकोले उक्त मौज्दातलाई बजार मूल्यमा विक्री कायम गरी आयकर ऐन २०५८ को दफा ७ वमोजिम करयोग्य आयमा समावेश गरी करदाताले दावी गरेको नोक्सानी रु.८,४५,४३२/७२ समायोजन गर्नुपर्दछ।

२३.१. आयकर ऐन, २०५८ बमोजिम पूँजीमा बृद्धिको श्रोत तथा सोको कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ। करदाताले यस बर्ष पूँजी बृद्धि गरी ६ करोड थप गरेकोमा उक्त रकमको श्रोत खुलेको देखिएन। साथै शेयर अभिलेख प्रमाण समेत पेश भएको पाइएन। श्रोत खुलाई पूँजीको बृद्धिको स्वीकृति प्रमाण पेश गर्नुपर्दछ।

२४. **एक प्रा.लि. २०७१।०७२ :** करदाताको रिर्पोटेड मिसम्याच अनुसार एक टेड्रिङले यस करदातालाई २८,५८,०००। डेब्टर देखाएकोमा करदाताको अनुसूची १३ मा नदेखाएकोले मिसम्याच देखिएकोमा करपरीक्षणको क्रममा उक्त दिन वाँकी कारोवारलाई यकिन गरिएको छ । तर करदाताको वासलातमा तिनुपर्ने दायित्वमा विभिन्न फर्मलाई जम्मा रु.१,३७,४९,३५८ तिर्न वाँकी रहेको उल्लेख गरिएकोमा उक्त रकम संलग्न गरिएको छैन। यसरी वासलातमा घटी देखिएको दायित्व बराबरले हुने सम्पत्ति रु.२८,५८,०००।०० लाई आयकर ऐन २०५८ को दफा ४० वमोजिम निसर्ग मानी आयमा समावेश गर्ने साथै सोही ऐनको अनुसूची १ बमोजिम लाग्ने कर रु.७१,४५,००।०० रदफा १२०(क) अनुसारको शुल्क तथा दफा ११९ वमोजिम को व्याज समेत गणनागरी असुल गर्नुपर्दछ।

२५. **एक मेटल उद्योग प्रा.लि २०७१।०७२ :** करदाताको वित्तिय विवरणमा तिर्न वाँकी दायित्व अनुसूची २ अन्तरगत एक फुडस् प्रा.लि.(५०००५२०५१) लाई रु.१,३४,४४,४००। तिर्ने वाँकी देखाएको छ। तर करपरीक्षण फाइलमा संलग्न उक्त फर्मको २०७२।०४।०४ को पत्र र ऋण सम्झौता अनुसार यस उधोगलाई रु.१ करोड मात्र ऋण दिएको पुष्टी हुन्छ। यसरी वास्तविक ऋण दायित्व भन्दा वढी देखाएको रु.३४,४४,४००। आयकर ऐन २०५८ को दफा ४० वमोजिम निसर्ग आयमा समावेश गर्ने साथै सोही ऐनको अनुसूची १ वमोजिम लाग्ने कर रु.८,६१,१००।०० र शूल्क व्याज जरिवाना समेत असूल गर्नुपर्दछ।

२५.१. आयकर ऐन, २०५८ को दफा १४ मा व्यवसायको आय आर्जनको लागि सिर्जना भएको ऋणको व्याज खर्च कट्टी गर्न पाउने व्यवस्था छ । यस प्रावधान वमोजिम करदाताले यस आ.व.मा रु.८४,६९,७३७ व्याज खर्च कट्टी लिएको देखिन्छ। साथै सोही ऐनको अनुसूची १३ वमोजिम दावि गरेको प्रशासकीय खर्च रु.२९,७६,९०४।०० अन्तरर्गत समेत व्याज खर्च भनी रु.१४,६४,०००। दावि गरेको देखिन्छ। यसरी विना प्रमाण दफा १३ बाट दावि व्याज खर्च अमान्य गरी आयमा समावेश गरी आयकर ऐन २०५८ को अनुसूची १ वमोजिम लाग्ने कर रु.३,६६,०००।०० र शूल्क व्याज समेत असूल गर्नुपर्दछ।

२६. **एक डिष्टिलरी प्रा.लि. २०७१।०७२ :** आयकर ऐन २०५८ को दफा १३ अनुसार आय आर्जनसंग सम्बन्धित र सोही वर्षको खर्चहरु कट्टी पाइने व्यवस्था छ। करदाताले लोड अनलोड तथा ढुवानी वापत रु.२५,४९,५३५१।०० खर्च लेखेको छ । यस्तो खर्च कूल बिक्री कारोवार रु

१७,०१,०५,०००।०० को १४.९९ प्रतिशत हुन आउंछ । फाइल साथ संलग्न खर्च सम्बन्धि वील भरपाई अध्ययन गदा) एक ढुवानी सेवा र अर्को एक ढुवानीकर्ताको नामका प्यान वीलहरु संलग्न भएको र उक्त वीलहरु वर्षभरी निरन्तर यसै प्रा.लि.को नाममा जारी भएको देखिन्छ । यसरी वर्षभरी निरन्तर ढुवानी भएको यस किसिमको कारोवारलाई करार ऐन, २०५६ वमोजिम सम्झौताको रुपमा लिनु पर्ने हुन्छ । यस्तो खर्चलाई ठेक्का वा करारको दायरामा ल्याई श्रोतमा अग्रिम कर तथा मूल्य अभिबृद्धि कर असूल नगर्दा राजस्व गुम्नसक्ने देखिन्छ । तसर्थ उक्त ढुवानी भाडामा आयकर ऐन, २०५८ को दफा ८८(१)५ वमोजिम १० प्रतिशतले हुने रु.२४,४९,५३५। अग्रिम कर कट्टा गरी सोमा शूल्क व्याज समेत असूल गर्नुपर्दछ ।

२७. **एक एक्जिम २०७१।०७२ :** मुल्य अभिवृद्धि कर विवरण अनुसार करदाताले २०७१।०७२ मा कर योग्य बिक्रि रु ४,८४,९१,६१५।०० र कर छुट विक्रि रु.२१,६२,९२,६३५।०० देखाएकोमा कुल बिक्रिमा करयोग्य बिक्रि १८.३१ प्रतिशत र कर छुटको बिक्रि ८१.६९ प्रतिशत देखिन्छ । करदाताले सबै करयोग्य खरिदको मूल्य अभिबृद्धि कर रु १,०९,४२,९०१।०० दावी गरेको हुँदा यो आय बर्षको समानूपातिकले रु.८९,३९,२५६।६४ दावी गर्न नमिल्ने हुँदा छानवीन गरी डेबिट समायोजन गर्नुपर्दछ । मुल्य अभिबृद्धि कर नियमावली २०५३ को नियम ४० को ३ बमोजिम कर लाग्ने वस्तु सेवा तथा कर छुट भएका वस्तु दुवैको कारोबार गरेको रहेछ भने त्यस्तो करदाताले कर लाग्ने वस्तु वा सेवासँग प्रत्यक्ष रुपमा सम्बन्धित खरिद वा आयातमा तिरेको कर मात्र कट्टी गर्न पाउने व्यवस्था छ ।

२८. **एक कन्स्ट्रक्सन २०७२।०७३ :** मुल्य अभिबृद्धि कर ऐन, २०५२ बमोजिम मुल्य अभिबृद्धि करमा दर्ता भएको निकायले मुल्य अभिबृद्धि कर बिक्रिमा संकलन गरेको करबाट समायोजन गर्न पाउने कानूनी व्यवस्था छ । करदाताले आय बर्ष २०७२।०७३ मा तिनाउ नदीको जितपुर नाकामा नदीजन्य पदार्थ उत्खनन् आय ठेक्कामा ३८१०२४ क्यु.फि. मेटेरियल बापत रु.३८११०००। इन्पुट खरिद गरी सम्झौताको शर्त बमोजिम अग्रिम आयकर रु.५७१६५। र मुल्य अभिबृद्धि कर रु.४९५४३०। दाखिला गरेको देखिएकोमा करदाताको आय बर्ष २०७२।०७३ मा उल्लिखित कारोबार रिटर्न डिटेल्समा देखिएन । करदाताले रु.३२६५१६। मात्र आयको विवरणमा पेश गरेको छ । इन्पुट खरिद नै नदेखिएको अवस्थामा बिक्रि देखिने अवस्था नै रहेन । तसर्थ करदाताको कारोबार छानवीन गरी कारोबार खुलासा नगरेको अवस्थामा आयकर तथा मुल्य अभिबृद्धि करमा पर्ने असर यकिन गर्नुपर्दछ ।

२९. **एक कन्स्ट्रक्सन २०७२।०७३ :** मुल्य अभिबृद्धि कर ऐन, २०५२ दफा २३ ग बमोजिम खरिदको बजारमुल्य भन्दा घटीमा बिक्रि गर्न नमिल्ने व्यवस्था छ । न्यून बिजकीकरण गरी बिक्रि भएको अवस्थामा खरिद मौज्दात बिक्रि हुने वस्तुमा गणना गरी बिक्रि मुल्यको आधारमा खरिद गर्न गराउन सक्ने व्यवस्था समेत छ । करदाताको रिटर्न डिटेल्स मुल्य अभिबृद्धि कर विवरणमा २०७२ चैत्र र २०७३ जेष्ठमा क्रमशः रु.३३१००००। तथा रु.१,४०,९३,३०६। को खरिदमा रु.४,३०,३००। र रु.१८,३२,०९१। इन्पुट भ्याट खुलासा गरेकोमा सोको बिक्रि क्रमशः रु.२० लाख र रु.९,२१,६५,००।०० मा बिक्रि गरी रु.२,६०,०००। तथा रु.११,९८,१४५। बिक्रि मुल्य अभिबृद्धि कर संकलन देखाएको छ । खरिदमा तिरेको भ्याट भन्दा बिक्रिमा संकलन गरेको भ्याट रु.८,०४,२४६। न्यून बिक्रिको मुल्य अभिबृद्धि कर क्रेडिट दावी गरेको देखिन्छ । वित्तिय विवरणमा मौज्दात शुन्य भएको समेत देखिँदा रिटर्न डिटेल्समा २०७३ जेष्ठमा खुलासा गरेको रु.८,०४,२४६। मुल्य अभिबृद्धि कर अमान्य गर्नुपर्दछ ।

३०. **एक हार्डवेयर २०७२।०७३ :** मुल्य अभिबृद्धि कर ऐन, २०५२ बमोजिम मुल्य अभिबृद्धि करमा दर्ता भई कारोबार गर्ने करदाताले मासिक रुपमा सम्पादन गरेको खरिद तथा बिक्रिको कारोबार मुल्य अभिबृद्धि कर रिटर्न डिटेल्समा खुलाउनुपर्ने व्यवस्था छ । करदाताले आय बर्ष २०७२।०७३ मा

रु.१५,२१,११७। करयोग्य खरिद र रु.१८,८८,५७९। करयोग्य बिक्रि देखाएकोमा पटके सवारी सम्झौता बमोजिमको रु.१०,०५,०००। को जिविसमा खरिद गरेको आय ठेक्का रकमलाई मुल्य अभिबृद्धि कर विवरणमा खुलासा गरेको देखिएन । सम्झौता बमोजिम १३ प्रतिशतले हुने मुल्य अभिबृद्धि कर रु.१,३०,६५०। तिर्ने कबुल मध्ये रुं ७८३९०। ०७२।०७३ को आय बर्षमा दाखिला नगरेको र बाँकी मुल्य अभिबृद्धिकरको रकम रु.५२,२६०। राजश्व शिर्षक ११११९ मा दाखिला गरेकोले मु.अ.करको रकम आयकरमा क्रेडिट लिने अवस्था रहेको छ । तसर्थ कारोबार नदर्शाउने, फरक शिर्षकमा रकम दाखिला गर्ने स्थिति देखिएबाट करदाताको कारोबार छानवीन गरी सोको आयकर, मुल्य अभिबृद्धि कर तथा सोको शुल्क, ब्याज एवं जरिवाना समेत गणना गरी कर निर्धारण गर्नुपर्दछ ।

३१. **एक ट्रेडिङ २०७२।०७३** : मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २३ ग बमोजिम खरिदको बजारमुल्य भन्दा घटीमा बिक्रि गर्न नमिल्ने व्यवस्था छ । करदाताले २०७२ माघमा इन्पुट भ्याट रु.१३,७३,६१६। र अन्य ११ महिनामा खरिदमा तिरेको इन्पुट भ्याट रु.८९८२७२। समेत रु.२२,७१,८८८। देखाएको छ । माघ महिनामा तिरेको खरिद रु.१०५६६२७८। को बिक्रि न्यून विजकीकरण गरी खरिद भन्दा कममा डिस्पोज गर्दा बिक्रिमा संकलन गरेको मुल्य अभिबृद्धि कर घटी देखिन गएको छ । खरिदमा तिरेको मुल्य अभिबृद्धि कर भन्दा बिक्रिमा संकलन गरेको मुल्य अभिबृद्धि कर रु.४८८७३५। ले न्यूनतम पनि ऋणात्मक स्वरुपमा रिटर्न डिटेल्सले खुलासा गर्दछ । अत: खरिद भन्दा बिक्रिको न्यून विजकीकरण देखिएकोले उल्लिखित प्रावधान बमोजिम करदाताको कारोबार छानवीन गरी सोको आयकर तथा मुल्य अभिबृद्धि करमा परेको असर समेत यकिन गर्नुपर्ने साथै करदाताले देखाएको मुल्य अभिबृद्धि कर क्रेडिट रु.५,५६,३३९। अमान्य गर्नुपर्दछ ।

३२. **एक इन्फ्राष्ट्रक्चर प्रा.लि. २०७२।०७३** :मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ८ बमोजिम दर्ता भएको व्यक्तिले करलाग्ने मुल्यमा कर निर्धारण र असुल गर्नुपर्ने साथै नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्ने दर्ता भएको वा नभएको व्यक्तिले कर लाग्ने भुक्तानीका बखत कर निर्धारण र असुल उपर गर्नुपर्ने व्यवस्था छ । करदाताले आय बर्ष २०७२।०७३ मा करयोग्य खरिद रु.२०,३२,०२,४१८। र करयोग्य बिक्रि रु.२० करोड गरी बर्षान्तमा रु.४,१६,३०९। मुल्य अभिबृद्धि कर क्रेडिट दावी गरेको छ । एक कन्सट्रक्सन ग्रुपलाई नदीजन्य पदार्थ उत्खनन्को जिविसबाट अनुमति प्राप्त भएकोमा ११४१४ मा विभिन्न मितिमा रु.१६,६६,२००। दाखिला भएको देखिँदा सब कन्ट्रयाक्टरबाट खरिद भुक्तानीमा उक्त रकम राजश्व शिर्षक ११४१७ रिभर्स भ्याट डेबिट मिलान गर्नुपर्नेमा करदाताको मुल्य अभिबृद्धि कर विवरणमा समायोजन गरेको नदेखिँदा उक्त रकम असुल/समायोजन गर्नुपर्दछ ।

३३. **एक यातायात व्यवसायी संघ २०७२।०७३** : आयकर ऐन, २०५८ को दफा २ मा नाफा नकमाउने उद्देश्यले स्थापना भएका सार्वजनिक प्रकृतिका संस्था र संस्थाका सदस्यले लाभ नलिने गरी गठन भएको अव्यवसायी संस्थाले मात्र कर छुट पाउने व्यवस्था छ । त्यस्तै संस्थाको उद्देश्य अनुसार कार्य सम्पन्न हुँदा कुनै व्यक्तिलाई फाइदा समेत पुर्याउन नहुने उल्लेख छ । विभिन्न व्यवसायीहरुको छाता संगठन व्यवसायी संघले धर्मकाँटा शुल्क, तेश्रो पक्ष बिमा, ट्रिप व्यवस्थापन शुल्क लगायत यो बर्ष रु.१,७२,२४,६०७। आम्दानी गरेको देखिन्छ । विभिन्न शिर्षकमा भएको खर्च जनाई २०७३।०७४ को लागि रु.८३,४०,१५८। बचत तथा जिम्मेवारी सारेको छ । करयोग्य आयमा १०० प्रतिशत कर छुट संस्थाको रुपमा आय विवरण पेश गरेको देखिन्छ । संघ विभिन्न व्यवसायीको समुह रहेको नाफा कमाउने उद्देश्यले धर्मकाँटा जस्ता व्यवसायिक क्रियाकलाप संचालन गरेको यस्तै उद्देश्यमा गठित अन्य क्षेत्रको एक यातायात व्यवसायी संघले करयोग्य आयमा आयकर तिरेको एवं उद्देश्य अनुरुप आय विवरण बमोजिम कृषिमा आधारित संघ नभएको, विघटन हुँदाको सम्पत्ति नेपाल सरकारमा सर्ने व्यवस्था नरहेको, दुर्घटना क्षतिपूर्ति बापत रु.३३,०७,०३२। खर्च

लेखेको, २०७३ आषाढ मसान्तको वासलातमा दुर्घटना पेश्की बापत रु.१,०५,४९,०५२। लेखांकन गरेको आदि देखिँदा संघ कर छुटको संस्थामा दर्ता भएतापनि उद्देश्य अनुरुप तादाम्यता नदेखिँदा २०७२।०७३ मा देखाएको खुद बचत रु.८३,४०,१५९। को २० प्रतिशतले लाग्ने कर रु.१६,६८,०३२। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

३४. **एक यातायात व्यवसायी समिति २०७२।०७३** : आयकर ऐन, २०५८ को दफा २ मा नाफा नकमाउने उद्देश्यले स्थापना भएका सार्वजनिक प्रकृतिका संस्था र संस्थाका सदस्यले लाभ नलिने गरी गठन भएको अव्यवसायी संस्थाले मात्र कर छुट पाउने व्यवस्था छ । त्यस्तै संस्थाको उद्देश्य अनुसार कार्य सम्पन्न हुँदा कुनै व्यक्तिलाई फाइदा समेत पुर्याउन नहुने उल्लेख छ ।करदाताले पेश गरेको वित्तिय विवरणमा रु.६६ लाख ५० हजार पेश्की तथा सापटी उपलब्ध गराएको र रु.७ लाख ७४ हजार कर्जा लिएको जस्ता वित्तिय कारोबार समेत गरेको, प्रशासनिक खर्च अन्तगर्त पदाधिकारीलाई रु.१,६०४,५००। पारिश्रमिक खर्च लेखेको, रु.१ लाख सहकारीमा शेयर लगानी गरेको, नयाँ गाडी दर्ता इन्ट्री जस्तो व्यवसायिक हिसाबले रु.९७,९४,००४। शुल्क असुल गरेको, नामसारी शुल्क बापत रु.३६००००। असुल गरेको आदि देखिन्छ । कारोबार व्यवसायिक हिसाबमा सम्पादन गर्ने, उद्देश्यसँग तादातम्यता नहुने अवस्थाले कर छुट संस्थको प्रमाण प्राप्त हुँदैमा आयकर दायित्वबाट उन्मुक्ति दिन मिल्ने अवस्था देखिएन । तसर्थ संस्थाले यो बर्ष देखाएको कुल आय रु.३,३४,०५,५९८। मा खर्च समायोजन पश्चात् देखिन आएको बचत रु.४४,९२,३११। को २५ प्रतिशतले हुने कर रु.११,२३,०७७। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

३५. **एक प्रा.लि.२०७१।०७२** : नेपाल लेखामान तथा लेखाको सामान्य सिद्धान्त बमोजिम एक जैविक सम्पत्तिको गणना गर्ने साथै १ बर्ष पछि जति बिक्रि हुन्छ सोको वर्तमान मुल्य र लागतको पनि वर्तमान मुल्यमा मापन गरी समयको आधारमा जैविक सम्पत्तिको मुल्यांकन गर्ने व्यवस्था छ । करदाताको लेखानीतिमा मौज्दातको मुल्यांकन न्यूनतम लागतमा हुने उल्लेख छ । व्यवस्थापनले प्रमाणित गरे बमोजिम पेशागत लेखापरीक्षकले मौज्दात वा पशुपंक्षी रु.२९,५९,३०,०१८। खुलासा गरेको छ । मुल्यांकनको गणना पद्धतिमा लेखापरीक्षकबाट मन्तव्य नदर्शाएको स्थिति छ । Female parents गत बर्ष ३२० संख्या रहेकोमा यस बर्ष ६२१ देखाएको छ । तर मुल्यांकन तर्फ गत बर्ष प्रति संख्या रु.३,००,०००। रहेकोमा यस बर्ष प्रति संख्या रु १,०२,२४८। ले घटाई रु.१,९७,७५२। ले गणना गरेको देखिन्छ । यसरी पुरानो मौज्दातमा नयाँ चरा थप हुँदा मुल्यांकन दर फरक परेतापनि पुरानो संख्याको लागत सोही अनुरुप हुनुपर्नेमा गरेको देखिएन । अतः पुरानो मौज्दात ३२० को प्रति संख्या १०२२४८। ले न्युन मुल्यांकन हुँदा लागत बढन गएको अवस्था सिर्जना भएको छ । तसर्थजैविक सम्पत्तिको मुल्यांकन समयको आधारमा fair value अन्तगर्त प्रस्तुत नगरेको तथा लामो आयु भएको चराको गत बर्षको मुल्यांकन दरभन्दा यो बर्ष मुल्यांकन दर घटाई बिक्रिको लागतमा बृद्धि गरेको स्थितिबाट मुल्यांकनमा फरक परेको रु.३,२७,१९,३६०। करदाताको आयमा समावेश गरी आयकर ऐन, २०५८ को अनुसुची १ बमोजिम लाग्ने कर रु.८१,७९,८४०।०० र सोको शुल्क तथा ब्याज गणना तथा छानवीन गरी कर निर्धारण गर्नुपर्दछ ।

३५.१. आयकर ऐन, २०५८ को दफा १४ बमोजिम कुनै आय बर्षमा व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्ने प्रयोजनका लागि सिर्जना भएको ऋण दायित्व अन्तगर्त सो बर्षमा लागेका सबै ब्याज कट्टी गर्न पाउने व्यवस्था छ । करदाताले विभिन्न बैंकबाट लिएको ऋण गत बर्ष रु.२५,२२,७६,७१६। देखिएकोमा यो बर्ष रु.३४,०९,१८,६५३। बाँकी देखिन्छ । उक्त कर्जाको ब्याज गत बर्ष रुं २,५१,०७,०९३। दावी गरेकोमा यो बर्ष रु.४,२०,११,१५८। आय विवरणमा दावी गरेको छ । करदाताको औषत कर्जा रु.२९,६५,९७,६८५। मा दावी भएको औषत ब्याज रु.३,३५,५९,१२५। ले ११.३१ प्रतिशत ब्याजदर हुन आउँछ । यो बर्ष रु.७,४६,२४,६२६। चिक्स खरिद बापत लागतमा दावी गरेको छ । खरिद परिमाणबाट प्यारेन्टस बन्ने र सोको समय अधिक लाग्ने देखिँदा उक्त खर्च

ऋणको अनुपातिक हिसाबमा रु.८४,४३,५४९। लेखामान बमोजिम वस्तुमा लागेको खर्च तत्काल बिक्रि आय नहुने अवस्थामा पूँजीकरण गर्नुपर्नेमा नगरी आय विवरणमा रु.४,२०,११,१५८। दावी गरेको देखिन्छ । अतः अनुपातिक हिसाबमा उक्त खर्च अमान्य गर्दा सो रकम करदाताको आयमा समावेश गरी करदाताले देखाएको नोक्सानी रु.८४,४३,५४९/-घटाउनुपर्ने देखिन्छ ।

३५.२. सामान्य लेखा सिद्धान्त बमोजिम चालु सम्पत्तिमा खुलासा गरेको कारोबारको रकम १ बर्ष भित्र नगद वा सो सरहमा परिणत हुनुपर्ने हुन्छ । करदाताले आसामी, पेश्की तथा सापटी अन्तगर्त रु.१७९३०९०३। लिनुपर्ने हिसाबमा उल्लेख गरेको छ । बैंकबाट कर्जा लिई ब्याज दावी गर्ने तर गत बर्षमा मौज्दात रहेका आसामी हिसाबहरु यो बर्ष पनि सोही रकम जिम्मेवारी सार्ने स्थितिले १ बर्षभित्र नगदमा परिवर्तन भएको देखिएन । कर्जाको ब्याज दावी गर्ने तर आसामी रकम असुल नगरेको स्थितिमा २८ ब्यक्ति तथा संस्थाबााट लिनुपर्ने रु.८७,४५,८५५। र यो बर्ष लगानी गरेको रु.१० लाख समेत रु.९७,४५,८५५। को ११.३१ ले रु.११,०२,२५६। ब्याज खर्च अमान्य गरी करदाताको नोक्सानी घटाउनुपर्ने देखिन्छ ।

३५.३. असुरक्षित कर्जाको ब्याज खर्च लेख्न मिल्दैन । करदाताले प्रेषण गरेको विवरणमा तिर्नुपर्ने दायित्व अन्तगर्त प्रर्बद्धकलाई रु.४,७१,५१,३२९। तिर्नुपर्ने हिसाबमा देखाएको छ । गत बर्ष यस्तो हिसाबमा रु.२,९४,२६,८६२। रहेकोमा यो बर्ष रु.१,७७,२४,४६७। बृद्धि भएको देखिन्छ । उक्त रकम प्रमोटर्सको unsecured कर्जाको ब्याज खर्च दावी भएको देखिँदा सो रकम करदाताको आयमा समावेश गरी नोक्सानी घटाउनुपर्दछ ।

३६. **संरचना निर्माणको मूल्य अभिबृद्धि कर** : मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने रु ५० लाख भन्दा बढिको भवन, अर्पाटमेन्ट वा सपिङ कम्प्लेक्स तोकेको यस्तै प्रकारका अन्य संरचना दर्ता नभएको व्यक्तिबाट गराएको छ भने पनि दर्ता भएको व्यक्तिबाट गराए सरह कर निर्धारण गरी असूली गरिने कानूनी व्यवस्था छ । संरचना निर्माण गर्ने ४ करदाताले मूल्य अभिवृद्धि करमा दर्ता नभएका सँग कार्य गराई संरचना पूँजीकरण समेत गरेको देखिन्छ । संरचना थप गरी पूँजीकरण गरेको स्थितिमा उल्लिखित ऐनको दफा बमोजिम छानबीन गरी १३ प्रतिशतले हुने मूल्य अभिबृद्धि कर रु.७२,२०,८०८/- छानवीन गरी असूल गर्नुपर्दछ ।

३७. **भन्सार तथ्यांक** : आयकर ऐन, २०५८ को दफा ९६ अनुसार आय वर्ष समाप्त भएको ३ महिनाभित्र स्वयमकर निर्धारण गरी आय विवरण पेश गर्नुपर्दछ । यस कार्यालयको क्षेत्रभित्र दर्ता भई स्थायी लेखा नम्बर लिएर तरकारी, फलफूल लगायत अन्य खाद्यान्न आयात गर्ने करदाताले आय वर्ष २०६९।७०, २०७०।७१,२०७१।७२ र २०७२।०७३ मा रु ९७ करोड ८ लाख ३६ हजार मुल्य वरावरको तरकारी, फलफुल तथा खसी आयात गरेको भन्सार तथ्यांकबाट देखिन्छ । उक्त करदाताहरुले दर्ता मिति देखि नै कानुनले तोकेको म्यादभित्र आय विवरण र लाग्ने कर समेत दाखिला गरेको आन्तरिक राजस्व प्रशासनले अवलम्बन गरेको सपटवयरबाट देखिंदैन । करोडौंको कारोबार गर्ने करदाताले आय विवरण र लाग्ने कर दाखिला नगरी आयात कारोवार नै छाडेर अदृश्य भएको पाइयो । यस सम्वन्धमा कार्यालयवाट अनुगमन गरेको समेत देखिएन । यस प्रकार करादातालाई आयकर ऐन, २०५८ वमोजिम आवश्यक कारवाही गर्ने वा आर्थिक ऐन, २०७२ अनुसार घोषित विशेष व्यवस्थालाई मध्यनजर राख्दा समेत निजले तरकारी फलफूल लगायत अन्य खाधान्न आयात गरी विक्रि गर्ने भएकोले आयकर तर्फ मात्र दर्ता भएको मानी सो कारोवार

रकमको २ प्रतिशतले हुने विभिन्न ३ सप्लायर्सको १,९४,१६,७३९/- रकम कर निर्धारण गरी असुल गर्नुपर्दछ ।

३८. **एक गल्ला भण्डार २०७२।०७३ :** आशिकुडा अनुसार यस आ.व.मा करदाताको सब्जी आयात रु.५७,७४,०८,०७६। देखिन्छ तर करदाताले पेश गरेको वित्तिय विवरण अनुसार खरिद रु.५६,२५,६९,१६५। मात्र देखाएको छ । करदाताले कम देखाएको खरिद रु.१,४८,३८,९११।०० को नए १.२२५% ले हुन आउने रु.१,८१,७७६। मा आयकर ऐन, २०५८ को अनुसुची १ बमोजिम ३५ प्रतिशतले लाग्ने कर रु.६३,६२१। र सोको शुल्क तथा ब्याज समेत गणना गरी असुल गर्नुपर्दछ ।

३९. **एक रियल स्टेट प्रा.लि. २०७१।०७२ :** आयकर ऐन, २०५८ को दफा ७ मा सम्पत्ति निसर्ग गर्दा हुने लाभको गणनामा घर जग्गाको कारोबार गर्ने संस्थाले जग्गा तथा भवन बिक्रिको रकम आय विवरणमा समावेश गरी खरिदको लागत दावी गरी खुद आयमा पूँजीगत लाभकर नतिरी संस्थागत आयकर तिर्नुपर्ने व्यवस्था छ । करदाताले २०७१।०७२ मा मालपोत भैरहवाको ३८१ घ २० को रजिष्ट्रेशन नं. बाट स्वामित्वमा रहेको रु.४२,३४,५००। मा बिक्रि गरेकोमा करदाताले आय विवरणमा रु.४०,४९,०००। बिक्रि आय लेखांकन गरेबाट फरक आय देखाएको रु.१,८५,५००। करदाताको आयमा समावेश गरी २५ प्रतिशतले लाग्ने कर रु.४६,३७५। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

४०. **एक होटेल प्रा.लि.२०७१।०७२ :** आयकर ऐन, २०५८ को दफा ७ को सम्पत्ति निसर्ग गर्दा हुने लाभको गणना गर्दा स्थायी लेखा नम्बर लिएका व्यवसायीले फर्मको नाममा रहेको जग्गा तथा सम्पत्ति बिक्रि गर्दा छुट्टै रुपले सम्पत्ति बिक्रिको नाफामा पूँजीगत लाभकर नतिरी संस्थागत आयकर तिर्नुपर्ने उल्लेख छ । करदाताले आय बर्ष २०७१।०७२ मा मालपोत कार्यालय, भैरहवामा रजिष्ट्रेशन नम्बर ९४९।०७०।६।१२ मा करदाताको स्वामित्वमा रहेको जग्गा तथा भवन रु.९७३५०००। मा बिक्रि गरेको देखिन्छ । करदाताले पेश गरेको सो बर्षको सम्पत्ति हिसाब विवरणमा जग्गाको लागत मुल्य रु.९,६०,०००। मा यो बर्ष लागत भन्दा १६९ प्रतिशतले जग्गामा रु.१६२६९८०। थप खर्च लेखी रुं २५८६९८०। पुर्याएको एवं जग्गामा रहेको भवनको शुरु मुल्य रु.६९,७६,५५०। पुर्याई कुल रु.९५,६३,५३०। मा बिक्रि रकम समायोजन गरी रु.१,७१,४६९। बिक्रिको खुद आय खुलासा गरेको छ । करदाताले पुँजीकरण गरेको खर्च निमार्ण सामाग्री तथा ज्यालासँग सम्बन्धित भएकोले मुल्य अभिबृद्धि कर विवरण रिटर्न डिटेल्समा करयोग्य खरिद नदेखाई शुन्य विवरण बर्ष भरि नै देखाएकोले दावी नलिएको खर्च मान्य दिन मिल्दैन । तसर्थ बिक्रिको नाफा वा सम्पत्ति रु.१,७१,४६९। समेत आयमा समावेश नगरेको र उल्लिखित खर्च अमान्य समेत देखिएबाट रु.२५,८५,२९९। आयमा पुर्नलेखन गर्दा लाग्ने कर २५ प्रतिशतले रु.६,४६,३२५। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

४१. **एक केमिकल्स प्रा.लि. २०७२।०७३ :** नेपाल लेखामान ७ बमोजिम बैंकबाट कर्जा लिई पूँजीगत सम्पत्तिमा खर्च गर्दा कर्जामा तिरेको ब्याज कार्य प्रगतिमा रहेको सम्पत्तिमा पुँजीकरण गर्नुपर्ने व्यवस्था छ । करदाताले सम्पत्तिको समुह अन्तगर्त भवनको कार्य प्रगतिमा रहेको पूँजीगत सम्पत्तिमा रु.२,३३,८३,४७६। देखाएको छ । करदाताले व्यवसायको लागि लिएको औषत कर्जा रु.१९५११७३४०। को औषत ब्याज खर्च रु.१,९५,९९,७९६। देखिँदा ब्याजदर १० प्रतिशत हुन आउँछ । कार्य प्रगतिमा रहेको पूँजीगत सम्पत्तिमा रहेको सम्पत्तिमा उक्त दरले हुने रु.२३,३८,३४८। पूँजीकरण गर्नुपर्नेमा नगरेको देखिई सबै ब्याज खर्च रु.१,९५,३६,९५६।०० नाफा नोक्सान हिसाबमा डेबिट गरी आयकर

विवरणमा समेत दावी गरेको छ । अतः उल्लिखित व्यवस्थाको अनुपालना नगरेकोले सो रकम करदाताको आयमा समावेश गरी करदाताले देखाएको नोक्सानी घटाउनुपर्दछ ।

४२. **एक कस्मेटिक प्रा.लि. २०७२।०७३** : आयकर ऐन, २०५८ को दफा १३ बमोजिम व्यवसायसँग सम्बन्धित खर्च मात्र मुनाफा तथा लाभ गणना गर्दा समावेश गर्नुपर्ने व्यवस्था छ । करदाताले विभिन्न कस्मेटिक सामानको कच्चा पदार्थ खरिद गरी तयारी सामान बापत रु.११,७०,८५,७८५। बिक्रि आय देखाएको छ । उत्पादन सामाग्री बिक्रि गर्दा उक्त सामानको ढुवानी खरिदकर्ताले नै व्यहोर्ने हुँदा प्रशासनिक खर्च अन्तगर्त करदाताले रु.१५,७१,५८८। आय विवरणमा खर्च दावी गरेको छ। यस्तो खर्च उत्पादन स्थलबाट खरिदकर्ताले नै व्यहोर्ने हुँदा प्रशासनिक खर्च अन्तगर्त करदाताले रु.१५,७१,५८८। आय विवरणमा खर्च दावी गरेको छ। यस्तो खर्च उत्पादन स्थलबाट खरिदकर्ताले बहन गर्नुपर्ने हुँदा उक्त रकम व्यवसायसँग सम्बन्धित देखिँदैन। तसर्थ दावी लिएको खर्च करदाताको आयमा समावेश गर्दा लाग्ने कर २५ प्रतिशतले रु.३,९२,८९७ र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

४३. **एक सहकारी संघ ०७२।०७३** : आयकर ऐन, २०५८ को अनुसुची १ बमोजिम सहकारी संस्था/संघको कारोबारको करयोग्य आयमा २० प्रतिशतका दरले आयकर तिर्नुपर्ने व्यवस्था छ । रामग्राम नगरपालिका अवस्थित करदाताले विभिन्न सहकारी सम्बन्धि कारोबार गरी देहाय अनुसारको बचत देखाएको छ । सहकारीको उद्देश्य अनुरुप कारोबार नगरी व्यापारिक कारोबार गरेको एवं ऐनको दफा ११ बमोजिम संस्था नगरपालिकामा अवस्थित रहेको तथा कृषि सँग सम्बन्धित उत्पादन योग्य कारोबार समेत नदेखिँदा ट्रष्ट एवं बिशेष प्रकृतिको कारण दर्शाई आयकर तिर्ने दायित्वबाट उन्मुक्ति दिन मिल्दैन । तसर्थ करदाताले देखाएको बचतको २० प्रतिशतले लाग्ने कर रु.११,१९,३८८। र सोको शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

४४. **एक कन्डक्टर उद्योग प्रा.लि. २०७१।०७२** : बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ८ मा कसैले पनि बैंक, वा वित्तिय संस्थाबाट जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी वा गराई कर्जाको दुरुपयोग गर्नु वा गराउन नहुने यस्तो कसुर गरेमा रु.१ करोड भन्दा बढि बिगो भएको अवस्थामा ३ बर्ष देखि ५ बर्षसम्म कैद हुन सक्ने व्यवस्था छ । करदाताले ब्यवसाय प्रयोजनका लागि बैंकबाट ऋण लिई सम्बद्ध पक्षलाई प्रयोग गर्न दिने गरेको देखियो । नेपाल लेखामान १६ बमोजिम आर्म्स लेन्थ पोजीसनको आधारमा सम्बद्ध पार्टी बीचको सम्बद्ध कारोबारलाई वित्तिय विवरणमा लेखापरीक्षकले खुलासा गर्नुपर्नेमा गरेको समेत देखिदैन ।औषतमा दुवै बर्षको बैंक ऋण कर्जा मात्र रु.३१ करोड १ लाख ६६ हजार देखिएकोमा औषतमा सहायक कम्पनी लगायतलाई पेश्की तथा सापटीमा रु.३२ करोड ६५ लाख ४८ हजार दिएको देखिन्छ । करदाताले वित्तिय विवरणमा कर्जाको व्याज बापत रु.२,६९,१२,२३२। खर्च लेखेकोमा आय विवरणमा रु.९४,१२,२३२। मात्र दावी गरेको देखिन्छ। व्यवसायिक उद्देश्यमा लिएको कर्जा अन्य सम्बद्ध पक्षलाई पेश्की तथा सापटी उपलब्ध गराउनुले ऐनको प्रावधानको अनुपालना भएको देखिएन ।

## किसानका लागि उन्नत बिऊ बिजन कार्यक्रम

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रण व्यबस्थाको कार्यान्वयन गर्नुपर्नेमानापी किताब नियन्त्रण खाता नराखेको, स्थायी प्रकृतिको नापी किताब नराखेको, नागरिक बडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा नगरेको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, पेश्की माथी पेश्की प्रदान गर्न नमिल्ने कानूनी व्यबस्थाको पालना नभएको, निर्माण कार्यको भुक्तानी गर्दा निर्माण व्यबसायी कोष कट्टी नगरेको, तालिम

सञ्चालन पश्चात तयार गरेको प्रतिवेदनमा उक्त तालिममा प्रयोग गरिएका मालसामानको विवरण तथा बिल भरपाई सहितको खर्च देखाउने नगरेको, दश लाखभन्दा बढीको निर्माण कार्यको बीमा नगराएको लगायतका व्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **चौमासिक खर्चको स्थिति** : स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्य सम्पादन गरी तोकिएको बजेट खर्च गर्नुपर्नेमा पुजिगततर्फका २ बजेट उप शीर्षकमारु.४९,०६,९५,२२१।०८।– खर्च भएको मध्ये ६६.५६ प्रतिशत तेस्रो चौमासिकमा र २६.१४ प्रतिशत रकम असार महिनामा खर्च भएको देखिन्छ । कार्यालयले खरिद योजना अनुसार कार्य गर्न नसकेको समयमै कार्य सम्पन्न गर्न नसकेको लगायतका कारणले तेस्रो चौमासिकमा अत्यधिक खर्च भएको देखिन्छ । बर्षको अन्तमा अत्यधिक खर्च भएबाट सम्पन्न कार्यको रेखदेख, मुल्यांकन लगायतमा चाप पर्न गई कामको गुणस्तरमा समेत असर पर्न सक्ने अबस्था रहेकोले स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नु पर्दछ ।

३. **लक्ष्य/प्रगति** : निर्धारित समयमा आयोजना सम्पन्न गर्न समय तालिकाबमोजिमको कार्य सम्पन्न गर्नुपर्नेमा २०६९।७० देखि सञ्चालनमा आएको यस आयोजनाको अबधि ७ बर्ष (२०७५।७६) भित्र अमेरिकी डलर ५९.७५ मिलियन खर्च गरी निम्नानुसार कार्य सम्पन्न गर्नुपर्नेमा आयोजना शुरुभएको ४ बर्षमा (२०७२।७३ सम्म) रु.११.५० मिलियन अर्थात १९.२६ प्रतिशत मात्र खर्च भएको पाइयो । सात बर्षमा सम्पन्न गर्नुपर्ने आयोजनाको ४ बर्ष व्यतित हुँदाको अबस्थामा १९. २६ प्रतिशत मात्र खर्च भएकोले बाँकी ३ बर्षको अबधि सम्झौताबमोजिमको रकम खर्च भई आयोजनाको लक्ष्य प्राप्त हुन कठिन रहेको देखिन्छ ।

४. **सिमेन खरिद** : बार्षिक कार्यक्रमबमोजिम १० हजार डोज बोर बोकाको फ्रोजन सिमेन खरिद गर्न एक सर्जिकल कन्सर्न प्रा.ली.सँग रु.१,४४,५०,०००।– मा सम्झौता भएकोमा यो बर्ष २९३९ डोज प्राप्त भई रु.४२,४६,८५५।– भुक्तानी भएकोमा खरिद गर्ने १० हजार डोजको मु.अ.कर समेत रु. २,००,००,०००।– लागत अनुमान तयार गरेकोमा लागत अनुमानको आधार उल्लेख नभएको कारण लागत अनुमान बास्तविकतामा आधारित भएको मान्ने आधार देखिएन । यस बर्षको बार्षिक कार्यक्रमअनुसार १० हजार डोज खरिद गर्नुपर्नेमा २ हजार ९३९ डोज (२९.३९ प्रतिशत) खरिद भई लक्ष्य प्राप्त भएको देखिएन । साथै यसरी खरिद भएको सिमेन लेखापरीक्षण अबधिसम्म प्रयोगमा ल्याएको पाइएन ।

५. **बोका खरिद** : बार्षिक कार्यक्रमबमोजिम ५० ज्यान बोर बोका खरिद गर्न एक प्रा.ली.सँग रु. १,२२,००,०००।– मा सम्झौता भएबमोजिमका बोका प्राप्त भई सम्झौताअनुसार भुक्तानी भएकोमा खरिद गर्ने ५० बोकाको रु.१,५०,००,०००।– लागत अनुमान तयार गरेकोमा लागत अनुमानको आधार उल्लेख नभएको कारण लागत अनुमान बास्तविकतामा आधारित भएको मान्ने आधार देखिएन ।यसरी खरिद भएको बोका प्रयोगमा आएको पाइएन । अनुसन्धान तथा उन्नत नश्लको पाठापाठी उत्पादन गर्न खरिद भएको बोका प्रयोग बिहिन राख्नु उचित देखिएन ।

६. **जर्सि सिमेन खरिद** : बार्षिक कार्यक्रमबमोजिम १,००० डोज प्योर जर्सी सेक्समेल सिमेन खरिद गर्न एक प्रा.ली.सँग मु.अ.कर समेत रु.२७,५७,२००।– मा सम्झौता भई सो बमोजिमको प्योर जर्सी सेक्समेल सिमेन प्राप्त भई सम्झौताअनुसार भुक्तानी भएकोमा खरिद गर्ने १००० डोज प्योर जर्सी सेक्समेल सिमेन को मु.अ.कर समेत रु.२७,५७,२००।– लागत अनुमान तयार गरेकोमा लागत अनुमानको आधार उल्लेख नभएको कारण लागत अनुमान बास्तविकतामा आधारित भएको मान्ने आधार देखिएन । सम्झौतामा वारेन्टी अबधी ६ महिना हुने उल्लेख भएकोमा यसरी खरिद

भएको सिमेत लेखापरीक्षण अबधिसम्म प्रयोगमा ल्याएको नपाइएकोले प्राप्त सिमेन स्पेशिफिकेशनअनुसार प्राप्त नभएको अबस्थामा सुधार हुन सक्ने अवस्था रहेको पाइएन । खरिद गरेको सिमेन लेखापरीक्षण अबधिसम्म सञ्चित रहेकोले प्रयोग गरी लक्ष्य प्राप्तीमा ध्यान दिनु पर्ने देखिन्छ ।

७. **साझेदार संस्था :** आयोजना कार्यान्वयनमा महत्वपूर्ण भूमिका रहने गरी देहायका साझेदारी संस्थाहरुसँग कृषि बिकास मन्त्रालयले सम्झौता गरेको पाइयो । सम्झौतामा ती संस्थाहरुलाई पेश्की प्रदान गर्ने र कार्य प्रगतिको आधारमा फछ्र्यौट गर्ने व्यबस्था गरेको छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छः

७.१. चार साझेदार संस्थासँग आयोजना अबधिको लागि रु.४७,१४,७१,३६०।– मा सम्झौता भएकोमा यो बर्षको रु.१२ करोड ९५ लाख ४ हजार समेत २०७।७३ सम्म रु.२१ करोड ६० लाख ६ हजार खर्च (पेश्की प्रदान भई वित्तीय र भौतिक प्रगतिको आधारमा फछ्र्यौट) भएको देखिन्छ ।सरकारी रकमको बिल भरपाई प्राप्त नहुने गरी सम्झौता गरेको उचित देखिएन ।

७.२. साझेदार संस्थाहरुसँग भएको सम्झौताको वित्तीय व्यबस्था सम्बन्धी खण्डमा सार्वजनिक खरिद निर्देशिका वा इफाडको सामान्य सर्तहरुमा उल्लिखित इफाडको खरिद निर्देशिकाको अधिनमा रही सहयोगी संस्थाहरुले कार्यक्रम समाप्त भए पश्चात सवारी साधन तथा उपकरणहरु कार्यक्रम व्यवस्थापन कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । यस बर्ष सो प्रयोजनको लागि ब.उ.शी.नं.३१२१६०४ बाट प्रदान भएको रकमबाट सामान खरिद भएको प्रतिवेनको आधारमा ती संस्थाहरुको पेश्की फछ्र्यौंट गरेको देखियो । कृषि उद्यम केन्द्रलाई रु.१४ लाख ६१ हजार प्रदान गरेको मध्ये १३ थान एप्पल आई प्याड खरिद गर्न रु.७,९३,८०५।– प्रदान गरेको पाइयो । साथै हालसम्म निकासा भएको रकमबाट ती संस्थाहरुले के कस्ता प्रकारका के कति सवारी साधन तथा उपकारणहरु खरिद गरे भन्ने सम्बन्धमा आयोजनामा कुनै अभिलेख नरेहेको कारण ती सामान हस्तान्तरणको समयमा समस्या आइपर्न सक्ने भएकोले ती संस्थाहरुले हालसम्म खरिद गरेका सवारी साधन तथा उपकरणहरुको स्पेशिफिकेशन अनुसार कार्यालयले अभिलेख राख्नु पर्दछ ।

७.३. साझेदार संस्थाहरुसँग भएको सम्झौताको अनुगमन तथा प्रतिवेदन खण्डमा साझेदार संस्थाहरुले सञ्चालन गर्ने क्रियाकलापहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने जिम्मेवारी कार्यक्रम व्यवस्थापन कार्यालय/मन्त्रालयको हुने उल्लेख भएकोमा उक्त कार्य भएको पाइएन ।

७.४. यस बर्षसम्म साझेदार संस्थाहरुलाई सम्झौता ४४ प्रतिशत रकम प्रदान भई सकेको देखिन्छ । यस अबधिमा ती संस्थाहरुले सम्झौताबमोजिम के कति कार्य गर्नुपर्ने थियो र सो मध्ये के कति सम्पन्न गरे भन्ने देखिने गरी कुनै अभिलेख नराखेको कारण सम्झौता बमोजिमको कार्य सम्पादन स्थिति जानकारी हुने अबस्था देखिएन । सम्झौता बमोजिम व्यबस्थापन खर्चको बिल प्राप्त नभएको, पछि हस्तान्तरण हुने सवारी साधन एवं उपकारणहरुको अभिलेख नरहेको, सम्झौता बमोजिम भएका र हुन बाँकी कार्य देखिने अभिलेख नरहेको एवं ती संस्थाहरुको अनुगमन हुने गरेको समेत नपाइएकोले यस सम्बन्धमा सुधार गर्नुपर्ने देखिन्छ ।

८. **न्यून कार्यसम्पादन :** कार्यालयले स्वीकृत कार्यक्रमहरु सहयोगी संस्था छनौट गरी ती समूह मार्फत कार्यान्वयन गराएको देखिन्छ । कार्यक्रम अन्तर्गत औपचारिक बीउ बिजन क्षेत्रको बिस्तार (कम्पोनेन्ट १) र साना पशुपालकहरुको व्यवसायीकरण (कम्पोनेन्ट २) को कार्य गर्न २०२।७३ सम्म क्रमशः १९४ र ६८ सहयोगी संस्थाहरुसँग आयोजनाले रु.२५ करोड ७४ लाख ८० हजार अनुदान उपलब्ध गराउने सम्झौता भएको मध्ये रु.६ करोड २९ लाख २० हजार अर्थात सम्झौता रकमको २४ प्रतिशत अनुदान प्रदान भएको पाइयो । यसरी सम्झौता भएको सहयोगी संस्थाहरु सँगको

सम्झौता बमोजिमको माइलस्टोन बमोजिम कार्य सम्पादन गरेको अबस्थामा रु.१० करोड ६ लाख ८ हजार अनुदान प्रदान भई सक्नुपर्ने देखिएकोमा सोको ५९ प्रतिशतमा मात्र प्रदान भएकोले ती संस्थाहरुको कार्यसम्पान स्थिति कमजोर रहेको देखिन्छ । न्यून कार्यसम्पादन स्थितिबाट आयोजनाको उदेश्य प्राप्तीमा असर पुग्ने सम्भावना देखिएकोले संस्थाको कार्यसम्पादनस्तरको अभिलेख राखी न्यून कार्यसम्पादन हुने संस्थालाई थप टेवा दिनुपर्ने देखिन्छ ।

९. **बीऊको गुणस्तर** : कार्यक्रम लागू भएका जिल्लाहरुमा खाद्यान्न तथा तरकारी बालीको बीउ उत्पादनलाई औपचारिक रुपमा विस्तार गर्ने (कम्पोनेन्ट १) कार्यक्रम अन्तर्गतका अनुदानग्राहीहरुको कामको अनुगमन गरी कार्यालयले तयार गरेको प्रतिवेदनमा माऊँ बीउ खरिद गरी बीऊ उत्पादन गर्ने अनुदानग्राहीहरुले आफूले खरिद गरेको माऊँ बीउ गुणस्तरीय नभएको (साना, किचरा, किरा लागेका, भिगोर नपुगेका आदि) जनाएको उल्लेख छ । बीउ उत्पादन बिस्तार गर्ने समूहहरुले खरिद गरेको माऊ बीउ गुणस्तरीय नभएको अबस्थामा आयोजनाको उदेश्य प्राप्तीमा असर पर्न सक्ने देखिएको कार्यालयले गुणस्तरीय बीउ उपलव्ध हुने व्यबस्था गर्न आबश्यक पहल गर्नु पर्दछ ।

१०. **लेखापरीक्षण नभएको** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७ बमोजिम कार्यालय प्रमुखले महालेखा परीक्षकको कार्यालयबाट तोकिए बमोजिम लेखा र आर्थिक विवरण पेश गरी अन्तिम लेखापरीक्षण गराउनुपर्नेमा रु.९,३०,२४,६८९/२४ सोझै भुक्तानीको स्रेस्ता लेखापरीक्षणमा पेश हुन आएन ।

## कोष तथा लेखा नियन्त्रक कार्यालय

१. **जिल्ला गत धरौटी** : कार्यालयबाट उपलव्ध गराएको जिल्ला स्तरीय बिवरण अनुसार धरौटी तर्फ गत वर्षको मौज्दात समेत यस वर्षको कुल धरौटी आम्दानी रु ६२२५७५४८५।– मध्ये यो वर्ष फिर्ता र सदर स्याहा समेत कुल खर्च रु १९७५१८०६१।– भई स्रेस्ता अनुसार रु ४२५०५७४२४।– बांकी देखिन्छ भने बैक अनुसार रु ४००८०२६७०।– बांकी देखिन्छ । स्रेस्तामा भन्दा बैकमा कम देखिएको रु २४२५४७५४।– धरौटीका सम्वन्धमा कार्यालयगतरुपमा छानविन गरी धरौटी अद्यावधिक गर्नुपर्ने देखिन्छ । फरक धरौटी रकम असार मसान्त पछि बैक दाखिला भएको कार्यालयको भनाई रहेको छ ।

२. **आन्तरिक लेखापरीक्षण** : यो बर्ष ९६ वटा कार्यालयहरुको यस कार्यालयबाट आन्तरिक लेखापरीक्षण गरिएकोमा महालेखा नियन्त्रक कार्यालयको निर्देशिका बमोजिम लेखापरीक्षण फाईलहरु व्यवस्थित नभएको, सम्पादित लेखापरीक्षण कार्य कार्यालय प्रमुख वा वरिष्ठ लेखापरीक्षकबाट सुपरिवेक्षण गर्ने गरी सोको अभिलेख राख्ने गरेको देखिएन ।

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण** : बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वियन गर्नुपर्नेमानिर्माण कार्यको लगत इष्टिमेट, नापी किताव र कार्यसम्पन्न प्रतिवेदन तयार पार्ने, नापी किताब नियन्त्रण खाता नराखेको, नापी किताब स्थायी प्रकृतिको नराखी लुज सिटमा राखेको, भ्रमण प्रतिवेदन गर्ने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, खरिद गुरु योजना तथा बार्षिक खरिद योजना तयार नगरेको, प्रयोजन र अवधि समाप्त भएका धरौटी सदरस्याहा नगरेको, चौमासिक रुपमा वार्षिक कार्यक्रम खर्च नगरेको,पेश्की फछ्र्यौट गरेको बिल भरपाईमा खर्चको तेरिज संलग्न गर्ने नगरेको, कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको, नागरिक बडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा नगरेको,

अख्तियारी र कार्यक्रम संशोधन भए अनुरुप बार्षिक खरिद योजना संशोधन नगरेको,उपभोक्ता समितिलाई आयोजना हस्तान्तरण हुने नगरेको, उपभोक्ता समितिले समयमै कार्य सम्पन्न नगरेकोमा म्याद थप गर्ने नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको लगायतका कमी कमजोरी सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **चौमासिक खर्च** : स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्य सम्पादन गरी तोकिएको बजेट खर्च गर्नुपर्नेमा पुजिगततर्फका ८ बजेट उप शीर्षकमारु.२५ करोड ६९ लाख २४ हजार खर्च भएको मध्ये ७८.६१ प्रतिशत तेस्रो चौमासिकमा र कुल खर्चको आधाभन्दा बढी अर्थात् ६३.२४ प्रतिशत रकम असार महिनामा खर्च भएको देखिन्छ ।बर्षको अन्तमा अत्यधिक खर्च भएबाट सम्पन्न कार्यको रेखदेख, मुल्यांकन लगायतमा चाप पर्न गई कामको गुणस्तरमा समेत असर पर्न सक्ने अबस्था रहेकोले स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नु पर्दछ ।

३. **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) बमोजिम ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्नेमा कार्यालयबाट यो वर्ष रु.१३ करोड ६७ लाख ७ हजार सम्झौता रकम रहेका ३७ वटा खरिद सम्झौता भएकोमा प्रथम चौमासिकमा कुनै सम्झौता नभएको, दोस्रोमा १३ र तेस्रोमा २२ वटा सम्झौता भएको र आषाढ महिनामा मात्र रु.५ करोड २३ लाख २९ हजार को ६ वटा खरिद सम्झौता गरेको पाइयो । यस वर्ष खरिद सम्झौता भएका मध्ये रु.४ करोड ६९ लाख ७७ हजारको १३ मात्र यसै आर्थिक वर्षभित्र सम्पन्न भएको देखिन्छ ।

४. **बोलपत्र** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२(२)(च) मा बोलपत्रदाताहरु वा प्रस्तावदाताहरुबीच अन्य कुनै तरिकाले सार्वजनिक निकायलाई खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट बञ्चित गर्ने उदेश्यले बोलपत्र वा प्रस्ताव पेश गर्नु भन्दा अघि वा पछि मिलोमतो गर्न वा गुटबन्दीमा संलग्न हुन नहुने उल्लेख छ । कार्यालयले यो बर्ष बोलपत्रबाट ठेक्का सम्झौताको स्थिति बिश्लेषण गर्दा बोलपत्र बिक्रीको संख्या २ देखि १२ सम्म भएकोमा दर्ता संख्या १ देखि ८ सम्म रहेकोमा ३ देखि ८ बोलपत्र फिर्ता लिएको पाइयो । यसरी दर्ता भएका मध्ये छनौट भएका बोलपत्रदाताको कबोल अंक लागत अनुमानको तुलनामा १ प्रतिशतभन्दा कम (लागत अनुमान र कबोल अंक बराबर जस्तै) रहेको देखिन्छ । बोलपत्र बिक्री, दर्ता, लागत अनुमान र सम्झौता रकमको आधारमा बोलपत्रदाताहरु बीच मिलेमतो भएको हुन सक्ने देखिन्छ ।

५. **मूल्य वृद्धि** : सार्वजनिक खरिद कानून र ठेक्का सम्झौताबमोजिम बहु बर्षीय ठेक्का मूल्य बृद्धि भुक्तानी दिने सम्बन्धमा उल्लेख छ । यस कार्यालयबाट गरेको बहुबर्षीय ठेक्का र मूल्य बृद्धि सम्बन्धमा केही ठेक्का मूल्य समायोजन दिदा फछ्र्योट भएको पेश्की घटाउन नपर्ने गरी खरिद सम्झौता भएको देखियो । विभिन्न खरिद सम्झौताको बुँदा नं.११.१(ए) मा मूल्य बृद्धि भुक्तानी दिदा पेश्की कट्टा गरी भुक्तानी दिने उल्लेख भएकोमा पेश्की कट्टी नगरी सोमा समेत मूल्य बृद्धि दिएको रकम २,३४,३४५/- असुल गर्नुपर्ने देखिन्छ ।

६. **वढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)ख मा प्राविधिक नापजाच गरी नापी कितावमा उल्लेख भएको वास्तबिक कार्यसम्पादनको आधारमा बिलको रकम भुक्तानी दिने व्यवस्था छ । यस डिभिजनले एक खरिद सम्झौता अन्तर्गत (ठेक्का नं.१३/२०७१।७२) को निर्माण कार्यमा ८ एमएम डण्डीको प्रति मी.०.३९५ के.जी. वजन हुनुपर्नेमा प्रति मी.०.६१७ के.जी. वजनको हिसाव गरी निर्माण व्यवसायीलाई वास्तविक कार्यसम्पादन भन्दा वढी परिमाण भुक्तानी दिएकोले वढी भुक्तानी रकम रु ६६,५८५/- असुल गर्नुपर्ने देखिन्छ ।

७. **मुल्य अभिवृद्धि कर** : ऐन, २०५२ को दफा १४(१) बमोजिम निर्धारित ढाँचा कर विजक प्राप्त नभएको (बीजक नं.केरमेट भएको) अबस्थामा रु.२५,२६,८८५/- मू.अ.कर भुक्तानी दिएकोले सो रकमको मू.अ.कर समायोजन गरेको वा बुझाएको प्रमाण पेश हुनुपर्दछ ।

८. **ढल तथा प्रशोधन प्लान्ट** : मुर्गिया ढल तथा प्रशोधन प्लान्ट निर्माण कार्य २०७३/३/२२ मा सम्पन्न गर्ने गरी एक जे.भी.संग ०७१/३/२३ मा रु.२,९७,८४,८१६.८२ को संझौता भएकोमा यो बर्षसम्म रु. २,८०,७४,४७७/१९(मूल्य समायोजन समेत) भुक्तानी भएको छ । ठेक्का नं.१४।०७०।७१ को संझौताबमोजिम पेश्की कटाई मूल्य समायोजन गर्ने उल्लेख भएकोमा एक निर्माण व्यवसायी लाई मूल्य समायोजन वापतको रकम भुक्तानी गर्दा मोविलाईजेशन रकम कट्टि भएकोमा उक्त रकम मूल्य समायोजन हिसाव गर्दा कट्टि नगरेकोले वढी भुक्तानी भएको रु.९७,७१९/७८असुल गर्नु पर्ने देखिन्छ ।उक्त ठेक्कामा भेरीयशन भई थप भएका ५ मध्ये ४ आइटममा रु.१२,६८,३३२।– भुक्तानी भएकोमा उक्त नयाँ थप आइटमको भुक्तानीमा समेत फ्याक्टर १.०३० ले हुने रु.३८,०४९।९६ मूल्यबृद्धि दिएको पाइयो । यसरी नयाँ थप भएको कार्यमा मूल्य बृद्धि दिने आधार नदेखिएकोले मु.अ.कर समेतको रकम रु ४२,९९६/- असुल गर्नुपर्ने देखिन्छ ।

९. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार अनुसूची–१ मा वर्कचार्ट खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत भनी उल्लेख छ । वर्कचार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन भने यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कन्टिन्जेन्सीबाट गरिने खर्च सम्बन्धमा स्पष्ट कार्यबिधि तयार गरी खर्च गर्नुपर्ने देखिन्छ ।

१०. **बीमा प्रमाण** : एक जे.भी.को बिल भुक्तानी गर्दा कामदारको बीमा बापतको रु.५०,०००।– समेत भुक्तानी भएकोमा बीमाको प्रमाण संलग्न रहेको पाईएन ।

११. **पेश्की बाँकी** : आर्थिक कार्यविधि नियमावली, २०६४ र ठेक्का सम्झौतामा उल्लेख भएबमोजिम पेश्की/मोविलाइजेसन पेश्की फछ्र्यौट गर्नु पर्नेमा मोविलाइजेसन पेश्कीको हकमा म्याद बाँकी नै रहेको र अन्य पेश्की समयमै फछ्र्यौट गर्न ध्यान नदिएको कारण आर्थिक बर्षको अन्तमा पेश्की फछ्र्यौट हुन बाँकी देखिएको रु ४,४९,४८,०००/-आर्थिक कार्यविधि नियमावली र ठेक्का सम्झौता बमोजिम फछ्र्यौट गर्नुपर्ने देखियो ।

## घरेलु तथा साना उद्योग कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयलाई मर्यादित र प्रणालीयुक्त बनाउन ऐन नियम आदिको विषयको पूर्णतः पालना गरी लागु गरिनु पर्दछ। उच्च नियन्त्रणको माध्यमबाट मात्र आर्थिक प्रशासनको शुद्धता निर्भर गर्दछ । अतः कार्यालयले उपलब्ध गराउने सेवा प्रकृया र उत्पादनमा उच्चतम प्रणाली कायम हुने विधिबाट आन्तरिक नियन्त्रण प्रणलीलाई प्रभावकारी बनाउन आवश्यक छ । कार्यविवरण, जिन्सी र दरबन्दी पदपूर्ति लगायतका विषयमा कार्यालयको आन्तरिक नियन्त्रण कमजोर देखियो ।

२. **कार्यक्रम** : लघु उद्यमको विकास र प्रर्वद्धन गरी गरिबी निवारणमा सहयोग पुर्याउने उद्धेश्य अनुरुप गरिवी निवारणका लागि उद्यम विकास कार्यक्रम रणनीतिक योजना, २०७० बमोजिम कार्यक्रम संचालन गर्न यो बर्ष कार्यालयलाई चालू तथा पूँजीगत गरी रु.८३ लाख ४७ हजार बजेट व्यवस्था भएकोमा रु.४५ लाख ६९ हजार खर्च भई बजेटको तुलनामा ५४।७३ प्रतिशत वित्तिय प्रगति खुलासा गरेको र भौतिक प्रगति पनि सोही अनुरुप न्यून रहेको छ ।

२.१. पूँजीगत तर्फ साना उद्योगहरुको स्तरोन्नतीका लागि उद्यमीहरुलाई उपयुक्त प्रविधि प्रदान गर्न एवं औद्योगिक उत्पादनसँग सम्बन्धित उपकरण तथा मेशिनरी औजारका साथै साझा सुविधा केन्द्रको भौतिक निमार्णबाट स्थानीय श्रोतको परिचालन र वितरणमा सहयोग पुर्याउन रु.१५ लाख बजेट

व्यवस्था भएकोमा रु.१५ हजार मात्र खर्च गरी रु.१४ लाख ८५ हजार बजेट कार्यन्वयनमा ल्याएको पाइएन । चालु तर्फ योजना तर्जुमा गोष्ठी नभएको, उद्यमीहरुका लागि मेला, महोत्सव स्टल सहयोग गर्ने, उद्यमीको अवलोकन भ्रमण, बजार सम्बन्ध निमार्ण र साझा सुविधा केन्द्रको सहजीकरण जस्ता कार्यक्रम संचालन नभएको कारण सोको रु.९ लाख ६० हजारको कार्यक्रम शुन्य रहेको देखिन्छ । कार्यक्रम र बजेटबीच समन्वय गरी कार्यन्वयन गरिनुपर्दछ ।

२.२. प्रतिस्पर्धात्मक लघुउद्यमी सिर्जना गर्ने कार्यमा २३५ जनालाई उक्त क्रियाकलापको विकासमा सहयोग पुर्याउन उद्यमी सिर्जना गरी आत्मनिर्भर बनाउन एक प्रा.लि.सँग मु.अ.कर समेत रु.५२ लाख ८८ हजारमा सम्झौता भई कार्यदेश प्रदान भएकोमा २२७ लाभन्वित भई रु.४२ लाख ९० हजार संस्थालाई भुक्तानी गरेको छ । सन्तोषजनक कार्य नगरेको कारण कार्यालयले पटक पटक स्पष्टीकरण सोधनी गर्दा उपयुक्त जवाफ नदिएको अवस्थामा निजले पाउने रकममा १० प्रतिशत कट्टी गरी भुक्तानी भएको अवस्था छ । उक्त सेवा प्रदायकले भुक्तानी कट्टीमा राखेको १० प्रतिशत धरौटी रु.३ लाख ७८ हजार रोक्का समेत राखेको छ । उद्यमी तालिमको गुणस्तरीयतामा बृद्धि गर्न सेवाप्रदायकको भूमिका कमजोर देखियो ।

३. **धरौटी तर्फ** : धरौटीको आर्थिक विवरण अनुसार आर्थिक बर्ष २०७२।०७३ सम्म रु.५ लाख ८ हजार बाँकी देखिन्छ । धरौटीको पेश भएको नामनामेसी विवरण अनुसार २९ जना व्यक्ति, कम्पनी संस्था तथा सूर्तीसँग सम्बन्धित उद्योगको इजाजत नवीकरण बापत रु.८२ हजार धरौटी खातामा राखेको देखिन्छ । २०६५।५।१० देखि २०६९।१०।९ सम्म रहेको यस्तो धरौटीको प्रयोजन समेत समाप्त भएको र धरौटी राख्ने निरन्तरता समेत नभएको, निर्धारित समय भित्र धरौटी फिर्ता समेत लिन नआएको यस्तो दायित्व हिसाब प्रत्येक बर्ष जिम्मेवारी सार्न उपयुक्त देखिँदैन । तसर्थ उक्त रकम आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिमको कार्यविधि पुर्याई सदरस्याहा गरी पुरानो धरौटी राफसाफ गर्न जरुरी देखिन्छ ।

४. **राजश्व तर्फ** : आर्थिक बर्ष २०७१।०७२ मा संचालित खरायो गुडिया, सानो टेडिवियर, मेडियम टेडिवियर, गणेश गुडिया, र ठूलो कुकुर जस्ता खेलौनाको तयारी कच्चा पदार्थ बस्तुबाट ९० थान उत्पादित गरेकोमा सोको मुल्यांकित मूल्य रु.११ हजारमा बिक्रि गरी सो रकम यो बर्ष राजश्व दाखिला गरेको छ ।

४.१. छाला जुत्ता बनाउने तालिमको जर्ती कटाई कुल कच्चा पदार्थ रु.२२ हजारमा ३० प्रतिशत छुट दिने व्यवस्था अनुरुप हुने बिक्रि मुल्य रु.१६ हजारको जुत्ता बिक्रि नभई स्टकमा सारेको छ । बिक्रिको सक्रियता अपनाउन आवश्यक छ ।

४.२. यो बर्ष स्कुल झोला, म्याक्सी, चौबन्दी चोलो, कुर्ता, कुर्ता सुरुवाल, सर्ट पाइन्ट, ब्लाउज, टप्स बुटिकको छुट्टा छुट्टै संचालित तालिममा प्रयोगमा आएका कपडाहरुको मुल्यांकन गर्दा जम्मा मुल्य रु.४१ हजार मा ७० थान विभिन्न दरबाट बिक्रि गरी रु.२४ हजार राजश्व दाखिला गरेको र बाँकी ४७ थानको मुल्य रु.१७ हजार बिक्रि नभई स्टकमा ट्रान्सफर गरेको देखिन्छ । सामानमा हुने नोक्सानी र फेसन आउट समेतलाई ध्यान दिई राजश्व प्राप्ति गर्ने तर्फ ध्यान दिन जरुरी देखिन्छ ।

५. **उद्योग प्रशासन** : यो बर्ष उत्पादनमुलक ३०५, पर्यटन तर्फ १६१, सेवा तर्फ ३१७, कृषि तथा वनजन्य ९५ समेत रु.७७८ उद्योग दर्ता भएको देखिन्छ । विभिन्न स्वरुप अनुसार रु.१ अरब, ७३ करोड ७० लाख ८२ हजार पूँजी अनुरुप घरेलु तथा साना उद्योगको दरखास्त दस्तुर, रजिष्ट्रेसन नवीकरण एवं जरिवाना समेत रु.८७ लाख २१ हजार राजश्व प्राप्त गरेको देखिन्छ । आर्थिक बर्ष ०७२।०७३ सम्म उत्पादन मूलक ४९५७, उर्जामूलक ७, कृषि तथा वनजन्य ४५०, पर्यटन १७३५ र सेवा ३०३४ समेत १०२१३ घरेलु तथा साना उद्योग दर्ता भएको, यो बर्ष ६२२ ले नवीकरण गरेको, १३७ ले लगत कट्टा गरेको, ९४ ले पूँजी बृद्धि गरेको, ४३ को ठाउँसारी, १०५ को नामसारी

भएको देखिन्छ । यो बर्ष ५७ उद्योगको मात्र निरीक्षण भएको छ । दर्ता भएका उद्योग मध्ये कति रुग्ण अवस्थामा छन सोको विवरण लिई उद्योगको संचालन, कार्यन्वयन, नवीकरण, स्थिति सम्बन्धमा प्रक्रियामूलक तवरले अनुगमन तथा मुल्यांकन प्रणालीलाई सुदृढ बनाइन आवश्यक देखिन्छ ।

६. **पूँजीगत** : यो बर्ष पूँजीगत सुधार, फर्निचर एवं मेशिनरी बापत रु.६ लाख १०हजार बजेट व्यवस्था भएकोमा रु.३ लाख ६७ हजार खर्च भई बजेटको तुलनामा ६० प्रतिशत मात्र वित्तिय प्रगति गरेको छ । कार्यालयमा दर्ता भई उद्योग संचालन गरेका कुटिर/साना उद्योगहरुलाई प्रोत्साहन स्वरुप उनीहरुको आय र उत्पादनमा बुद्धि गरी स्वरोजगारीमा बढावा गर्न आवश्यक पर्ने पूँजीगत मेशिनहरु खरिद गरी २० प्रतिशत व्यक्तिगत सहभागितामा प्रविधिगत सामान हस्तान्तरण गर्ने व्यवस्था छ । सो अनुरुप लाभग्राहीको उच्च आकर्षणको न्यूनताले गर्दा व्यवस्था भएको बजेट सम्बन्धित उद्धेश्यमा उपयोग हुन नसकी रु.२ लाख ४३ हजार निश्क्रिय भएको छ । प्रविधिगत सामान हस्तान्तरण गरी आय आर्जन प्रक्रियामा लाभग्राहीको आर्कषण स्थितिलाई बढावा दिन कार्य नीतिगत सुधार गरी दिगोपना हासिल गर्न आवश्यक छ ।

## जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय नं. ५

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले ऐन नियम एंव कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्नेमा नापी किताबमा कन्टिन्जेन्सी खर्च अभिलेखन गर्ने नगरेका, निर्माण कार्यको लगत इष्टिमेट, नापी किताव र कार्यसम्पन्न प्रतिवेदनमा तयार पार्ने, पेश गर्ने, जाँच गर्ने र सदर गर्ने कर्मचारीको नाम, पद, छाप एवम् मिति उल्लेख गर्ने नगरेको, भ्रमण प्रतिवेदन लिने नगरेको, पहिलो चौमासिक भित्र ठेक्का व्यबस्थान सम्बन्धि कार्य हुन नसकेको, पुराना सामानको मर्मत एवं लिलाम बिक्री कार्य नभएका, पुराना सामानको मूल्य कायम गराई नराखेका,कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि सो को रेखदेख मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण हुने नगरेको, प्रयोजन र अवधि समाप्त भएका धरौटी सदरस्याहा गरी राजस्वमा दाखिला गर्ने नगरेको लगायतका कमी कमजोरी देखिएको छ । यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(२) मा बजेट विवरण र खर्च गर्ने अख्तियारी प्राप्त भएको पन्ध्र दिन भित्र सम्बन्धित सचिवले विभागीय प्रमुखलाई र विभागिय प्रमुखले मातहत कार्यालय प्रमुख र कार्यक्रम संचालन गर्ने कार्यालय प्रमुखलाई अख्तियारी पत्र पठाउनु पर्ने व्यवस्था छ । यस कार्यालयको अख्तियारी तथा निकासा विवरण परीक्षण गर्दा असार महिनामा ब.उ.शि.नं.३५७१०९४ मा रु.१,३३,००,०००।– थप अख्तियारी प्रदान गरेको देखियो । नियमावलीको उपरोक्त प्रावधान अनुरुप एकै पटक अख्तियारी नदिई पटक पटक थप अख्तियारी दिने परिपाटीको अन्त्य गरिनु पर्दछ ।

३. **चौमासिक खर्चको स्थिति** : स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्य सम्पादन गरी तोकिएको बजेट खर्च गर्नु पर्दछ । यस कार्यालयमा कार्यक्रम/पुजिगततर्फ देहायको बजेट उप शीर्षकहरुमा भएको कुल खर्च रु.७,३३,४२,४९९।२५ खर्च भएको मध्ये ९८.५१ प्रतिशत तेस्रो चौमासिकमा र कुल खर्चको ६१.५६ प्रतिशत रकम असार महिनामा खर्च भएको देखिन्छ । बर्षको अन्तमा अत्यधिक खर्च भएबाट सम्पन्न कार्यको रेखदेख, मुल्यांकन लगायतमा चाप पर्न गई कामको गुणस्तरमा समेत असर पर्न सक्ने अवस्था रहेकोले स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नु पर्दछ ।

४. **उपभोक्ता समिति मार्फत कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने कार्यबिधि उल्लेख छ । कार्यालयले यो बर्ष रु.५,३५,०७,०९३।– लागत अनुमानको कार्य बिभिन्न ३५ उपभोक्ता समितिबाट गराई कार्यालयकोतर्फबाट रु.३,९१,१२,७६८।– भुक्तानी भएकोमा नियमावलीको नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बिल, भरपाईसम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ, नियमावलीको नियम ९७(१२) मा उपभोक्ता समिति मार्फत भएको निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । कार्यालयले सम्पन्न आयोजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने गरेको देखिएन, उपभोक्ता समितिलाई बिल भुक्तानी गर्दा धरौटी कट्टा गर्ने गरेको छैन ।

५. **कन्टिन्जेन्सी** खर्च : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार अनुसूची–१ मा वर्कचार्ट खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत भनी उल्लेख छ । वर्कचार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन भने यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कन्टिन्जेन्सीबाट गरिने खर्च रु ३६,९४,०००।– सम्बन्धमा स्पष्ट कार्यबिधि तयार गरी खर्च गर्नुपर्ने देखिन्छ ।

६. **अधुरो ठेक्का** : सार्वजनिक खरीद नियमावली,२०६४ को नियम ११३(६) मा आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदाताले खरीद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लिखित समयावधि भित्र सम्पादन नगरेको कारणले यस नियम बमोजिमको पेश्की फछ्र्यौट हुन नसकेमा निजबाट त्यस्तो पेश्की रकमको सयकडा दश प्रतिशत व्याज समेत असूल उपर गर्नु पर्नेछ भन्ने व्यवस्था छ ।एक जे.भी. सँगरु.४,०२,००,२३९।– मा आर.सी.सी.बेडबार, स्पर, स्लापिङ्ग स्पर लगायतको कार्य गर्ने गरी २०७०।९।२२ मा सम्झौता भएकोमा बिगत बर्षमा रु.१,०१,७२,३६०।– भुक्तानी भएको पाइयो । सम्झौताबमोजिम २०७१।३।२० मा सम्पन्न गर्नुपर्ने कामको प्रथम पटक २०७२।३।२० सम्म म्याद थप भएकोमा थप अबधिसम्म पनि कार्य नगरेकोले कार्यालयले निर्माण व्यबसायीको नाममा रहेको बैंक ग्यारेन्टी खिचेर मोबिलाइजेशन पेश्की रु.५६,००,०००।– असुल गरी फछ्र्यौट गरेकोमा २०७२।३।२१ देखि २०७३।३।२१ सम्मको दश प्रतिशतले हुने व्याज रु ५,६०,०००।– असुल गर्नुपर्ने देखिन्छ । २०७२।३।२० पछि निर्माण व्यबसायीवाट म्याद थपको माग समेत नभएको र थप भएको सम्झौताको म्याद समाप्त भइ सक्दा पनि कार्य बांकी कार्य शुरु नभएकोले कार्यालयले छानविन गरी पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी कार्य सम्पन्न गराउनु पर्ने देखिन्छ ।

## जल उत्पन्न प्रकोप व्यबस्थापन डिभिजन कार्यालय नं.१४

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले ऐन नियम एंव कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दासम्बन्धित आयोजनाको नापी किताबमा कन्टिन्जेन्सी खर्च अभिलेखन गर्ने गरेको छैन, निर्माण कार्यको लगत इष्टिमेट, नापी किताव र कार्यसम्पन्न प्रतिवेदन आदिमा तयार पार्ने, पेश गर्ने, जांच गर्ने र सदर गर्ने कर्मचारीको नाम, पद, छाप एवम् मिति उल्लेख गर्ने गरेको छैन, पहिलो चौमासिक भित्र ठेक्का व्यबस्थान सम्बन्धि कार्य हुन सकेको छैन, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको छैन,उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि सो को रेखदेख मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण हुने गरेको छैन, उपभोक्ता समितिले समयमै कार्य

सम्पन्न नगरेकोमा म्याद थप गर्ने गरेको छैन, प्रयोजन र अवधि समाप्त भएका धरौटी सदरस्याहा गरी राजस्वमा दाखिला गर्ने गरेको छैन, उल्लिखित व्यबस्था एंव अभिलेखको अभावका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुन गई समग्र आर्थिक प्रशासनमा असर पर्ने देखिएकोले बिभिन्न ऐन नियम एंव कार्यबिधिहरुमा तोकिएका व्यबस्थाहरुको अनिवार्य रुपमा अबलम्वन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(२) मा बजेट विवरण र खर्च गर्ने अख्तियारी प्राप्त भएको पन्ध्र दिन भित्र सम्बन्धित सचिवले विभागीय प्रमुखलाई र विभागिय प्रमुखले मातहत कार्यालय प्रमुखलाई अख्तियारी पत्र पठाउनु पर्ने व्यवस्था छ । यस कार्यालयको अख्तियारी तथा निकासा विवरण परीक्षण गर्दा असार महिनामा ब.उ.शि.नं.३५७१०९४ मा रु.५,१९,००,०००।– थप अख्तियारी प्रदान गरेको देखियो । नियमावलीको उपरोक्त प्रावधान अनुरुप एकै पटक अख्तियारी नदिई आर्थिक बर्षको अन्तिम महिनामा थप अख्तियारी दिने परिपाटीको अन्त्य गरिनु पर्दछ ।

३. **चौमासिक खर्चको स्थिति** : स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्य सम्पादन गरी तोकिएको बजेट खर्च गर्नु पर्दछ । यस कार्यालयमा कार्यक्रम/पुजिगततर्फ देहायको बजेट उप शीर्षकहरुमा भएको कुल खर्च रु.१२,३६,४१,८१३।- खर्च भएको मध्ये ९१.८० प्रतिशत तेस्रो चौमासिकमा र कुल खर्चको ६६.८१ प्रतिशत रकम असार महिनामा खर्च भएको देखिन्छ । बर्षको अन्तमा अत्यधिक खर्च भएबाट सम्पन्न कार्यको रेखदेख, मुल्यांकन लगायतमा चाप पर्न गई कामको गुणस्तरमा समेत असर पर्न सक्ने अबस्था रहेकोले स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नु पर्दछ ।

४. **उपभोक्ता समिति मार्फत कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने कार्यबिधि उल्लेख छ । कार्यालयले यो बर्ष रु.११,६६,९१,३५४ लागत अनुमानको कार्य बिभिन्न ११२ उपभोक्ता समितिबाट गराई कार्यालयकोतर्फबाट रु.१०,३६,६७,६२२।– भुक्तानी भएकोमा नियमावलीको नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बिल, भरपाई पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यबस्था भएबमोजिमको बिल, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन । नियमावलीको नियम ९७(१२) मा उपभोक्ता समितिलाई आयोजना हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । कार्यालयले सम्पन्न आयोजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने गरेको देखिएन, उपभोक्ता संगको खरिद सम्झौतामा सवै कामहरु इन्जिनियरिगं नर्म्स, प्राविधिक नक्सा, संलग्न प्राविधिक स्पेशिफिकेशन अनुसार गर्नुपर्ने व्यवस्था रहेकोमा कुनै पनि उपभोक्ता समितिको कार्यमा प्राविधिक नक्सा तयार गरेको पाईएन । उपभोक्ता समितिवाट भएको काममा पारदर्शिताको कमी देखिन्छ । तसर्थ काम सुरु गर्नुभन्दा पहिलाको अबस्था र काम सम्पन्न भई सकेपछिको अबस्था झल्कने फोटो सहितको प्रोफाइल तयार गर्ने व्यबस्था मिलाउनु पर्ने देखिन्छ ।

५. **कन्टिन्जेन्सी खर्च** : कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार अनुसूची–१ मा वर्कचार्ट खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत भनी उल्लेख छ । वर्कचार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन भने यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कन्टिन्जेन्सीबाट गरिने खर्च रु ४७,७९,५६७।०० सम्बन्धमा स्पष्ट कार्यबिधि तयार गरी खर्च गर्नुपर्ने देखिन्छ ।

## जिल्ला कारागार कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्नेमा पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेका, कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको, खरिद योजना नबनाएको लगायतका कमी कमजोरी देखिएको छ । बिभिन्न ऐन नियम एंव कार्यबिधिहरुमा तोकिएका व्यबस्थाहरुको अनिवार्य रुपमा अबलम्वन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **पेश्की :** पेश्की फछ्र्यौट नियमावलीबमोजिम समयमै पेश्की फछ्र्यौट गर्नुपर्नेमा कार्य सञ्चालन कोषतर्फकबाट एक कार्यालय सहयोगीलाई बन्दिगृहका लागि बायोग्यास प्लान्ट निर्माण सामग्री खरिदका लागि उपलव्ध गराएको रु.३ लाख १५ हजार पेश्की फछ्र्यौट हुन बाँकी रहेको देखिन्छ ।

## जिल्ला कृषि बिकास कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले ऐन नियम एंव कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुमा भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको, पुराना सामानको मूल्य कायम गराई नराखेको, चौमासिक रुपमा वार्षिक कार्यक्रमबमोजिम खर्च हुने नगरेको,पेश्की फछ्र्यौट गरेको बिल भरपाईमा खर्चको तेरिज संलग्न गर्ने नगरेको, बिल भरपाईमा भुक्तानी भएको जनाउने छाप लगाई नराखेको, नागरिक बडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र नबनाएको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्यक्रमगत खर्च खाता नराखेको लगायतका कमी कमोजोरी रहेको पाइयो । यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **चौमासिक खर्चको स्थिति :** स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्य सम्पादन गरी तोकिएको बजेट खर्च गर्नु पर्दछ । यस कार्यालयमा देहायबमोजिमका कार्यक्रमहरुमा भएको कुल खर्च रु.५ करोड २५ लाख २८ हजार खर्च भएको मध्ये ५०.३५ प्रतिशत तेस्रो चौमासिकमा र २९. ८५ प्रतिशत रकम असार महिनामा खर्च भएको देखिन्छ ।बर्षको अन्तमा अत्यधिक खर्च भएबाट सम्पन्न कार्यको रेखदेख, मुल्यांकन लगायतमा चाप पर्न गई कामको गुणस्तरमा समेत असर पर्न सक्ने अबस्था रहेकोले स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नु पर्दछ ।

३. **जिन्सी आम्दानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार खरिद गरेको कुनैपनि मालसामान प्राप्त भएको ७ दिनभित्र जिन्सीमा आम्दानी बांध्नुपर्नेमा तोरी, धान, स्प्रयर आदी खरिद भएका सामानहरु जिन्सीमा आम्दानी नबांधी अनुदान खर्च गरेको पाइयो ।

४. कार्यालयले अनुदानमा वितरण भएका विउ विजन, मल र सामानको जिन्सीमा आम्दानी नबांधी सिधै किसानहरुले बुझेको भरपाई राखी उक्त सामानहरु खर्च भएको देखाएपनि भरपाईका विभिन्न पानाहरुको परिमाण जोडजम्मा गरेको छैन । जसले गर्दा उक्त खरिद परिमाण र भरपाईमा उल्लिखित परिमाण भिडान गर्नसक्ने स्थिति छैन । कार्यालयबाट खरिद परिमाण र वितरण भएको परिमाण खुल्ने गरी विवरण तयार गरेको पाइएन ।

४.१. उक्त भरपाईमा उल्लिखित किसानहरुको प्रामाणिकताको लागि निजको परिचय खुल्ने कागजात, प्रतिहेक्टरको आधारमा अनुदान दिएका बिउविजनको हकमा निजको जग्गाधनी प्रमाणपूर्जा, कुनै कृषक समूहको सदस्यको हैसियतमा कुनै अनुदान पाएको हो भने कृषक संलग्न समूह र संस्थाको शिफारिश जस्ता कागजातहरु प्रमाणको रुपमा संलग्न राखी खर्च जनाउनु पर्नेमा सो वेगर नै खर्च गरेकोले एकीन गर्न सक्ने अवस्था छैन ।

४.२. कतिपय अनुदानहरु जिल्ला कृषि विकास कार्यालयबाट सिधै दिने गरेकोमा कृषक बसोबास गने कृषि सेवा केन्द्रको शिफारिस समेत देखिएन ।

५. **ढुवानीमा अनुदान** : बिज बृद्धि कार्यक्रम अन्तर्गत नेपाल कृषि अनुसन्धान परिषदको विलबाट कृषकहरुलाई अनुदान दिएकोमा सो विउहरु ढुवानी बापत अनुदान दिदा सिधै सम्वन्धित कृषकलाई नै रकम भुक्तानी दिनुपर्नेमा कार्यालयका कर्मचारीहरुले सो रकम विउ ढुवानी गरिदिएको भनी सोधभर्ना लिएको पाइयो । निज कृषकहरु आफै कृषि अनुसन्धान परिषदबाट खरिद गरि ल्याएको विउ ढुवानी गरिदिएको भनी कर्मचारीहरुले शोधभर्ना लिनु मनासिव देखिएन ।

६. **साना सिंचाइ अनुदान** : कार्यक्रमबमोजिम अनुदान उपलब्ध गराउने सामान खरिद गर्दा प्रतिस्पर्धाको आधारमा खरिद गरी बितरण गर्नुपर्नेमा सहकारी खेती, साना सिंचाइ तथा मल बीउ ढुवानी कार्यक्रम अन्तर्गत बर्ष भरीमा ८२ किसान समूहलाई रु.४० लाख ४४ हजारको ट्युवेल पम्पिङ्ग सेट लगायतको सिंचाई सामग्री खरिद गरेको बिभिन्न तीन मेशिनरी स्टोरको बिल ८२ किसानलाई उपलव्ध गराएको आधारमा भुक्तानी दिएको पाइयो । सत प्रतिशत अनुदानमा ती किसानलाई उपलव्ध गराएको सिंचाई सामग्री खरिदको लागि कार्यालयले बोलपत्र गरी आपूर्तिकर्ता छनौट नगरी सिधै खरिद गर्ने व्यबस्था मिलाईसम्बन्धित बिक्रेताको बिल बमोजिम पटक पटक भुक्तानी गरी सम्पूर्ण बजेट खर्च गरेको देखिन्छ । यसरी एकै प्रकृतिको सामान खरिद गर्दा प्रतिस्पर्धाको माध्यम अबलम्वन गर्ने व्यबस्था मिलाउनु पर्दछ ।

६.१. किसान समूहसँगको सम्झौतामा निर्माण कार्य आर्थिक बर्षभित्र सम्पन्न गर्नुपर्ने, निर्माण कार्यको सार्वजनिक जानकारी गराउनु पर्ने र कुल लागतको १५ प्रतिशत नगद वा जिन्सी वा स्थानीय श्रम व्यहोर्नुपर्ने उल्लेख भएकोमा सम्झौतामा उल्लेखबमोजिम कार्य सम्पन्न भए नभएको सम्बन्धमा सुनिश्चित हुने अभिलेख कार्यालयमा रहेको छैन ।

७. **प्रांगारिक मलमा अनुदान** : स्वीकृत बजेट तथा कार्यक्रमबमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्नेमा कृषकहरुलाई ३०० मे.टन प्रांगारिक मलमा अनुदान प्रदान गर्न रु.३० लाख बजेट प्राप्त भएकोमा १००.४० मे.टनमा मात्र अनुदान प्रदान गरी ३३.४७ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ । लक्ष्यबमोजिम कार्य नहुनाको कारण स्पष्ट भएन ।

## जिल्ला जनस्वास्थ्य कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरीक व्यवस्था भरपर्दो र प्रभावकारी वनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मूल्याकंन गर्दा वार्षिक खरीद योजना आंशिक रुपमा मात्र तयार भएको, मूल्य नखुलेका माल सामानको मुल्य नखुलाएको, सरकारी घर जग्गा भएको तर त्यसको अभिलेख नराखेको, नगदि रसीद नियन्त्रण खाता नराखेको, सम्भावित जोखिमको पहिचान नगरेकोले सुधार गर्नुपर्ने कुरा एकिन नभएको, जिन्सी निरिक्षण प्रतिवेदन अनुसार लिलाम विक्रि गर्नु पर्ने सामान लिलाम विक्रि गरि र मर्मत गर्नुपर्ने सामान मर्मत गरी प्रतिवेदनको कार्यान्वयन गरेको पाईएन ,कार्यक्रम र्सचालन गर्न पेश्की माथी पेश्की दिने गरेको समयमै पेश्की फछ्र्यौट नगरि आर्थिक वर्ष समाप्त भए पछि मात्र पेश्की फछ्र्यौट गर्ने गरेको र आन्तरिक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन नभएको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरीक नियन्त्रण सुदृढ गरीनुपर्दछ ।

२. **अख्तियारी समयमै प्राप्त नभएको** : आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३२(२) मा वजेट विवरण र खर्च गर्ने अख्तियारी पत्र प्राप्त भएको १५ दिन भित्र विभागीय प्रमुखले मातहतका कार्यालय प्रमुख वा कार्यक्रम संचालन गर्ने कार्यालय प्रमुखलाई कार्यालयगत वजेट विवरण, स्वीकृत कार्यक्रम र खर्च व्यहोर्ने श्रोत खोली खर्च गर्ने अख्तियारी पठाउनु पर्ने उल्लेख छ । कार्यालयले

वजेट उपशिर्षक ३७०८०४३ मा शुरु बजेट भित्रको रु ३९५८००००। र थप बजेट ८००००००। को खर्च गर्ने अख्तियारी २०७३ आषाढ महिनामा मात्र प्राप्त गरेको देखियो । समयमै अख्तियारी प्राप्त नहुंदा कार्यक्रम संचालन लक्षीत रुपमा वाध्य पर्न जाने र प्रगति हासिल हुन नसक्ने हुंदा नियममा उल्लेख भए अनुसारको कार्यतालिका अनुसार अख्तियारी पठाउने व्यवस्था हुन सम्वन्धित निकायले ध्यानदिनुपर्ने देखिएको छ ।

३. **वार्षिक लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा चौमासिक प्रगति बिवरण तयार गरी पेश गर्नुपर्ने र नियम २६ मा उक्त बजेट तथा कार्यक्रम कार्यान्वयन प्रगति समिक्षा गर्नु पर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत कुल १२८ क्रियाकलाप मध्ये १२ क्रियाकलापमा शुन्य प्रगती र २ क्रियाकलापमा २५ प्रतिशत सम्म प्रगती र ५ क्रियाकलापमा ५० प्रतिशत सम्म मात्र प्रगति भएको विवरण पेश भएकोमा न्यून प्रगति भएको कारण तथा पुष्ट्याई उल्लेख नभएकोले समग्रमा स्वीकृत कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता देखिएन ।

४. **चौमासिक खर्चको स्थिति** : स्वीकृत कार्यक्रम अनुसार चौमासिकरुपमा कार्य सम्पादन गरी तोकिएको बजेट खर्च गर्नुपर्दछ । यस कार्यालयमा कार्यक्रम र पुजिगततर्फ देहायबमोजिमको उप शीर्षकहरुमा भएको कुल खर्च रु २३५१८९६०५।– मध्ये ४८.९२ प्रतिशत तेस्रो चौमासिकमा र १५.३८ प्रतिशत रकम असार महिनामा खर्च भएको देखिन्छ । कार्यालयले खरिद योजना अनुसार कार्य गर्न नसकेको कारण बर्षको अन्तमा अत्यधिक खर्च भएबाट कामको गुणस्तरमा समेत असर पर्नसक्ने अबस्था रहेकोले स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नु पर्दछ ।

५. **दरवन्दी तथा पदपूर्ति** : गत बर्ष कुल दरवन्दी ३६० मध्ये ३४३ पूर्ती भै १७ रिक्त रहेको र ४० फाजिलमा कार्यरत देखिएकोले रिक्त दरवन्दी पूर्तीको लागि सम्वन्धित निकायमा माग पठाउनु पर्ने र फाजिलमा रहेकालाई दरवन्दी मिलान एवंव्यवस्थापनको लागि तालुक निकायमा लेखि पठाउनुपर्ने भनि औल्याएकोमा स्थिती यथावत छ ।

६. **धरौटी** : २०७३।३।३० को एक पार्टीको नाममा जारी भएको रु २५००/- को चेक नसाटिएको र रद्ध भएकोमा सो रकम धरौटी खातामा आम्दानी बाध्नु पर्ने देखिएको छ ।

७. **पेश्की कारोवार** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ मा पेश्की दिने र फछ्यौंट गर्नु पर्ने व्यवस्था छ । कार्यालयले ४ ब.शि.नं मा कार्यक्रम सञ्चालन गर्न कार्यक्रम खर्च पेश्की दिंदा र फछ्यौट गर्दा सोको पालना गरेको पाईएन । पेश्की दिदा र फछ्यौट गर्दा सो नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

७.१. पेश्की कारोवार तर्फ नगदी किताव, आर्थिक विवरण र पेश्कीको फाटँवारी (म.ले.प.फा.न. १४) मा बर्षान्तमा रु १७०१८००।– पेश्की बाँकी देखिएकोमा कार्यालयले ट्यावुसबाट तयार गरिएको खर्चको फाँटवारी (म.ले.प.फा.न. १३ मा बढी पेश्की देखाएको रु ४८९०००। का सम्वन्धमा छानविन एवं पेश्की कायम गरी पेश्की फछ्यौट गरीनुपर्दछ ।

७.२. कार्यालयलेकार्यक्रम सञ्चालन गर्न कर्मचारीहरुलाई पेश्की दिदा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(१) बमोजिम लागत अनुमानको आधारमा पेश्की दिनुपर्नेमा केहीमा लागत अनुमान वेगर पेश्की दिने गरेको र केहीमा लागत अनुमान पेश गरेतापनि स्वीकृत कार्यक्रमको नर्म्समा आधारित नभएको हुदा आवश्यक भन्दा बढी पेश्की दिने र कार्यक्रम सञ्चालन पश्चात नगद वाकी रकम विलम्व गरि नगद दाखिला गर्ने गरेको देखियो । यसरी नगद दाखिला गर्दा उक्त नियमावलीको नियम ७९ बमोजिम बाँकी पेश्की रकममा म्याद नाघेको मिति १० प्रतिशत व्याज समेत असुल गरेको छैन । यसरी बढी पेश्की लिई विलम्व गरी नगद दाखिला गरेकोले आगामी दिनमा यसमा नियन्त्रण कायम हुनुपर्दछ ।

७.३. पेश्की खाता परिक्षण गर्दा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७५, ७६ र ७७ बमोजिम तोकिएको समयमा पेश्की फछ्र्यौट नहुने, नियम ७७(३) बमोजिम चालु आर्थिक बर्षको अन्त्यमा बाँकी रहने गरि पेश्की दिन नहुनेमा सो विपरित पेश्की बाँकी देखिएको र ८ महिना सम्म ढिला गरि पेश्की फछ्र्यौट गर्ने गरेकोले पेश्की कारोवारमा प्रर्याप्त नियन्त्रण हुनुपर्दछ ।

७.४. आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ बमोजिम ३ स्वास्थ्य कार्यक्रम तर्फ ८ कर्मचारीको नाउमा आ.व.को अन्यमा पेश्र्की बाँकी देखिएको रु १७,०१,८००।– फछ्र्यौंट गरीनुपर्दछ ।

७.५. बिभिन्न कार्यक्रम सञ्चालनका लागि पेश्की लिएको रकम मध्ये पेश्की लिने २ कर्मचारीले पुन: रु १२६१५०।–अन्य कर्मचारीको नाउमा आंशिक रकम हस्तातरण गरी पेश्की जनाई फाटँवारी पेश गरेको छ ।

७.६. एक खोप अधिकृतले राष्ट्रिय दादुरा रुवेला कार्यक्रम लागि लिएको पेश्की रु ३००४४००।– फछ्र्यौट गरेको मा फाटँवारी तथा बिलभरपाइको पंजिका नरहेको लेखापरिक्षणको क्रममा सो तयार गरि पेश गरेता पनि सो अनुसारको विल भरपाई तथा कागजात क्रम बद्ध नभएको, एउटा फाईलको पन्जिकामा देखाएको खर्चका वील भरपाई अन्य फाईलमा रहेको आदी कारणले कार्यक्रम खर्च सुनिश्चित हुन सक्ने अवस्था छैन ।यस्तै उक्त खर्चको पंजिका अनुसार रु ४७१५०७।– नगद दाखिला सहित रु ३०८६४४०।–का विल भरपाई तथा फाँटवारी पेश गरि रु ३००४४००।– पेश्की फछ्र्यौट गरेको छ। यसरी रु ८१६४०। बढी विल भरपाई सम्लग्न रहेकोले पेश भएका विल भरपाई यथार्थ परक भएको सुनिश्चित हुने आधार रहेन ।

७.७. एक परिवार नियोजन सुपरभाइजरको रु.१८३००००। पेश्की फछ्र्यौटको फाँटवारी परिक्षण गर्दा खर्च नभई रु १३७९७ बाँकी रहेको असुल गरी दाखिला हुनुपर्दछ ।

७.८. राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार कार्यक्रमका लागि एक जनस्वास्थ्य निरिक्षकको रु.१५००००।– पेश्की फछ्र्यौट गरेको गोश्वारा भौचर साथ कुनै प्रमाण सम्लग्न नरहेकोले आधार वेगर पेश्की फछ्र्यौट गरेको रु १५००००।असुल हुनुपर्दछ ।

८. **फाटवारी वेगर फछ्र्यौट** : क्षयरोग नियन्त्रण कार्यक्रमको बार्षिक स्वीकृत क्रियाकलाप अन्तर्गत सुपरभिजन कार्यमा खटिएकाएक कर्मचारीलाई दिईएको पेश्की रु १२२०००।– फछ्र्यौट गर्दाबिल भरपाई वेगर रु ५७८५०।– पेश्की फछ्र्यौट गरेको रकम असुल हुनुपर्दछ। यस्तै निजले एच.आइ.भि. टेष्ट र टि.वि. अर्ध बार्षिक समिक्षा कार्यक्रम सञ्चालन गर्न लिएको पेश्की रु १२८२५०/- फछ्र्यौट गर्दा उक्त प्रमाण नभएको रु १२८२५०।– असुल गर्नुपर्दछ ।

९. **नर्म्स, निर्देशिका कार्यान्वयन स्थिति** : आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका २०६५ वमोजिम स्वास्थ्य संस्थावाट प्रदान गरिने आमा सुरक्षा कार्यक्रमको अनुगमन जिल्ला स्वास्थ्य कार्यालयले गर्ने उल्लेख छ । कार्यालयले १८ वटा स्वास्थ्य सस्था तथा २ वटा अस्पतालवाट पुर्‍याएको आमा सुरक्षा सेवामा भएको प्रति ईकाई अनुदान तथा सेवाग्राही यातायात खर्चको मागका आधारमा भुक्तानी गर्ने गरेको छ। ती संस्थावाट उपलब्ध भएको आमा सुरक्षा कार्यक्रमको नियमित अनुगमन गरेको प्रतिवेदन कार्यालयमा नरहदां निर्देशिकाले तोके वमोजिम सहि उपयोग भयो भनि खर्च एकिन गर्ने आधार देखिएन । अत: कार्यालयले समय समयमा अस्पताल तथा स्वास्थ्य सस्थाको अनुगमन गर्ने तर्फ ध्यान दिनुपर्ने देखियो ।

१०. **सामाजीक सुरक्षा भत्ता** : सामाजिक सुरक्षा भत्ता वापत २ निजी स्वास्थ्य संस्थासंग २०७२।७।१५ र २०७२।७।१८ मा भएको सम्झौता अनुसार प्रसुति सेवा उपलब्ध गराए वापत सेवा ग्राहीलाई यातायात खर्च र प्रोत्साहन भत्ता (प्रोटोकल अनुसार ) प्रसुति सेवा उपलब्ध गराए बापत संस्थालाई कुल रु २५३२३०००।– भुक्तानि गरेकोमा सस्थाले विजक जारी नगरि भरपाईको आधारमा रकम

बुझेको देखिएकोले सो रकम सस्थाको आयमा कर प्रयोजनका लागि समावेश नहुने जोखिम रहेको छ । साथै उक्त सेवा प्रदायकहरुलाई सम्झौता अनुसार गरेको भुक्तानिमा आयकर ऐन २०५८ को दफा ८९ बमोजिम १.५ प्रतिशतले हुने रु३२५४९३।– करकट्टी समेत नभएकोले कुल भुक्तानि रकम को जानकारी सम्वन्धित आन्तरिक राजश्व कार्यालयलाई दिएको प्रमाण पेश गर्नु पर्ने साथै श्रोतमा अग्रीम कर कट्टी गर्नु पर्ने रकम दाखिला हुनुपर्दछ ।

११. **औषधि खरिद :** औषधि खरिदको लागि बोलपत्र माध्यमबाट प्रथम पटक एक मेडिकल हलसंग रु ११८०३००।– सहित ३ पार्टी संग रु २१९५६५०।– का औषधि खरिद गर्न २०७२।९।२१ मार दोश्रो पटक बोलपत्रको माध्यम सोही मेडिकल हलसंग रु १४६७६७१।– मा औषधि खरिद गर्न २०७३।२।२६ मा सम्झौता भएको छ ।उक्त २ सम्झौता अनुसार बार्षिक रु.२६५४९९१।–को औषधी खरिद गरेकोमा औषधिमारकम बचत भएको भनि वोलपत्रको सम्झौता दरमा पुनः सोही पार्टी सगं रु १२०३००९/- का औषधी खरिद भएको पाईयो । उक्त थप औषधि खरिद गर्न भेरिएसन आदेश स्वीकृत भएको छैन भने औषधि खरिदमा प्रतिस्पर्धा सिमित हुन गएको छ। अत : औषधीको लागत अनुमान तयार गरि बास्तविक आवश्यकताको पहिचान गरी सो का आधारमा प्रतिस्पर्धा हुने गरि बोलपत्रको माध्यमबाट खरिद गरिनु पर्दछ ।

१२. **न्यानो झोला खरिद** : यस बर्ष न्यानो झोला ५०१० थान खरिद गर्न रु.७९५/- प्रति ईकाई लागतमा अन्य खर्च ढुवानी र मु.अ.कर सहित कुल रु ४७५०३०७।– को लागत अनुमान स्वीकृत गरेको छ। उक्त ५०१० थान न्यानो झोला बोलपत्रको माध्यमबाट प्रति ईकाई ७९२/- ले खरिद गर्न कवोल अकं रु ३९६७९२०।– मा एक उद्योगसंग २०७२।१२।१४ मा सभ्झौता भएको छ । कार्यालये सो बाहेक थप ८२५ थान न्यानो झोला प्रतिस्पर्धा नगराई सिधै खरिद गरेको छ ।

१३. **औषधि व्यवस्थापन** : स्वास्थ्य क्षेत्र संग सम्वन्धित अत्यावश्यक औषधिको मौज्दातको सिमा निर्धारण हुनुपर्दछ। साथै औषधिको प्रवाह पूल प्रणालीबाट गर्नु पर्ने स्वास्थ्य सेवा बिभागको नीति विपरित पुस प्रणालीबाट औषधिको प्रवाह भए बाट औषधिको न्यूनतम मौज्दात बार्षिक खपतको १३१४.६३% सम्म रहेको पाईन्छ। यस बाट औषधीको उचित प्रयोग नभई स्वास्थ्य सेवा प्रवाहमा असर पर्नाका साथै अनावश्यक लामो समय मौज्दात बस्नाले औषधिको म्याद सकिने स्थिती सिर्जना हुन जान्छ। अत : औषधिको व्यवस्थापन पुल प्रणालीबाट गरी उचित न्यूनतम मौज्दात कायम गरिनु पर्दछ।

१४. **सार्वजनिक लेखा समितिका निर्णय र निर्देशनको कार्यान्वयन** : प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम निशुल्क वितरणको लागि कार्यालयले खरिद गरेका औषधी तथा सर्जिकल सामानहरुमा "नेपाल सरकारबाट नि : शुल्क वितरणको लागि " भन्ने उल्लेख हुनुपर्ने व्यवस्था छ। निशुल्क वितरणको लोगो लगाउन प्रतिस्पर्धात्मक दरमा औषधि खरिद गर्न तथा प्रयोग अवधि पर्याप्त बाँकी रहने गरि औषधि वितरणको व्यवस्थापन गर्न सार्वजनिक लेखा समितिले दिएको निर्देशन पालन हुनु पर्दछ । २०७३।१०।१८ मा भण्डार निरिक्षण गर्दा निशुल्कको लोगो नभएको १० आइटम औषधि र प्रयोग अवधि नभएको, म्याद समाप्त भएको ६ आइटम औषधि रहेको पाईयो ।

१५. **सुपरनेट झुल :** कार्यालयबाट प्राप्त विवरण अनुसार गत बर्षको जिम्मेवारी सरी आएको मौज्दात ७५१४ मा यस बर्ष थप भएको २६५६ समेत हुने झुल सख्या १०१६० मा स्टोरबाट स्वास्थ्य सस्थाहरुमा हस्तान्तरण गरी पठाएको झुल सख्या घटाउदा जिल्ला स्टोरमा भएको १९४२ थान र स्वास्थ्य सस्थामा ३६३८ थान मौज्दात देखिएकोले हस्तान्तरण गरेको झुल र स्वास्थ्य सस्थाले प्राप्त गरेको झुलमा १००० थान फरक देखिन्छ । यसरी स्वास्थ्य सस्थाबाट वितरण नभएको १००० थान झुललाई पनि वितरण भएको देखाई झुल सख्यामा १००० बढी मौज्दात देखाएको छ ।

## जिल्ला पशु सेवा कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्नेमाकार्यक्रमबमोजिम खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणीत गरी भुक्तानी भएको जनाउने छाप लगाउने नगरेको, कार्यक्रमगत खर्च खाता नराखेको, चौमासिक रुपमा खर्च हुने नगरेको, पेश्की फछ्र्यौट गरेको बिल भरपाईमा खर्चको तेरिज संलग्न गर्ने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको,मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेका, कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको,नागरिक बडापत्रमा उल्लेख भएका सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको लगायतका कमी कमजोरी देखिएको छ । बिभिन्न ऐन नियम एवं कार्यबिधिमा तोकिएका व्यबस्थाहरुको अनिवार्य रुपमा अबलम्वन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **चौमासिक खर्च** : स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्य सम्पादन गरी तोकिएको बजेट खर्च गर्नुपर्नेमा कार्यक्रमतर्फका २ बजेट उप शीर्षकमा भएकोरु.४,०१,३८,१३४।४० खर्च भएको मध्ये ५०.६८ प्रतिशत तेस्रो चौमासिकमा र २७.९८ प्रतिशत रकम असार महिनामा खर्च भएको देखिन्छ । बर्षको अन्तमा अत्यधिक खर्च भएबाट सम्पन्न कार्यको रेखदेख, मुल्यांकन लगायतमा चाप पर्न गई कामको गुणस्तरमा समेत असर पर्न सक्ने अबस्था रहेकोले स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नु पर्दछ ।

३. **फरकशीर्षकमा खर्च** : अर्थ मन्त्रालयबाट प्रकाशित खर्च शिर्षकको बर्गिकरण र व्याख्या अनुसार कार्यालय प्रयोजनका लागि आवश्यक पेन ड्राइभ, टोनर, क्याट्रीज सामानहरु कार्यालय सामानबाट लेख्नुपर्नेमा मर्मत सम्भार शिर्षकबाट रु १८,७२१/-खर्च गरेको नियमित देखिएन ।

४. **प्रतिस्पर्धा बेगर खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम प्रतिस्पर्धाको आधारमा खरिद कार्य गर्नुपर्नेमा कार्यालयले कृतिम गर्भाधान, परिजिवि नियन्त्रण, खोप कार्यक्रमतर्फ पटक पटक रु.२१,९९,६९०।– को सोझै खरिद गरेको देखियो । कार्यालयले स्वीकृत कार्यक्रम चौमासिक हिसाबले रहेको, सबै प्रकार सामग्र एउटै स्थानबाट प्राप्त नहुने हुनाले यसो हुन गएको व्यहोरा जनाएको छ ।

५. **अभिलेख** : कार्यालयले कृतिम गर्भाधान कार्यक्रम अन्तर्गत ए.आइ. ग्लोभ्स करिब ७६० पाकेट, ए. आइ. सिथ १२०४ पाकेट जस्ता सामानहरु खरिदमा रु.१४ लाख, परजिवी नियन्त्रण कार्यक्रममा माटेमार, ओरम्यान, अवेन, ओक्सानाइड जस्ता औषधिजन्य सामानहरु खरिदमा रु.६ लाख, तथा खोप कार्यक्रममा सिजर, सर्जिकल ब्लेड लगायतका सामानहरु खरिदमा रु.६ लाख समेत रु.२६ लाख खर्च लेखेकोमा सोको जिन्सीमा आम्दानी बांधी खर्च लेखे पनि कुन कुन प्रकारका पशुहरुमा के कस्ता प्रकारका र के कति परिमाणम प्रयोग भई खर्च भएको हो स्पष्ट रुपमा पुष्ट्याई हुने गरी अभिलेख राखेको छैन । यसबाट खर्च लेखेको सामान एकीन गर्नसक्ने अवस्था छैन । तसर्थ खरिद भएका औषधि अन्य सामानहरु स्पष्ट देखिने गरी अभिलेख राख्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । कार्यालयले आगामी दिनमा सुधार गर्ने व्यहोरा जनाएको छ ।

६. **कार्य सञ्चालन कोष** : कार्य सञ्चालन कोषबाट रु.१२,९०,५५५।– खर्च भएको मध्ये बिभिन्न ६ कार्यक्रममा खर्च भएको रु.११,५४,५५५।– स्रेस्ता कार्यालयमा नरहेकोले परीक्षण हुन सकेको छैन ।

७. **घुम्ती कोषबाट** बिभिन्न व्यक्तिहरुलाई निर्व्याजी ऋण प्रदान भएको समयमै प्राप्त गर्नुपर्नेमा रु ६०,०००।–को भाका नाघेको लगानी असुल गर्नुपर्ने देखिन्छ ।

८. **पेश्की** : एक कर्मचारीलाईनागरिक सुनुवाईको लागि प्रदान भएको पेश्की रु ८०,०००।०० आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट हुन बाँकी रहेकोले नियमानुसार असुल फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

**जिल्ला प्रशासन कार्यालय**

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्नेमाभ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको,पुराना सामानको मूल्य कायम गराई नराखेको, बार्षिक खरिद योजना नबनाएको, कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेको,सवारी साधन मर्मतको अभिलेख नराखेको, राजश्वतर्फ बैंक नगदी किताब नराखेको, राजश्वतर्फ दैनिक आम्दानी टिप्पणी नराखेको, कार्यसञ्चालन कोषतर्फको बैक नगदी किताबमा दामकाम गर्नेले प्रमाणित नगरेको लगायतका कमी कमजोरी देखिएको छ । बिभिन्न ऐन नियम एवं कार्यबिधिमा तोकिएका व्यबस्थाहरुको अनिवार्य रुपमा अबलम्वन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **भवन निर्माण** : सम्झौताबमोजिमको कार्य तालिकाबमोजिम कार्य सम्पन्न गर्नु पर्दछ । कार्यालय भवन निर्माण गर्न २०६८।२।२२ मा भ्याली कन्स्ट्रक्सन प्रा.ली.सँग २४ महिनामा कार्य सम्पन्न गर्नेगरी मु.अ.कर बाहेक रु.३,९०,०२,६७०।६३ मा सम्झौता भएकोमा यो बर्ष चौधौं बिलमा रु. १५,४३,९७०।१४ समेत रु.३,५०,५८,६०२।०२ भुक्तानी भएको देखिन्छ । सुरु म्याद २०७०।२।२१ मा समाप्त भएकोले हर्जना लिने गरी मन्त्रालयको सचिव तहबाट २०७२।५।१९ सम्म म्याद थप गर्ने गरी २०७२।३।२० मा निर्णय भएबमोजिम २०७२।४।१७ मा सम्झौता अंकको १० प्रतिशतले हुने रु.३९,००,२६७– पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी दाखिला गरेको पाइयो । सो अबधि पश्चात म्याद थप पनि नभएको र सम्झौताबमोजिमको कार्य पुरा नभएको अबस्था रहेको देखिन्छ ।

३. **असम्बन्धित शीर्षकबाट खर्च** : आर्थिक कार्यबिधि नियमावली, २०६४ बमोजिम सम्बन्धित बजेट रकमबाट खर्च लेख्नुपर्नेमा इन्धन, खाजा र इलेक्ट्रोनिक मालसामान खरिद गरी रु.४,१९,२७७– भवन निर्माण (२९२२१) बाट खर्च गरेको अनियमित देखिन्छ । कार्यालयले कन्टेन्जेन्सीबाट खर्च गरेको व्यहोरा जनाएको छ । यो बर्ष भवन निर्माणमा रु.१४,०२,७६०।– मात्र खर्च भएकोले कन्टेन्जेन्सीमा अधिकत रु.७०,१३८।– सम्म मात्र खर्च गर्न सकिनेमा बढी खर्च गरी अनियमित गरेको देखिन्छ ।

४. **मुअव्जा बितरण कार्य नभएको** : बिभिन्न आयोजनाबाट मुअव्जा बितरणको लागि प्राप्त रकम समयमै बितरण गर्नुपर्नेमा कार्य सञ्चालन कोषको आय व्यय बिबरणबमोजिम बेलहिया बसन्तपुर सडक योजना र डिभिजन सडक कार्यालय बुटवलबाट बिगतमा प्राप्त रु.१,०५,११,६५३।– जिम्मेवारी सर्न आएकोमा यो बर्ष सो सम्बन्धी कार्य नभएको कारण आगामी बर्षलाई जिम्मेवारी कायम गरेको देखियो ।मुअव्जा बितरणको लागि प्राप्त रकम लामो अबधिसम्म बितरण नगरी राख्नाले आयोजना कार्यान्वयनमा असर पर्न सक्ने देखिएकोले प्राप्त रकम समयमै बितरण गर्नु पर्दछ । कार्यालयले चालु आर्थिक बर्षमा बितरण भईरहेको व्यहोरा जनाएको छ ।

५. **राहदानी बितरण** : कार्यालयले बितरण गर्ने राहदानीको प्रकार र शुल्क अनुसारको संख्या देखिने गरी अभिलेख व्यबस्थित गरी नराखेको कारण बितरित राहदानीको संख्याबमोजिमको राजश्व प्राप्त भए नभएको भिडान गर्न सकिएको छैन । कार्यालयमा रहेको राहदानी बितरणको अभिलेखअनुसार

२०७२।७३ मा १२,१७९ थान राहदानी बितरण भएकोमा कार्यालयले तयार गरेको प्रगति बिबरणमा १२,०५७ थान उल्लेख छ। पासपोर्ट बितरणको संख्या फरक पर्नाको कारण स्पष्ट गर्नुपर्ने देखिन्छ।

## जिल्ला प्रहरी कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्नेमा पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेका,खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणीत गरी भुक्तानी भएको जनाउने छाप लगाई नराखेको, खरिद योजना नबनाएको लगायतका कमी कमजोरी देखिएको छ। बिभिन्न ऐन नियम एंव कार्यबिधिहरुमा तोकिएका व्यबस्थाहरुको अनिवार्य रुपमा अबलम्वन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ।

२. **बार्षिक प्रगति :** बार्षिक बजेट र कार्यक्रम बमोजिम भएका कार्यको प्रगति बिबरण तयार गर्नुपर्नेमा कार्य सञ्चालन कोषतर्फ भवन निर्माणमा रु.१,४३,९४,२५७/- खर्च गरेकोमा प्रगति प्रतिवेदन तयार गरेको पाइएन। छलफलको क्रममा कार्यालयले सुधार गर्ने व्यहोरा जनाएको छ।

## जिल्ला प्राविधिक कार्यालय

१. **कार्यक्रम :** सार्वजनिक खरिद सम्बन्धी कार्यमा चाप परी कामको गुणस्तर, प्रभावकारिता एवं दिगोपनामा समेत प्रभाव पर्ने स्थिति रहने हुँदा समयमै कार्यक्रम तथा अख्तियारी प्रदान गर्नेतर्फ सम्बन्धित तालुक निकायले ध्यान दिनु पर्ने देखिन्छ। कार्यालयलाई २०७३ आषाढमा मात्र कार्यालयलाई रु.९ करोड १८ लाख ५० हजार रकम निकासा भएको छ। जसले गर्दा यस वर्ष कार्यालयले विभिन्न ३ शीर्षक अर्न्तगत २०७३ आषाढ महिनामा मात्र रु.५ करोड ६२ लाख ८८ हजार औषतमा ५३ प्रतिशत खर्च गरेको छ। तसर्थ आर्थिक वर्षको अन्त्यमा मात्र अधिकांश कार्यक्रम सञ्चालन गर्ने परम्परालाई नियन्त्रण गरी चौमासिक कार्य लक्ष्य बमोजिम बजेट र खर्च प्रक्रियाको तादाम्यता मिलाउनु जरुरी देखिन्छ।

२. **ठेक्का बन्दोवस्त :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा निर्धारित समयभित्र कार्य सम्पन्न गर्न, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्ने व्यवस्था छ। कार्यालयले यस आर्थिक वर्षमा २ वटा ठेक्का तेश्रो चौमासिकमा बन्दोवस्त गरेको छ। यसबाट नियमबमोजिम प्रथम चौमासिक अवधीभित्र ठेक्का बन्दोवस्त गरिसक्नुपर्ने व्यवस्थाको पालना नहुने र समयमा निर्माण कार्य सम्पन्न नहुने हुन्छ। नियममा व्यवस्था भएबमोजिम समयमै ठेक्का वन्दोवस्त गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

३. **प्रतिवेदनका व्यहोरा कार्यान्वयन स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) मा जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि लिलाम बिक्री गर्नुपर्ने अवस्थामा ६ महिना भित्र तथा मर्मत गर्नुपर्ने भनी तोकिएका अवस्थामा ३ महिना भित्र मर्मत गरिसक्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयबाट तयार भएको जिन्सी निरीक्षण प्रतिवेदन अनुसारमालसामान मर्मत गर्नु पर्ने तथा डेस्कटप थान २, स्टेन्ड फ्यान थान २, प्रिन्टर थान ३, मोटरसाइकल थान २, एयर कन्डीसन थान १, कुलर थान १, युपिएस थाान ४ , चाइनीज साइकल थान २ र क्यामेरा थान २ लिलाम गर्नुपर्ने भनी औंल्याइएकोमा सो तर्फ आवश्यक कारवाही अगाडि बढाएको देखिएन।

४. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ (३) अनुसार पेश्की रकमको फर्छ्यौटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ ो कार्यक्रमतर्फ रु.४३ लाख मोविलाइजेशन पेश्की फछ्र्यौट हुन बांकी छ।

५. **राष्ट्रिय ग्रामिण यातायात सुदृढीकरण कार्यक्रम :** यस बर्ष सार्वजनिक निमार्ण, पूँजीगत सुधार तथा पूँजीगत अनुसन्धान तथा परामर्श सेवाको लागि रु.२० करोड ९६ लाख ५८ हजार बजेट व्यवस्था भएकोमा रु.१२ करोड ७७ लाख ६६ हजार खर्च भई बजेटको तुलनामा ६०.९४ प्रतिशत वित्तिय प्रगति भएको देखिन्छ। बार्षिक भारित प्रगति ४३.२९ रहेकोमा ४० प्रतिशत प्रगति उल्लेख गरेको छ। यो बर्ष संचालन गरिने कार्यक्रम अन्तगर्त फायरल्यान्ड लुम्बिनी सडक निमार्णमा रु.८० लाख बजेट विनियोजन भएकोमा ढिलो गरी कार्यक्रम तथा अख्तियारी प्राप्तिको कारण कार्य हुन नसकेको र तराई बन्द, इन्धन अभाव आदिको कारण खरिद सम्झौता अनुरुप म्याद थप हुँदा एवं समयमा कार्य सम्पन्न नहुँदा बजेट खर्च भएको छैन।

५.१. गैदहवा खोला आर.सि.सी. पाइल फाउन्डेशन ०.२५ मिटर सिंगल स्पानको पुल निमार्ण गर्न एक निमार्ण सेवा सँग रु.२ करोड ४० लाख ३० हजार मा मिति २०७२।२।२२ बाट कार्य शुरु गरी २०७३।५।१९ मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा मिति २०७३।११।२५ सम्म म्याद थप भएको देखिन्छ। एप्रोच सडक, नदि नियन्त्रण, आर.सि.सि.को सुपर स्ट्रक्चरको कार्य गर्न बाँकी देखिन्छ। म्याद थप भएको समयमा कार्य सम्पन्न हुने स्थिति देखिँदैन। निमार्ण व्यवसायीलाई दोश्रो अन्तरिम बिल सम्म रु.१ करोड ३६ लाख ११ हजार भुक्तानी भएको छ। थप भएको समयमा कार्य सम्पन्न गरिनुपर्दछ।

५.२. मधवलिया भूताहा सडकको ८.५० कि.मि. सडक स्तरोन्नती कार्यको लागि कुल ल.ई. रु.४ करोड ९५ लाख ७६ हजारमा रु.४ करोड ३९ लाख ४९ हजारमा मिति २०७३।२।२२ मा १५ महिना भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा आर्थिक बर्ष २०७२।०७३ सम्म निमार्ण व्यवसायी एक संयुक्त उपक्रमलाई चौथो अन्तरिम बिल सम्म रु.३ करोड २१ लाख १७ हजार भुक्तानी भएको छ। निमार्ण कार्यको सम्झौता बमोजिम २०७३।५।१९ मा सम्पन्न गर्नुपर्नेमा तराईबन्द, इन्धन अभावको कारण २०७३।५।८ मा दिएको निवेदन अनुसार काबु बाहिरको परिस्थितिको कारण समय गणना सिटबमोजिम १५४ दिन म्याद थप गरी २०७३।१०।२३ सम्म कायम गरेको छ। समयमा कार्य सम्पन्न गरिनु आवश्यक छ।

५.३. हाटिवनगाई– सेमरा –खैरा घाट २२ कि.मी. सडक अन्तगर्त ०+००देखि ३+८००र ८+२०० देखि २२+०००सम्मको मार्ग अद्यावधिक ममर्त गर्न ११ फेब्रुअरी २०१६ देखि कार्य शुरु गरी ५ महिना भित्र कार्य सम्पन्न गर्न रु.१ करोड ७८ लाख ४० हजार मू.अ.कर समेतमा सम्झौता भएकोमा प्रथम माइलस्टोनमा परिवर्तन हुने गरी २०७३।३।१५ मा सम्पन्न गर्नुपर्ने कार्य २०७३।४।३० सम्म म्याद थप भएको देखिन्छ। समयमा कार्य सम्पन्न गरिन आवश्यक छ। यो बर्ष एक निमार्ण सेवालाई रु.१ करोड ५४ लाख २ हजार भुक्तानी भएको छ। निमार्ण कार्य अन्तगर्त ट्राफिक संकेत पोष्टजस्ता कार्य गर्न बाँकी देखिन्छ। म्याद थप भएको समय भित्र कार्य सम्पन्न गरिनुपर्छ।

५.४. धकधई–खैरनी सडक स्तरोन्नतीको १७.५० कि.मि. सडक निमार्णको कुल लागत अनुमान रुं १० करोड ३६ लाख ८० हजारमा एक संयुक्त उपक्रमको मूल्य अभिबृद्धि कर समेत रु.८ करोड ५८ लाख २० हजारमा निमार्ण खरिद स्वीकृत भई ३० सेप्टेम्बर २०१५ देखि कार्य शुरु गरी १६ डिसेम्बर २०१६ भित्र १५ महिनामा कार्य सम्पन्न गरी सम्झौता भएको छ। निमार्ण व्यवसायीलाई चौथो अन्तरिम विल सम्म रु.४ करोड १५ लाख ९ हजार भुक्तानी भएको छ।सन् २०१७।२।१९ मा हस्तान्तरण गर्ने गरी २०१६।१२।३० मा विटुमिनसको कार्य सम्पन्न गर्ने, २०१६।९।२७ भित्र सववेश, बेस र सोल्डरको कार्य पुरा गर्ने, आर.सि.सि. स्ट्रक्चरको कार्य २०१६।६।२८ सम्म सम्पन्न गर्ने, २०१६।५।१० मा ग्याबिन र २०१६।४।९ मा ब्रिक मेशिनरीको कार्य पुरा गर्ने संशोधित कार्य सेड्युल दिएकोमा १७ फेब्रेअरी २०१७ सम्म २ महिना थप समय माग भई स्वीकृत भएको देखिन्छ। सम्झौताको शुरु मुल्य रु.८ करोड ५८ लाख २० हजारमा ३.३ प्रतिशत भेरियशन अर्डर स्वीकृतिको

लागि निमार्ण व्यवसायीबाट माग भएको छ। निमार्णको समयावधि बढ्दै जानु र ग्याबिन, स्ट्रक्चर, सिलकोट, माटो, इम्बेक्मेन्ट र कम्प्याक्सन जस्ता कार्यमा न्यून प्रगति समेत देखिएबाट थप गरेको समयमा कार्य सम्पन्न हुने स्थिति देखिँदैन ।

५.५. छपिया फर्साटिकर ठेक्का नं.२२.१ को ० देखि १४ कि.मी. सडक आवधिक ममर्त गर्न शुरुमा रिभाइज्ड भई रु.१ करोड ४० लाख २ हजार ल.ई. मा रु.१ करोड १५ लाख ८९ हजार मा अरनिको एशियाटिक संयुक्त उपक्रमसँग सम्झौता भई रु.१करोड ९ लाख १३ हजार मिति ०७३।३।२६ मा भुक्तानी भएको छ। शुरुको लागत अनुमानमा ग्राभेल, सववेश, प्राइमकोट आदिमा परिवर्तन गरी सडकबोर्डको बजेटबाट ४८४ मिटरबाट कार्य गराएको घटाई परिमाण घटाएको छ। सिलकोट २९४०० व.मी. गर्नुपर्नेमा दोहोरो परेको कारण २३६८१ व.मि. को प्रति रु.१००। ले भुक्तानी भएको देखिन्छ। एउटै सडकमा दोहोरो कार्य नपर्ने गरी कार्यक्रम छनौट गरिनुपर्दछ।

६. **पुर्ननिमार्णका लागि पुर्नस्थापना कार्यक्रम** : यस कार्यक्रममा १५ कार्यक्रमको लागि रु.९९ लाख बजेट व्यवस्था मध्ये बुटवल न.पा.को वडा नं ४ भवन निमार्णको लागि रु.५० लाख बजेट व्यवस्था भएकोमा सो अनुरुप मु.अ.कर समेत रु.४७ लाख ६१ हजारको लागत अनुमानमा ठेक्का व्यवस्थापन हुँदा सबैभन्दा न्यून कबोल गर्ने निमार्ण व्यवसायी सगुन कन्सट्रक्सनको रु.३५ लाख १४ हजार स्वीकृत भई २०७३।३।१५ भित्र कार्य सम्पन्न गर्ने गरी २०७२।१०।१२ मा सम्झौता भएको छ। उक्त ठेक्का खरिद बापत निमार्ण व्यवसायीलाई मूल्य अभिबृद्धि कर समेत रु.३० लाख ६ हजार भुक्तानी भएको छ। कुल ल.ई.मा २६ प्रतिशत घटी तथा स्वीकृत लागतमा ३७ प्रतिशत घटी भुक्तानी भई कार्य सम्पन्न गरेको देखिन्छ। लागत अनुमान बमोजिमको परिमाणमा निमार्ण व्यवसायीबाट कार्य सम्पन्न गरेको आइटम परिमाणमा ५३ प्रतिशत सम्म कम कार्य भएको देखिन्छ। लागत अनुमानमा उल्लेख भएको परिमाणको कार्य उपलब्धतामा ध्यान दिएको देखिएन ।

७. **शान्तिको लागि विकास कार्यक्रम** : यो बर्ष विभिन्न ४० कार्यक्रमको लागि रु.१ लाख देखि रु.५ लाख सम्मका विद्यालय, मन्दिर, सामुदायिक भवनको पूर्ननिमार्ण एवं पुनस्थापना र नयाँ निमार्णको लागि रु.६९ लाख २० हजार बजेट व्यवस्था भएकोमा रु.६० लाख ५१ हजार खर्च गरेको छ । प्राप्त भएको ४० कार्यक्रम मध्ये जिल्ला अन्तगर्त नपरेका २ कार्यक्रमको रु.४ लाख र जनता प्रा.वि. कम्पाउन्ड वाल फर्साटिकर तथा पशुपति सामाजिक भवन सालझण्डीको ३ लाख सम्झौता भई कार्यन्वयनमा नआई कुल रु.७ लाख बजेट निश्क्रिय भएको छ। अन्य ३६ कार्यक्रम सम्पन्न भई सम्बन्धित उपभोक्ता समितिलाई निर्देशिका बमोजिम १० प्रतिशत लागत भन्दा बढि व्यहोरी कार्य सम्पन्न गरेको छ । सम्पन्न भएका कार्यक्रम/आयोजनाको ममर्त संभार एवं संचालनको जिम्मेवारी सहित उपभोक्ता समितीलाई हस्तान्तरण गरिनुपदर्छ ।

## जिल्ला भू–संरक्षण कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्नेमा निर्माण कार्यको लगत इष्टिमेट, नापी किताव र कार्यसम्पन्न प्रतिवेदन आदिमा तयार पार्ने, पेश गर्ने, जाँच गर्ने र सदर गर्ने कर्मचारीको नाम, पद, छाप एवम् मिति उल्लेख गर्ने नगरेको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, नागरिक बडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्यक्रमगत खर्च खाता नराखेका लगायतका कमी कमजोरी सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **चौमासिक खर्च** : स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्य सम्पादन गरी तोकिएको बजेट खर्च गर्नुपर्नेमा पुजिगततर्फका ४ बजेट उप शीर्षकमा रु.२,२६,३४,३३२।– खर्च भएको मध्ये ५७.

४१ प्रतिशत तेस्रो चौमासिकमा र २१.२० प्रतिशत रकम असार महिनामा खर्च भएको देखिन्छ। कार्यालयले खरिद योजना अनुसार कार्य गर्न नसकेको, सम्झौताबमोजिम समयमै कार्य नभएको कारणले तेस्रो चौमासिकमा अत्यधिक खर्च भएको देखिन्छ। बर्षको अन्तमा अत्यधिक खर्च भएबाट सम्पन्न कार्यको रेखदेख, मुल्यांकन लगायतमा चाप पर्न गई कामको गुणस्तरमा समेत असर पर्न सक्ने अबस्था रहेकोले स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नु पर्दछ।

३. **राष्ट्रपति चुरे तराई मधेश कार्यक्रम** : कपिलवस्तु जिल्लामा भएको जलाधार क्षेत्र संरक्षण कार्य सम्बन्धमा यस कार्यक्रम अर्न्तगत जिल्लामा घोडा खोला लजाधार क्षेत्रको संरक्षणको लागि व्यबस्थापन योजना बनाई २०६९।७० देखि कार्य भईरहेको पाइयो । उक्त योजना अनुसार कुल लागत रु.४ करोड ६० लाख ९९ हजार भएको बिभिन्न संरक्षण कार्यको लागि २०७२।७३ मा खर्च भएको रु.५५ लाख ४९ हजार समेत सो बर्षसम्म रु.१ करोड७९ लाख २२ हजार खर्च भएको पाइयो । सम्पन्न गर्ने अबधि नखुलेको उक्त योजना सुरु भएको ४ बर्षमा खर्चको हिसाबले ३८.८८ प्रतिशत कार्य भएको देखिन्छ। घोडा खोला जलाधार क्षेत्रमा जिल्ला वन कार्यालयले समेत कार्य भएकोमा दुई कार्यालयले गर्ने कार्यको सम्बन्धमा एकीकृत योजना तयार गर्नुपर्नेमा आ–आफ्नै प्रकारले कार्य गर्ने गरेको पाइएकोले यी निकायको कार्यमा दोहोरपना हुन सक्ने अबस्था समेत रहेको देखिन्छ।

यसै कार्यक्रम अर्न्तगत कपिलवस्तुमा जिल्लामा वाणगंगा खोला लजाधार क्षेत्रको संरक्षणको लागि २०६९।७० देखि कार्य भईरहेको पाइयो । व्यबस्थापन योजना नबनाई कार्य भईरहेको उक्त जलाधार क्षेत्रमा २०७२।७३ मा खर्च भएको रु.४५ लाख ९९ समेत सो बर्षसम्म रु.१ करोड २९ लाख ९५ हजार खर्च भएको पाइयो । उक्त जलाधार क्षेत्रमा जिल्ला वन कार्यालय, जिल्ला कृषि कार्यालय, जिल्ला पशु सेवा कार्यालय र जल उत्पन्न प्रकोप व्यबस्थापन डिभिजन कार्यालय समेतले कार्य गरी रहेको बुझिन आएकोमा बिभिन्न ५ निकायले गर्ने कार्यको सम्बन्धमा एकीकृत योजना तयार गर्नुपर्नेमा आ–आफ्नै प्रकारले कार्य गर्ने गरेको पाइएकोले यी निकायको कार्यमा दोहोरोपना हुन सक्ने अबस्था समेत रहेको देखिन्छ।

४. **वन बिरुवा बितरण** : जिल्ला भूसंरक्षण कार्यक्रम अन्तर्गत यो बर्ष ५० हजार बिरुवा उत्पादन गरी रु.४ लाख खर्च गरेको देखिन्छ। कार्यालयले रानीगञ्ज नर्सरीमा उत्पादन गरेको उक्त बिरुवा मध्ये बिभिन्न २३ व्यक्ति तथा संस्थालाई ५२ देखि ३०,४१० सम्मका दरले ४५,०९० बितरण बितरण गरेको देखिन्छ । उत्पादित बिरुवाहरु केही व्यक्ति तथा संस्थालाई अत्यधिक संख्यामा बितरण गरिएकोमा ती बिरुवाहरुको सही प्रयोग भए नभएको सम्बन्धमा कार्यालयबाट अनुगमन गरी प्रतिवेदन लिएको समेत देखिएन। व्यक्तिहरुलाई धेरै संख्यामा बिरुवा प्रदान गर्दा सो व्यक्तिले ती बिरुवाहरु कुन स्थानमा रोप्ने भन्ने सम्बन्धमा समेत उल्लेख गरेको देखिएन।

५. **फलफुल बिरुवा बितरण** : बहु सरोकारवाला वन कार्यक्रम अन्तर्गत दिलिप फलफूल बागमती नर्सरी फर्म, रौतहटबाट रु.२ लाखको आँप, लिचि लगायत बिभिन्न प्रजातिका २,९०० फलफूलका बिरुवा खरिद गरी मा र केदार फलफूल नर्सरी बागवानी फर्मबाट रु.३ लाखको ४,४०० फलफूलको बिरुवा खरिद गरी कपिलवस्तुमा विभिन्न समूह मार्फत स्थानीयलाई बितरण गरेकोमा ती बिरुवाहरुको सही प्रयोग भए नभएको सम्बन्धमा कार्यालयबाट अनुगमन गरी प्रतिवेदन लिएको समेत देखिएन । व्यक्तिहरुलाई धेरै संख्यामा बिरुवा प्रदान गर्दा सो व्यक्तिले ती बिरुवाहरु कुन स्थानमा रोप्ने भन्ने सम्बन्धमा समेत उल्लेख गरेको देखिएन।

# जिल्ला वन कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले ऐन नियम एंव कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपनेमाअन्य प्रयोजनको लागि उपलव्ध गराएको वनक्षेत्रको जग्गाबाट सम्झौताबमोजिम प्राप्त हुनुपर्ने र प्राप्त भएको रोयल्टिको अभिलेख नराखेको, चल्ती मेशिन र सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं.२ मा अभिलेख नराखेको, भ्रमण अभिलेख खाता नराखेको, बार्षिक खरिद योजना नबनाएको, समयमा नै पेश्की फछ्र्यौट हुने नगरेको, पहिलो पटक दिएको पेश्की फछ्र्यौट नगरी पुनः थप पेश्की दिने गरेको, कार्यालय/आयोजनाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको लगायतका कमी मकजोरी सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **वन मुद्दा :** कार्यालयले निर्णय गर्ने वन मुद्दाको सम्बन्धमै टुङ्गो लगाउनु पर्नेमा वन पैदावार चोरी निकासी तथा वन अतिक्रम र वन्यजन्तुतर्फ जिम्मेवारी सर्न आएको ९ र यो बर्ष दायर भएको १२ समेत २१ मुद्दा फैसला गर्नुपर्ने मध्ये १३ मुद्दा फैसला भई ८ मुद्दा फैसला हुन बाँकी देखिन्छ । जिल्ला अदालतमा दायर भएको मुद्दामा बरामद भएका काठ र बिभिन्न प्रकारका सवारी साधनहरु कार्यालय गुणस्तर ह्रास हुने क्रममा रहेको देखिन्छ ।

३. **वन अतिकमण :** कार्ययोजना बनाई वन अतिक्रमण हटाउनु पर्नेमा ८ हजार ३४६ हेक्टर क्षेत्रमा बन अतिकमण भएको मध्ये यो बर्ष कुनैपनि क्षेत्रबाट वन अतिक्रमण हटाउन सकेको छैन । वन अतिक्रमणले वन क्षेत्रमा ह्रास आउने देखिएकोले यस्तो अतिक्रम हटाउन कार्य योजना बनाई पहल गर्नु पर्दछ ।

४. **अन्य प्रयोजन :** कार्यालयमा रहेको अभिलेख अनुसार बिभिन्न १० निकायलाई वन क्षेत्रको १ हजार ५४४.६६ हेक्टर जग्गा अन्य क्षेत्रलाई उपलव्ध गराएको देखिन्छ । यसरी वन क्षेत्रको जग्गा उपलव्ध गराइएको देहायका आयोजानहरुले सम्झौता बमोजिम गर्नुपर्ने क्षतिपूर्ति बृक्षारोपणको कार्य गरेको देखिएन । सम्झौताबमोजिम उपलव्ध गारउनु पर्ने जग्गा समेत जिल्ला वन कार्यालयलाई उपलव्ध गराएको पाइएन ।आयोजनासँग भएको सम्झौताबमोजिको रोयल्टी रकम प्राप्त गनुपर्नेमा एक इस्टिच्युटबाट २०७२।७३ को रु.५०,७३१।– असुल हुन बाँकी देखिन्छ ।

५. **विरुवा उत्पादन र बितरण :** कार्यालयले उपलव्ध गराएको बिबरणबमोजिम बिभिन्न कार्यक्रम अन्तर्गत देहायबमोजिम रु.२५ लाख २० हजार र नर्सरी मर्मतमा रु.२ लाख १० हजार समेत रु.२७ लाख ३० हजार लागतमा५ लाख १२ हजार बिरुवा उत्पादन भएकोमा सम्पूर्ण बिरुवा बिबरण प्राप्त भएको छ ।साथै कार्यालयबाट बिभिन्न कार्यकम अन्तर्गत बितरित बिभिन्न प्रजातिका बिरुवा रोपण भए नभएको सम्बन्धमा कार्यालयबाट पर्याप्त अनुगमन गर्नु पर्दछ ।

६. **अग्रिम आयकर :** आयकर ऐन, २०५८ बमोजिम बिभिन्न पाँच संस्थालाई सेवा शुल्क भुक्तानी गर्दा अग्रिम आयकर घटी कट्टी भएको रु ४,५१५/- असुल हुनुपर्ने देखिन्छ ।

७. **उपभोक्ता समिति:** उपभोक्ता समितिमार्फत भएको कार्यको कार्यालयवाट विल भरपाई माग गर्ने र प्रभावकारी अनुगमन गरी अनुदान रकमको सदुपयोग भएको कुरामा आश्वस्त हुनुपर्ने देखिन्छ ।

८. **पेश्की बाँकी :** आर्थिक कार्यबिधि नियमावली, २०६४ बमोजिम समयमै पेश्की फछ्र्यौट गर्नुपर्नेमा आर्थिक बर्षको अन्तमा रु १३,८६,५००/- पेश्की फछ्र्यौट हुन बाँकी रहेको देखिन्छ ।

९. **अत्यधिक पेश्की कारोबार :** आर्थिक कार्यबिधि नियमावली, २०६४ बमाजिम आबश्यक परेको अबस्थामा मात्र पेश्की प्रदान गर्नुपर्नेमा बिभिन्न कार्यक्रमहरुमा कुल खर्चको १०० प्रतिशतसम्म पेश्की प्रदान गरी कार्यक्रम सञ्चालन गरेबाट अत्यधिक रुपमा पेश्की कारोबार भएको देखिन्छ ।

एकै व्यक्तिलाई पेश्की माथि पेश्की प्रदान गर्ने, आर्थिक बर्षको अन्त्यमा मात्र फछ्र्यौट गराउने, कतिपय अबस्थामा पेश्की रकम नगदै जम्मा गरी फछ्र्यौट गराउने गरेबाट आश्यकता बिचार नगरी एवं नियमावलीको व्यबस्थालाई ख्याल नगरी अत्यधिक मात्रामा पेश्की मार्फत कार्य गराउने परिपाटीले आर्थिक अनुशासनलाई कमजोर बनाउने भएबाट पेश्की कारोबारमा नियन्त्रण गर्नु पर्दछ ।

१०. **कटान सहमति** : कार्ययोजनामा उल्लेख भएको परिमाणबमोजिम वन पैदावार (काठ) संकलन गर्नु पर्दछ । बिभिन्न ४ सामुदायिक वन समूहको स्वीकृत कार्य योजनामा उल्लेख भएको परिमाणभन्दा ८ हजार १३.९२ क्यू.फिट बढी कटान सहमति दिएको कारण बढी परिमाणमा काठ संकलन भएको देखिएको छ । यसबाट कार्य योजनामा उल्लेख भएको व्यहोरा पालना भएको देखिएन । कार्यालयले सामुदायिक वनको बैज्ञानिक वन व्यबस्थापन कर्याबिधि, २०७१ बमोजिम स्वीकृत बार्षिक कटान परिमाण मात्र भएको व्यहोरा जनाएको छ ।

११. **सामुदायिक वन उपभोक्ता समुह** : यस जिल्लामा वन नियमावली २०५१ अनुसार हस्तान्तरण भएका ९९वटा सामुदायिक वन उपभोक्ता समूह मध्ये कुनै पनि उपभोक्ता समुह सामुदायिक वन उपभोक्ता समुह आयकरमा दर्ता भएको देखिएन । आयकर ऐन २०५८ को दफा ७८ ले कुनै पनि व्यक्तिको पहिचान गर्ने प्रयोजनका लागी विभागले व्यक्तिलाई स्थायी लेखा नम्वर जारी गर्ने उल्लेख छ । वन नियमावली २०५१ को नियम २७ (छ) अनुसार दर्ता हुने सामुदायिक वनहरु आयकर ऐन २०५८ बमोजिम व्यक्तिको परिभाषा भित्र पर्ने हुँदा आयकर प्रयोजनका लागी स्थायी लेखा नम्वर लिन प्रोत्साहन गर्नु पर्ने देखियो । वन ऐन, २०४९ को दफा ४४ अनुसार सामुदायिक वन उपभोक्ता समितिले प्रत्येक बर्ष आर्थिक बर्ष समाप्त भएको एक महिना भित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सामुदायिक वनको स्थिति समेत खुलाई आफ्नो कृयाकलापको बार्षिक प्रतिवेदन जिल्ला वन कार्यालय समक्ष पेश गर्नुपर्ने व्यवस्था अनुसार २०७१।७२ बार्षिक प्रतिवेदन हालसम्म प्राप्त भएको देखिएन ।

१२. **लगत कायम नगरेको** : कार्यालयले बिक्री गर्न बाँकी काठको मूल्यांकन गरी सो मूल्य राजश्वको आर्थिक बिबरणको लगत महलमा उल्लेख गर्नु पर्दछ । कार्यालयले उपलव्ध गराएको काठ दाउराको बार्षिक बिबरण अनुसार २०७२ असार मसान्तमा जिल्ला वन कार्यालयतर्फ १५,७००.९९ क्यू. फिट काठ र १०३.५० चट्टा दाउरा मौज्दात देखिएकोले उक्त बाँकी काठको मूल्यांकन गरी सोको मूल्य राजश्वको आर्थिक बिबरणको लगत बाँकी महलमा देखाएको छैन । मौज्दात बाँकी काठको मूल्यांकन गरी लगत कायम नगरिएको अबस्थामा काठको लगत नै लोप भई राजश्व असुलीमा असर पर्न सक्ने देखिएकोले उल्लेख भए अनुसार मूल्यांकन गरी राजश्वको लगतमा समाबेश गर्नुपर्ने देखिन्छ ।

१३. **धरौटी** : खातामाभन्दा बैंक घटी हुन गएको रकम यकिन गरी असुल गर्नुपर्नेमा गत बिगत देखि बैंक घटी भएको रु.६६,६१८।७३ को स्थिति यथावतै रहेको देखियो । २०२४।२५ देखि नै फरक परेको कारण यकिन गर्न नसकिएको व्यहोरा कार्यालयले जनाएको छ ।

१४. **वन बिकास कोष** : वन बिकास कोष खातामा रु.७,१९,२६६।५० मौज्दात बाँकी भएकोमा सो मध्ये रु.६,१९,२५०।५० केन्द्रीय वन बिकास कोषमा दाखिला गरी बैंक खाता बन्द गरेको देखिन्छ । खातामा बाँकी देखिएको रु.९९,९७६।– सडक दुर्घटनामा मृत्यु भएका लेखापालको जिम्मामा रहेको कारण बैंक मौज्दात घटी हुन गई केन्द्रीय कोष दाखिला हुन नसकेको भन्ने गत बर्षको स्थिति यथावत रहको देखियो ।

१५. **अनुगमन लेखापरीक्षण र सम्परीक्षण** : कार्यालयले गत बर्ष (२०७१।७२) को रु.१५,३९,०९१।४१ बेरुजु कायम भएको मध्ये हालसम्म रु.१०,९८,९५१।२० फछ्र्यौट गरी लगत कट्टा गरेको पाइयो । लेखापरीक्षणको क्रममा रु.१०,९८,९५१।२० सम्परीक्षण भएको छ ।

## जिल्ला विकास समितिको कार्यालय

१. **खरिद योजना** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ अनुसार एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि वार्षिक दश करोडभन्दा बढी रकमको खरिद गर्नुपर्नेमा नभएकोले खरिद गुरुयोजनाको अधिनमा रही वार्षिक खरिद योजना तयारीमा कार्यालयको ध्यानाकर्षण हुनु अत्यन्त जरुरी देखिन्छ ।

२. **प्रगति** : कार्यालयले आफ्नो लक्षित कार्यक्रमहरु तोकिएको समयमै सम्पन्न गर्नुपर्दछ । ५३० कार्यक्रममा भौतिक प्रगति९१.८८ र वित्तिय प्रगति ८५.२८ प्रतिशत देखिएको छ । यसरी कार्यक्रम पूर्णरुपमा सम्पन्न नहुनुमा कार्यान्वयन प्रक्रिया ढिलो हुनु प्रमुख कारण रहेको छ । योजनाहरु समयमै कार्यान्वयन गर्ने तथा समयमै टुङ्ग्याउन अनुगमन तथा निरीक्षण गरी शत प्रतिशत प्रगति हासिल गर्नेतर्फ कार्यालय सकृय हुनुपर्दछ ।

३. **बर्षान्तमा सम्झौता** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३९ (१४) अनुसार जिल्ला विकास समितिले बर्षान्तमा आई कुनैपनि नयाँ कार्यक्रम आयोजनामा रकम बाँडफाँड गर्न, रकम निकासा दिन, कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि सम्झौता गर्न, पेश्की दिन वा अख्तियारी दिन नपाउने व्यवस्था छ । कार्यालयले ४ कार्यक्रमको २०७३ आषाढमा सम्झौता गरेको छ । अत: कार्यविधिको व्यवस्था विपरित ढिलो गरी योजना सम्झौता गर्ने परिपाटिको अन्त्य हुनुपर्दछ ।

४. **वीमा सम्वन्धमा** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १२० (१) अनुसार खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक १० लाखभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले विमा गराउनुपर्ने उल्लेख छ । कार्यालयले सञ्चालन गरेका रु.१० लाख भन्दा बढीको निर्माण कार्यको ४ कार्यक्रम र योजनामा नियमावलीमा उल्लेख गरेको सामाग्री तथा निर्माण कार्यको प्रतिस्थापन खर्च वापत बीमा गराएको पाइएन । भविष्यमा आउन सक्ने संभाब्य जोखिम न्यूनिकरण गर्ने कार्यमा यथेष्ट ध्यान दिनुपर्ने समेत देखिन्छ ।

५. **जिल्ला परिषद्को निर्णय** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १९७ मा जिल्ला विकास समितिले जिल्ला विकास योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्बन गर्नुपर्ने, जिल्ला विकास समितिबाट प्राप्त आयोजना तथा कार्यक्रमहरुलाई मूल आधार मान्नुपर्ने र जिल्ला परिषद्ले प्रत्येक वर्षको फाल्गुण मसान्तभित्र जिल्ला विकास योजना पारित गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम २०० मा जिल्ला परिषद्बाट पारित भई स्वीकृत भएका कार्यक्रम कार्यतालिका बनाई जिल्ला विकास समितिले कार्यान्वयन गर्नुपर्ने व्यवस्था समेत छ । कार्यालयले कार्यक्रम तथा योजनाका लागि विभिन्न मितिमा परिषद्बाट प्राप्त योजना तथा कार्यक्रमको थपघट तथा संशोधन गरेको देखिन्छ ।

६. **योजना बाँडफाँड** : मन्त्रालयले स्वायत्तशासन ऐनको व्यवस्था विपरीत रु.१ लाख देखिका कार्यक्रमका आधारमा योजना बाड्ने र योजना तजुंमा प्रक.या समेतको वेवास्ता गरेको कारण स्थानीय जनताले आफ्नो आवश्यकतानुसारको विकास क्रियाकलापमा सहभागी हुने अवसरबाट समेत बञ्चित हुनुपनांका साथै स्थानीय निकायको स्वयत्ततामा समेत असर पनं जान्छ । अत: ऐन नियममा भएको व्यवस्था अनुसार योजना छनौट भइं कायांन्वयन गरिनुपदंछ । जस्तै, ग्रामिण

खानेपानी तर्फ १० र विद्युत विकास योजनामा १६ कार्यक्रम रु.१ लाख देखि रु.५ लाख सम्म रहेका छन् ।

७. **आर्थिक कारोवारको निरीक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२२ (२) मा जिल्ला विकास समितिको सचिवले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहयोग लिई गाउँ विकास समिति र नगरपालिकाको आर्थिक कारोवारको कम्तिमा वर्षमा १ पटक निरीक्षण गरी सो को प्रतिवेदन सम्वन्धित गा.वि.स., न.पा. र स्थानीय विकास मन्त्रालयमा पेश गर्नुपर्ने उल्लेख भएकोमा जिल्ला विकास समिति अन्तर्गतको गा.वि.स. तथा न.पा. बाट भएको आर्थिक कारोवारको निरीक्षण गरी प्रतिवेदन दिने गरेको देखिएन ।

८. **धरौटी** : गत विगत देखि बैंक हिसाबमा घटी देखिएको रु.६,४७,९४०। मिलान गर्न र घटी देखिएको छानवीन गरी श्रेस्ताको मौज्दातसँग बराबर देखाउन बर्षेनी व्यहोरा औंल्याउँदै आएकोमा यो बर्ष पनि स्थिति यथावत छ । धरौटीको आयुगत वर्गीकरण गरी चारित्रिकरण नगरेको, आय बर्ष २०५७।५८ देखिको धरौटी रकमहरुलाई जिम्मेवारी सारेको, सम्पर्क कायम हुन नसकेका धरौटी रकमहरुलाई सदरस्याहा नगरेको र मौज्दात समर्थन पत्र नलिएको स्थिति विद्यमान छ। सुधार गर्नु जरुरी छ ।

९. **धरौटी फिर्ता** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) मा धरौटी फिर्ता गर्दा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न व्यक्ति तथा संस्थालाई करचुक्ता एवं मुल्य अभिबृद्धि कर समायोजनको विवरण वेगर रु.१ लाख७ हजार धरौटी फिर्ता गरेको देखिँदा उक्त प्रमाणहरु प्राप्त गरी धरौटी फिर्ता गरेको रकम नियमित गर्नुपर्ने देखिन्छ ।

१०. **पेश्की** : स्थानीय निकाय आथिंक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फाँटवारी पेश गरी फछ्र्यौंट गर्नु गराउनपर्ने व्यवस्था छ। कार्यालयमा यस आर्थिक वर्षको अन्त्यसम्म कायम रहेको ५ करोड ७७ लाख ८७ हजार पेश्की आ.व.को अन्त्यमा फछ्र्यौट भएको देखिएन । यसबाट एकातर्फ आर्थिक ऐन नियमको परिपालना नहुने र अर्कोतर्फ पेश्कीको मात्रा बढदै जान्छ । तसर्थ, यस्तो प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

११. **आन्तरिक लेखापरीक्षण** : स्थानीय स्वायात्त शासन ऐन, २०५५ को दफा २३२(१) मा जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाले गर्नेछ भन्ने उल्लेख छ। यसैको आधारमा आन्तरिक लेखापरीक्षण शाखा गठन गरी ३ जनाको दरबन्दी रहेकोमा दरबन्दी अनुसार १ जना लेखापाल र १ जना सहायक लेखापाल पदपूर्ति भएको पाइएन । जिल्ला विकास समिति अन्तगर्त विषयगत शाखा गा.वि.स.का आय व्यय र धरौटीको श्रेस्ता मासिक रुपमा लेखापरीक्षण गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन । गाउँ विकास समितिहरुको बेरुजु लगत राखेको देखिएपनि सम्परीक्षण गर्ने गरेको पाइएन । कोष तथा आन्तरिक आयको लेखापरीक्षण प्रतिवेदन दिएको पाइएन । नियमको प्रावधान अनुरुप मासिक रुपमा लेखापरीक्षण गर्ने, सो को प्रतिवेदन दिने र प्राप्त प्रतिवेदनको आधारमा भएका कमी कमजोरीलाई सुधार गर्ने तर्फ आन्तरिक लेखापरीक्षकको साथै सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ ।

१२. **स्थानीय निकायको लेखापरीक्षण** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६९ र १३५ मा स्थानीय निकायको लेखापरीक्षण सम्बन्धी व्यवस्था छ । आर्थिक बर्ष २०७२।७३ मा प्राप्त विवरण अनुसार लेखापरीक्षण गर्नुपर्ने ४८ गाउँ विकास समितिको लागि २०७३।९।२८ मा २७ लेखापरीक्षक नियुक्त भएको र नियुक्त मध्येका लेखापरीक्षकबाट लेखापरीक्षण प्रतिवेदन प्राप्त नभएको अवस्था छ । लेखापरीक्षणको लागि लेखापरीक्षकलाई २०७३ फाल्गुन मसान्त सम्मको २ महिनाको समय दिएको देखिन्छ । गाउँ विकास समितिको लेखापरीक्षण गर्ने निकायको आर्थिक कारोबार रु.२७ करोड ४४ लाख ४३ हजार रहेको छ । गाउँ विकास समितिको लेखापरीक्षक नियुक्त गर्न समय

निर्धारण गर्ने मापदण्ड स्वीकृत गरेको छैन । २०७३।१०।३ मा महालेखापरीक्षकको डोर र नियुक्त लेखापरीक्षक बीच अन्तर्क्रिया भएको र आगामी दिनमा लेखापरीक्षण कार्यमा थप सुधार र जवाफदेही सहित सहयोगीको भूमिका निर्वाह गर्न लेखापरीक्षकहरु तत्पर रहेको निष्कर्ष छलफलमा प्राप्त भएको छ ।

१३. **कन्टेन्जेन्सी** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १४ मा स्थानीय निकायबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजना खर्चको हिसाव अनुसूची १० बमोजिमको ढाचामा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले कन्टिन्जेन्सीमा छुट्याईएको रकमको खर्च सम्बन्धी कार्ययोजना परिषद्बाट स्वीकृत नगराई र खर्चको हिसाव अनुसूची १० बमोजिमको ढांचामा नराखी कन्टिन्जेन्सी खर्च गरेको देखियो ।

१४. **योजना हस्तान्तरण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ (५) (ज) को प्रावधान अनुरुप उपभोक्ता समितिले जिम्मा लिएको निर्माण कार्यसम्पन्न भएपछि सो को रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस बर्ष सञ्चालित कार्यक्रम मध्ये २०७ योजना सम्पन्न भई हस्तान्तरण भएको उल्लेख गरेको छ । सोको पृष्ठपोषण लिने व्यवस्था हुनुपर्दछ ।

१५. **एकमुष्ठ बजेट विनियोजन** : स्थानीय स्वायत्त शासन ऐन, २०५६ को दफा १८८ अनुसार जिल्ला विकास समितिको बार्षिक बजेट योजना तथा कार्यक्रमहरु जिल्ला परिषद्बाट पारित गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालयले आ.व.२०७२।७३ को लागि जिल्ला परिषद्बाट विभिन्न क्रियाकलापमा बजेट तथा कार्यक्रम स्वीकृति गर्दा रु.२३ लाख २० हजार को कार्यक्रमको क्रियाकलाप संलग्न गरेतापनी सञ्चालन गरिने क्षेत्र, लाभान्वीत संख्या र कार्यतालिका यकिन गरेको छैन । कार्यक्रम सञ्चालन गर्दा बजेटको सुनिश्चितता र माग एवं आवश्यक्तालाई मध्यनजर गरी योजना कार्यन्वयनमा ल्याइनुपर्दछ ।

१६. **उपभोक्ता समिति** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५, १५६ मा उपभोक्ता समितिमार्फत काम गराउने सम्बन्धी व्यवस्था गरिएको छ हेभी मेसीन प्रयोग गर्नेगरी उपभोक्ता समितिबाट कार्य गराइएकोमा मूल्यांकन र अन्तिम भूक्तानी गर्दा त्यस्ता सामाग्रीहरुको प्रयोग घण्टा र लागत स्पष्ट नभएका कारण उपभोक्ता समितिबाट पेश हुन आएका विल भरपाई अर्थपूर्ण देखिदैनन् । कार्य गराउंदा नियममा भएका व्यवस्थाको पालना गर्न गराउन ध्यान नदिंदा उपभोक्ता समितिबाट पेश हुने कागजात र अन्तिम मूल्यांकनमा पर्ने कार्यका विचमा फरक पर्ने अवस्था देखिएकोले यस्तो अवस्थामा सुधार हुनुपर्ने देखिएको छ ।

१७. **कार्य सम्पन्न प्रतिवेदन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ११९ मा सम्झौता कार्यान्वयन सम्बन्धी व्यवस्थाका सम्बन्धमा ११९ (ट) कार्यसम्पन्न भएको प्रमाणित गर्नुपर्ने व्यवस्था छ । साथै, नियम ६० सँग सम्बन्धित अनुसूची ७० मा कार्य सम्पन्न मूल्यांकन फारामको ढाँचाको व्यवस्था गरिएको छ । कार्यालयले यस आर्थिक वर्षमा सञ्चालन गरेका योजनामा तोकिएबमोजिमका व्यहोरा नखुलेको, कार्य सम्पन्न प्रतिवेदन नभएको तथा उपभोक्ताबाट व्यहोरीएको रकमका सम्बन्धमा स्पष्ट गरेको देखिएन ।

१८. **बर्षान्तको खर्च प्रतिशत** : कार्यालयले आफ्नो वार्षिक बजेट तथा कार्यक्रमअनुसार वार्षिक, अर्धवार्षिक तथा चौमासिक लक्ष्य निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नु पर्दछ। यस वर्ष कार्यालयले विभिन्न शीर्षक अन्तर्गत अन्तिम चौमासिक र आषाढ महिनामा मात्र क्रमशः रु.५७ करोड ५१ लाख ६९ हजार र रु.३५ करोड ६३ लाख ४१ हजार खर्च गरेको देखिन्छ। कुल खर्चमा आषाढको खर्च ३८.२४ प्रतिशत रहेको छ। यसबाट वर्षान्तमा हतारोमा काम गर्दा कामको गुणस्तरमा कमी हुने

तथा अनुगमन कार्य हुन नसक्ने देखिन्छ। तसर्थ आर्थिक वर्षको अन्त्यमा मात्र अधिकांश कार्यक्रम सञ्चालन गर्ने परम्परालाई नियन्त्रण गर्नुपर्दछ। जेष्ठमा बजेट र अख्तियारी सुधारमा केही परिवर्तन भएता पनि आषाढमा खर्च हुने मात्रा घटेको देखिएन।

१९. **खरिद कार्यमा प्रतिस्पर्धा** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ (ङ) मा दफा २६ (ट) बमोजिम आपसमा मिलेमतो गरी दाखिला भएको बोलपत्र उपर कारबाही गर्न नहुने व्यवस्था छ। ६२ वटा खरिद कार्यका लागि ८४३ बोलपत्र विक्री भएकोमा २११ वटामात्र अर्थात २५ प्रतिशत दाखिला भएको देखिएको तथा लागत अनुमान र स्वीकृत ठेक अंक बीच तुलना गर्दा सम्पूर्ण ६२ खरिद कार्यमध्ये ६ खरिद कार्य र२ भएको, कानूनले तोकेको व्यवस्था अनुसार बोलपत्रदाता वीच प्रर्याप्त प्रतिस्पर्धा सुनिश्चित गर्न बोलपत्रदाताहरुको विचमा मिलेमतो भए नभएको सम्वन्धमा एकिन गरी मिलेमतो नभएको अवस्थामा मात्र बोलपत्र स्वीकृत गर्नेतर्फ कार्यालय थप सजग हुनुपर्ने देखिएको छ।

२०. **कम लागतका योजना** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को बुँदा नं ११(२) मा आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधार विकास अर्न्तगत विनियोजन भएको रकमबाट जिल्ला विकास समितिले रु ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसक्ने र आयोजनाहरुको कार्यान्वयन आफैले नगरी गाउँ विकास समिति, नगरपालिका, विषयगत कार्यालयमार्फत गराउनुपर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष कार्यविधिले व्यबस्था गरे अनुसारको आयोजना लगानी विवरण तयार नगर्नूका साथै रु.५ लाखभन्दा कमका ११ योजनामा ३९ लाख ८० हजार रकम विनियोजन गरेको पाइयो।

२१. **बिमा प्रिमियम** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६४ (ख) मा स्थानीय निकायले स्थानीय निकायका कर्मचारी र सो निकायबाट समान रकम व्यहोर्ने गरी विनियमावलीद्वारा बीमा सम्बन्धी आवश्यक व्यवस्था गर्न सक्ने व्यवस्था रहेको छ। चालु आर्थिक बर्षमा नियमावलीको प्रावधानअनुसार विनियमावली तर्जूमा नहुँदै ४५ जना कर्मचारीको जिवन विमा प्रिमियम स्वरुप रु ६३२८९१।६० राष्ट्रिय विमा संस्थानलाई भुक्तानी गरेको छ। आन्तरिक आयको अनुपातमा निश्चित सिमाभित्र प्रशासनिक खर्च गर्नुपर्ने कानुनी व्यवस्थाको प्रतिकुल हुने गरी प्रशासनिक खर्च वढ्न गएको छ।

२२. **केन्द्रीय बजेट ठेक्का व्यवस्था** : स्थानीय निकाय श्रोत परिचान तथा व्यवस्थापन कार्यविधि, २०६९ को बुँदा नं. ३१ (२) मा ठेक्का पट्टा वा अन्य प्रक्रियाबाट आयोजना कार्यान्वयन, व्यवस्थापन र कार्यारम्भ आदेश वार्षिक कार्यायोजना अनुसार कार्तिक मसान्तभित्र गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यस आर्थिक वर्षको दोश्रो चौमासिकमा १६, तेश्रो चौमासिकमा ४६ र सो मध्ये आषाढ महिनामा ५ वटा ठेक्का व्यवस्था गरेको छ। कार्यविधिको व्यवस्थाबमोजिम कार्तिक मसान्तभित्रै खरिद व्यवस्था गर्नुपर्नेमा सो नगर्दा खरिद कार्य तोकिएको समयमा सम्पन्न नहुने तथा बर्षान्तमा हतार हतार कार्य सम्पन्न हुँदा गुणस्तरीय कार्य भएको सम्बन्धमा यकिन गर्न कठिन हुनेहुन्छ। तसर्थ, कार्यविधिको व्यवस्था बमोजिम तोकिएको समयावधीभित्रै खरिद व्यवस्था गर्ने गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

२३. **दलित उपेक्षित** : दलित उपेक्षित कार्यक्रमको लागि यो बर्ष रु.३ लाख बजेट व्यवस्था भएकोमा रु.१८७५००।– खर्च भएको छ। यो बर्ष ५१ औं रंगभेद तथा जातीय विभेद उन्मुलन दिवश, २०७२ को अन्तर्क्रिया अभिमुखिकरण र हाउस वायरिङ १५ जना दलित संख्यालाई १ महिने कार्यक्रम संचालन भएको देखिन्छ। साथै सामाजिक कुरीति हटाउने कार्यको लागि विनियोजित बजेट मध्ये ६२.५ प्रतिशत मात्र खर्च भएको देखिन्छ। अपेक्षित लक्ष्य हासिल गर्न कार्यक्रम अनुरुप खर्च गर्न जरुरी देखिन्छ।

२४. **पिछडिएको वर्ग उत्थान कार्यक्रम** : पिछडिएको वर्गको उत्थान गरी स्वालम्बी बनाउन यो बर्ष रु.१० लाख बजेट व्यवस्था भएकोमा लागू पदार्थ सचेतना, बालबालिका पोषण, पशुपालन तथा गोठसुधार, महिला लक्षित तालिम र तरकारी तथा फलफूल खेती जस्ता कार्यक्रम संचालन गरी रु.४ लाख ६८ हजार खर्च लेखेको छ । बजेटमा रकमको व्यवस्था गर्ने र लाभग्राही समूहमा कार्यक्रम संचालन नभई बजेटको तुलनामा ५३ प्रतिशत रकम कार्यन्वयनमा नल्याउनु उपयुक्त देखिएन । बजेट, कार्यक्रम, लक्ष्य र खर्च बीच समन्वय गरिनु आवश्यक छ ।

२४.१. नर्म्स निधारण गरेको दर भन्दा बढि खर्च लेख्न मिल्दैन ।कृषि तथा महिला विकास गरिबी उत्थान समितिलाई तरकारी तथा फलफूल खेती तालिम कार्यक्रम सम्पन्न नर्म्स रु.१ हजार ५ सय भन्दा बढि दरले पारिश्रमिक भुक्तानी गर्दाको रु.४०००। असुल हुनुपर्दछ ।

२५. **बौद्ध गुम्बा मर्मत** : संभारको लागि रु.३ लाख बजेट व्यवस्था भएकोमा पुष्पकिर्ति विहार र ज्ञानोदय बौद्ध गुम्बामा प्रति रु.१ लाखले खर्च भएको र विश्व शान्ति विहारको संरक्षण कार्यको बजेट कार्यन्वयनमा आएको देखिएन ।

२६. **गरिबसँग विश्वेवर कार्यक्रम** : यो बर्ष विभिन्न तरकारी, च्याउ, धान अचार, पशुविकास, दाइजो प्रथा जस्ता अभिमुखिकरण एवं साना पूर्वाधार जस्ता कार्यक्रमको लागि रु.३४,०५,०००। बजेटमा रु.२७,९७,८६६। खर्च भएको छ ।गाविसहरुमा साना पूर्वाधार कार्यक्रम अन्तगर्त उल्लिखित बजेट मध्ये रु.१९ लाख ५० हजारको कार्यक्रम रहेकोमा १० गाविस/वडा लगायतलाई रु.८० हजारका दरले रु.८ लाख अनुदान उपलब्ध गराएको छ । उक्त अनुदानबाट साना पूर्वाधारसँग सम्बन्धित धान बताउने पंखा, ट्युबवेल, हेन्डसेट, लगायत सिंचाई/खानेपानीको क्षेत्रमा अनुदानको परिचालन, सोको प्रगति, त्यसबाट गरिबी उत्थानमा आएको प्रभाव, कार्यक्रमको प्रभावकारीता, लाभग्राही क्षेत्र, संख्याको पृष्ठपोषण जस्ता खर्चसँग सम्बन्धित अनुगमन तथा मूल्यांकन प्रतिवेदन पेश भएको देखिएन । कार्यक्रमको प्रगति विवरण र पूर्वाधार परिचालन र वितरण खर्च रु.८ लाखको प्रमाण पेश हुनुपर्दछ ।

२७. **भारतीय दुतावास सहयोग** : द्धिपक्षिय समझदारी अनुरुप आर्थिक बर्ष २०६८।०६९ मा राममणि क्यामपस भवन निमार्णको लागि भारतीय दुतावासको सहयोगमा संचालन हुने निमार्ण कार्यको एक निमार्ण सेवासँग मिति २०६८।८।७ को सम्झौता अनुरुप मु.अ.कर बाहेक रुं २ करोड १८ लाख ६४ हजारमा ठेक्का खरिद स्वीकृत भएकोमा निमार्ण व्यवसायीलाई छैठौ बिल सम्म भ्याट समेत रु.१ करोड ८५ लाख ८९ हजार भुक्तानी भएको देखिन्छ । सम्झौता अनुरुप २०६९।१०।२९ मा कार्य सम्पन्न गरिसक्नुपर्नेमा यो बर्ष सम्म पुरा नगरेको स्थिति छ । निमार्ण व्यवसायीले ढिला कार्य गरेबापत सम्झौताको अधिकतम १० प्रतिशतले हुने पूर्व निर्धारित क्षतिपूर्ति बापत गत बर्ष र यो बर्ष समेत रु.२१ लाख ८६ हजार बिलबाट कट्टी गरी असुल गरेको छ । निमार्ण व्यवसायीलाई २०७१।७।३० सम्मको म्याद थप गरेकोमा तत्पश्चात् समय थपको कारवाही अगाडि नबढाएको स्थिति समेत छ । निमार्ण व्यवसायीको बिलबाट कट्टी गरेको रु.२१ लाख ८६ हजार ग–४–३ मा ट्रान्सफर गरेको जरिवाना रकम नेपाल सरकारको राजश्व खातामा दाखिला गरिनुपर्दछ ।

२७.१. निमार्ण कार्यको लागि यो बर्ष भारतीय दुतावासबाट रु.५८ लाख ३ हजार प्राप्त भएकोमा रु.३२ लाख ९७ हजार निमार्ण व्यवसायीलाई भुक्तानी गरी बाँकी रु.२५लाख ६ हजार फ्रिज नहुने खातामा ट्रान्सफर गरेको छ । यो बर्ष निमार्ण व्यवसायीलाई चौथो, पाँचौ र छैठौ बापत रु.३ लाख ७९ हजार मु.अ.कर भुक्तानी भएकोमा मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २५ ग बमोजिम आन्तरिक राजश्व विभाग बाट फिर्ता माग गरी आय लेखांकन गरेको छैन ।

२८. **सडक बोर्ड नेपाल तर्फ** : आर्थिक बर्ष २०७१।०७२ मा मंगलपुर कान्छीबजार सडक कालोपत्रे निमार्ण कार्यको लागि कुल ल.ई. रु.८ लाख ७६ हजारको कार्यमा ०७२।५।२० मा निमार्ण व्यवसायी

अमृत कन्सट्रक्सनलाई रु.४ लाख ३८ हजार भुक्तानी गरी खरिद कार्य सम्पन्न भएको देखाएको छ। खरिद हुँदा लागत अनुमानको परिमाण सम्पन्न गर्ने गरी सम्झौता हुने तर तोकिएको परिमाणको कार्य सम्पन्न गराई निमार्ण व्यवसायीलाई उन्मुक्ति दिनु उपयुक्त हुँदैन। गर्नुपर्ने परिमाण बमोजिम रु.३ लाख ७९ हजार को कार्य नभई सो बराबर थप कार्य गराउनुपर्ने अवस्थामा नोक्सानी तथा व्ययभार परेको छ।

२८.१. संचालित सडक निर्माण कार्यमा जि.वि.स.को २० प्रतिशत र सडक बोर्डको ८० प्रतिशत सहभागितामा कार्यक्रम संचालन गर्ने व्यवस्था अनुरुप २०७२।०७३ मा सडक बोर्डको म्याचिङ फन्डमा जि.वि.स.ले रु.४१ हजार थप समावेश गरी हिसाब मिलान गर्नुपर्दछ।

२९. **झोलुंगे पुल :** ओम सतिया घाट ट्रेल व्रिजको मु.अ.कर समेत रु.३५ लाख ८२ हजारको ल.ई. तयार भएकोमा इष्टिमेट गर्दा रिइन्फोर्समेन्टको परिमाण प्राविधिक त्रुटिवस कम भएको कारण जनाई शूरुको फलामे डण्डी ५६७४.३२ के.जी. मा २२३०.६८ के.जी. थप गरी कुल सम्झौतामा ७.०४ प्रतिशत र फलामे डण्डीमा मात्र ३९ प्रतिशतले परिमाण थप गरी एस.के. इन्जिनियरिङ इण्डष्ट्रिजलाई सामान आपूर्तिबाट रिभाइज्ड इष्टिमेट रु.३८ लाख १० हजारमा रु.३५ लाख ४४ हजार भुक्तानी गरेको देखिन्छ। पुलको कुल कार्य रु.८५लाख ७ हजारमा गत बर्ष सम्म रुं १४ लाख ७५ हजार र यो बर्ष रु.३५लाख ४४ हजार समेत रु.५० लाख १९ हजार भुक्तानी भएको देखिन्छ। २०७२।०७३ मा सम्पन्न गर्नुपर्ने कार्य फेब्रिकेशन पार्टस मात्र आपूर्ति भई निमार्ण कार्य सम्पन्न हुन बाँकी देखिन्छ। त्रुटिपूर्ण रुपमा आपूर्ति हुने गरी लागत अनुमान तयार गरिनु उपयुक्त देखिएन। पाटर्सको गुणस्तर आश्वस्तता प्रमाण लिएको पाइएन।

२९.१. लुगठवा गोनहा–५ को झो.पू.को लागि फेब्रिकेशन अफ स्टिल पाटर्स सप्लाई गर्ने कार्य एक प्रा.लि.सँग २०७२।२।३१ मा रु.३२ लाख ८ हजार को ल.ई. मा विभिन्न फेब्रिकेशन पाटर्स आपूर्ति बापत रु.२९ लाख १४ हजार आपूतर्कलाई भुक्तानी गरेको देखिन्छ। २०७२।५।३१ मा सप्लाई गरिसक्नुपर्नेमा ०७२।८।१३ सम्म म्याद थप गरी आपूर्ति लिएको छ। पुलको फेब्रिकेशन पाटर्समात्र आपूर्ति भएको छ। निमार्ण सम्पन्न भई उपयोगमा आउने स्थिति निश्चित गरेको छैन।

२९.२. झो.पु. बृहत ममर्त संभार बापत रु.१० लाख २० हजार बजेट कार्यन्वयनमा नल्याएको देखिन्छ। साथै सालवसाली रुपमा निरन्तर आयोजना सम्पन्न हुँदा योजनाको कुल कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको देखिएन। साथै २ पुल बाहेक अन्य पुल ६ को बिमा समेत गरेको देखिएन।

२९.३. झोलुंगे पुल क्षेत्रगत कार्यक्रम निर्देशिका, २०६६ को ४.१३ मा झोलुंगेपूल निमार्ण सम्पन्न भएपछि भार परीक्षण गर्नुपर्ने व्यवस्था भएतापनि निमार्ण गरिएका झोलुंगेपूलहरुको भार परीक्षणहुने गरेको छैन। यो बर्ष झोलुंगेपूल सम्पन्न गरेकोमा तोकिए बमोजिम भार परीक्षण गरी गुणस्तर सुनिश्चित गरिनुपर्दछ। निमार्ण सम्पन्न भएका पुलहरुको मर्मत संभार र दिगो संचालनको जिम्मेवारी सहित स्थानीय निकायलाई हस्तान्तरण समेत हुनुपर्दछ।

३०. **ग्रामिण खानेपानी तथा सरसफाई :** यो बर्ष स्वीकृत भएको ५ कार्यक्रम अन्तगर्त चरंगे लडियाबास खा.पा. योजना पाइपलाइन ममर्तमा रु.४ लाख बजेट व्यवस्था भएकोमा उपभोक्ता समिति सम्झौता गर्न नआएको कारण बजेट कार्यान्वयनमा नआएको र बचत बजेटबाट कार्यक्रम नपरेको देवदह न.पा. शौचालय निमार्णको रु.१ लाख ५३ हजार भुक्तानी गरेको देखिन्छ। कार्यक्रममा नपरेको र उपभोक्ताको योगदान बेगरको उक्त खर्च नियमित हुनुपर्दछ।

३०.१. खानेपानी अन्तगर्त ६३० मिटर पि.भि.सी. पाइप मध्ये ४८० मिटर वितरण गरी १५० मिटर बाँकी छ। त्यस्तै रिब्ड स्क्रिन १२ मिटर, स्याण्ड ट्रयाप् ७ मि. र हयाण्ड पम्प १५ खरिद मध्ये ४ बटा स्टक मौज्दात देखिन्छ। बाँकी मौज्दात वितरण गरिनुपर्ने देखिन्छ।

३१. **ग्रामिण खानेपानी पूँजीगत** : यस बर्ष संचालित ५ खानेपानी योजनाको उपभोक्ता समिति समेतको सहभागितमा संचालित योजनाहरुमा उपभोक्ताको योगदान १५ देखि ३० प्रतिशत सम्म जुटेको देखिन्छ । पट्खौली गाविसमा ट्युबवेल जडान कार्यको कुल ल.ई. रु.८लाख ७२ हजार मा सरकारबाट रु.६लाख ५० हजार र उपभोक्ता समितीबाट रु.२ लाख २२ हजार श्रमदान जुटाउने गरी योजना सम्झौता भएकोमा ब्रिक सोलिङ, पि.सी.सी. र मेशिनरी वाल प्लाष्टर जस्ता कार्य सम्पन्न नभएको र ल.ई. बमोजिमको कार्यमा सम्झौता गर्ने र कार्य पुरा नगर्ने स्थिति समेत देखिएबाट आयोजना अधुरो रहने हुन्छ । आयोजनामा ल.ई. बमोजिम गर्नुपर्ने कार्यमा रु.२ लाख बराबर घटी कार्य गरेको र योजनाको कार्य सम्पन्न समेत भएको छैन ।

३१.१. पूँजीगत कार्यक्रममा प्रगतिशिल अधुरो खानेपानी ममर्तको लागि रु.३ लाख १५हजार बजेट व्यवस्था भएकोमा दलदले खानेपानी योजनामा पाइप फेर्ने कार्य गर्ने गरी रु.४ लाख १४ हजार को ल.ई. मा रु.३ लाख ५० हजार नेपाल सरकार र बाँकी उपभोक्ताले व्यहोर्ने गरी सम्झौता गरेकोमा कार्यक्रममा नपरेको तथा बजेट व्यवस्था भन्दा बढि एवं सम्झौता भन्दा अधिक हिसाबमा उपभोक्तालाई रु.३ लाख ५० हजार भुक्तानी गरेको छ । कार्यक्रम बेगर भुक्तानी गरेको, बजेट व्यवस्था भन्दा बढि खर्च गरेको स्थिति रहेबाट उक्त रकम स्वीकृत प्राप्त तहबाट खर्च गरेको रकम नियमित गर्नुपर्ने देखिन्छ ।

३२. **स्थानीय शान्ति तर्फ** : आयकर ऐन, २०५८ को दफा ८९ अनुसार मुल्य अभिबृद्धि कर बीजकमा अग्रिम आयकर बापत १.५ प्रतिशत कट्टी गरी असुल गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्थानीय शान्ति तर्फको भुक्तानी गर्दा रु.९ हजार अग्रिम कर कट्टी गरेको नदेखिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

३३. **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम** : मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ बमोजिम दर्ता नभएको व्यक्तिले कर असुल गरेको देखिने कुनै बीजक वा कागजात जारी गर्न वा कर उठाउन हुँदैन । त्यसरी उठाएको कर निर्धारण गरी निजबाट असुल उपर गरिनेछ भन्ने व्यवस्था छ । कार्यालयले एअर कन्डिसन, इन्भर्टरको खरिद बापत एक सप्लायर्सलाई रु.९५ हजार मु.अ.कर बिजक जारी गरी भुक्तानी गरेकोमा मुल्य अभिबृद्धि कर बापत रु.११ हजार भुक्तानी गरेको छ । बीजकमा उल्लिखित नं. (६०२८०६२५५) आन्तरिक राजश्व विभागको वेभसाइट सर्च गर्दा दर्ता भएको देखिएन । भ्याट बापतको भुक्तानी गरेको रकम रु.११ हजार असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

३४. **स्थानीय स्तरका सडक पुल** : अपर चरगेंको आर.सि.सि पुल निमार्णमा एक निमार्ण व्यवसायीसँग मिति २८ भाद्र २०७२ बाट १५ महिना २०७३।८।३० मा निमार्ण कार्य सम्पन्न गर्ने गरी रु.३ करोड ४२ लाख ३५ हजार को लागत अनुमानमा मु.अ.कर समेत रु.२ करोड २९ लाख ११ हजारमा सम्झौता भएकोमा माटो खन्ने, पि.सि.सि., रिइन्फोर्समेन्ट , एबुटमेन्टको फ्रेमवर्क, स्ट्रक्चरल ब्याक फिलिङ र जि.आई. पाइप, उपयोग, एप्रोच सडक, ग्याबिन आदि जस्ता कार्यमा पहिले अनुमान गरेको परिमाणमा परिवर्तन गरी २ पटक संशोधित रुपमा भेरियशन अर्डर स्वीकृत गरी भुक्तानी हुने लागत रु.२ करोड ४९ लाख २९ हजार पुर्याई शुरुको लागतमा रु.२० लाख १८ हजार भेरियशन स्वीकृत गरेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) मा खरिद सम्झौता गर्दाको बखत पुर्वानुमान गर्न नसकिएको परिस्थितिमा मात्र भेरियशन अर्डर स्वीकृत गर्न सक्ने हुन्छ । सामान्य परिमाण छुटाई लागतमा संशोधन गरिनु उपयुक्त देखिएन ।

३४.१. निमार्ण व्यवसायीलाई यो बर्ष चौथो रनिंग बिलसम्म रु.२ करोड १० लाख ३१ हजार भुक्तानी भएको छ । निमार्ण व्यवसायीलाई चौथो रनिंग बिल सम्म बिमा बापत रु.२ लाख २ हजार भुक्तानी भएको छ । निमार्णको बिमा प्रमाण २०७३।९।११ सम्म रहेकोमा त्रुटि सच्याउने अवधि समेत खाम्ने

गरी नवीकरणको प्रमाण पेश गर्नुपर्नेमा गरेको नदेखिँदा सोको प्रमाण पेश गरी भुक्तानी गरेको रकम नियमित गर्नुपर्ने देखिन्छ ।

३४.२. निमार्ण व्यवसायीले पेश गरेको कार्य सम्पादन जमानत २०७४ आश्विन १९ सम्म रहेकोमा लेखापरीक्षण अवधिसम्म कार्य सम्पन्न नभएको र सोको सम्पन्न मितिले थप १३ महिना जमानतको म्याद रहनुपर्ने देखिँदा डि.एल.पी. समय सम्म कायम भएको लागतको संशोधित कार्य सम्पादन जमानत लिई खरिद रकम रु.१२ लाख ४६ हजार नियमित गर्नुपर्ने देखिन्छ ।

३४.३. धाधरा नदीको २५ मिटर आर.सि.सि. पुलको रु.३ करोड ५६ लाख ८८ हजार लागत अनुमानमा उक्त पुल कार्यसम्पन्न हुँदा एक निमार्ण व्यवसायी संयुक्त उपक्रमलाई रु.२करोड ६५ लाख २८ हजार भुक्तानी गरेको छ । सम्झौता अनुरुप २०७२।६।३० मा सम्पन्न गर्नुपर्ने निमार्ण कार्य पटक पटक म्याद थप गरी २०७३।३।१५ मा सम्पन्न हुँदा आयोजनाको समयमा ५५ प्रतिशत बृद्धि भएको देखिन्छ । सम्झौताको शर्त अनुसार पुलको रु.५००००। नक्सा अभिलेख र २०७४।४।१५ सम्म मान्य अवधि रहेको बीमाको रु.१ लाखको प्रमाण पेश गरी रु.१ लाख ५० हजार भुक्तानी भएको रकम नियमीत गर्नुपर्ने अन्यथा धरौटीबाट रकम कट्टा गरी असुल गर्नुपर्ने देखिन्छ ।

३४.४. धमाहा खोला आर. सि.सि.पुल निमार्णको लागि २०७३।३।२४ मा रु.४ करोड १५ लाख १७ हजार लागत अनुमानमा मु.अ.कर समेत रु.२ करोड ७३ लाख ३१ हजारको खरिद कार्य स्वीकृत गरी एक निमार्ण व्यवसायी रायमाझी सिद्धार्थ संयुक्त उपक्रमसँग सम्झौता मिति २०७३।३।२४ बाट २०७४।८।२३ सम्म कार्य सम्पन्न गर्ने गरी तय भएको र सम्झौताको शर्त माइलस्टोन १ मा १० महिना भित्र पुलको स्ट्रक्चरको कार्य पुरा गर्नुपर्ने रहेकोमा २ वटा पाइलको कार्य गरेकोमा पाइल दवेको कारण सो समय भित्र पुलको निमार्ण कार्य सम्पन्न हुन सक्ने देखिएन । निमार्ण व्यवसायीलाई रु.४८ लाख भुक्तानी सम्म भएको छ । समयमा कार्य सम्पन्न नगर्दा माइल स्टोन १ मा लागत मुल्यको ०.०३ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने समेत उल्लेख छ । निमार्ण व्यवसायीले त्रुटि सच्याउने अवधि सम्मको मान्य अवधि रहने गरी कार्य, तेश्रो पक्ष र सामूहिक दोहोरो दुर्घटना लाभ सहितको बिमाको प्रमाण बेगर कार्यालयलले कार्य परिचालन पेश्की उपलब्ध गराएको रु.४८ लाख नियमित गरिनुपर्दछ ।

३५. **रोयल्टी व्यवस्थापन** : यो बर्ष रु.१ करोड १७ लाख ५हजार बजेट व्यवस्था भएकोमा विभिन्न १९ कार्यक्रम संचालन गरी रु.६६ लाख २३ हजार खर्च गरेको र खर्च नभई बाँकी रहेको रु.३५ लाख ५१ हजार फ्रिज नहुने खातामा ट्रान्सफर गरेको छ । केन्द्रिय बजेट सिलिंगमा बार्षिक रुपमा सम्पादन गर्ने कार्यक्रम रु.१ करोड २ लाख ६३ हजारको स्वीकृत गरी कार्यन्वयनमा ल्याएको र अख्तियारीमा समेत फ्रिज सम्बन्धी व्यवस्था र कार्यविधि नखुलाएकाले फ्रिज नहुने अवस्था रहँदैन । तसर्थ उक्त रु.३५ लाख ५१ हजार कोषबाट फिर्ता लिई नेपाल सरकारको सम्बन्धित राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

३५.१. लुम्बिनी भगवानपुर पौसियाघाट सडक निमार्णमा बढि भुक्तानी गरेको रु.२ हजार असुल गर्नुपर्दछ ।

३६. **गाउँ विकास समिति अनुदान** : यो बर्ष ५० गाविसलाई चालु तर्फ रु.२ करोड १० लाख ८० हजार र पूँजीगत तर्फ रु.१२ करोड ७ लाख ६० हजार समेत रु.१४ करोड १८ लाख ४० हजार अनुदान निकासा दिएकोमा बर्षान्तमा खर्च नभई बाँकी रहेको ६ गा.वि.स.को रु.७,६०,५४४। फिर्ता भई संचित कोष दाखिला भएको छ । अनुदानको खर्चको उपादेयता अपनाउनुपर्ने र खर्च नभई बाँकी रकम फिर्ता गरी राजश्वमा दाखिला गर्ने व्यवस्था समेतमा थप प्रभावकारीता अपनाउन आवश्यक छ ।

३७. **स्थानीय यातायात पूर्वाधार तर्फ** : भूर्गिया चहलेली सिसौडाँडा रनौरा उपभोक्ता समितिसँग भएको रु.८ लाख ८८ हजार कुल कार्यको सम्झौतामा सरकारी अनुदान रु.७ लाख १० हजार र बाँकी

उपभोक्ता समितिबाट व्यहोरेको देखाएकोमा उपभोक्ताले जटिल प्रकृतिको बिटुमिनसको कार्य सम्पादन गरेको छ । साथै उक्त सम्झौता अनुरुपको रकम कार्यक्रम संशोधन नगरी दुई जिल्ला जोड्ने कार्यक्रमबाट भुक्तानी हुनुपर्नेमा स्थानीय यातायात पूर्वाधार कृषि सडकको कार्यक्रमबाट भुक्तानी गरेकोमा कार्यक्रम संशोधन र अनुमोदन गरेको छैन ।

३७.१. छिर्कहवा खोलामा आर.सि.सि. पुल निमार्णको बोलपत्र लागत रु.३ करोड ५२ लाख ६० हजारमा एक संयुक्त उपक्रमसँग २०७३।३।२४ मा सम्झौता भई कार्य परिचालन पेश्की रु.४३ लाख ६८ हजार उपलब्ध गराएको छ । २०१७ को अक्टोबरमा कार्य सम्पन्न गर्ने निमार्ण व्यवसायीको कार्य सूची अन्तगर्त पहिलो १० महिनामा सब स्ट्रक्चर बनाउने रहेकोमा सम्झौता समयको ४० प्रतिशत समाप्त भएकोमा फाउण्डेशन तथा पाइलको कार्य पनि सम्पन्न नगरेको अवस्था छ। स्वाप सिद्धान्त अनुरुपरु.६१ लाख ६८ हजार पेश्की उपलब्ध गराएबाट पुल निमार्णको पछि हुने भुक्तानीमा लागत साझेदारी अनुरुप उल्लिखित लागत अनुसार करिब रु.१ करोड आन्तरिक श्रोतबाट परिचालन गर्नुपर्ने र निमार्ण कार्य सम्पन्न समेत हुनुपर्ने देखिन्छ ।

३८. **आर्थिक केन्द्र तथा २ जिल्ला जोडने कार्यक्रम :** लडियाबास चरगें शिवनगर उपभोक्ता समितिसँग ०७३।२।३१ को सम्झौता अनुरुप कुल अनुमान रु.१२ लाख ६६ हजारमा रु.९ लाख ६० हजार सरकारी र बाँकी रकम उपभोक्ताले व्यहोर्ने गरी ल.ई. बमोजिम कार्य गरेको देखाएकोमा रु.९ लाख ६० हजार भुक्तानी भएको छ । ८५६ घ.मि. बाटो सबै किसिममा कम्प्याक्सन गर्न रोलरमा इन्धन बापत दिन २ को उपभोक्ता समितिले ४०१३ लिटर डिजेल भ्याट समेत रु.२ लाख ९७ हजार सप्लायर्सलाई भुक्तानी गरेको छ । ठूलो परिमाणको तेलले न्यून परिमाणको कम्प्याक्शन हुन गएको छ । जटिल प्रकृतिको कार्य गर्दा पेश हुने विल एकातर्फ वास्तविक नहुने र अर्को तर्फ कार्यमा प्रयोग नहुने अवस्था रहने हुँदा यसतर्फ नियन्त्रण हुनुपर्दछ ।

३९. **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा श्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसुची १ बमोजिमको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ ।आई. सि. टि. सँग सम्बन्धित कर्मचारीका नपुग पारिश्रमिक कर रु.३० हजार असुल गर्नुपर्दछ ।

४०. सामाजिक परिचालन कार्यक्रम बजेट तथा अनुदान परिचालन शर्त अनुसार नयाँ नागरिक सचेतना गठन तथा संचालन खर्च सम्बन्धमा रु.३० हजारका दरले प्रति ना.स.के गठन गर्न भनी उपलब्ध गराएको ८ वटा गा.वि.स.लाई रु.२ लाख ४० हजार रकम निकासा गरेकोमा नागरिक सचेतना केन्द्र गठन भएको प्रमाण पेश गरेको देखिएन ।

४१. **जि.वि.स. अनुदान :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम पारिश्रमिक लगायत कुनै रकम भुक्तानी गर्दा अनुसुची १ बमोजिमको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । जि.वि.स. अन्तगर्त विभिन्न गाउँ विकास समितिमा कार्यरत विभिन्न ३५ कर्मचारीहरुको गाविस परिषद मार्फत निर्णय गरी मासिक तलब स्केलको ५० प्रतिशत रकमले १२ महिनाको भत्ता समेत बुझेको देखिएकोले कार्यालयबाट उक्त आयको लेखांकन छुट गरी करयोग्य आय निर्धारण गरेकोले नपुग पारिश्रमिक कर रु.२ लाख ३० हजार असुल गर्नुपर्दछ ।

४१.१. वातावरण विकास कोष तर्फ महिला समानताका लागि संचार अभियान द्वारा संचालित एक संचार माध्यमलाई वातावरणीय सचेतना मुलक कार्यक्रम संचालन गरेबापत रु.१ लाख ५० हजार मुल्य अभिबृद्धि कर समेत भुक्तानी भएकोमा उक्त फर्म भ्याटमा दर्ता भएको नदेखिँदा मु.अ.कर बापत तिरेको रु.१७,२५६। कर असुल गरी दाखिला गरिनुपर्दछ ।

४१.२. तिनाउ नदीको पहुनीघाटको बगर क्षेत्रको केही भाग जोखिमको प्रभाव क्षेत्रमा परेता पनि सो स्थल लगायत विभिन्न नदीको घाटबाट ढुंगा, गिटि, बालुवा, ग्राभेल संकलन /उत्खनन सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षणले जोखिम न्यूनीकरण गर्न वातावरणमा पर्ने जोखिमलाई घटाउन लाग्ने खर्च रु.२१ लाख २२ हजार समेतको अनुमान गरेता पनि सो अनुरुपको सुझावलाई कार्यन्वयनमा ल्याएको छैन ।

४२. **ममर्त संभार कोष तर्फ :** विभिन्न २३ स्थानमा खोला तथा खोल्सा आदिमा विभिन्न ४ साइजका ५९ थान एन.पी. ३ ह्युम पाइप एक इण्डस्ट्रिज प्रा.लि.बाट मु.अ.कर समेत रु.९ लाख ७२ हजारमा खरिद भई सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण तथा वितरण गरेकोमा उक्त ह्युम पाइपहरुको जडान तथा सम्बन्धित स्थानमा उपयोग भए नभएको स्थिति विवरण पेश हुनुपर्दछ ।

४२.१. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५) मा उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि रेखदेख र ममर्त संभारको जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्तालाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ममर्त संभार कोषबाट रु.६५ लाख ६९ हजार खर्च गरेको छ । ममर्त संभारको जिम्मेवारी तोकी उपभोक्ता समितिलाई जिम्मेवार नबनाएकोले कोषबाट व्ययभार भएको देखिन्छ ।

४३. **कर्मचारी कल्याण कोष :** यो बर्ष कर्मचारी कल्याण कोषबाट रु.७३ लाख ३६ हजार खर्च लेखेको मध्ये सेवा निवृत बापत रु.३९ लाख ८१ हजार र सापटी रु.३३ लाख ५६ हजार खर्च लेखेको छ । सापटीको ब्याज बार्षिक सावाँ अवधिमा ५ प्रतिशतले आय जनाएकोमा प्रचलित बजारमूल्यको आधारमा ब्याजदरको फरक रकम आयकर ऐन, २०५८ को दफा २७ बमोजिम आयमा समावेश गरी कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

४४. पश्चिम नेपाल ग्रामिण खानेपानी : यो बर्ष भएको कुल खर्चमा कार्यक्रम अनुसार फिनल्याण्ड तर्फ रु.८१ लाख १४ हजार र नेपाल सरकार तर्फ रु.४५ लाख १७ हजार खर्च हुनुपर्नेमा नेपाल सरकार तर्फ रु.२० लाख ८३ हजार बढि खर्च लेखेको देखिँदा सोझै भुक्तानी हुने हिसाबबाट सोधभर्ना लिई संचित कोष दाखिला गर्नुपर्ने देखिन्छ । कार्यक्रम र बजेटमा भएको व्यवस्थाको आनुपातिक खर्च गर्ने स्थितिलाई समेत कार्यन्वयनमा ल्याउनु पर्दछ ।

४४.१. बिल भरपाई स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६(३) मा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको बिल भरपाई सहीत लेखा राख्नु पर्नेछ भन्ने उल्लेख छ । जि.वि.स. द्धारा संचालित खानेपानी सरसफाई तथा स्वच्छता कार्यक्रम अन्तरगर्त जिल्लाका विभिन्न १५ गा.वि.स. मा सरसफाई तथा स्वच्छता अभियानमा खटिएका अगुवा प्रज्वलकहरुको सेवा सुविधा वापत्त रु.३ लाख ३७ हजार भुक्तानी गरेकोमा सो को भरपाई संलग्न देखिएन । तसर्थ भुक्तानीको भरपाई पेश हुनुपर्दछ ।

४४.२. कुनै पनि कार्यक्रमबाट खर्च गर्दा अख्तियारी तथा कार्यक्रममा तोकिएको शीर्षक वाहेकमा खर्च गर्न नपाउने व्यवस्था छ । कार्यालय प्रयोजन भनी पश्चिम नेपाल ग्रामिण खानेपानि तर्फको शीर्षकबाट रु.२ लाख ४१ हजारको मोटरसाईकल खरिद गरी भुक्तानी दिएको देखिन्छ । यसरी उक्त खर्च शीर्षकको कार्यक्रममा उल्लेख नभएको सवारी साधन खरिद गरेकोले अनियमित देखिएकोछ ।

४४.३. थुमुवा पिपरहवा खानेपानि वोरिङ आयोजनामा उपभोक्ता समिति सँग मिति २०७२।०२।२१ मा सम्झौता भई मिति २०७२।०३।१५ मा सम्पन्न हुनुपर्नेमा २ पटक म्याद थप गरी २०७२।०९।२१ मा सम्पन्न गरेको रु.६ लाख ८७ हजार को जनसहभागिताको हिस्सा खुलेको पर्याप्त प्रमाण पेश गर्नुपर्ने देखिन्छ ।

४४.४. खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने गाँउ विकास समितिलाई प्रोत्साहन स्वरुप नगद अनुदान दिने व्यवस्था रहेको छ । यस वर्ष उक्त कार्यक्रम वापत्त २ र ३ लाखका दरले १७ गा.वि.स.लाई रु.४५

लाख भुक्तानी दिएकोमा उक्त रकम उपयोग सम्बन्धमा र ओ डि एफ घोषणा पछिका क्रियाकलाप संचालन सम्बन्धमा जिल्ला विकास समितिबाट पृष्ठपोषण लिएको पाइएन ।

४४.५. सार्वजनिक परीक्षण नियमावलीको नियम ११ मा सञ्चालित कार्यक्रमहरू कार्यसम्पन्न भएपछि सार्वजनिक परीक्षण गर्नुपर्ने र सार्वजनिक परीक्षण गरेको प्रतिवेदन संलग्न नभएसम्म अन्तिम भुक्तानी नदिईने उल्लेख छ । ५ आयोजनामा रु.४५ लाख ११ हजार खर्च गरेकोमा सार्वजनिक परीक्षण गरेको देखिएन ।

४४.६. सिद्धार्थ नगरपालिका सेफ्टी फस्ट फाउन्डेसन तर्फ नम्स भन्दा बढि खर्च लेखेको १२ हजार ५ सय र संविधान जनताको माझमा नामक अन्तरक्रिया कार्यक्रममा नम्स भन्दा बढि खर्च लेखेको रु.३० हजार असुल हुनुपर्दछ ।

४४.७. पूर्वाधार विकासको निम्ती विनियोजन गरिएको वजेट शिर्षकबाट सवारी साधन खरिद गर्ने मिल्दैन । कार्यालय प्रयोजनका लागि भनि मोटरसाईकल खरिद गरी भाजुरत्न इन्जिनियरिङ एण्ड सन्स लि. लाई रु.१ लाख ८५ हजार भुक्तानी दिएकोले कार्यक्रममा विनियोजन नगरिएको विषयमा खर्च गरिएको रकम कार्यक्रम विपरीत देखिएको छ ।

४५. **चालू प्रकृतिको खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ (१) क मा स्थानीय निकायको कोष पूँजीगत रकमबाट तलव, भत्ता, बैठक भत्ता, दैनिक भ्रमण भत्ता, इन्धन, मर्मत सम्भार, टेलीफोन बिजुली महशुल लगायतका चालू प्रकृतिका खर्च गर्न नपाइने र बुँदा नं. १० (७) र १२(२) मा मागको आधारमा पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार तथा क्षमता विकास भएको मापन गर्न सकिने ठोस कार्यक्रम वा आयोजनामा खर्च गर्नुपर्ने र कुनै पनि प्रकारका वितरणमुखी कार्यक्रममा खर्च गर्न नपाइने व्यवस्था छ । कार्यालयले यस वर्ष आन्तरिक कोष पूँजीगत खर्चबाट ११ कार्यक्रममा जम्मा रु २५ लाख ८७ हजार चालू प्रकृतिको खर्च गरेको छ ।

४६. **सामाजिक सुरक्षा कार्यक्रम** : लेखापरीक्षण कार्यक्रम अनुसार निकासाको आधारमा बढि निकासा भएको पाँचौ सालझण्डी गा.वि.स. दशौ स्थानको गाविस सौ फर्साटिकरको लेखापरीक्षण गर्दा दिनुपर्ने भन्दा बढि रु.६१ हजार भुक्तानी भएकोले असुल गरी बेरुजु दाखिला हुनुपर्दछ ।

४६.१. गोनाहा गा.वि.स.को रु.२८,७६,४००। को सामाजिक सुरक्षा भर्पाइ पेश हुँदा रु.३०,०६,४०० पेश्की फछ्र्यौट गरेकोमा नपुग भर्पाई बराबरको रु.१ लाख ३० हजारको पेश्की फछ्र्यौट गर्न नमिल्ने हुँदा सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिन्छ ।

४६.२. त्यस्तै ग्लोबल आई. एम. ई. बैंक मार्फत विभिन्न ५गाउँ विकास समितिको पेश्की फछ्र्यौट गर्दा भर्पाई नपुग भएको रु.४ लाख बराबरको पेश्की रकम फछ्र्यौट गर्न नमिल्ने हुँदा प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिन्छ ।

४७. **आन्तरिक आय : यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :-**

४७.१. स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५(ख) बमोजिम गाउँ विकास समितिले मालपोत वा भूमिकरबाट उठेको राजश्वको २५प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनुपर्ने व्यवस्था छ । आय बर्ष २०७२।०७३ मा विभिन्न गा.वि.स.ले रु.१६ लाख २० हजार मालपोत रकम बुझाएकोमा गाविस अनुसार प्राप्त भएको र हुनुपर्ने मालपोतको अभिलेख राखेको देखिएन । उठेको र प्राप्त हुने रकमको अभिलेख राख्नुपर्ने देखिन्छ ।

४७.२. छाला हाड सिङ प्वाँखको ठेक्का मा सूचना निकालेकोमा नपरेको देखिन्छ । रोहिणी –मणिग्राम सडक राष्ट्रिय गौरवको आयोजनामा भएबाट ठेक्का लगाएको जनाएको छ । दानव नदी तथा तिनाउ नदीको बेतकुइया स्थानमा रु.२ करोड ५ लाखमा उत्खनन् सम्बन्धि ठेक्का स्वीकृत भई निमार्ण व्यवसायीलाई सम्झौता गर्न बोलाएकोमा सम्झौतामा नआँउदा निमार्ण व्यवसायीले राखेको

जमानत रु.१३ लाख जफत गरेको छ। तत्पश्चात् उक्त स्थानमा ठेक्का लगाएको पाइएन। श्रोतको पहिचान गरी आय प्राप्त गर्ने तर्फ ध्यान दिनु आवश्यक छ।

४७.३. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) मा स्थानीय निकायले कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष असुल गरेका४ ठेक्काको आम्दानी रु.२५ लाख २६ हजारको मूल्य अभिवृद्धि कर रु.३ लाख २८ हजार असुल गरेको छैन।मूल्यअभिवृद्धि कर असुल गरी सञ्चित कोष दाखिला गरिनुपर्दछ।

४७.४. वातावरण संरक्षण ऐन, २०५३ को दफा ३ मा तोकिएका विषय सम्बन्धी प्रस्तावको कार्यान्वयनपूर्व प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने व्यवस्था छ। त्यस्तै स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५, २१६, २१७ र २१८ मा जिल्ला परिषद्बाट पारित दरमा स्थानीय कर, सेवाशुल्क, दस्तुर लगाउन पाउने व्यवस्था छ। व्यवस्थापिका संसदको प्राकृतिक स्रोत र साधन समितिको अध्ययन प्रतिवेदन, २०६६ तथा सर्वोच्च अदालतबाट २०६७।४।२१ मा ढुगा, गिटी, बालुवा झिक्न दिंदावातावरणीय सन्तुलन नबिग्रने गरी निश्चित परिमाण र क्षेत्र तोकी ठेक्का व्यवस्थापन गर्ने आदेश समेत भएको छ। कार्यालय अन्तर्गतका खोला घाटबाट यो बर्ष १११४९२४९ क्यु.फि. उत्खनन् गर्न अनुमति दिएको देखिन्छ। उत्खनन् दिएको परिमाण र निकासी भएको परिमाण बिच भिडान गर्न सक्ने देखिएन। जैविक विविधतामा असर नपर्ने गरी नकारात्मक असरलाई पूर्व ध्यान दिन पनि जरुरी हुन्छ।

४७.५. सूचनाको शर्तमा बोलपत्रदाताले ठेक्का अंकको सम्पूर्ण रकम सम्झौताको अवस्थामा दाखिला गरेमा कुल बोल अंकको १० प्रतिशत छुट दिन सकिने उल्लेख छ। सम्झौताको शर्त पालना नगर्ने ३ निमार्ण व्यवसायीसँग रु.२१ लाख ८८ हजार पुर्व निर्धारित क्षतिपूर्ति रकम असुल हुनुपर्दछ।

४७.६. स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २०८ अनुसूचि २४ (३) को परिधि भित्र रही जिल्लामा स्थापना भएका क्रशर, सिमेन्ट, छड, मदिरा, इट्टा आदि उद्योगहरुमा वातावरणीय प्रदुषण शुल्क लगाउन २२ औं जिल्ला परिषदबाट निर्णय गरेको छ। सो अनुसार उठाउनु पर्ने ६ उद्योगबाट रु.२६ लाख ७७ हजार असुल गरेको छैन। रकम असुल हुनुपर्दछ।

४७.७. तिलोत्तमा न.पा.लाई विभिन्न मितिमा ४९० ठेली नगदी रसिद ढुगांरोडा उत्खननको लागि उपलब्ध गराएकोमा ४८८ वटा ठेली बापतको संकलित रकम कार्यालयमा उपलब्ध गराएको छ। २ वटा ठेली हराएको भनी सो बापत संकलित राजश्व लेखापरीक्षण अवधि सम्म पनि दाखिला गरेको देखिएन। संकलित ठेली बापतको राजश्व मध्ये अधिक्तम संकलित एक ठेलीको रु.८७ हजारे हुने २ ठेलीको रु.१ लाख७४ हजार असुल गरी दाखिला हुनुपर्दछ।

४७.८. कार्यालयमा कार्यरत कर्मचारीहरुले अत्तिरिक्त समय कार्य गरेको रकममा रु.९ हजार कर कट्टी नगरेको रकम असुल हुनुपर्दछ।

४८. **पूँजिगत अनुदान** : रु.१६ हजार ५ सयको मु. अ. कर दाखिलाको प्रमाण पेश हुनुपर्दछ। सहजकर्तालाई रु.९ हजार ५ सय भुक्तानी गरेको प्रमाण पेश गरिनुपर्दछ। लेखा व्यवस्थापनमा विद्यार्थीलाई प्रशिक्षार्थीको रुपमा सहभागी गराई गरिएको रु.५० हजारको खर्च अर्थपूर्ण नदेखिएकोले सोमा सुधार हुनुपर्दछ। मुल्य अभिबृद्धि करमा दर्ता नभएको फर्मलाई रु.११ हजार ५ सय भुक्तानी दिएको र रु.१६ हजार नर्म्स भन्दा बढि खर्च लेखेको रकम असुल हुनुपर्दछ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण :** बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्दछ। कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याकंन गर्दा छात्रबृत्ति बितरण सम्बन्धी नीतिगत आधार तय गर्न जिल्ला छात्रबृत्ति व्यबस्थापन समिति गठन नगरको , बैंक सुविधा भएका स्थानहरुमा बिद्यालयबाट

विद्यार्थीको नाउँमा बैंक मार्फत माध्यमिक शिक्षा छात्रबृत्ति भुक्तानी दिने नगरेको, जिन्सी निरीक्षण गराई प्रतिवेदन लिएकोमा सो माथि कारबाही नगरेको, पुराना सामानको लिलाम बिक्री कार्य नभएको, मूल्य नखुलेको पुराना सामानको मूल्य कायम गराई नराखेको, ल्यापटप लगायतका खप्ने सामान कार्यालयका कर्मचारीहरुलाई प्रयोग गर्न दिदा सहायक जिन्सी खातामा अभिलेख राख्ने नगरेको, बार्षिक खरिद योजना नबनाएको, समयमा नै पेश्की फछ्र्यौट हुने नगरेको, अनुगमन भ्रमणको पेश्की फछ्र्यौट गर्दा भ्रमण प्रतिवेदन लिने नगरेको, राजश्व तर्फ म.ले.प.फा.नं. २३ नराखेको,राजश्व आम्दानीको गोश्वरा भौचर उठाएको भए पनि सो को पोष्टिङ्ग नगरेको र बिद्यालय भवन निर्माण/मर्मतको रु १ करोड ८४ लाखको अख्तियारी आषाढ २१ गते प्रदान गरेको जस्ता आन्तरीक नियन्त्रणका कमी कमजोरी देखिएकाले यसमा सुधारगरी आन्तरिक नियन्त्रण प्रणालीलाईं प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

२. **लक्ष्य प्रगति** : स्वीकृत बार्षिक कार्यक्रम अनुसारको लक्ष्य हासिल गर्नुपर्दछ । विद्यालय क्षेत्र सुधार कार्यक्रम तर्फ स्वीकृत बार्षिक कार्यक्रम अनुसार बजेट प्राप्त भएकोमा अति सिमान्तकृत र लोपोन्मुख वर्गका बालबालिकाहरुको लागि दिवा खाजा कार्यक्रम, माध्यमिकतहमा संचालित बिद्यालयहरुलाई सहयोग अनुदान लगायत बिभिन्न ६ वटा क्रियाकलापहरु सम्पादन हुन सकेको देखिएन ।

३. **चौमासिक खर्चको स्थिति** : स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्य सम्पादन गरी तोकिएको बजेट खर्च गर्नु पर्दछ । यस कार्यालयमा कार्यक्रम र पुजिगततर्फ ६ बजेट उपशीर्षकहरुमा रु.५७,३९,००,१९४।९० खर्च भएको मध्ये २० प्रतिशत प्रथम चौमासिकमा, २१ प्रतिशत दोश्रो चौमासिकमा, ५८ प्रतिशत तेस्रो चौमासिकमा र ३३.प्रतिशत रकम असार महिनामा खर्च भएको देखिन्छ । बर्षको अन्तमा अत्यधिक खचं भएबाट बिद्यालयको भौतिक निर्माण कार्य सम्पन्न नभएको एवं सम्पन्न कायंको रेखदेख, मुल्यांकन लगायतमा चाप पर्नगईं कामको गुणस्तरमा समेत असर पर्नसक्ने अबस्था रहेकोले स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नुपर्दछ ।

४. **छात्रवृत्तिको अनुदान** : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।०७३ को बुँदा ८.१ मा छात्रवृत्ति वितरण गर्न जिल्ला छात्रवृत्ति व्यवस्थापन समिति अनिवार्य रुपमा गठन गर्नुपर्ने, वितरणको नाम नामेसी सहितको विवरण जिल्ला शिक्षा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले उपरोक्त समिति गठन नगरी छात्रवृत्ति वितरण भएका छात्रछात्राको विवरण समेत प्राप्त नगरी कुल रु ३,०९,७०,८००।– छात्रवृत्ति वितरण गर्न विद्यालयहरुलाई रकम निकासा गरेको छ ।

५. **माध्यमिक बिद्यालयहरुमा कम्प्युटर कक्षा रल्याव सुदिृढीकरण** : कार्यालयले बिभिन्न बिद्यालयहरुलाई प्रदान गरेको अनुदान रकमबाट भएको कार्यको अनुगमन गर्नुपर्दछ । साथै अनुगमन कार्य बापतको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा प्रतिवेदन लिने व्यबस्था गर्नु पर्दछ । स्वीकृत बार्षिक कार्यक्रम बमोजिम माध्यमिक बिद्यालयहरुमा कम्प्युटर कक्षा, ल्याव सुदिृढीकरण र कनेक्टीभीटीका लागि प्रति बिद्यालय रु १,००,०००। दरले ३ वटा बिद्यालयहरुलाई जम्मा रु ३ लाख अनुदान निकासा दिएकोमा बिद्यालयहरुबाट तोकिएबमोजिमको कार्य भएको बिबरण पेश गर्नुपर्ने देखिन्छ ।

६. **विद्यालयको भौतिक निर्माण** : शिक्षा विभागबाट जारी भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।७३ को बुदा २३ (ञ) मा विद्यालय भवन निर्माण, लगायतका निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित प्राविधिकबाट तयार गर्न लगाइ सम्वन्धित साइट इन्चार्ज(इन्जिनियर,सव इन्जिनियर), सम्बन्धित विद्यालयका प्रधानअध्यापक तथा विद्यालय व्यबस्थापन समितिका अध्यक्ष वा विद्यालय निर्माण समितिका अध्यक्ष, जिल्ला शिक्षा अधिकारीको दस्तखत गरी गराई हरेक आर्थिक बर्षको आषाढ मसान्तसम्ममा विद्यालय, यस कार्यालय र श्रोत केन्द्रमा एक एक प्रति राख्ने

व्यबस्था मिलाउनु पर्दछ भन्ने उल्लेख छ। बिभिन्न भौतिक निर्माणको लागि बिद्यालयहरुलाई प्रदान गरेको रकम मध्ये २९७ बिद्यालयहरुबाट निर्माण कार्य सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन प्राप्त नभएकोले ति बिद्यालयहरुबाट रु २३ करोड १५ लाख १० हजारको कार्य सम्पन्न भएको सुनिश्चित हुने अवस्था छैन ।यसमा विद्यालयहरुको निर्माण कार्य सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन तयार गरी पेश गरिने कार्यालयको भनाई रहेको छ ।

७. **प्राविधिक धार संचालन गरेका बिद्यालयलाई निकाशा** : कार्यालयले बिभिन्न बिद्यालयहरुलाई प्रदान गरेको अनुदान रकमबाट भएको कार्यको अनुगमन गर्नुपर्दछ। साथै अनुगमन कार्य बापतको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा प्रतिवेदन लिने व्यबस्था गर्नु पर्दछ । स्वीकृत बार्षिक कार्यक्रम बमोजिम सामुदायिक विद्यालय क्षमता अभिबृद्धि कार्यक्रम अन्तर्गत प्राविधिक धार संचालन गरेका ६ वटा विद्यालयहरुलाई ल्याव सामाग्री सहयोग अनुदान तथा थप सामाग्री सहयोग अनुदान वापत रु ८४ लाख निकासा दिएकोमा उक्त बिद्यालयहरुबाट तोकिएबमोजिम कार्य भएको विवरण पेश हुनुपर्दछ ।

८. **अवकास पछिको निकासा** : शिक्षा नियमावली,२०५९ को नियम १७९ मा स्वीकृत दरबन्दी भन्दा बढी शिक्षक नियुक्ती गर्ने, त्यस्ता शिक्षकलाई तलब निकासा दिने, कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । योवर्ष विद्यालयहरुमा चौमासिक रुपमा निकासा दिँदा २० बिद्यालयमा अवकास भएका शिक्षकहरुको अवकास अवधि पछिको समेत रु १८०१४५।– निकासा भएको रकम असुल गर्नु पर्दछ ।यसमा शिक्षकहरुको अवकास पछि निकाशा भएको तलव असुल गरिने कार्यालयको भनाई रहेको छ ।

९. **दोहोरो निकासा** : राम नरेश यादव उच्च मा.वि.का एक जनामा.विशिक्षकको कान्ति उ.मा.बि.बुटवल सरुवा भएकोमा निजको नाममा दोश्रो चौमासिक तलव दुवै विद्यालयमा निकाशा गएको देखिएकोले निज शिक्षक सरुवा भै सकेको राम नरेश उ.मा.वि बाट रु १,३२,०९२।– असुल गर्नु पर्दछ ।दोहोरो निकाशा भएको पाइएमा असुल गरिने कार्यालयको भनाई रहेको छ ।.

१०. **सट्टा शिक्षकको तलव** : श्रोत व्यक्ति सट्टा शिक्षकको तलव बजेट निकाशा भएकोमा राम नरेश यादव उ.मा.वि बाट एक श्रोत व्यक्ति सट्टा शिक्षकको नाममा दोश्रो चौमासिक माग फाराम पेश गरेको आधारमा माध्यामिक शिक्षकको तलव निकाशा गर्ने बजेट उपशिर्षक बाट उक्त उ.मा.वि लाई रु.१०६४००।– निकाशा दिएको देखिएकोले दोहोरो निकाशा भएको रकम असुल गर्नु पर्दछ ।

११. **बढि निकासा** : कार्यालयले शिक्षकहरुको चौमासिक रुपमा तलवभत्ता निकासा दिदा विद्यालयको शिक्षक दरवन्दि,विद्यालयले माग गरेको निकासा फरामको चेक जांचगरी निकासा दिनु पर्दछ । विद्यालयहरुलाई वढी निकासा दिएको रु.५,६४,४४५।–र ०७२।०७३ को चौमासिक तलब निकासा गर्दा ८ वटा बिद्यालयमा कार्यरत १३ जना शिक्षकको पारित तलबी प्रतिवेदन भन्दा बढी ग्रेड निकासा भएकोले बढि निकाशा भएको रु.१,१७,८६०।–असुल गर्नु पर्दछ । रेकर्ड हेरि बढी ग्रेड निकासा भएको भए असुल गरिने कार्यालयको भनाई रहेको छ ।

१२. **लेखापरीक्षण क्षेत्रको सिमितता** : आर्थिक विवरण अनुसार गत वर्षको मौज्दात समेत यो वर्षको जम्मा आम्दानी रु ११७९४३१४।– मध्ये रु ८२७५८३०।– खर्च भई रु ३५१८४८४।– बैक मौज्दात बाँकी देखाएको छ। आर्थिक बिवरणले देखाएको आम्दानी खर्च मध्ये जिल्ला शिक्षा कोष र समिति तर्फको रु.६,५१,४५,६९।– को आय व्ययको श्रेस्ता लेखापरीक्षणको लागि पेश भएकोमा लेखापरीक्षण भएका र बाँकी रु.१७,६१,२६१।– को श्रेस्ता लेखापरीक्षणको लागी पेश भएन ।

## जिल्ला हुलाक कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्नेमाभ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको,मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेका,कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको,नागरिक बडापत्रमा उल्लेख भएका सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको लगायतका कमी कमजोरी देखिएको छ । बिभिन्न ऐन नियम एवं कार्यबिधिमा तोकिएका व्यबस्थाहरुको अनिवार्य रुपमा अबलम्वन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

## डिभिजन सडक कार्यालय

१. **आन्तरिक नियन्त्रणः नियन्त्रण :** बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्नेमानिर्माण कार्यको लगत इष्टिमेट, नापी किताव ढाचा अनुसार नभएको, नापी किताब नियन्त्रण खाता नराखेको, नापी किताब स्थायी प्रकृतिको नराखी लुज सिटमा राखेका, भ्रमण प्रतिवेदन गर्ने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, खरिद गुरु योजना तथा बार्षिक खरिद योजना तयार नगरेको, प्रयोजन र अवधि समाप्त भएका धरौटी सदरस्याहा नगरेको, चौमासिक रुपमा वार्षिक कार्यक्रम खर्च नगरेको,पेश्की फछ्र्यौट गरेको बिल भरपाईमा खर्चको तेरिज संलग्न गर्ने नगरेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणीत गरी भुक्तानी भएको जनाउने छाप लगाउने नगरेको, कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको, नागरिक बडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा नगरेको, अख्तियारी र कार्यक्रम संशोधन भए अनुरुप बार्षिक खरिद योजना संशोधन नगरेको, स्थानीय सडक पुल निर्माण लगायत बिभिन्न ८ कार्यक्रमको कुल बजेट रु.१ अर्ब ५ करोड ३६ लाख ५९ हजारको ८६.९४ प्रतिशत अर्थात ९१ करोड ६१ लाख १७ हजार (शुरु बजेट भित्रको र थप बजेट समेत) असार महिनामा प्रदान भएको,उपभोक्ता समितिलाई आयोजना हस्तान्तरण हुने नगरेको, उपभोक्ता समितिले समयमै कार्य सम्पन्न नगरेकोमा म्याद थप गर्ने नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको लगायतका कमी कमजोरी सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **चौमासिक खर्चको स्थिति :** स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्य सम्पादन गरी तोकिएको बजेट खर्च गर्नुपर्नेमा स्थानीय सढक पुल निर्माण लगायत बिभिन्न ११ कार्यक्रम (बजेट उप शीर्षक) मा भएको कुल खर्च रु.१ अर्ब १ करोड ५९ लाख ६५ हजार खर्च भएको मध्ये ८४. १९ प्रतिशत तेस्रो चौमासिकमा र कुल खर्चको आधाभन्दा बढी अर्थात् ५८ प्रतिशत रकम असार महिनामा खर्च भएको देखिन्छ । बर्षको अन्तमा अत्यधिक खर्च भएबाट सम्पन्न कार्यको रेखदेख, मुल्यांकन लगायतमा चाप पर्न गई कामको गुणस्तरमा समेत असर पर्न सक्ने अबस्था रहेकोले स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नु पर्दछ ।चौमासिक रुपमा खर्च गर्दै असारमा कम खर्च गर्ने बातावरण मिलाउन आबश्यक पहल गर्ने व्यहोरा कार्यालयले जनाएकोछ ।

३. **आयोजना स्वीकृति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको संभाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय

तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी आयोजना स्वीकृत गर्नु पर्ने व्यवस्था रहेको छ। कार्यालय अन्तर्गत सञ्चालित निर्वाचन क्षेत्र सडक लगायत बिभिन्न कार्याक्रमतर्फका योजनाको उल्लिखित प्रकृया पुरा नगरी कार्यान्वयन भएको पाइयो। छलफलको क्रममा कार्यालयले अबका दिनमा गर्ने व्यहोरा जनाएको छ।

४. **ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) बमोजिम ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्नेमा कार्यालयबाट यो बर्ष रु.३ अर्ब ३४ करोड ४० लाख १५ हजारको १६४ वटा खरिद सम्झौता भएकोमा प्रथम चौमासिकमा १५, दोस्रोमा ४० र तेस्रोमा १०९ सम्झौता भएको एवं आषाढ महिनामा मात्र रु.८६ करोड ७२ लाख ७ हजार रकमको ४३ वटा खरिद सम्झौता गरेको पाइयो। यस वर्ष खरिद सम्झौता भएका मध्ये रु.१७ करोड ९४ लाख ६९ हजार लागतको ७७ वटा मात्र यसै आर्थिक वर्षभित्र सम्पन्न भएको देखिन्छ। समयमै ठेक्का व्यबस्थापन सम्बन्धी कार्य सम्पन्न गर्नु पर्दछ।अख्तियारी प्राप्त हुनासाथ ठेक्का व्यबस्थापन गरेको कार्यालयको भनाई रहेको छ।

५. **लक्ष्य/प्रगति स्थिति** : स्वीकृत कार्यक्रमहरु समयमै सञ्चालन गरी बार्षिक लक्ष्य हासिल गर्नुपर्नेमा यस कार्यालय अन्तर्गत विभिन्न बजेट उप–शीर्षक अन्तर्गत रु.१ अर्ब १६ करोड ६४ लाख विनियोजन भएका १९४ कार्यक्रम रहेकोमा शुन्य प्रतिशतसम्म प्रगति भएका ३३, पच्चिस प्रतिशतसम्म प्रगति भएका कार्यक्रमहरु ३, पचास प्रतिशतसम्म प्रगति भएका कार्यक्रम ८ र पचहत्तर प्रतिशतसम्म प्रगति भएका कार्यक्रम ३१ रहेका छन्।अतः न्यून प्रगति हुनुको समस्यालाई समाधान गरी तोकिएको लक्ष्य प्रगति हासिल गर्नतर्फ उन्मुख हुनुपर्दछ।

५.१. कार्यालयबाट सम्पादन हुने प्रमुख कार्यको समग्र लक्ष्य र प्रगतिको स्थिति देहायबमोजिम रहेको पाइयो।

| सि.न | बिवरण | ईकाइ | बार्षिक लक्ष्य | बार्षिक प्रगति | प्रगति (प्र.श). |
|---|---|---|---|---|---|
| १ | नयाँ सडक निर्माण | कि.मि. | ५.६५ | ३.१२ | ५५.२२ |
| २ | खण्डास्मित स्तरमा स्तरोन्नती | कि.मि. | २६.३३ | २२.६ | ८५.८३ |
| ३ | कालोपत्रे स्तरमा स्तरोन्नती | कि.मि. | ४६.०८ | ४९.१८ | १०६.७३ |
| ४ | सडक मर्मत (नियमित र पटके) | कि.मि. | ४६८ | ४६८ | १००.०० |
| ५ | आवधिक मर्मत | कि.मि. | १७ | १७ | १००.०० |
| ६ | पुल निर्माण | गोटा | ३९ | ३६ | ९२.३१ |

उल्लिखित तालिकाअनुसार समयमै ठेक्का पट्टाको कार्य नभएको र भएकोमा पनि कार्य तालिकाबमोजिम कार्य हुन नसकेको कारण नयाँ सडक निर्माण कार्यमा ५५.२२ प्रतिशत मात्र प्रगति भएको देखियो। नयाँ सडक निर्माण कार्य लक्ष्यबमोजिम सम्पन्न नभएको कारण सडकको पहुँच बढाउने लक्ष्यमा असर परेको देखिन्छ। यसैगरी स्थानीय सडक पुल निर्माण र सम्भावित रणनैतिक सडकतर्फ कुल बजेटको क्रमशः ९७.२५ र ९३.४४ प्रतिशत खर्च भएकोमा ३७.१५ र ६०.१२ प्रतिशतमात्र भौतिक प्रगति भएकोले भौतिक र वित्तीय प्रगति बीच तालमेल रहेको पाइएन। न्यून प्रगति हुनुका कारण तथा समस्या पहिचान गरी निर्धारित लक्ष्य अनुसार प्रगति हासिल गर्ने तर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ।

६. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) को अनुसूची १ मा लागत अनुमानको वर्कचार्ट खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने उल्लेख भएकोमा वर्कचार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख नभएको एवं सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन। कन्टिन्जेन्सीबाट खर्चगर्ने सम्बन्धमा स्पष्ट कार्यबिधि तयार नगरी बर्षभरीमा रु.२ करोड ३५ लाख ९५ हजार (विभाग पठाएको बाहेक) खर्च गरेको देखिन्छ। कन्टिन्जेन्सीबाट नियमित बजेटमा खर्च गर्नुपर्ने दैनिक भ्रमण भत्ता, इन्धन,

गाडी तथा मोटरसाइकल मर्मत, स्टेशनरी छपाई लगायतका कार्यमा खर्च समेत खर्च भएको देखिन्छ ।कार्यालयले हालको बिद्यमान अनुसार नै कन्टिन्जेन्सी खर्च गर्ने गरेको एवंकार्यालय सञ्चालनमा विनियोजित बजेट अत्यन्त न्यून रहेको हुँदा सबै सञ्चालन खर्च यसैबाट गर्ने गरेको व्यहोरा जनाएको छ ।

७. **गुणस्तर नियन्त्रण** : सडक विभागले जारी गरेको स्टान्र्डड स्पेसिफिकेशन अफ रोड एण्ड ब्रिज बर्कश, २००१रगुणस्तर आश्वस्तता योजना, २०६६को आधारमा पुल निर्माण कार्यको गुणस्तर व्यवस्थापन गर्नुपर्ने, विड डकुमेन्टका साथ अनिवार्य रुपमा गुणस्तर आश्वस्तता योजना पेश गर्नुपर्ने र सोही अनुसार गुणस्तर परीक्षण गनुपर्ने व्यवस्थाबमोमिज गुणस्तर परीक्षणका लागि लिएको नमूना छनौट निर्माण व्यवसायीले गर्ने र गुणस्तर परीक्षणको संख्या समेत पुरा नहुने स्थिति रहेको पाइयो । कार्यालयले आफ्नोको प्रतिनिधिको रोहवरमा नमूना छनौट हुने गरेको र गुणस्तर परीक्षणको संख्या (frequency) पूर्ण रुपमा कायम गर्न प्रयासरत रहेको व्यहोरा जनाएको छ ।

८. **ई-बिडिङ :** बोलपत्र आव्हान गर्दा ई–बिडिङ गर्दा बोलपत्र सम्बन्धी कागजात अपलोड र डाउनलोड भएको मिति र समय समेत देखिने गरी  अभिलेख रहनु पर्नेमा बोलपत्र सम्बन्धी कागजात अपलोड र डाउनलोड गरेको मिति, समय र पटकको अभिलेख रहने गरेको पाइएन । अनलाईन मार्फत भएको कार्यको हरेक क्रियाकलापको अभिलेख नरहने अबस्था बिद्यमान रहेको कारण तोकिएका कार्य तोकिएकै समयमा सम्पन्न भए नभएको यकिन गर्न सकिने अबस्था रहदैन । यसबाट बोलपत्र सम्बन्धी कागजात समयमै अपलोड नगरी प्रतिस्पर्धा सीमित हुन जाने अबस्था समेत रहने हुनाले ई–बिडिङ प्रणालीमा हरेक कार्यको अभिलेख रहने गरी सुधार गर्नुपर्ने देखिन्छ । कार्यालयले यस सम्बन्धमा केन्द्रीयस्तरबाटै आबश्यक पहल हुनुपर्ने व्यहोरा जनाएको छ ।

९. **बीमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको त्रुटि सच्याउने अवधि समेत कभर हुने गरी बीमा गराउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छः

९.१. निर्माण व्यवसायीसँग भएको सम्झौताको खण्ड ६ मा रहेको स्पेशल प्रोभिजनबमोजिम बीमा वापतको रकम भुक्तानी दिंदा बीमा सम्बन्धी डकुमेण्ट तथा पोलिसी पेश भए पछि ७० प्रतिशत र बाँकी ३० प्रतिशत रकम निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने अवधिमा भुक्तानी दिनु पर्ने उल्लेख भएकोमा सोको पालना नगरी पुरै रकम भुक्तानी भएको देखिन्छ। उदाहरणको लगि विभिन्न उपशिर्षक अन्तर्गत ११ ठेक्कामा ३० प्रतिशतले हुने रु.६ लाख ५४ हजार घटाउनु पर्नेमा पुरै भुक्तानी दिएको पाइयो ।

९.२. निर्माण व्यवसायीसंग भएको सम्झौताको जी.सी.सी. १३ अनुसार डिफेक्ट लायबिलटी पिरियड समेत कभर हुने गरी बीमा गराउनुपर्नेमा निर्वाचन क्षेत्र सडकतर्फ ठेक्का नं.१६२।२०७१।७२ र १६७।२०७१।७२ मा सोबमोजिम बीमाको अबधि पुगेको देखिएन ।

९.३. ठेक्का नं.१५३।२०७१।७२, १५४।२०७१।७२, १९६।२०७१।७२ र २९।२०७२।७३ मा बीमा गरेको प्रमाण नराखी रु.१ लाख ५७ हजार भुक्तानी गरेको देखिन्छ ।

९.४. ठेक्काको म्याद थप गर्दा विमाको म्याद थप नगरेको, आंशिक विमा गरेकोमा पूरै भूक्तानी दिएको, त्रुटी सच्चाउने अवधि सम्मको वीमा नगराएको र विमा नै नगराई पनि निर्माण कार्य शुरु गरेको देखिन्छ । तसर्थ उल्लिखित अवस्थामा सुधार गर्नु पर्दछ ।यस सम्बन्धमा सुधार गर्ने व्यहोरा कार्यालयले जनाएको छ ।

१०. **एजविल्ट नक्सा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्बन्धीत निर्माण व्यवसायीले निर्माण भए

वमोजिम एजविल्ट नक्सा पेश गर्नुपर्ने व्यबस्थाअनुसार ठेक्का सम्झौतामानक्सा पेश नगरे सम्म अन्तिम विलको भुक्तानी गर्दा रु १ लाख रोक्का राख्ने उल्लेख भएकोमा बिभिन्न ५ ठेक्कामा सोबमोजिमको नक्सा पेश नभएकोमा रु.५ लाख रोक्का नगरी पुरै बिल भुक्तानी गरेकोले ती निर्माण व्यबसायीलाई नक्शा बनाउन लगाउनु पर्ने देखिन्छ ।

११. **मूल्य बृद्धि** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(१) मा सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नपर्ने र ११९(२) मा खरिद सम्झौतामा मूल्य समायोजनको व्यवस्था गर्दा ११९(२ज)मा मूल्य समायोजन सूत्र लागू हुने समयको अन्तराल र ११९(२झ) मा मूल्य समायोजन सूत्रको प्रयोगबाट देखिनुपर्ने न्यूनतम मूल्यबृद्धि र मूल्य समायोजन सम्बन्धी प्रावधान लागू हुन पूरा हुनुपर्ने अन्य शर्त तथा बन्देजको व्यवस्था छ । यस कार्यालयले खरिद सम्झौता गर्दा मूल्य समायोजन दिने समय अन्तराल र मूल्यमा हुनुपर्ने न्यूनतम वृद्धिको प्रावधान राखेको छैन । यस सम्बन्धमा देखिएको प्रमुख व्यहोरा निम्नानुसार छन्:

११.१. ठेक्का नं. ८६।०६६।६७को दोश्रो पटक म्याद थप गर्दा महानिर्देशकवाट २०७२।३।२४ सम्म म्याद थप स्वीकृत गर्दा सो अबधिमा सम्पन्न नभए क्षतिपूर्ति भराई वा ठेक्का तोडने व्यहोरा उल्लेख भएकोमा सो अबधि पश्चात निर्माण व्यबसायीलाई रु.१९ लाख २२ हजार मूल्य वृद्धि वापत भुक्तानी दिएकोमा यसरी दिन मिल्ने आधार देखिएन । कार्यालयले तराईको अति नै दक्षिणी सिमानामा स्थित यो पुलमा ठेकेदारको लापरवाहीले गर्दा नभई विविध सामाजिक अवरोधहरुका कारणले समयमा पुल सम्पन्न हुन नसकेकोले र हाल निर्माण कार्य सम्पन्न पनि भै सकेकोले निजको माग वमोजिमको म्याद थप गरी मूल्य समायोजन पनि दिनुपर्ने व्यहोरा जनाएको छ ।

११.२. ठेक्का नं. ८६।०६८।६९को दोस्रो पटक म्याद थप गर्ने सम्वन्धमा डिभिजन प्रमुखवाट २०७२।९।२९ सम्म काम सम्पन्न गर्ने व्यहोरा सिफारिश भएकोमा सोको निर्णय नभएको एवं तत्पश्चात निर्माण व्यवसायीलाई नियमानुसार पूर्व निर्धारित क्षतिपुर्ति लाग्ने गरी डिभिजन प्रमुखबाट २०७४ असार मसान्तसम्म म्याद थपको लागि २०७३।२।२१ मा सिफारिशमाभएकोमा महनिर्देशकबाट २०७३।३।२५ सम्म क्षतिपूर्ति नलगाई र सो अवधिमा पनि कार्य सम्पन्न नगरेमा मिति २०७४।३।३० सम्म क्षतिपूर्ति लगाई कार्य गराउने गरी निर्णय भएबमोजिम रु.१६ लाख ८२ हजार मूल्य बृद्धि भुक्तानी भएको छ । स्थानीय परिस्थिति बिश्लेषण गरी कार्यालयबाट पूर्व निर्धारित क्षतिपूर्ति लगाई कार्य गराउनुपर्ने सिफारिश भएकोमा सो बिपरीत निर्णय भएको र पटक पटक म्याद पश्चात ४५ प्रतिशत मात्र काम भएको अबस्थामा मूल्य बृद्धि दिने गरी म्याद थप भएको मनासिब नभएकोले सो रकम असुल गर्नुपर्ने देखिन्छ । महानिर्देशकको निर्णयअनुसार मूल्य बृद्धि भुक्तानी दिएको कार्यालयको भनाई रहेको छ ।

११.३. खरिद सम्झौताबमोजिम मूल्य बृद्धि वापत भुक्तानी दिंदा पेश्की फछ्र्यौट रकम घटाउनु पर्नेमा नघटाएको कारणबिभिन्न ५ ठेक्कामा मूल्य बृद्धि बढी भुक्तानी हुन गएको रु.३,७३,५८२।– असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले असुल गर्ने व्यहोरा जनाएको छ ।

११.४. ठेक्का नं. १०।२०७०।०७१ को खरिद सम्झौतामा उल्लेख भएको स्रोतभन्दा फरक स्रोतको आधारमा रु.८ लाख ४ हजार मूल्य बृद्धि दिएको मिल्ने देखिएन । आबश्यक प्रमाण पेश गर्ने कार्यालयको भनाई रहेको छ ।सोही ठेक्का कामदारको ज्यालामा मुल्य बृद्धि भुक्तानी गर्दा जिल्ला दररेटलाई आधार लिनुपर्नेमा नेपाल राष्ट्र बैंकको सूचकलाई आधार लिएको कारण बढी भुक्तानी हुन गएको रु.६९ हजार असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले असुल गर्ने व्यहोरा जनाएको छ ।

११.५. भेरियसबाट थप भएको नयाँ आइटमको काममा मूल्य बृद्धि दिने आधार नभएकोले ठेक्का नं.१०३।२०६७६८, १६०।२०७१।७२, १६७२०७१।७२ र १६१।२०७१।७२ मा थप कार्यमा मूल्य

बृद्धि दिएकोले मूल्य अभिबृद्धि कर समेतको हुने रु.८,२६,३७९।– असुल गर्नुपर्ने देखिन्छ। कार्यालयले उक्त रकम असुल गर्ने व्यहोरा जनाएको छ।

११.६. ठेक्का नं.१५६।२०७१।७२ लाई पहिलो र दोस्रो रनिङ्ग बिल रकममा मूल्य समायोजन भुक्तानी गर्दा सुचांङ्क फरक पर्न गई बढी भुक्तानी हुन गएको रु.२ लाख ८५ हजार असुल गर्नुपर्ने देखिन्छ। कार्यालयले उक्त रकम असुल गर्ने व्यहोरा जनाएको छ।

११.७. ठेक्का नं. १६१।२०७१।७२ लाई पहिलो बिलको मुल्य समायोजन गर्दा सूचक औसतमा गणना नगरेको कारण बढी भुक्तानी हुन गएको रु.३ लाख ७१ हजार असुल गनुपर्ने देखिन्छ। कार्यालयले असुल गर्ने व्यहोरा जनाएको छ।

१२. **प्रिमिक्स कार्पेट** : सडक कालोपत्रे गर्ने कार्यको लागि सब बेस, बेस, प्राइम कोट, ट्याक कोट र प्रिमिक्स कार्पेट गर्नुपर्नेमा मुर्गिया–लुम्बिनी सडक खण्डको अन्तिम बिलको भुक्तानीमा प्राइम कोट र ट्याक कोट गरेकोमाप्रिमिक्स कार्पेट गरेको पाइएन। प्राइम कोट र ट्याक कोट गर्ने तरप्रिमिक्स कार्पेट नगर्नाले रु.५४ हजारको उक्त कार्य औचित्यपूर्ण देखिदैन। कालोपत्रे गर्नको लागि प्राइम कोट र ट्याक कोट गरी कालोपत्रे गरेकोमा पछि करिव २६ मिटरको कालोपत्रे विग्रिएकोले त्यसको भुक्तानी नगरेको कार्यालयको भनाई रहेको छ।

१३. **नर्म्सको प्रयोग** : सडक विभागले प्रयोग गर्ने फलामे डण्डी र ढुंगाको गाह्रो लगाउने नर्म्स सिंचाई विभाग, भवन विभाग लगायत अन्य निकायले प्रयोग गर्ने नर्म्सभन्दा क्रमशः १० र ५ प्रतिशत बढी जर्ती जाने उल्लेख भएबमोजिम बिभिन्न ४ पुलमा मात्र ७१ हजार ८५५ के.जी. डण्डी बढ्न गई रु.१ करोड २ लाख ७१ हजार लागत अनुमान बढ्न गएको छ।यसैगरी दुई सडक योजनामा मात्र८८० घ.मी. ढुंगा बढी प्रयोग भई रु.२२ लाख ५० हजार लागत बढ्न गएको देखियो। सबै योजनामा यसरी नै लागत बढेको अबस्था रहेकोले नर्म्समा एकरुपता कायम गर्नु पर्दछ। कार्यालयले नर्म्सको पालना गरी दर विश्लेषण र लागत अनुमान तयार गरेको व्यहोरा जनाएको छ।

१४. **मूल्य अभिबृद्धि कर** : निर्माण व्यबसायीसँग भएको सम्झौताबमोजिम अघिल्लो बिलमा भुक्तानी भएको मूल्य अभिबृद्धि कर दाखिला गरेको प्रमाण पछिल्लो बिल भुक्तानी लिदा पेश गर्नुपर्नेमा सो व्यबस्थाको परिपालना नगरी बिभिन्न तीन निर्माण व्यबसायीलाई रु.६८ लाख ३ हजार मूल्य अभिबृद्धि कर भुक्तानी दिएको एवं बीजक नम्बर हातले लेखेको कर बीजकको आधारमा एक निर्माण व्यबसायीलाई रु.२५ लाख ६० हजार मूल्य अभिबृद्धि कर भुक्तानी दिएको पाएइकोले उक्त कर रकम दाखिला भएको वा समायोजना गरेको प्रमाण पेश गर्नुपर्ने देखिन्छ।

१५. **प्रारम्भिक वातावरणीय परीक्षण** : बातावरण संरक्षण ऐन, २०५३ को दफा ४ बमोजिम प्रारम्भिक बातावरणीय परीक्षण नगरी कार्यालयले वेलवास वेथरी सडक निर्माण कार्य सम्पन्न गर्न निर्माण व्यवसायीसंग रु.६८ करोड ६२ लाख ६९ हजारको लागतमा २०७६।०४।१५ मा सम्पन्न गर्ने गरी २०७३।३।३१ मा सम्झौता भएको देखियो। कानुनमा भएको व्यवस्थाको पालना गरी कार्य गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। कार्यालयले सडक बिभागबाट उक्त कार्य भईरहेको व्यहोरा जनाएको छ।

१६. **पूर्व निर्धारित क्षतिपूर्ति** : लोकाहा पथरी पुल मर्मतकार्य गर्ने निर्माण व्यबसायीबाट समयमै कार्य सम्पन्न नभए बापत रु.१५ हजार पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने देखिन्छ।

१७. **लेन्थवर्कर** : सडक किनाराको मर्मत सम्भार र रेखदेखको लागि राखिएको लेन्थवर्करको उमेर, हाजिरी एवं बिदाको अभिलेख व्यबस्थित नगरी बर्षभरीमा रु.१ करोड ६१ लाख ६१ हजार पारिश्रमिक भुक्तानी गरेको देखिन्छ।

१८. **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ र ठेक्का सम्झौताबमोजिम उपलब्ध गराएको रु.२६ करोड ८१ लाख २९ हजार मोबिलाइजेशन पेश्की हुन बांकी देखिन्छ। यसैगरी निर्माण व्यवसायीसंग

भएको सम्झौताको १५ प्रतिशत मोबिलाइजेश पेश्कीमध्ये १० प्रतिशत सम्झौता भएपछि र बांकी ५ प्रतिशत कम्तीमा १० प्रतिशत कार्य प्रगति हासिल भएपछि दिनुपर्नेमा बिभिन्न ५ ठेक्कामा तोकिएको कार्य प्रगति नभएकै अबस्थामा सम्झौता बिपरित रु.८७ लाख ५५ हजार थप पेश्की प्रदान गरेको देखिन्छ ।

१९. **पुल निर्माण सम्पन्न नभएको :** मणीग्राम मोतिपुर जोड्ने तिनाउ नदी पुल निर्माणको लागि एक कन्स्ट्क्सन प्रा.ली.संग २०६९।३।२४ मा कार्य सम्पन्न गर्नेगरी २०६७।३।२५ सम्झौता भएकोमा नदीजन्य सामग्रीको असहजता, वेल धसाईमाप्राविधिक समस्या लगायतको कारण २०७२।३।२४ सम्म म्याद थप भएको देखिन्छ । लागत अनुमान रु.१३ करोड ८३ लाख १५ हजार भएको उक्त पुल निर्माणको लागि रु.१० करोड ३७ लाख ९५ हजारमा सम्झौता भएपनि २०७२।७३ मा कुनै काम नभएको कारण बिल भुक्तानी भएको पाइएन । हालसम्म मूल्य समायोजन समेत रु.४ करोड २८ लाख ७८ हजार भुक्तानी भएको र रु.५० लाख मोविलाइजेशन पेश्की फछ्र्यौट हुन बांकी रहेको देखिन्छ । उक्त निर्माण कार्य २०७३।९।२९ मा भएको स्थलगत निरीक्षण गर्दा बांया एबुटमेन्ट एवं पहिलो र दोस्रो पियरको काम डिजाइन अनुसार भएकोमा तेस्रो र चौथो पियर एवं दाहिने एबुटमेनटको वेल धसाउननसकेको कारण काम अधुरो अबस्था रहेको पाइयो । यस सम्बन्धमा कार्यालयसंग छलफल गर्दाकंग्लोमेरेट स्वाइल भेटिएको कारण वेल धसाउन नसकेकोले डिजाइन परिवर्तनको लागि सडक विभाग पठाएकोमा स्वीकृत भई नआएकोले निमौण कार्य रोकिएको व्यहोरा जानकारी हुन आएको छ । सुरु सम्झौताबमोजिम कार्य सम्पन्न गर्नुपर्ने अबधि समाप्त भएको करिब ३ बर्ष बितिसक्दा पुल निर्माण कार्य अधुरो रहेकोले लाभान्वित वर्ग सेवा पाउनबाट बन्चित हुन पुगेको पाइयो । उक्त अधुरो पुल सम्पन्न गर्न आबश्यक पहल गर्नु पर्दछ ।

## डिभिजन सहकारी कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्नेमा खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणीत गरी भुक्तानी भएको जनाउने छाप लगाउने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको,मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेका, कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको,नागरिक बडापत्रमा उल्लेख भएका सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा नगरेको, रसिद नियन्त्रण खाता नराखेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको लगायतका कमी कमजोरी देखिएको छ । बिभिन्न ऐन नियम एवं कार्यबिधिमा तोकिएका व्यबस्थाहरुको अनिवार्य रुपमा अबलम्वन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

### दंगा नियन्त्रण प्रहरी गण

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्नेमा खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणीत गरी भुक्तानी भएको जनाउने छाप लगाउने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको,मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेका, भ्रमण प्रतिवेदन लिने नगरेको लगायतका कमी कमजोरी देखिएको छ । बिभिन्न ऐन नियम एवं कार्यबिधिमा तोकिएका व्यबस्थाहरुको अनिवार्य रुपमा अबलम्वन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **मोबिलाइजेशन पेश्की :** दंगा नियन्त्रण प्रहरी गण नवलपरासी हाता भित्र निर्माण हुने कार्यालय, कार्यालय प्रमुख निवास, क्वाटर गार्ड, ट्रेड सप, सोकपिट, मेश व्लक लगायतका भवन निर्माण

कार्यको २०७२।०९।२२ मा थोगिम रोयल जे.भी.सँग मु.अ.कर समेत रु.३,८२,५५,१८७८३ मा ठेक्का सम्झौता भएको यो बर्ष चौथो बिलसम्ममा रु.२,१३,१४,४९६।३३ भुक्तानी भएको छ । निर्माण व्यबसायीलाई यस बर्ष प्रदान गरको मोबिलाइजेशन पेश्की मध्ये रु.१८,१२,११७/२४ फछ्र्यौट हुन बाँकी देखिन्छ ।

## पर्यटन कार्यालय

१. **आन्तरिक नियन्त्रण** : बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्नेमा पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, खरिद गुरु योजना तथा बार्षिक खरिद योजना तयार नगरेको, कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेको,सवारी साधन मर्मतको अभिलेख नराखेको, राजश्वतर्फ बैंक नगदी किताब र राजश्वतर्फ दैनिक आम्दानी टिप्पणी नराखेको लगायतका कमी कमजोरी सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **आयोजना छनौट** : आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम २२ मा बिकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राबिधिक, बातावरणीय तथा प्रशासकीय उपयुक्तताका आधारमा छनौट गर्नुपर्नेमा यस बर्ष कार्यालयको कार्यक्षेत्रभित्र पर्ने पाल्पा, गुल्मी, अर्घाखाँची, प्युठान, सल्यान, रोल्पा, दाङ, रुकुम, , कपिलवस्तु र नवलपरासीमा सञ्चालन गर्नेगरी रु.९ करोड ९८ लाखको ११७ कार्यक्रम  उल्लिखित प्रक्रिया पुरा नगरी सिधै समाबेश गरेको पाइयो । अख्तियारी र कार्यक्रम स्वीकृत भई आएबमोजिम कार्यान्वयन गरेको कार्यालयको भनाई रहेको छ ।

३. **कार्यक्रम सञ्चालन नभएको** : स्वीकृत कार्यक्रमबमोजिमको कार्य सञ्चालन गरी प्रगति हासिल गर्नुपर्नेमा उल्लिखित प्रकृया पुरा नगरी सही रुपमा कार्यक्रम छनौट नभएको कारण समितिले चासो नदिएको, स्थान पहिचान नभएकोले कार्यक्रम सञ्चालन हुन सकेको पाइएन ।

४. **चौमासिक खर्चको स्थिति** : स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्य सम्पादन गरी तोकिएको बजेट खर्च गर्नु पर्दछ। यस कार्यालयमा कार्यक्रम/पुजिगततर्फ कुल रु.९,४५,१८,१४५।– खर्च भएको मध्ये ७८.२० प्रतिशत तेस्रो चौमासिकमा र ३९.३५ प्रतिशत रकम असार महिनामा खर्च भएको देखिन्छ । बर्षको अन्तमा अत्यधिक खर्च भएबाट सम्पन्न कार्यको रेखदेख, मुल्यांकन लगायतमा चाप पर्न गई कामको गुणस्तरमा समेत असर पर्न सक्ने अबस्था रहेकोले स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नु पर्दछ ।

५. **लागत अनुमान** : सार्वजनिक खरिद नियमावली २०६४, को नियम १० अनुसार स्वीकृत नर्म्सको पालना गरी दरबिश्लेषणको आधारमा लागत अनुमान तयार गर्नुपर्नेमा दुर्गा मन्दिर क्षेत्र, सिद्धार्थ नगरपालिकाको दुई मन्दिरमा माटो खन्ने, ढुंगा छाप्ने, पी.सी.सी., ईटा छाप्ने लगायतको काममा फरक दरमा उपभोक्ता समितिसंग सम्झौता गरी भुक्तानी दिएको कारण भुक्तानी बढ्न गएको रु.५७,३२४।– को दर बिश्लेषण पेश गर्नुपर्ने देखिन्छ । होम मेड र फ्याक्ट्री मेडका कारण फरक परेको कार्यालयको भनाई रहेको छ ।

५.१. यसैगरी रोल्पाको दुई निर्माण कार्यमा ढुंगाको गाह्रो लगाउने काममा फरक दरमा उपभोक्ता समितिसंग सम्झौता गरी भुक्तानी दिएको कारण भुक्तानी बढ्न गएको रु.६,३९,७३२।– को दर बिश्लेषण पेश गर्नुपर्ने देखिन्छ । मड मोर्टार र सिमेन्ट मोर्टारको कारण फरक परेको कार्यालयको भनाई रहेको छ ।

६. **दोहोरोपान** : यस कार्यालय अन्तर्गत हुने सार्वजनिक निर्माण सम्वन्धी सम्पूर्ण कार्यहरु उपभोक्ता समितिवाट हुने र कार्यक्रम सालवासालि हुने गरेको देखियो । कार्यक्रम हेर्दा एउटै स्थानका लागि

गत विगत देखि विभिन्न कार्यका लागि पटक पटक वजेट विनियोजन भई कार्य हुदै आईरहेको देखियो । प्रत्येक वर्ष सानो सानो रकम विनियोजन हुने र कार्यक्रम सालवसाली हुने गरेको तर चालु आर्थिक वर्षमा भएको कामको मात्र नाप जाच भई भुक्तानी दिने हुनाले उक्त स्थानमा हालसम्म कति वजेट विनियोजन भई खर्च भएको छ भनी स्पष्ट लागत देखिने अवस्था रहेन । सरकारले पनि प्रत्येक वर्ष सानो सानो रकम लगानी गर्नाले काममा दोहोरोपना हुन सक्ने अवस्था रहन्छ। कार्यमा दोहोरोपन हुनसक्ने तर्फ कार्यालय सचेत रहनुका साथै काम भएको नापजाच गर्दा उक्त स्थानमा अन्य निकायवाट सो वर्षमा कार्य भए नभएको स्पष्ट उल्लेख हुनुपर्ने व्यवस्था गर्नुपर्दछ ।

७. **अनुगमन निरीक्षण** : होटल, लज, रेष्टुराँ तथा रिसोर्ट ,बार एवम् ट्राभल एण्ड ट्रेकिङ्ग एजेन्सी दर्ता, नविकरण नभई अवैधानिक रुपमा संञ्चालनमा हुनसक्ने भएकोले अनुगमन निरीक्षणलाई अझ बढी प्रभावकारी बनाउनु पर्ने देखिन्छ । साथै पर्यटकीय सेवा केन्द्र स्थापना तथा पर्यटकीय पूर्वाधार विकास एवं निर्मित संरचनाको यथोचित मर्मत सम्भार अझ बढी ध्यान दिनुपर्ने देखिन्छ ।

## पश्चिमान्चल क्षेत्रीय मेडिकल स्टोर

१. **आन्तरिक नियन्त्रण** : बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा मूल्य नखुलेका माल सामानको मुल्य नखुलाएको, नगदि रसीद नियन्त्रण खाता नराखेको, सम्भावित जोखिमको पहिचान नगरेकोले सुधार गर्नुपर्ने कुरा एकिन नभएको, जिन्सी निरिक्षण प्रतिवेदन अनुसार लिलाम विक्रि गर्नु पर्ने सामान लिलाम विक्रि गरि र मर्मत गर्नु पर्ने सामान मर्मत गरि प्रतिवेदनको कार्यान्वयन नगरेको, आन्तरिक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन नभएको, संक्षिप्त वार्षिक प्रतिवेदन अनुसूची १४ तयार नगरेकोले यसरी आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुंदा कार्य सम्पादनमा कठिनाई हुन गई प्रभावकारी ढंगवाट कार्य सम्पादन गर्न कठिनाई हुने हुंदा नियममा भएको व्यवस्था अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयन गर्नुपर्ने देखियो ।

२. **दरवन्दी भन्दा वढी खर्च** : कर्मचारीको तलव खर्च स्वीकृत दरवन्दी भित्र रही कोष तथा लेखा नियन्त्रक कार्यालयवाट तलवी प्रतिवेदन पारीत गराईमात्र तलव खर्च लेख्नुपर्नेमा कार्यालयको स्वीकृत दरवन्दी मा नरहेको र तलवी प्रतिवेदन समेत पारीत नगराई एक कर्मचारीको दशै खर्च समेत तलव भत्ता रु.३७६१४४/-खर्च लेखेको नियम सम्मत देखिएन ।

३. **बोलपत्रको मूल्याकंन :** सार्वजनिक खरिद नियमावली,२०६४ नियम ५९ मा बोलपत्र खोल्ने , नियम ६०मा बोलपत्रको पूर्णताको परिक्षण गर्ने, नियम ६१ मा बोलपत्रको मूल्याकंन गर्ने, आदी प्रक्रिया रहेका छन् । स्टोरले औषधी ढुवानीको वोलपत्र आव्हान गर्दा उक्त प्रक्रिया नपुयाई सिधै तुलनात्मक चार्ट वनाई न्यूनतम ६९.६६ प्रतिशत घटी कवोल गर्ने वोलपत्रदाताको वोलपत्र स्वीकृत गर्दा लागत मितव्ययी भएता पनि सारभूतरुपमा प्रभावग्राह्य भए नभएको परिक्षण नहुदां बुटवलवाट बागलुँग, मनांग र मुस्तागं जस्ता स्थानमा प्रतिकेजी रु १।– मा ढूवानी दर भएको वोलपत्र स्वीकृतहुंदा समयमा औषधी ढूवानीगर्न कठिनाई तथा विलम्व भईस्वास्थ्य सेवा प्रभावित भएको छ ।कार्यालयले आगामी दिनमा यस तर्फ सुधार गरीने जानकारी दिएको छ ।

४. **ढुवानी :** पश्चिमान्चल क्षेत्र भित्रका १६ जिल्लामा आवश्यक पर्ने औषधी ढूवानीका लागि वोलपत्रको माध्यमवाट लागत अनुमान रु ३३५५१२०।– भन्दा ६९.६६ प्रतिशत घटी अक) रु १०१७७६२।– कवोल गर्ने वोलपत्रदाताको वोलपत्र मिति २०७२।११।५ मा स्वीकृत भएको छ । उक्त संझौता अनुसार औषधी ढूवानी गर्दा संझौतामा तोकिएको परीमाण र दर लाईआधार लिई ढुवानी र भुक्तानी हुनुपर्दछ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छ :

४.१. औषधी ढुवानी गर्दा संम्झौतामा वढी दर भएका कपिलवस्तु, लमजुगं र म्याग्दी जिल्लामा वढी परिमाणमा औषधी ढूवानी भएको छ । यसरी संम्झौतामा तोकेको परिमाण भन्दा वढी परिमाणमा औषधी ढुवानी गराएकोमा भेरीएशन आदेश स्वीकृत समेत गरेको छैन । ढूवानी कर्तालाई बढी ढूवानी दरका औषधी संम्झौतामा तोकेको भन्दा वढी परिमाणमा ढुवानी गराई रु.१३१०८२।– भुक्तानी गरेको नियम संगत देखिएन ।

४.२. जिल्लामा औषधी ढुवानी गर्दा सम्झौतामा घटी दर प्रति के.जी. रु.१/-भएकापाल्पा, कास्की, गोरखा, मनांग, पर्वत र बागलुंगजिल्लामा घटी परिमाणमा औषधी ढूवानी भएको छ। यसरी संम्झौतामा तोकेको परिमाण भन्दा घटी परिमाणमा औषधी ढुवानी गराएकोमा भेरीएशन आदेश स्वीकृत समेत गरेको छैन । ढूवानी कर्तालाई घटी ढूवानी दरका औषधी संम्झौतामा तोकेका भन्दा घटी परिमाणमा ढुवानी गराउदा सम्वन्धित जिल्लामा औषधीको आपूर्ति व्यवस्थापनमा असर परी स्वास्थ्य सेवा समेत प्रभावित हुने देखिन्छ । साथै यसवाट ढुवानीकर्तालाई संम्झौताअनुसार ढुवानी गर्नुपर्ने दायितववाट समेत उन्मुक्ति दिएको देखिन्छ । अत: यसरी कम सामान ढुवानी गराइ रु.११,३०,५५८/- ढुवानीकर्तालाई संम्झौताको पालना नगर्दा लाभ पुगेको देखिन्छ । जिल्ला जनसंख्याको आधारमा ढुवानी गर्दा सो स्थिति देखिएको कार्यालयको भनाइ रहेको छ ।

५. **लेखा समितिको निर्णय र निर्देशनको कार्यान्वयन :** प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम निशुल्क वितरणको लागि कार्यालयले खरिद गरेका औषधी तथा सर्जिकल सामानहरुमा **"नेपाल सरकारबाट नि:शुल्क वितरणको लागि"** भन्ने उल्लेख हुनुपर्ने व्यवस्था छ । नि:शुल्क वितरणको लोगो लगाउन प्रतिस्पर्धात्मक दरमा औषधि खरिद गर्न तथा प्रयोग अवधि पर्याप्त बाँकी रहने गरि औषधि वितरणको व्यवस्थापन गर्न सार्वजनिक लेखा समितिले दिएको निर्देशन पालन हुनु पर्दछ। मिति ०७३।१०।१८ मा भण्डार निरिक्षण गर्दा निशुल्कको लोगो नभएका७ औषधि र प्रयोग अवधि नभएको, म्याद समाप्त भएको ९ औाषधि रहेको पाईयो ।

६. **शुन्य मौज्दात रहेका औषधी :** केन्द्रवाटवाट र पथलैया स्टोरवाट औषधी प्राप्त गरी र आवश्यक्ता अनुसार स्थानीय खरिद गरी पश्चिमान्चल क्षेत्र भित्र औषधीको नियमित प्रवाह गर्नुपर्ने दायित्व रहेको यस स्टोरको जिन्सी मौज्दात परीक्षणगर्दा बार्षिक नियमित रुपमा खपत हुने १५ औषधीको मौज्दात शून्य देखिएकोले औषधी तत्काल आवश्यकता परी आपूर्ति गर्नुपर्ने अवस्थामा औषधीको अभावको स्थिति रहने जाने हुदा औषधीको व्यवस्थापन प्रभावकारी देखिएन । अत: तोकिएको मौज्दात सम्म औषधीको न्यूनतम मौज्दात राख्ने तर्फ स्टोरले व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

७. **अधिक मौज्दातको स्थिति :** स्टोरले औषधीको न्यूनतम मौज्दात नराखेको कारणले केही औषधीको शून्य मौज्दात रहेको छ भने ८ औषधीको मौज्दात अधिकतम४१६५ प्रतिशत रहेको छ। औषधीको अधिकतम मौज्दात रहनाले उपयोग विहीन भई म्याद सकिने र आवश्यकता परेको स्वास्थ्य इकाइमा औषधीको अभाव रहन गइ स्वास्थ्य सेवा प्रभावित हुनजान्छ। अत: अधिकतम मौज्दातको स्तर निर्धारण गरी सो अनुसार औषधीको अधिकतम मौज्दातको व्यवस्थापन हुनुपर्दछ ।

८. **रिप्याकिङ खर्च :** स्वास्थ्य सम्वन्धी जिल्ला स्तरीय कार्यक्रम संचालन निर्देशिकामा औषधी रिप्याकिग सम्वन्धि व्यवस्था रहेको छ। स्टोरले औषधी रिप्याकिँगसंग सम्वन्धित सामाग्री वाहेकका रु २३४५०६/-का रिप्याकिंग खर्चलेखेको निर्देशिका विपरीत भएकोले नियम सम्मत देखिएन ।

## बुटवल बहुमुखी क्याम्पस

१. **आन्तरीक नियन्त्रण :** बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दाबार्षिक खरिद योजना नबनाएको , जिन्सी निरीक्षण गराइ प्रतिवेदन लिनुपर्ने र सोको कारवाही गर्नुपर्नेमा नगरेको , तलब तथा अन्य पेश्किहरु समयमा फछ्यौट हुने नगरेको,पूजिगत

सम्पत्ति खाता अद्यावधिक राखी ह्रास कट्टीको व्यबस्था गर्नुपर्नेमा सो नगरेकोजस्ता कमि कमजोरी देखिएकाले यसमा सुधारगरी आन्तरिक नियन्त्रण प्रणालीलाईं प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

२. **बैंक हिसाब मिलान** : स्रेस्ता र बैंक अनुसार बाकी मौज्दात फरक परेमा बैक हिसाब मिलान बिबरण तयार गर्नु पर्नेमा बिगत देखिनै सो अनुसारको बिबरण तयार गरेको पाइएन । बैंक ब्यालेन्स सर्टिफिकेट अनुसार नेपाल बैंक लि. चल्ती खाताको आषाढ मसान्तको मौज्दात रु९०८३१०२२।– देखिन्छ भने श्रेस्ता अनुसार रु ८४२५०१९८।– मौज्दात देखिन्छ। फरक रु ६५८०८२४।– का सम्बन्धमा समायोजन हिसाब तयार गरेको छैन।

३. **आम्दानी छुट** : यस क्याम्पसको ग्लोवल आइएमइ बैंकमा रहेको मुद्धति खाताबाट प्राप्त व्याज रु६१६८१।– यस बर्ष आम्दानी बाध्न छुट भएकोले आम्दानी बाध्नु पर्ने देखिन्छ ।

४. **बार्षिक वजेट भन्दा बढी खर्च** : त्रिभुवन विश्वविद्यालय स्वायत्तता सम्बन्धी नियम, २०६२ को परिच्छेद १० मा बजेट र रकमान्तर सम्बन्धी व्यबस्थामा रकमान्तर स्वीकृत गराइ खर्च गर्न सकिने उल्लेख छ । क्याम्पसले सो बमोजिम ४ लेखा कोडमा रकमान्तर स्वीकृत नगराई रु २६७८९६६१।६४बढी खर्च गरेको छ।

५. **भौतिक परीक्षण** : पूजिगत शिर्षक अन्तर्गत आर्थिक विवरण अनुसुचि १ अनुसार रु ६४१८४८६७।– को सम्पति के कस्तो अबस्थामा छ निकाय प्रमुखवाट समिति गठन गरी प्रत्येक वर्ष भौतिक परीक्षण गरी सोको अध्यावधिक लगत राख्नुपर्नेमा सो गरिएको छैन ।

६. **अनियमित खर्च** :

६.१ ३ कर्मचारीहरुलाई गत आर्थिक वर्षको भ्रमण भत्ता रु२०५००। भुक्तानी भएकोमा सोको केन्द्रिय कार्यालयबाट समर्थन भएको देखिएन ।

६.२ पुस्तक खरिद गर्दा विषय समिति वा सम्बन्धित विषयको वा पुस्तकालय समितिको सिफारिस र पुस्तकालय प्रमुखबाट सो किताब पुस्तकालयमा नभएको प्रमाणित पत्र र क्याम्पस प्रमुखको स्विकृत पत्र पछि पुस्तक खरिद गर्नुपर्नेमा स्विकृत वेगर खरिद आदेशबाट रु७१४४००।– का सिधै खरिद गरेको खरिद ऐन नियम र त्रि.बि. नियम विपरित बिभिन्न पुस्तकालयबाट खरीद गरीएको नियम संगत देखिएन ।

६.४ गत आर्थिक बर्षको अभ्यास शिक्षणको पारीश्रमिकरु.६५०९०। वितरणको केन्द्रिय कार्यालयबाट समर्थन गरेको छैन ।

६.५ बित्तीय बिबरणको अनुसूची २ धरौटी तथा अन्य दायित्व विबरण अनुसार बाकि देखिएको रु.९४७१४८७६।– फरफारक गरी पुराना धरौटीहरु सदरस्याहा गरी आम्दानी जनाइ धरौटी घटाउदै लानुपर्नेमा तदनुसार गरेको छैन ।

७. **पेश्की बाँकी** : त्रिभूवन विश्वविद्यालय आर्थिक व्यबस्थापन तथा सञ्चयकोष सम्बन्धी नियम, २०५० परिच्छेद ७ मा उल्लेख भएको प्रक्रिया पुरा गरी पेश्की दिने र फछ्र्यौट गर्ने सम्बन्धी व्यवस्था गरेको साथै त्रि. वि. कार्यकारी परीषदको २०६८।१२।०९ को निर्णय नं २३३ मा नियमानुसार समयमा फछ्र्यौंट नभएका अनुसुचि ४(क) मा उल्लेख भएको रु१७६६५८।७८ पेश्किहरुमा १२ प्रतिशत ब्याज समेत असुल गर्ने भनी निर्णय भएकोमा सम्बधित कर्मचारीहरुबाट ब्याज समेत असुल गरेको छैन ।

८. **शिक्षक कर्मचारी आवास गृह** : शिक्षक कर्मचारी आवास गृह कुल १५ रहेकोमा ७ वटा आवास गृहमा अनाधिकृत रुपमा लामो समय देखि शिक्षक कर्मचारी बस्दै आएकाले आवास भाडा समेत उठ्न नसकेको र आवास भाडा मासिक रु १०/- मात्र रहेकोले यसलाइ समय सापेक्ष बृद्धि गर्नुपर्ने देखिन्छ ।

९. **बढि भुक्तानी :** विभिन्न ५ व्यक्तिलाई अतिरिक्त पारिश्रमिक र भ्रमण भत्ता बढि भुक्तानी भएकोरु.५,६७२।– असुल गर्नुपर्दछ ।

## भिम अस्पताल

१. **आन्तरिक नियन्त्रण प्रणालि :** बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा कार्यरत कर्मचारीहरुको कार्य विवरण तयार गरि लागु नगरेको, काउन्टर बाट नगद कारोवार हुने गरेको , पेश्की खाता नराखेको, धरौटिको व्यक्तिगत खाता नराखेको र जिन्सी निरिक्षण बाट लिलाम र मर्मत गर्नु पर्ने सामानको कार्यान्वयन नभएको जस्ता कमि कमजोरी देखिएकाले यसमा सुधारगरी आन्तरिक नियन्त्रण प्रणालीलाइं प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

२. **लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढांचामा चौमासिक प्रगति बिवरण तयार गरी पेश गर्नुपर्ने र नियम २६ मा उक्त बजेट तथा कार्यक्रम कार्यान्वयन प्रगति समिक्षा गर्नु पर्ने व्यवस्था छ । अस्पतालको यस वर्षको लक्ष्य तथा प्रगति विवरणमा ५ उपक्रियाकलापमा वित्तीय र भौतिक प्रगती शून्य भएको देखिएकोमा सोको कारण स्पष्ट हुन आएन । यसवाट सेवा प्रवाहमा असर पर्न जाने हुदां तोकिएको लक्ष्य अनुसार प्रगतिको समिक्षा गरी समयमा प्रगति गरीनु पर्दछ ।

३. **खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना दिनु पर्ने र सो अवधिमा कुनै निवेदन नपरेमा १५ दिन भित्र खरिद सम्झौतागर्नका लागि कार्य सम्पादन जमानत दाखिला गर्नु पर्ने व्यवस्था छ । यस अस्पतालले यस बर्ष औषधी, उपकरण लगायतका खरिद कार्यको बोलपत्र स्वीकृत गरि सम्झौता गर्दा सो बमोजिम आशयको सूचना नदिई सिधै सम्झौता गरेकोले खरिद कार्यमा उक्त ऐनको पालना भएको देखिएन ।

४. **उपकरणको अवस्था :** लेखा परिक्षणको क्रममा उपचारको लागि अत्यावश्यक उपकरणको स्थिती अवलोकन गर्दा स्टोरमा रहेको एनेस्थेटिक मेशीन १ थान र एक्स रे/रेडियोलोजी विभागमा रहेको एक्सरे मेशीन १ थान गरी २ उपकरण चालु हालमा नरहेकोले सो वाट सेवा प्रवाह र सेवाको गुणस्तरमा असर पर्न जाने हुदाँ ति मेसिन मर्मत गरि उपयोग गर्नु पर्ने देखिन्छ ।

५. **निशुल्क उपचारको अभिलेख :** नेपाल सरकारले दुखि असहाय, अपाङ्ग, जेष्ठ नागरिक, लैंगिक हिसां, महिला स्वास्थ्य स्वयं सेविका भुकम्प पिडितलाई सरकारी अस्पतालमा नि : शुल्क उपचार गर्नु पर्ने व्यवस्था गरेको छ । यस अस्पतालले निःशुल्क उपचारको अभिलेख नराखेकोले सो प्रकृतिका विरामीहरुको उपचारमा भएको खर्च सम्वन्धमा परिक्षण हुन सकेन । यसबाट सरकारी नीतिको कार्यान्वयनमा असर पर्ने भएकोले पहिचान सहितको उपचारको अभिलेख राख्नु पर्ने देखियो ।

६. **सार्वजनिक लेखा समितिको निर्णय र निर्देशनको कार्यान्वयन** : प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम निशुल्क वितरणको लागि कार्यालयले खरिद गरेका औषधी तथा सर्जिकल सामानहरुमा “नेपाल सरकारबाट नि : शुल्क वितरणको लागि ” भन्ने उल्लेख हुनुपर्ने व्यवस्था छ । निशुल्क वितरणको लोगो लगाउन प्रतिस्पर्धात्मक दरमा औषधि खरिद गर्न तथा प्रयोग अवधि पर्याप्त बाँकी रहने गरि औषधि वितरणको व्यवस्थापन गर्न सार्वजनिक लेखा समितिले दिएको निर्देशन पालन हुनु पर्दछ । प्राप्त विवरण अनुसार यस अस्पतालको भण्डारमा निशुल्कको लोगो नभएको ८ प्रकारका औषधि र प्रयोग अवधि नभएको, म्याद समाप्त भएको ८ प्रकारका औाषधि रहेको पाईयो ।

७. **काउण्टर बाट नगद कारोवार** : अस्पतालले आय आर्जन गरेको आय समितिको खातामा दाखिला गर्नु पर्ने र खर्च लेखा शाखा मार्फत (एक द्धार) हुनु पर्दछ । अस्पतालले यस बर्ष नगद संकलन

मध्ये रु ११,९३,८४८।– नगद भुक्तानी गरेको छ। सो मा सामाजिक सुरक्षा भत्ता रु १,१४,३९२।– र अन्य शिर्षकमा रु.१,७९,४५६।–भुक्तानी गरेको छ। यस्तो नगद कारोवारमा नियन्त्रण हुनु पर्दछ।

८. **ल्याव र एक्स रे खर्च** : ल्याव र एक्स रे का लागि चाहिने सामानको आवश्यकताको पहिचान गरि सो को लागि नर्म्स र स्ट्याण्र्ड हुनुपर्दछ। यस बर्ष पनि सो को नर्म्स नवनेको कारण यो बर्ष खरिद भई ल्याव र एक्स रे को लागि खर्च भएको रु २३११९८२।– खर्च एकिन गर्न सकिएन । तसर्थ खर्चको परिमाणत्मक नर्म्स तयार गरी खर्च लाई पुस्ट्याई गर्ने आधार तयार गरिनु पर्दछ

९. **कुल आम्दानीमा फरक** : समितिले आयव्ययमा देखाएको अनुदान र आर्थिक विवरणमा खर्च लेखेको अनुदान रकम भिडान हुनु पर्दछ। समितिले आर्थिक विवरणमा ब.शि.नं ३७०८०८३।– बाट शशर्त अनुदान (सामाजिक सुरक्षातर्फ रु.५३,५४,०२५।– खर्च देखाएकोमा समितिको आय व्ययमा उक्त अनुदान रु ५३,८८,०००।– आम्दानी देखाएबाट अनुदानमा फरक परेको रु ३३९७५।– को कारण स्पष्ट गरिनु पर्दछ ।

१०. **पसल कवल भाडा** : पसल कवल भाडाँ सम्झौता अनुसार असुल गर्नु पर्ने र सो को अभिलेख व्यवस्थित र अद्यावधिक हुनु पर्दछ। समितिबाट प्राप्त प्रमाणीत विवरण अनुसार असुल हुन बाँकी सम्झौता बमोजिमको यस बर्षको घर भाडा रु ७१,५९,९१५।– असुल गर्नु पर्नेमा रु.४९,५२,३३५।– मात्र असुल भएको देखिएकाले घटी भाडा असुल भएको रु २२,०७,५८०।– असुल गरि समितिको खातामा दाखिला गर्नुपर्दछ ।

११. **बक्यौता भाडा** : समितिको आय व्ययमा यस बर्षको वहाल आय ५५,४८,४२५।– देखाएकोमा समितिको खाता तथा विवरण अनुसार यस बर्षको वहाल आय रु ४९,५२,३३५।– उल्लेख भए बाट रु ५,९६,०९०।– बक्यौता भाडा असुल भएको देखिन्छ तर समितिले हाल सम्मको बक्यौता भाडा असुल गर्नु पर्ने रकम एकिन गरि पसल कवल व्यक्तिगत खाता अद्यावधिक नगरेकोले उक्त बक्यौता रकम एकिन गर्ने आधार रहेन । अत : समितिले बक्यौता भाडा अद्यावधिक गरी असुल गर्ने तर्फ ध्यान जानु पर्ने देखिन्छ ।

१२. **साझा स्वास्थ्य सेवा संगको भाडा** : साझा स्वास्थ्य सेवासँग सटर १ र त्यसको भित्री १ कोठाको भाडा बार्षिक औषधि विक्रिको २ प्रतिशतले हुने रकम निश्चित गरिने पुर्व सम्झौता भएता पनि यस बर्ष साझा स्वास्थ्य सेवाको लेखा परिक्षण गरिएको विक्रि रकम निश्चित नगरिएबाट साझा स्वास्थ्य सेवाबाट असुल गर्नु पर्ने भाडा र यसबर्ष असुल गरेको भाडा सुनिश्चित हुने आधार रहेन ।

१३. **बढी खर्च** : अस्पताल सुदृढिकरण कार्य सञ्चालन समितिको बैठक भत्ता वापत रु१८०००।– मिति २०७३।३।७ को समितिको बैठक भत्ता रु ६०००।–एक सप्लायर्सको विजक नं ८९।२०७३।३।७ को विजक अनुसार स्टेशनरीको रु ३५०३६।– समेत रु ५९०३६।– को फाटँवारी सम्लग्न गरी रु ६७०३५।– खर्च लेखेकोले बढी खर्च लेखेको रु ८०००।– असुल हुनुपर्दछ । त्यस्तै भरपाई बेगर खर्च ५ स्वास्थ्य कर्मिहरुकाबैठक भत्ता लेखेको रु.४२५०।– असुल हुनुपर्दछ ।

१४. **राजश्व दाखिला** : बर्षान्तमा बाँकी नगद र बर्षान्तमा दाखिला गर्न बाँकी कर रकम भोलि पल्टै दाखिला गर्नु पर्नेमा आय व्ययमा दाखिला गर्न बाँकी देखाएको नगद रु ११००००।– समितिको खातामा र कर दाखिला गर्न बाँकी रकम २१४९४९।–राजश्व खातामा दाखिला गर्नु पर्ने समेत रु ३२४९४९।– दाखिला गर्नुपर्दछ ।

१५. **बिगतको नगद** : २०७०।७१ मा एक कर्मचारीको जिम्मा नगद देखाएको रु ७७८४५।– हाल सम्म दाखिला भएको छैन । उक्त रकम कारवाही गरि दाखिला हुनुपर्दछ ।

१६. **लेखापरीक्षण क्षेत्रको सिमितता** : लेखापरीक्षणका लागि आवश्यक विवरण तथा अनुसूचीहरु डोरको च.न. ८वाट २०७३।१०।२१ मा माग गरीएको र अस्पतालको लेखापरीक्षण अवधी भन्दा १० दिन

अगावै अनुसूची तथा फरमेटहरु उपलब्ध गराएको र सोको लागि पटक पटक अनुरोध गर्दा समेत उपलब्ध हुन सकेन। यसवाट अस्पतालको अन्य आर्थिक क्रियाकलापहरुको विश्लेषण गर्न सकिएन।

## भूमिगत जल सिंचाइ बिकास डिभिजन

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले ऐन नियम एंव कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्नेमा नापी किताबमा कन्टिन्जेन्सी खर्च अभिलेखन नगरेको, निर्माण कार्यको लगत इष्टिमेट, नापी किताव र कार्यसम्पन्न प्रतिवेदन आदिमा तयार पार्ने, पेश गर्ने, जाँच गर्ने र सदर गर्ने कर्मचारीको नाम, पद, छाप एवम् मिति उल्लेख नगरेको, भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत एवं लिलाम बिक्री नभएको, पुराना सामानको मूल्य कायम गराई नराखेको, बोलपत्रको सूचनामा E-biddingमाग नगरेका, अख्तियारी र कार्यक्रम संशोधन भए अनुरुप बार्षिक खरिद योजना संशोधन नगरेको,कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको,ठेक्काको लगत नराखेको, उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि सो को रेखदेख मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण हुने नगरेको, प्रयोजन र अवधि समाप्त भएका धरौटी सदरस्याहा गरी राजस्वमा दाखिला गर्ने नगरेको लगायतका कमी कमजोरी रहेको देखिन्छ। यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ।

२. **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(२) मा बजेट विवरण र खर्च गर्ने अख्तियारी प्राप्त भएको पन्ध्र दिन भित्र सम्बन्धित सचिवले विभागीय प्रमुखलाई र विभागिय प्रमुखले मातहत कार्यालय प्रमुखलाई अख्तियारी पत्र पठाउनु पर्ने व्यवस्था छ। यस कार्यालयको अख्तियारी तथा निकासा विवरण परीक्षण गर्दा असार महिनामा ब.उ.शि.नं.३५७१३८३ मा रु.१०,४८,५००।– थप अख्तियारी प्रदान गरेको देखियो। नियमावलीको उपरोक्त प्रावधान अनुरुप एकै पटक अख्तियारी नदिई पटक पटक थप अख्तियारी दिने परिपाटीको अन्त्य गरिनु पर्दछ।

३. **बार्षिक प्रगति :** स्वीकृत बार्षिक कार्यक्रम बमोजिमका कार्य सम्पादन गरी लक्ष्य हासिल गर्नु पर्दछ। सिंचाइ तथा जल व्यबस्थापन आयोजनातर्फ ५६.५५ प्रतिशत मात्र प्रगति भएको बिबरण प्राप्त भएको छ। उक्त कार्यक्रमको लागि २०७०।७१ मा रु.१ करोड ४२ लाख बजेट स्वीकृत भएको रु.८० लाख बिगत बर्षमै खर्च भई सकेकोले स्वीकृत बजेटको परिधिभित्र रहनको लागि यो बर्ष कम खर्च गर्नु परेको तर बढीको कार्यक्रम स्वीकृत भएको कारण बार्षिक प्रगति कम हुन गएको पाइयो।

४. **चौमासिक खर्च :** स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्य सम्पादन गरी तोकिएको बजेट खर्च गर्नुपर्नेमा पुजिगततफ२ बजेट उप शीर्षकमा रु.६,४८,५७,३७३।– खर्च भएको मध्ये ९४.२० प्रतिशत तेस्रो चौमासिकमा र ४९.८० प्रतिशत रकम असार महिनामा खर्च भएको देखिन्छ। बर्षको अन्तमा अत्यधिक खर्च भएबाट सम्पन्न कार्यको रेखदेख, मुल्यांकन लगायतमा चाप पर्न गई कामको गुणस्तरमा समेत असर पर्न सक्ने अबस्था रहेकोले स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नु पर्दछ।

५. **बढी भुक्तानी :** उपभोक्ता समितिलाई सम्झौता बमोजिमको रकम भुक्तानी दिनु पर्दछ। अन्नपूर्ण जल उपभोक्ता समिति भलवाड, कपिलवस्तुसँग भएको सम्झौता अनुसार कार्यालयको तर्फबाट रु. १९,९५,५४३।– उपलब्ध गराउने उल्लेख भएकोमा रु.२०,१५,९२३।– भुक्तानी हुन गएकोले बढी भुक्तानी भएको रकम रु २०,३८०।– असुल गर्नुपर्ने देखिन्छ।

६. **कन्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार अनुसूची–१ मा वर्कचार्ट खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत भनी उल्लेख छ। वर्कचार्ट

स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन भने यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कन्टिन्जेन्सीबाट गरिएको खर्च रु २७,७२,०००।– सम्बन्धमा स्पष्ट कार्यबिधि तयार गरी खर्च गर्नुपर्ने देखियो ।

७. **उपभोक्ता समिति मार्फत कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बिल, भरपाई पेश गर्ने व्यवस्था भएबमोजिमको बिल, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन ।नियमावलीको नियम ९७(१२) मा उपभोक्ता समिति मार्फत भएको निर्माण कार्य सम्पन्न भएपछि आयोजनाको स्वामित्वसम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने गरेको देखिएन ।उपभोक्ता समितिबाट गर्ने कार्यको कुल लागतमा उपभोक्ताले पाउने रकम, उपभोक्ता समितिको योगदानको अंश, कार्यालयले आपूर्ति गरेको सामानको मूल्य समेत समाबेश हुनुपर्नेमा उपभोक्ता समितिलाई दिएको भुक्तानी रकम मात्र समाबेश गरेको देखिएकोले यसमा सुधार गरी सो कार्यमा भएको सम्पूर्ण लागत देखिने गरी बिल तथा कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्दछ, ।

८. **अधुरो आयोजना** : बार्षिक कार्यक्रम बमोजिमको आयोजना सम्पन्न गरी लाभान्वित वर्गलाई समयमै सेवा उपलव्ध गराउनु पर्दछ। कार्यालयमा रहेको अभिलेखबमोजिम २०६९।७९ र २०७०।७१ मा डिप ट्युववेल बोरिङ्ग कार्य भई रु.३१ लाख ३८ हजार खर्च भएको सो पश्चात पम्प, बितरण प्रणाली एवं विद्युतीकरणको कार्य नभएको कारण अधुरो अबस्थामा छाडिएको पाइयो । पम्प र बितरण प्रणालीमा क्रमशः ३ र ५ प्रतिशत जनश्रमदान जुटाउनु पर्ने र सोको लागि स्थानीयहरुले बेवास्ता गरेको कारण ती आयोजना अधुरो रहन गएको व्यहोरा कार्यालयबाट जानकारी हुन आएको छ । स्थानीय माग र आबश्यकतालाई ध्यान दिई आयोजना छनौट हुन नसकेको कारण ती आयोजना अधुरो अबस्थामा रही दायित्व बढ्न गएको देखिन्छ ।

## भूमिगत जलस्रोत बिकास समिति

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले ऐन नियम एंव कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्नेमानिर्माण कार्यको लगत इष्टिमेट, नापी किताव र कार्यसम्पन्न प्रतिवेदन आदिमा तयार पार्ने, पेश गर्ने, जांच गर्ने र सदर गर्ने कमंचारीको नाम, पद, छाप एवम् मिति उल्लेख गर्ने नगरेको, भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको लिलाम बिक्री कार्य नभएका, पुराना सामानको मूल्य कायम गराई नराखेका, बार्षिक खरिद योजना नबनाएको, आयोजनगत खर्च खाता नराखेको, कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेका, पहिलो चौमासिक भित्र ठेक्का व्यबस्थान सम्बन्धि कार्य हुन नसकेको, बोलपत्रको सूचनामा ई–विडिङ्ग माग नगरेको, अख्तियारी र कार्यक्रम संशोधन भए अनुरुप बार्षिक खरिद योजना संशोधन नगरेको छैन, उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि सो को रेखदेख मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण हुने नगरेको, प्रयोजन र अवधि समाप्त भएका धरौटी सदरस्याहा गरी राजस्वमा दाखिला गर्ने नगरेको,कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको,नगदी रसिद नियन्त्रण खाता नराखेको, कार्यालयले खरिद गरेको निर्माणसँग सम्बन्धित पाइप लगायतका सामान जिन्सी आम्दानी बाँधी खर्च गर्ने गरेकोमा यसरी खर्च भएको सामानहरु कुन कुन योजनामा कति परिमाणमा खर्च भएको हो देखिने गरी अभिलेख नराखेको, अख्तियारी समयमा प्राप्त नभएकोलागयतका कमी कमजोरी रहेको देखियो । यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **चौमासिक खर्च :** स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्य सम्पादन गरी तोकिएको बजेट खर्च गर्नुपर्नेमा पुजिगततर्फका २ बजेट उप शीर्षकमा भएकोरु.३,४८,४३,६३४।५३ खर्च भएको मध्ये ९०.१४ प्रतिशत तेस्रो चौमासिकमा र ५८.४७ प्रतिशत रकम असार महिनामा खर्च भएको देखिन्छ ।बर्षको अन्तमा अत्यधिक खर्च भएबाट सम्पन्न कार्यको रेखदेख, मुल्यांकन लगायतमा चाप पर्न गई कामको गुणस्तरमा समेत असर पर्न सक्ने अबस्था रहेकोले स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नु पर्दछ ।

३. **कन्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार अनुसूची–१ मा वर्कचार्ट खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत भनी उल्लेख छ । वर्कचार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन भने यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कन्टिन्जेन्सीबाट गरिने खर्च रु १०,९७,०००।०० सम्बन्धमा स्पष्ट कार्यबिधि तयार गरी खर्च गर्नुपर्ने देखिन्छ ।

४. **उपभोक्ता समिति मार्फत कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने कार्यबिधि उल्लेख छ । नियमावलीको नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यबस्था भएबमोजिमको बिल, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन ।

४.१. नियमावलीको नियम ९७(१२) मा उपभोक्ता समिति मार्फत भएको निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । कार्यालयले सम्पन्न आयोजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने गरेको देखिएन ।

४.२. निर्माण कार्यको बिल तयार गर्दा सो कार्यमा भएको सम्पूर्ण लागत देखिने गरी तयार गर्नुपर्नेमा उपभोक्ता समितिबाट गरिने कार्यको बिल तथा कार्य सम्पन्न तयार गर्दा सम्पूर्ण लागत देखिने गरी तयार गरेको देखिएन । उपभोक्ता समितिबाट गर्ने कार्यको कुल लागतमा उपभोक्ताले पाउने रकम, उपभोक्ता समितिको योगदानको अंश, कार्यालयले आपूर्ति गरेको सामानको मूल्य समेत समाबेश हुनुपर्नेमा उपभोक्ता समितिलाई दिएको भुक्तानी रकम मात्र समाबेश गरेको देखिएकोले यसमा सुधार गरी सो कार्यमा भएको सम्पूर्ण लागत देखिने गरी बिल तथा कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्दछ ।

## भैरहवा बहुमुखी क्याम्पस

१. **आन्तरीक नियन्त्रण तर्फ :** बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा खरिद खरिद योजना तथा खरिद इकाइ गठन नगरेको, खरिद कार्यको लागत अनुमान तयार नभएको, जिन्सी निरिक्षण र मुल्यांकन समिति गठन नभएको, जिन्सी सामानको भौतिक परीक्षण गर्ने नगरेको, पूजिगत सम्पतिको ह्रास कट्टी गरि जिन्सी अध्यावधिक नगरेको र समयमा पेश्कि फछ्र्यौट हुने नगरेको, देखिएकाले यसमा सुधारगरी आन्तरिक नियन्त्रण प्रणालीलाइं प्रभावकारी बनाउनुपर्नें देखिन्छ ।

२. **बजेट** : त्रि.वि.वि. आर्थिक व्यवस्थापन तथा संचयकोष सम्वन्धि नियम २०५० को नियम ११ अनुसार विश्वविद्यालय अन्तरगतका निकायले रितपुर्वक बार्षिक बजेट तयार गरी स्विकृत गराउनु पर्नेमा यस क्याम्पसको बि.बि.एम कार्यक्रम तर्फ बजेत स्विकृत गरेको देखिएन ।

३. **व्याज हिसाव**–क्याम्पसले कृषि बिकास बैंक तथा सिद्धार्थ फइनान्स लि.को मुद्धति खातामा राखेको रकमको आर्थिक बर्षको अन्तमा प्राप्त हुनुपर्ने ब्याज रु.३६१६१२।– आम्दानी बाधेको छैन ।

४. **बजेट भन्दा बढी खर्च** : त्रिभुवन विश्वविद्यालय स्वायत्तता सम्बन्धी नियम, २०६२ को परिच्छेद १० मा बजेट र रकमान्तर सम्बन्धी व्यबस्थामा रकमान्तर स्वीकृत गराई खर्च गर्न सकिने उल्लेख छ । सो बमोजिम रकमान्तर स्वीकृत नगराई बिभिन्न शीर्षकहरुमा रु.२४६७५९८।– खर्च गरेकोमा समर्थन गराई नियमित गराएको छैन ।

५. **पुस्तक खरिद** : पुस्तकालयबाट बिभिन्न पुस्तक खरिद गर्दा विषय समिति वा सम्बन्धित विषयको वा पुस्तकालय संचालक समितिको सिफारिस र पुस्तकालय प्रमुखबाट सो किताब पुस्तकालयमा नभएको प्रमाणित पत्र र क्याम्पस प्रमुखको स्विकृत पत्र पछि पुस्तक खरिद गर्नुपर्नेमा स्विकृत वेगर खरिद आदेशबाट रु३०४१४०।–का पुस्तकसिधै खरिद गरेको छ ।

६. **धरौटी** : त्रिभूवन विश्वविद्यालय आर्थिक व्यबस्थापन तथा सञ्चयकोष सम्बन्धी नियम, २०५० अनुसार धरौटी तथा दायित्व रकम समयमै फरफारक गर्नु पर्दछ । बित्तीय बिबरणको अनुसूची २ धरौटी तथा अन्य दायित्वमा देखिएको रु.१,००,४३,१७९।– फरफारक गरी पुराना धरौटी सदरस्याहा गरेको छैन ।

७. **पेश्की बाकी** : त्रिभूवन विश्वविद्यालय आर्थिक व्यबस्थापन तथा सञ्चयकोष सम्बन्धी नियम, २०५० परिच्छेद ७ मा उल्लेख भएको प्रक्रिया पुरा गरी पेश्की र पेश्की फछ्र्यौट सम्बन्धी कार्य गर्नुपर्दछ । आर्थिक विवरणको अनुसुचि ४ मा उल्लेख भएको रु ८११९४९।– पेश्कीमा १२ प्रतिशत ब्याज समेत हिसाव गरी असुल हुनुपर्दछ ।

८. **बढि भुक्तानी** : क्याम्पसमा बार्षिक कक्षा तालीका अनुसार सम्पूर्ण बिषयमा पठनपाठन हुने कुल कक्षा निकालि कुनै पनि बिषयको पठपाठन हुने कक्षा संख्याबाट स्थायी र करार शिक्षकले कक्षा भार अनुसार लिनु पर्ने कक्षा घटाई अतिरिक्त पारिश्रमिक दिनु पर्नेमा २ व्यक्तिलाई अतिरिक्त पिरियडको बढि भुक्तानी भएको रु.३,९४०।– असुल हुनुपर्दछ ।

## भैरहवा भन्सार कार्यालय

९. **आन्तरिक नियन्त्रण व्यवस्था** : भन्सार कार्यालयले निकासी तथा पैठारीबाट राजस्व रकम असुल गर्न घोषित मालवस्तुको स्वीकृत भन्सार वर्गिकरण र सम्बन्धित वर्षको आर्थिक ऐन र एकिकृत महसुल दर बमोजिम राजस्व निर्धारण हुनुपर्दछ। कार्यालयको सो कार्य सम्पादनमा नियन्त्रण कायम गर्न विभागबाट वान अनुगमन,जाँच पासपछिको परिक्षण लगायत कार्यालय बाटै आन्तरिक लेखापरिक्षण हुँदै आएको छ । यस्तो लेखापरीक्षणबाट रु.८८३०२६४।–मात्र असुल गरेको छ । कार्यालयले मालसामान जांचपास गर्दा भन्सार एजेन्टवाट दरवन्दी फरक परेको, मूल्यांकन घटी राखेको, भाडा विमा तथा कारोवार मूल्य कमी गरेको स्थितिको अभिलेख राखी एजेन्टको कार्य सम्पादनको मूल्याकन गरेको पाइएन । पैठारीकर्तागत लगत नराखेको कारण पटके पैठारीबाट आउनुपर्ने राजश्व छुट हुने अवस्था विद्यमान रहेको छ। कार्यालयको राजस्व लेखा म.ले.प.फा.नं. १०८,१०९, २३ मा राख्नुपर्नेमा तोकिएको ढांचामा राखेको छैन । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० को उपनियम (३) मा जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम लिलाम विक्री गर्नुपर्ने भनी कैफियत महलमा उल्लेख भएका जिन्सी सामानहरु लिलाम बिक्री गरेको छैन । दरवन्दी भन्दा वढी रहेका कर्मचारीको समेत तलव भत्ता समेत खर्च लेखेको छ ।

१. **बस्तुगत राजस्व असुलीको स्थिति** : गत आर्थिक बर्षमा भंसार, अन्तशुल्क र मु.अ. कर समेत रु २६ अर्व ३४ करोड १० लाख ८६ हजार असुली भएकोमा यस बर्ष रु ६२ अर्व ४४ करोड ५१ लाख ४९ हजार असुली भएको छ । जुन गत बर्षको तुलनामा २३७.०६% ले बृद्धि भएको छ । प्रमुख १५ बस्तुले कुल राजश्व असुलीमा ५४.९५प्रतिशत योगदान पुऱ्याएको देखिन्छ । उक्त १५ बस्तु मध्ये प्रमुख ३ स्थानमा गतबर्ष, एम.एस.व्लेड, सिमेन्ट क्लिकंर र मोटर साईकल रहेकोमा यस बर्ष जिप कार भ्यान, मोटरसाईकल र ट्रक, मिनिट्रक रहको छ ।

२. **आशीकुडा र आर्थिक विवरणमा राजश्व आम्दानीमा फरक** : सामान्यतया बोलपत्र विक्रि, यात्रु शाखाबाट प्राप्त आय, मुद्दा र बैंक ग्यारेण्टी बाट प्राप्त रकम आसीकुडामा ईन्ट्री नहुने हुदाँ आर्थिक विवरणमा आशीकुडाले देखाएको राजश्व भन्दा बढी हुने अवस्था रहन्छ । यस बर्ष कार्यालयको आशिकुडा शाखा बाट प्राप्त विवरण अनुसार रु ६२०९२७००७१०।– राजश्व आम्दानी देखाएकोमा आर्थिक विवरणमा कुल राजश्व रु ६२,४४,५१,४८,७६४।– आम्दानी भै रु ३५,२४,४८०५४।– बढी देखिएकोले यस सम्वन्धमा सुनिश्चित गर्न फरक रकमको हिसाव मिलान विवरण तयार गरिनु पर्दछ ।

३. **राजस्व लेखा भिडान** : कार्यालयले तयार गरि पेश गरेको राजश्वको आर्थिक विवरण र को.ले.नि.का को आर.एम.आइ.एस. बाट देखाएको राजश्वको आंकडा भिडान हुनुपर्दछ। तर उक्त २ लेखा विच नगद मौज्दातमा रु ११,५९,००,१८२।–,राजस्व आम्दानीमा रू ३८,९०,४५,६९७–र बैकदाखिलामा रू. ४१,९५,६१,७३१५।–राजश्व हिसाव भिडान नभएकोमा सो सम्वन्धमा हिसाव मिलान गर्ने तर्फ प्रयास भएको देखिएन। यस्तो फरक हिसाव सम्वन्धमा समयमानै हिसाव मिलान गरि केन्द्रिय राजश्व हिसाव अद्यावधिक गर्ने तर्फ ध्यान जानु पर्ने देखिन्छ ।

४. **धरौटी तर्फ** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ६४ बमोजिम जुन प्रयोजनको लागि धरौटी राखिएको हो सो काम पुरा भए पछि प्रचलित कानुन बमोजिम वा करारको शर्तनामा बमोजिम धरौटी रकम राजश्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयमा गत विगत देखि जिम्मेवारी सर्दै आएको धरौटी रकम रु १९१९९१५४।– मध्ये प्रयोजन समाप्त भएका धरौटी रकम कार्यालयले छानविन गरी राजश्व खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

५. **मुद्दातर्फ** : कार्यालयबाट पेश हुन आएको बिबरण अनुसार गत वर्षबाट यो वर्ष जिम्मेवारी सरी आएको मुद्दा संख्या ५६ र यो वर्ष दर्ता २२२ समेत जम्मा २७८ मुद्दा मध्ये यो वर्ष २४८ मुद्दा फैसला भइं बांकी ३० मुद्दा आगामी वर्षलाई जिम्मेवारी सारेको छ । २०५८ सालदेखि २०६५ सालसम्म दर्ता भएको मुद्दाहरु संख्या १० को हालसम्म फैसला भएको नदेखिएकोले उक्त मुद्दाहरु यथाशिघ्र फर्छौयट् गरी नियमानुसार लगत कट्टा गर्नुपर्दछ ।

६. **पासबुक धरौटी** : आर्थिक ऐन, २०७२ को अनुसूची १ को दफा ११ अन्तर्गत बण्डेड वेयर हाउसको सुविधा बमोजिम पैठारी भएको सामान १२ महिनाभित्र निकासी वा परिवर्त्य विदेशी मुद्रामा बिक्री नगरेमा स्थानीय बिक्री मानी, नियमानुसार लाग्ने महसुल धरौटी रहेको रकमबाट सदरस्याहा गरी लाग्ने महसुलको १० प्रतिशतको जरिबानासमेत पैठारीकर्ताबाट असुल गरिने व्यवस्था रहेको छ । यस कार्यालय अन्तगंत २ पैठारीकर्ताले पैठारी गरेको सामानबाट तयारी मालवस्तु बनाइं तोकिएको समयभित्र निकासी तथा बिक्री नगरेको तथा म्याद थपको लागि निवेदनसमेत नदिएकोले उक्त धरौटी रु ७३१८७७/–र सोमा १० प्रतिशत जरिबानासमेत असुल गर्नुपर्दछ । यसमा कार्यालयले सो रकम असुल गरी दाखिला गर्ने जनाएको छ ।

७. **बैङ्क ग्यारेन्टी** : भन्सार नियमावली, २०६४ को नियम १६ मा बण्डेड वेयर हाउसको इजाजतपत्रवालाले निकासी वा स्वदेशमा नै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिने मालवस्तु उत्पादन गर्न आवश्यक पर्नेकच्चा पदार्थमा लाग्ने महसुल बैक जमानत दिईपैठारी गरेको कच्चा पदार्थबाट

११ महिनाभित्र तयारी वस्तु बनाई निकासी नगरेमा वा म्याद थपको अवधिसमेत समाप्त भएको अवस्थामा बैक जमानतबाट भन्सार महसुलमा लाग्ने २५ प्रतिशत थप रकम असुल गरिने व्यवस्था छ। यस भैरहवा भन्सार कार्यालयबाट प्राप्त विवरणअनुसार एक उद्योगले बैक ग्यारेन्टीको आधारमा पैठारी गरेको कच्चापदाथंबाट पैठारी मितिले ११ महिनाभित्र तयारी वस्तु निकासी गरेको नदेखिएकोले ती उधोगहरुले पैठारी गरेको कच्चापदार्थमा लाग्ने भन्सार महसुल र सोको २५ प्रतिशत थप महसुलसमेत २,२५,७५,३२८/-असुल गर्नुपर्दछ।

८. **फिलर मास्टर व्याच** : आर्थिक ऐन २०७२ को दफा ३ संग सम्बन्धीत अन्तशुल्क दरबन्दी अन्तर्गत शीर्षक ३९२० र ३९२१ मा पर्ने प्लाष्टिक शीटमा अन्तशुल्क मोल प्रतिशत ५% लाग्ने व्यवस्था छ। यस्तै भन्सार बिभागबाट जारी एकिकृत महशुल दर २०७२।७३ को उपशीर्षक ३९२०१० मा इथाईलिन पोलिमर र ३९२०२० मा प्रापिलिन पोलिमरका मालवस्तुमा १५% भन्सार महशुल , ५% अन्तशुल्क र मु.अ.कर लाग्ने व्यवस्था गरेको छ। साथै आर्थिक ऐन २०७२ मा फिलर मास्टर व्याचको पैठारीमा १५% मात्र भन्सार महशुल लाग्ने र अन्तशुल्क र मु.अ.कर छुट दिने व्यवस्था रहेको देखिदैन। कार्यालयले यसबर्ष २ पैठारीकर्ताले क्याल्सियम कार्वोनेट फिलर मास्टर ब्याच उपशीर्षक २८३६५००० बाट पैठारी गर्दा १०% भन्सार महशुल र मु.अ.कर लिइ भन्सार महशुल ५ प्रतिशत र अन्तशुल्क ५% छुट दिएको पाईयो। यसरी आर्थिक ऐनले नदिएको सुबिधा दिएको कारणले छुट भएको राजस्व रु.२०४४१७७/- असुल गर्नुपर्दछ।

९. **व्याट्री** : आर्थिक ऐन २०७२ को दफा ३ संग सम्वन्धित अन्तशुल्क दरवन्दी ८५०७ मा चारपाटे भएको वा नभएको विद्युत संचितगर्ने यन्त्र र तीनका छुट्याउने यन्त्र समावेश भएको छ। यस्तै सोही दरवन्दीको ८५०७८० मा अन्य एकुमुलेटर(व्याट्रीमा)मोल प्रतिशत १० अन्तशुल्क लाग्ने व्यवस्था छ। तर नेपाल बिद्युत प्राधिकरण लगायत ३ पैठारीकर्ताले सो दरवन्दी अन्तगर्त पर्ने व्याट्री पैठारी गर्दा उक्त प्रावधान विपरीत अन्तशूल्क छुट दिइ जाचपास गरेको देखियो। अतः ती पार्टीहरुले व्याट्री पैठारी गर्दा अन्तशूल्क छुट दिएको रु ४६४७३१।–असुल गर्नुपर्दछ। यसमा कार्यालयले असुल गर्ने जानकारी दिएको छ।

१०. **गाडी** : भन्सार दरवन्दी ८७०४२१२० मा मूलत सामानको ओसार पसार गर्ने ड्राइभर सहित २ सिट भएको सिगंल क्याविन पिकअप गाडीमा भन्सार महशुल ३० प्रतिशत, अन्तशुल्क ५० प्रतिशत र मु.अ.कर लाग्ने व्यवस्था छ। यही नाकावाट अन्य पैठारीकर्ताले उक्त गाडी सगं मिल्दोजुल्दो टाटा एस पैठारी गर्दा भन्सार दरवन्दी ८७०४२१२० वाट भन्सार महशुल ३० प्रतिशत, अन्तशुल्क ५० प्रतिशत र मु.अ.कर लगाई जाचपास गरेको छ। एक पैठारीकर्ताले सो बमोजिम फोर्स(ट्रम्फ ४०बिएस१११गाडी पैठारी गर्दा उक्त भन्सार दरवन्दी नलगाई सोही समुहको अन्य तर्फको दरवन्दी ८७०४२१९० वाट भन्सार महशुल ३० प्रतिशत, अन्तशुल्क ३० प्रतिशत र मु.अ.कर लगाइ जाचपास गरेको छ । अतः उक्त पैठारीकर्ताले गाडी पैठारी गर्दा फरक दरवन्दी प्रयोग गरी घटी भएको अन्तशूल्क र मु.अ.कर रु.६४९०३९/-असुल हुनुपर्दछ। कार्यालयले उक्त गाडी डेलिभरी भ्यान भएकोले सो दरवन्दी लगाई जाचपास गरेको प्रतिकिया दिएता पनि उक्त दुवै गाडीको स्पशीफीकेसन तुलनात्मक अध्ययन गर्दा दुवै गाडी एउटै दरवन्दी ८७०४२१२० वाट पास हुनुपर्ने देखिन्छ।

११. **स्ट्याटिक कन्भरटर्स** : भन्सार दरवन्दी शीर्षक ८५०४ मा विद्युत ट्रान्सफरमरहरु स्ट्याटिक कन्भरटर्स जस्तै रेक्टिफायर र इन्डक्टर आदी पर्दछ। यस्तै भन्सार उपशीर्षक ८५०४४० मा पनि स्ट्याटिक कन्भरटर्स रहेका छन्। प्र.द.नं. ७०१७६ मिति २०१६।६।५ मा एक स्टील उद्योगले कारोवार मूल्य ५२७८५४५।– का स्ट्याटिक कन्भरटर १ सेट पैठारी गर्दा उपशीर्षक ८५०४४० वाट १५ प्रतिशत भन्सार महशुल र मुअकर लगाइ जाचपास गर्नुपर्नेमा उपशीर्षक ८५०४९० वाट

भन्सार महशुल ५ प्रतिशत र मु.अ.कर लगाई जाचपास गरेकोले घटी भएको महशुल रु ५९६४७५।—असुल गर्नुपर्दछ । छलफलमा कार्यालयले सो रकम असुल गर्ने जनाएको छ । यस सम्वन्धमा कार्यालयले असुल गर्ने जनाएको छ ।

१२. **र्‍याक सहितको व्याट्री** : एक निजी क्षेत्रको दुरसंचार प्रदायकलेकारोवार मूल्यरु.११२३२०२२/- का र्‍याक सहितको व्याट्री ५२८ थान प्र.द.नं. ९३६७० बाट २०१५।१२।२१ मा पैठारी गर्दा व्याट्री र ऱ्याक छुट्टा छुट्टै सिगंल इण्ट्री गरी सम्वन्धित उपशीर्षक अन्तगर्त जांचपास गर्नुपर्नेमा सो नगरी एकमुष्ठर्‍याक सहितको व्याट्री भनी उपशीर्षक ८५०७२० बाट भन्सार महसुल १५ प्रतिशत, अन्तशुल्क १० प्रतिशत र मु.अ.कर लगाइ जाचपास गरेको छ। उक्त सामान मध्ये ऱ्याक भन्सार उपशीर्षक ९४०३२० बाट ३० प्रतिशत भन्सार महशुल र मूल्य अभिबृध्दि कर लगाइ जाचपास गर्दा घटी हुन गएको राजस्व रु ४४४१५९।—असुल गर्नुपर्दछ ।

१३. **टेलिभिजन पार्टस** : भन्सार ऐन २०६४ को अनुसूचि १, १४(३) (प) र अन्तशुल्क ऐन २०५८ को दफा ३ सँग सम्बन्धित अनुसूची अनुसार टेलिभिजन जडान(एसेम्बल) गर्नें उद्योगहरुले टेलिभिजन जडान गर्नको लागि आवश्यक उपशिर्षक ८५२८७२१० मा पर्ने (अनएसेम्वल्ड) टेलिभिजन पैठारी गर्दा २० प्रतिशत भन्सार महसुल र ५ प्रतिशत अन्तशुल्क लिई भन्सार जाचपास गर्नुपर्ने उल्लेख छ । कार्यालयले टेलिभिजन जडान(एसेम्बल)गर्ने उद्योगहरुले टेलिभिजन जडान गर्न आवश्यक पर्नेसामाग्री पैठारी गर्दा भन्सार दरबन्दी उपशीर्षक ८५२९९०१० वाट १५ प्रतिशत अन्तशुल्क लिई जाचपास गरेको छ । पैठारी कर्ताले तिरेको १५ प्रतिशत अन्तशुल्क बिक्रि गर्दा संकलन गरेको अन्तशुल्कबाट क्रेडिट लिन पाउने अवस्था रहन्छ । आर्थिक ऐन वमोजिम टेलिभिजन जडान गर्नें उद्योगहरुले टेलिभिजन जडान गर्नको लागि आवश्यक पाटपूर्जा पैठारी गर्दा भन्सार दरबन्दी उपशशिर्षक ८५२८७२१० बाट जाँचपास गर्नुपर्नेमा बिभागीय परिपत्र उल्लेख गरी एकै पटक पैठारी नगरेको आधारमा उपशीर्षक ८५२९९०१० बाट जाँच पास गरी १५ प्रतिशत अन्तशुल्क लगाएको छ । टेलीभिजन उत्पादन गर्ने उद्योगको लागि बिशेष दरबन्दी सृजना गरिएको र सोको लागि टेलिभिजन उत्पादन सरह अन्तशुल्क राखी २० प्रतिशत भन्सार महशुल राखिएको तर मर्मत प्रयोजनको लागि हुने पैठारीमा अन्तशुल्क दर बढि राखिएको स्थिति भएपनि उद्योगले मर्मत प्रयोजनको लागि पैठारी गर्नेले प्रयोग गर्नुपर्ने भन्सार दरबन्दि प्रयोग गरेबाट राज्यलाई प्राप्त हुनुपर्ने भन्सार राजस्व प्राप्त हुन सकेको छैन । ती सबै करदाताको ठुलो अन्तशुल्क रकम क्रेडिट रहेको छ। तर्सथ आर्थिक ऐन २०७२ अनुसार लाग्ने भन्सार महसुल असुल वा क्रेडिट रहेको अन्तशुल्क समायोजन गरी घटी भएको राजस्व रु.१८६६९७०१/ असुल हुनुपर्दछ ।

१४. **प्याकेजिगं सामाग्री** : भन्सार महसुल दरवन्दी २०७२ को शीर्षक ३९२३२९मा प्लास्टीकका बोरा वा थैलो(स्याक्स) र झोलाहरु जस्ता बस्तुहरु रहेका छन् । सो उपशीर्षकमा उक्त प्रकृतिको प्याकेजिङ्ग सामाग्रीमा ३०% भन्सार महशुल, ५% अन्तशुल्क र मु.अ.कर लाग्ने व्यवस्था छ । यस भन्सार कार्यालयबाट पैठारीकर्ताहरुले प्याकिग सामाग्री अन्तगर्त प्लाष्टिकका खाली व्याग पैठारी गर्दा उपशीर्षक ३९२३२९ बाट ३०% भन्सार महशुल, ५% अन्तशुल्क र मु.अ.कर लगाइ जाचपास गर्नुपर्नेमा भन्सार दरवन्दी ६३०५३३ बाट १५% भन्सार महशुल र मु.अ.कर लगाई जाँचपास गरेको पाइयो यस सम्बन्धमा बिगत वर्षको बेरुजू छलफल हुदां सार्बजनिक लेखा समितिले आगामी बर्ष दरबन्दि मिलान गर्ने र उक्त बेरुजू हटाउने निर्णय भएपनि सो मिलान गरेको देखिएन । जसले गर्दा रु.५,८७,०२६/- राजश्व न्यून भएको छ ।

१५. **अल्मुनियम सर्कल** : भन्सार महसुल दरवन्दी २०७२।७३ को शीर्षक ७६१६९१ मा आल्मुनियम तारको कपडा, ग्रिल, जाली र घेरा (फेन्सीगं) बस्तुहरु रहेका छन् । सो उपशीर्षकमा उक्त प्रकृतिको आल्मुनियम सर्कल पैठारी गर्दा सो सामाग्रीमा १०% भन्सार महशुल र मु.अ.कर लाग्ने व्यवस्था छ । यस्तै सामान विराटनगर भन्सार कार्यालयले पैठारीमा (उदाहरणको लागि प्र.द.न BRT०१ -

५८७३) सोही बमोजिम भन्सार महशुल लगाई जाचंपास गरेको छ । भन्सार दरबन्दी व्याख्यामा अन्यत्र नपरेमा आल्मुनियमका सामान यसै शीर्षक ७६१६ मा पर्ने भनी व्याख्या समेत गरेको छ । यस भन्सार कार्यालयबाट बिभिन्न पैठारीकर्ताहरुले उपशीर्षक ७६१६९१ वाट आल्मुनियम सर्कल पैठारी गर्दा १०% भन्सार महशुल र मु.अ.कर लगाई जाचपास गर्नुपर्नेमा उपशीर्षक ७६०६९१ र ७६०६९२ बाट ५% भन्सार महशुल, र मु.अ.कर लगाइ जाचपास गरेकोले घटी हुन गएको भन्सार महशुल, र मु.अ.कर समेत हुने रु ९२००१९३/- असुल गर्नुपर्दछ । कार्यालयले सो छुट रकम असुल गर्ने जनाएको छ ।

१६. **क्रेनलरी** : भन्सार दरवन्दी सम्बन्धी व्याख्या अनुसार मुख्यत व्यक्ति वा मालवस्तुको यातायातका लागि वनाइएका वाहेकका खास उद्देश्यका मोटर गाडीहरुजस्तै अवरोध गर्ने गरी लरी, क्रेनलरीहरु, दमकलहरु, कंक्रिट मिश्रण लरी, सडक बढार्ने कामका लरीहरु, स्प्रेगर्ने लरीहरु आदि दरवन्दी ८७०५ बाट जांचपास गर्नुपर्ने र उचाल्ने ढांचाका लरीहरु दरवन्दी ८४२६ अन्तर्गत पर्ने हुंदा, व्याख्या किताब अनुसार इंजिन जडित गतीशील प्रकृतिको क्रेन लरीलाई र स्थिर प्रकृतिको क्रेन लरीलाई अन्यबाट जांचपास गर्नुपर्ने व्यवस्था छ । कार्यालयले इंजिन, चेसिस, टायर जडित सामानहरु पैठारी गर्दाउपशीर्षक ८७०५४० वाट १०% भन्सार महसुल र मू.अ.कर लिइ जांचपास गर्नुपर्नेमा फरक शीर्षक कंक्रीट तथा मोर्टार मिक्सरहरु अन्तगर्त ८४७४३१ वाट भन्सार महसुल ५ प्रतिशत र मु.अ.कर लिइ जाचपास गरेकोले छुट भएको राजस्व रु.४००५९२७/- असुल गर्नुपर्दछ ।कार्यालयले सो छुट रकम असुल गर्ने जनाएको छ ।

१७. **स्टोरेज ट्याँक** : भंसार दरबन्दी ब्याख्यामा ब्रुअरी उद्योगले भण्डारण र उत्पादनका लागि पैठारी गर्ने स्टोरेज ट्यांकीलाई भंसार दरबन्दी ७३०९ मा पर्ने गरी व्याख्या गरेको छ ।भन्सार उपशीर्षक ७३०९०० वा ७३१०१० वाट ट्रैंकी वा कन्टेनर पैठारी गर्दा १५ प्रतिशत भन्सार महसुल र मु.अ.कर लाग्ने व्यवस्था छ । यस्तै भन्सार उपशीर्षक ८४३८९० वाट अगंहरु (पाट्र्स) पैठारी गर्दा ५ प्रतिशत भन्सार महसुल र मु.अ.कर लाग्ने व्यवस्था छ। २ ब्रुअरी कम्पनीहरुले स्टोरज ट्यांकको सेट पैठारी गर्दा उक्त सेटहरु पार्ट्स भएकाले भन्सार उपशीर्षक ८४३८९० वाट ५ प्रतिशत भन्सार महसुल र मु.अ.कर लगाइ जाचपास गर्नुपर्नेमा उपशीर्षक ८४३८४० वाट भन्सार महशुल ५ प्रतिशत मात्र लिइ मु.अ.कर छुटमा जाचपास गरेकोले छुट भएको राजस्व रु.२,४८,६०,८८२/- असुल गर्नुपर्दछ ।

१८. **होटेलले पाउने सुविधा** : आर्थिक ऐन,२०७२ को अनुसुची १ दफा १५ (३ छ) मा तारे होटल वा रिसोर्टहरुले स्वीकृत योजना अनुसार होटलको निर्माण वा क्षमता विस्तार वा स्तर अभिबृद्धिका लागि र पहिले पैठारी गरेका मालवस्तु पुराना भईतिनलाई प्रतिस्थापन गर्नका लागि पैठारी गर्न तोकिएका मालवस्तुमा ५ प्रतिशत भन्सार महुसुल लाग्ने व्यवस्था छ । यसरी टुर्स र ट्राभलको कारोवार गर्ने पैठारीकर्ताले उक्त सामान पैठारी गर्दा होटलले पाउने सुविधा टुर्स र ट्राभलका लागि दिएको पाईयो । अतः उक्त पैठारीकर्ताले नपाउने सुविधामा जाचपास गर्दा राजस्व छुट भएको रु ७४१५९४।८७असुल हुनुपर्दछ । कार्यालयले उक्त रकम असुल गर्ने जनाएको छ ।

१९. **पिक अप** : प्र.द.नं.७४९८४ बाट २०१६।६।१९ मा एक पैठारीकताले रु १३०७५४६।– कारोवार मूल्यका स्कर्पियो पिकअप(रेफ्रिजेरेटीङ्ग भेहिकल) एक थान पैठारीगर्दा भन्सार दरवन्दी ८७०४९०१० वाट १ प्रतिशत भन्सार महशुल र अन्तशुल्क छुटमा जाचपास गरेको छ । उक्त दरवन्दीमा मत्स्य पालनका लागि रेफ्रिजेरेटर जडीत ढुवानीका गाडीमा १० प्रतिशत भन्सार महसुल र ५ प्रतिशत अन्तशुल्क लाग्ने व्यवस्था छ ।अतः उक्त गाडी पैठारीमा छुट हुन गएको भन्सार महसुल रु ११७६७९।–, अन्तशूल्क रु ५०८४।–र मु.अ.कर रु १६०६३।–समेत रु १३९६२६।– असुल हुनुपर्दछ ।

२०. **स्टील टावर** : प्र.द.नं ४६५ वाट २०१६।१।३ मा एक पैठारीकर्ताले भन्सार उपशीर्षक ७३०८२० वाट कारोवार मूल्य ५१९७४९६०। मूल्यका स्टील टावर २६७ थान पैठारी गर्दा भन्सार महशुल २० प्रतिशत लगाइ जाँचपास गरेको भएता पनि मु.अ.कर छुट गरेको देखियो । अतः आधार वेगर मु.अ.कर छुट गरेको रु ६८२४३१२। धरौटीमा राखी जाचपास गरेकोमा सो सामान फिर्ता निकासी भएको प्रमाण पेश नभएकोले धरौटीमा राखी जाँचपास गरेको रकम सदरस्याहा हुनुपर्दछ ।

२१. **भाडा बिमा** : भन्सार विभागको मिति २०७१।२।६ को परिपत्रानुसार भाडा तथा वीमाको बिल पेश नभएको अवस्थामा बिल मूल्यको भाडा बापत १० प्रतिशत र वीमा बापत २ प्रतिशतले हुने रकम कारोबार मूल्यमा समावेश गरी महसुल असुल गर्नुपर्ने व्यवस्था गरेको छ । बिभिन्न पैठारीकर्ताले सामान आयात गर्दा भाडा बापत गरेको खर्चको बिल पेश नगरेको अवस्थामा १० प्रतिशतभन्दा कम मूल्य समावेश गरेको हुंदा छुट भएको भाडा र वीमा रकममा लाग्ने राजस्व रु८,३७,३७१।– असुल हुनुपर्दछ ।कार्यालयवाट सो रकम असुल गर्ने जनाएको छ ।

२२. **भन्सार कोष खाता** : यस बर्ष भन्सार कोष खातामा रु ३,३०,४५,२७,१८१।–पैठारी धरौटी आम्दानी देखाएकोमा कार्यालयबाट प्राप्त आशिकुडा को धरौटी हिसावमा रु ३,१७,८९,५४,६८५।–धरौटी आम्दानी देखाएको छ । यसरी आशिकुडा अनुसार देखिएको धरौटी र भंसार कोष खातामा देखाएको धरौटीमा रु १२,५५,७२,४९६।–फरक परेको सम्वन्धमा छानविन गरि हिसाव मिलान गरेको छैन । भंसारकोष खातामा देखाएको धरौटी रकमको कच्चावारी समेत पेस नभएकोले यी दुइ खाता वीचको फरक रकम यकीन गर्न सकिने अवस्था छैन । भंसार कोष खातामा बढी धरौटी देखिएको रु १२,५५,७२,४९६।–ले राजश्वमा असर परि घटी राजश्व असुल भएको देखिने हुदा वास्तविक धरौटी तथा राजश्व रकम यकिन गरी हिसाव मिलान हुनुपर्दछ ।

२३. **बिनियोजन तर्फ** : यस भन्सार कार्यालयमा भवन निर्माणका लागि यस बर्ष बोलपत्र आव्हान गरी २०७४।३।१५ सम्ममा सम्पन्न गर्ने गरि निम्न ३ बोलपत्र दाता संग सम्झौता भएको छ ।

| सि. न | विवरण | प्रमुख भन्सार अधिकृतको आवास निर्माण | अधिकृत कर्मचारीको आवास निर्माण | कर्मचारीहरुको आवास निर्माण |
|---|---|---|---|---|
| १ | लागत अनुमान (मु.अ. कर समेत) | १,७३,६८,०५६।७२ | १,९३,६५,०१५।२६ | १,५७,५६,४३२।३० |
| २ | सम्झौता रकम (मु.अ. कर समेत) | १,२९,६८,५६५। | १,०७,४५,९४०। | १,४९,२१,०५१। |
| ३ | भुक्तानि रकम (मोविलाईजेसन पेश्की) | १,१४,७०००। | १,०७,३०००। | १,३२,००००। |
| ४ | निर्माण अवस्था | डि.पि.सि. लेभल सम्म | २ तल्ला दलान सम्पन्न | १ तल्ला दलान सम्पन्न |

२३.१. ठेक्का नं ०७२।७३ अन्तर्गत प्रमुख भन्सार अधिकृतको भवन निर्माण कार्यको लागत अनुमानस्वीकृत गर्दा मुल्य समायोजन सम्वन्धि व्ययभार हुन सक्ने रकम थप गरि स्वीकृत गरेको छैन । तर सो कार्यका लागि प्रमुख भन्सार अधिकृतबाट स्वीकृत एकबोलपत्र दातासंगको २०७३।१।२३ मा भएको सम्झौतामा मुल्य समायोजन सम्वन्धि व्यवस्था समावेश गरि सम्झौता गरेको देखिन्छ । यसबाट महानिर्देशक बाट स्वीकृत लागत अनुमान प्रतिकुल मुल्य समायोजनको सम्झौतामा भएको व्यवस्था अनुसार मुल्य समायोजन वापत थप व्ययभार पर्न जाने देखिन्छ । तसर्थ निर्माण कार्यको सम्झौता गर्दा स्वीकृत लागत अनुमान अनुसार मितव्ययी तवरले गरिनु पर्दछ ।

२३.२. सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५(१)अनुसार खरिद संम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भएवमोजिम एजविल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ । यो वर्ष भन्सार कार्यालयले निर्माण व्यवसायीलाइ आवास भवनमा तल्ला थप कार्यको अन्तिम रनिंग विल भुक्तानी गर्दा विमा वापत रु ९२३६५।– र एजविल्ट नक्सा वापत रु२४९६९।–समेत भुक्तानि गरेकोमा विमा पोलिसि,रसिद तथा एजविल्ट नक्सा पेश गरेको नदेखिएकोले कामवेगर ठेक्का विलमा समावेश गरी भुक्तानी भएको उक्त रु ११७३३४/- असुल गर्नुपर्दछ ।

२३.३. निजामती सेवा ऐन, २०४९ को दफा ६क वमोजिम सिर्जना भएको दरवन्दी र दफा ७ वमोजिम कार्यालय संचालनको लागि स्वीकृत दरवन्दी अनुरुप कर्मचारीहरुको पदपूर्ति हुनुपर्दछ। कार्यालयको कुल ८६ दरबन्दी स्वीकृत भएकोमा दरवन्दी भन्दा वढी कर्मचारीमा कम्प्युटर अधिकृत ५ जना, कम्प्युटर अपरेटर ३ जना, ना.सु (राजश्व) ८ जना, टा.ना.सु. ९ जना खरिदार ४ जना, ह.स.चा.५ जना र का.स.३२ जना कार्यरत रहेका छन् । दरवन्दी भन्दा वढी कर्मचारीको लागि यसवर्ष रु १५५६६५९५। तलव खर्च लेखेको छ। ऐन बमोजिम एक बर्षमा तीन महिना सम्म कर्मचारी काजमा राख्न पाउने व्यवस्था रहेको भएता पनि कार्यालयले तीन महिना भन्दा बढी समयसम्म काजमा राखि तलब भुक्तानी गर्नु नियमसंगत देखिएन ।

२३.४. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की भुक्तानी र फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । कार्यालयले योवर्ष ३ निमार्ण व्यवसायीलाइ दिएको मोविलाइजेशन पेश्की रु.३५,४०,०००/-आर्थिक वर्षको अन्त सम्ममा फछ्र्यौट गर्न बांकि रहेको छ ।

## भैरहवा लुम्बिनी भूमिगत जल सिंचाइ व्यवस्थापन डिभिजन

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले ऐन नियम एंव कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुमा नापी किताबमा कन्टिन्जेन्सी खर्च अभिलेखन गर्ने नगरेको, निर्माण कार्यको लगत इष्टिमेट, नापी किताव र कार्यसम्पन्न प्रतिवेदन आदिमा तयार पार्ने, पेश गर्ने, जाँच गर्ने र सदर गर्ने कर्मचारीको नाम, पद, छाप एवम् मिति उल्लेख गर्ने नगरेको, पुराना सामानको मर्मत एवं लिलाम बिक्री कार्य नभएको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, बोलपत्रको सूचनामा इबिडिङ्गनगरेको, अख्तियारी र कार्यक्रम संशोधन भए अनुरुप बार्षिक खरिद योजना संशोधन नगरेको,कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको,ठेक्काको लगत नराखेकोलगायतका कमी कमजोरी देखिएको छ ।यसमा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(२) समयमै अख्तियारी दिनुपर्नेमा एक बजेट उप शीर्षकमा असारमा रु.२,००,००,०००।– थप अख्तियारी प्रदान गरेको देखियो । नियमावलीको उपरोक्त प्रावधान अनुरुप एकै पटक अख्तियारी नदिई पटक पटक थप अख्तियारी दिने परिपाटीको अन्त्य गरिनु पर्दछ ।

३. **चौमासिक खर्चको स्थिति** : स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्य सम्पादन गरी तोकिएको बजेट खर्च गर्नुमा पुजिगततर्फका २ बजेट उप शीर्षकमा रु.६,३६,६६,३३२।४० खर्च भएको मध्ये ७५.९४ प्रतिशत तेस्रो चौमासिकमा र ५१.५४ प्रतिशत रकम असार महिनामा खर्च भएको देखिन्छ । कार्यालयले खरिद योजना अनुसार कार्य गर्न नसकेको, सम्झौताबमोजिम समयमै कार्य नभएको कारणले तेस्रो चौमासिक र असार महिनामा अत्यधिक खर्च भएको देखिन्छ ।स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नु पर्दछ ।

४. **कार्य सम्पादन जमानत** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित निर्माण कार्यको त्रुटि सच्चाउने दायित्वको अवधि भन्दा कम्तिमा एक महिना वढी अवधिको हुनुपर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न दुई खरिद सम्झौताको कार्य सम्पादन जमानत लिदा नियममा व्यवस्था भएको अवधिसम्मको नभएको साथै शर्त रहित कार्यसम्पादन जमानत हुनुपर्नेमा शर्त सहितको कार्यसम्पादन जमानत पेश भएको १६,२०,०००।०० पाइएकोले त्रुटी सच्चयाउने अवधि पछिको एक महिना खाम्ने गरी शर्त रहितको कार्य सम्पादन जमानत पेश गर्नुपर्ने देखिएकोछ ।

५. **असुल गर्नुपर्ने** : सिंचाई नीति अनुसार कार्यालयले ८५ प्रतिशत र जल उपभोक्ता समितिले १५ प्रतिशत खर्च व्यहोर्नुपर्ने व्यवस्था रहेकोमा एक निर्माण कार्यमा उपभोक्ता समितिको अंश कम

भएकोले सम्वन्धित ज.उ.स.वाट कम योगदान हुन गएको रु १२,९६७।०० रकम असुल हुनुपर्ने देखिन्छ ।

६. **उपभोक्ता समितिको योगदान** : सिचाई नीति अनुसार मर्मत कार्यका लागि कुल लागत मध्ये कार्यालयले ९५ प्रतिशत र जल उपभोक्ता समितिले ५ प्रतिशत व्यहोर्ने व्यवस्था रहेकोमा सवै मर्मतको कार्यमा ज.उ.स. ले ५ प्रतिशत योगदान गरेको पाईएन । कार्यालयले मर्मतका लागि आवश्यक पम्प र ईलेक्ट्रीसंग सम्वन्धित सामानहरु खरिद गरेकोमा ज.उ.स.को योगदान देखिएन । कार्यालयले दिएको जानकारी अनुसार सामान खरिद गर्दा सम्पूर्ण लागत कार्यालयले व्यहोर्ने र जडान तथा उपयोग गर्दा ज.उ.स.ले आफ्नो अंश योगदान गर्ने व्यवस्था रहेको छ ।सम्वन्धित ज.उ.स.लाई आफ्नो अंश व्यहोर्न लगाई राजस्व खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

७. **कन्टिन्जेन्सी** : खर्च गर्ने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार अनुसूची–१ मा वर्कचार्ट खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत भनी उल्लेख छ । वर्कचार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन भने यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कन्टिन्जेन्सीबाट गरिने खर्च रु २७,८३,०००।०० सम्बन्धमा स्पष्ट कार्यबिधि तयार गरी खर्च गर्नुपर्ने देखिन्छ ।

८. **आयोजना (डिप ट्यूववेल) संचालन स्थिति** : डिभिजन कार्यालयसंग डिभिजनबाट गत विगत वर्षहरुमा निर्माण सम्पन्न भई संचालन गरिएका डिप ट्यूववेलहरुको हालको संचालन स्थिति सम्बन्धी विवरण माग गरिएकोमा कूल १६९ थान डिप ट्यूववेल निर्माण भई उपभोक्ता समितिहरुलाई हस्तान्तरण गरिएकोमा ४२ थान ट्यूववेल पूर्ण रुपमा वन्द रहेको स्थिति देखिएको छ । विग्रीएर रहेका कतिपय ट्यूववेलहरु मर्मत गरिएता पनि केही ट्यूववेल मर्मत हुन नसेकेको देखिएको छ ।

९. **पेश्की बाँकी** : आर्थिक कार्यविधि नियमावली, २०६४ र ठेक्का सम्झौतामा उल्लेख भएबमोजिम मोविलाइजेसन पेश्की फछ्र्यौट गर्नु पर्नेमा रु.१२,२०,०००।०० पेश्की फछ्र्यौट हुन बाँकी देखिन्छ ।

## महिला तथा बालबालिका कार्यालय

१०. **आन्तरिक नियन्त्रण** : कार्यालयले ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्नेमा पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको,मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेका, कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको लगायतका कमी कमजोरी देखिएको छ । बिभिन्न ऐन नियम एंव कार्यबिधिहरुमा तोकिएका व्यबस्थाहरुको अनिवार्य रुपमा अबलम्वन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

## मत्स्य विकास केन्द्र

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्नेमाकार्यक्रमबमोजिम चौमासिक रुपमा खर्च हुने नगरेको, पेश्की फछ्र्यौट गरेको बिल भरपाईमा खर्चको तेरिज संलग्न गर्ने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको,मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेका, कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको,नागरिक बडापत्रमा उल्लेख भएका सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको लगायतका कमी कमजोरी

देखिएको छ । बिभिन्न ऐन नियम एवं कार्यबिधिमा तोकिएका व्यबस्थाहरुको अनिवार्य रुपमा अबलम्वन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **प्रतिस्पर्धा बेगर खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम प्रतिस्पर्धाको आधारमा खरिद कार्य गर्नुपर्नेमा कार्यालयले नेट मर्मत तथा रंगरोगन, पोखरी मर्मत कार्य, ग्याविन तारको जगमा पिसिसि,ट्यूवेल निर्माण कार्य बेग्लाबेग्लै निर्माण व्यवसायीवाट गराई रु.२०,०१,०११/- खर्च गरेको देखिन्छ । कार्यालयले पूजिगत खर्चतर्फ रु.५ लाख भन्दा बढीको कार्यक्रम नरहेकोले स्वीकृत कार्यक्रम भित्रै रही कार्य गरेको व्यहोरा कार्यालयले जनाएको छ ।

३. **विविध खाता तर्फ :** यस बर्ष रु.१०००००।– आम्दानी प्राप्त भएकोमा पूरै रकम खर्च भएकोमा सक्कल विल भरपाई पेश नभएकोले लेखापरीक्षण हुन सकेन ।

## मालपोत कार्यालय भैरहवा

१. **जिन्सी :** कार्यालयले यो वर्ष जिन्सी निरीक्षण फाराम उपलब्ध गराएकोमा लिलाम तर्फ जीप, कुर्सी, दराज, फ्याक्स मेशिन, युपीएस, जेनेरेटर, कम्प्युटर प्रिन्टर लगायतका ५४ थान सम्पत्ति लिलाम गर्नुपर्ने र केही फर्निचर, कार लगायतका ५० थान सामानहरु मर्मत गर्नुपर्ने अवस्थामा देखाएको छ । नियम अनुसार लिलाम तथा मर्मतको कारवाही अगाडि बढाई जिन्सी व्यवस्थापन दुरुस्त राख्नुपर्ने देखिन्छ ।

२. **धरौटी :** गत बर्षको जिम्मेवारी रु.८५ लाख मा यो बर्ष रु.१० लाख ८९ हजार आम्दानी समेत रु.८६ लाख ९ हजार रहेकोमा रु.६८ हजार सदरस्याहा एवं रु.३० लाख ३९ हजार फिर्ता खर्च समायोजन गर्दा रु.५५ लाख १ हजार बाँकी देखाएको छ । उक्त बाँकी रकम २०५९।१२।०५ देखि ६०२ जना व्यक्ति तथा संस्थाको नाममा बाँकी देखिन्छ । उक्त धरौटी रकम मध्ये कुत, मुआब्जा, हकसफा, ठेक्का, आदिको धरौटी रहेको छ । यस्तो धरौटी मध्ये रु.८।५० देखि रु.२५ लाख ७ हजार सम्म प्रत्येक व्यक्तिहरुले जम्मा गरेको देखिन्छ । समग्रगत रुपमा कुत, मुआब्जा र हकसफाको यस्तो धरौटीको कारवाही टुंगो लगाई हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।

३. **कार्यसंचालन खाता :** यस खातामा गत वर्षको मौज्दात रु.१ अर्ब ४१ करोड ९६ लाख ३१ हजार अ.ल्या. गरी यो वर्ष रु.५० करोड २९ लाख २ हजार प्राप्त गरेको समेत जम्मा रु.६४ करोड ४८ लाख ६५ हजार आम्दानी देखाएकोमा रु.५८ करोड ५७ लाख ८३ हजार खर्च गरी रु.५करोड ९० लाख ८२ हजार मौज्दात रहेको छ । मौज्दात मध्ये रकम बाँडफाड गरी राजश्व दाखिला हुनुपर्दछ ।

३.१. स्थानीय निकायबाट २०७२।०७३ को रु.१ लाख ६० हजार आउन बाँकी छ । साथै २०७३ आषाढ सम्मको विभागीय कोषमा रु.१ लाख ६० हजार पठाउन बाँकी देखिन्छ । लिनुदिनुपर्ने हिसाब मिलान गरिनुपर्दछ ।

४. **आन्तरिक नियन्त्रण व्यवस्था :** कार्यालयले रजिष्ट्रेशन शुल्क असुल गर्दा अपनाउने सम्भावित जोखिम न्यूनीकरण गर्न निरोधक उपायहरु समेत समेत अपनाउनु पर्दछ । जिल्लाको जग्गाको न्यूनतम मूल्याङ्कन निर्धारण समितिले वर्षेनी मूल्याङ्कन दरमा केही प्रतिशत वृद्धि गरे पनि मूल्याङ्कनको आधार एवं व्याख्या सहित पुनरावलोकन नगर्नु, जग्गाको अवस्थिति, सडकको पहुंच तथा अन्य कुराहरुको आधारमा जग्गाको वर्गीकरण गर्नुपर्नेमा अधिकांश ग्रामीण क्षेत्रका जग्गाको वर्गीकरण नगरी खेतियोग्य जग्गाको श्रेणी कायम गर्नु जग्गाको न्यूनतम मूल्याङ्कन र खरिद बिक्रीको मूल्यबीच रहेको ठूलो भिन्नतालाई कम गर्नेतर्फ ध्यान नदिइनु, नगरपालिकाका स– साना घडेरी जगाको समेत कित्ता वाईज मूल्य नतोकिनु , एउटै कित्ताको फरक फरक मूल्य कायम गर्नु जस्ता विषयप्रति ध्यान दिई नियन्त्रण प्रणाली प्रभावकारी तुल्याइनुपर्दछ ।

४.१. मालपोत कार्यालयले विभिन्न लिखत पारित गर्दा असुल हुने राजस्व नगदी रसिद प्रयोग गरी असुल गर्ने गरेको देखिन्छ । यसरी दैनिक रुपमा ठूलो रकम नगदै बुझिलिने कार्य विभिन्न दृष्टिकोणबाट जोखिम पूर्ण रहेको देखिंदा मालपोत कार्यालयको हाताभित्र राष्ट्रिय वाणिज्य बैंकको शाखा स्थापना गर्ने व्यवस्था मिलाई

सेवाग्राहीले बैंकमा रकम जम्मा गरेको बैंक भौचरको आधारमा मात्र रसिद काटी आम्दानी जनाउने व्यवस्था उपयुक्त एवं जोखिम रहित हुने देखियो । जसबाट आन्तरिक नियन्त्रण व्यवस्था समेत प्रभावकारी हुने देखिन्छ ।

५. **पूँजीगत लाभकर :** आयकर ऐन, २०५८ (संशोधन सहित) दफा २ द.(४) र दफा ९५ क.(३) ले कुनै प्राकृतिक व्यक्तिले एक आर्थिक वर्षमा रु.३० लाख वा सोभन्दा बढीको जग्गा वा निजी भवन निसर्ग गरेमा पूंजीगत लाभकर बापत मालपोत कार्यालयले रजिष्ट्रेशन बापत निसर्ग भएको सम्पत्तिको स्वामित्व ५ वर्ष वा सोभन्दा बढी भए २.५ प्रतिशतका दरले र निसर्ग भएको सो गैरव्यावसायिक करयोग्य सम्पत्ति को स्वामित्व ५ वर्षभन्दा कम रहेको छ भने ५ प्रतिशतका दरले खूद पूंजीगत लाभमा अग्रिम रुपमै कर असुल गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले यो वर्ष पारित गरेका रजिष्ट्रेशन लिखतहरुमध्ये रु.३० लाख वा सोभन्दा बढीको करयोग्य सम्पत्ति निसर्ग गरेका ६ रजिष्ट्रेशन लिखतहरुमा निसर्ग गर्ने व्यक्तिबाट पूंजीगत लाभकर रु.१३ लाख ५७ हजार अग्रिम रुपमा कट्टा गरी असुल गरेको देखिएन । उक्त रकम असुल हुनुपर्दछ ।

६. **रजिष्ट्रेशन :** पहिले खरिद गर्दाको मुल्यांकन मूल्यमा घटाई बिक्रि गर्न नमिल्ने व्यवस्था छ । एक जग्गाधनीको पूर्व खरिद थैली रकम भन्दा घटीमा बिक्रि गर्दा छुट भएको फरक रु.६ लाख ५४ हजारको ४ प्रतिशतले हुने २६ हजार रजिष्ट्रेशन राजश्व शुल्क सम्बन्धित बाट असुल प्राप्त गरी दाखिला हुनुपर्दछ ।

## यातायात व्यवस्था कार्यालय (सवारी)

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्नेमाभ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको,मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेका, कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको,नागरिक बडापत्रमा उल्लेख भएका सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको लगायतका कमी कमजोरी देखिएको छ । बिभिन्न ऐन नियम एवं कार्यबिधिमा तोकिएका व्यबस्थाहरुको अनिवार्य रुपमा अबलम्वन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(२) बमोजिम समयमै स्वीकृत कार्यक्रम र खर्च व्यहोर्ने स्रोत खोली बजेट खर्च गर्ने अख्तियारी पत्र पठाउनु पर्नेमा ब.उ.शि.नं. ३३७३५२४ मा असार महिनामा रु.४९ लाख थप अख्तियारी प्रदान गरेको देखियो ।

३. **सवारी साधन दर्ता तथा नवीकरण** : सवारी यातायात व्यवस्था ऐन, २०४९ मा सवारी साधन नवीकरण गराउने र समयमै नवीकरण नगराउनेसँग थप दस्तुर लिने व्यबस्था रहेको छ। कार्यालय अन्तर्गत २०७२।७३ सम्ममा सवारी साधन दर्ता सवारी साधन मध्ये ६१.१४ प्रतिशत साना, ठुला सवारी साधन तथा ८५.९५ प्रतिशत ट्याक्टर नवीकरण नभएको अवस्था देखियो । साथै मोटरसाइकल नवीकरणको अद्यावधिक तथ्यांक लेखापरीक्षणको क्रममा उपलव्ध हुन सकेन । अत: सबै किसिमका सवारी साधनको नवीकरण स्थिति अद्यावधिक गरी सवारी साधनको व्यवस्थापनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाइनु पर्दछ ।

४. **भी.आर.एस.सफ्टवेयर :** यातायात व्यवस्था विभागबाट सवारी साधनहरुको दर्ता तथा नवीकरण एवं व्यवस्थित अभिलेख र राजस्व असुलीमा सहजता लागि प्रयोगमा ल्याइएको भेहिकल रजिष्ट्रेश सिष्टम (भी.आर.एस.) सफ्टवेयरबाट कार्यालयमा प्राप्त हुने सबै प्रकारका राजस्व आम्दानीको एकीकृत ढाँचा अनुसार दैनिक रुपमा आउने प्राप्त भई म.ले.प.फा.नं. १० सँग भिडान हुनुपर्नेमा सो अनुरुप नभई हरेक शीर्षकको छुट्टाछुट्टै विवरण प्राप्त हुने र सोको जोडजम्मा म्यानुअल्ली गर्नुपर्ने

स्थिति रहेको देखिन्छ । साथै असूली हुने लगती राजस्वको लागि कति सवारी साधन दर्ता भए, कति नवीकरण भए, कति नवीकरण हुन बाँकी छ भन्ने विवरण सफ्टवेयरबाट प्राप्त नहुने हुँदा केवल रसिद काट्ने प्रयोजनको लागि मात्र प्रयोग भएको अवस्था छ । तसर्थ मौजुदा सफ्टवेयर अपडेट वा नयाँ भर्सनको सप्टवेयर प्रयोग गरी अभिलेख तथा प्रतिवेदनको व्यवस्था समेत हुनु आवश्यक देखिन्छ ।

५. **मूल्य बृद्धि :** कार्यालय भवन निर्माण गर्ने निर्माण व्यबसायीलाई मूल्य वृद्धि भुक्तानी गर्दा प्रोभिजनल समको रकम घटाई भुक्तानी दिनुपर्नेमा सो समेत नघटाई भुक्तानी दिएकोले पाचौं रनिङ्ग विलसम्मको प्रोभिजनल सममा मूल्य बृद्धि भुक्तानी भएको रु.१२ हजार असुल गर्नुपर्ने देखिन्छ ।

६. **राजस्वः** कार्यालयको विगत ३ वर्षको कूल राजस्व असूली स्थिति देहाय अनुसार रहेको छः

| आर्थिक बर्ष | असुली | अघिल्लो बर्षको तुलनामा बृद्धी प्रतिशत |
|---|---|---|
| २०७०/७१ | ७३,०६,८१,४१५/- | ९.९० |
| २०७१/७२ | ८४,३७,३७,२१३/- | १५.४७ |
| २०७२/७३ | १,०६,४६,५१,३५९/- | २६.१८ |

उपर्युक्त तालिका अनुसार गत वर्षको तुलनामा राजस्व असुली २६.१८ प्रतिशतले बढी रहेको छ । राजश्व असुली सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

६.१. सवारी साधन कर ऐन, २०३१ को व्यवस्थाबमोजिम सवारी साधन दर्ता र नवीकरणको अवस्था खुल्ने अद्यावधिक अभिलेख राखेको नपाइएकोले कर र जरिवाना असुलीको स्थिति यकिन गर्न सक्ने अवस्था देखिएन ।

६.२. कार्यालयमा दर्ता भएका सवारी साधनको लगत अद्यावधिक गरी चालु वर्ष नवीकरण गर्नुपर्ने र नवीकरण गर्न नआएका सवारी साधनको अद्यावधिक लगत खडा गरेको पाइएन । सवारी साधनको अद्यावधिक लगत नरहेको कारण के कति सवारी साधन नवीकरण हुनुपर्ने, बक्यौता राजस्व कति उठन बांकी छ सो यकिन गर्न सक्ने अवस्था भएन । साथै जरिवानाको मात्र छुतै अभिलेख राख्नुपर्नेमा सो समेत गरेको देखिएन । तसर्थ कार्यालयमा दर्ता भएका सवारी साधनको लगत अद्यावधिक गरी राजस्व असुल गर्नुपर्दछ ।

६.३. आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार राजस्व आम्दानीको लेखांकनको लागि प्रयोग हुने गोश्वार भौचर (म.ले.फा.नं. १०(क) प्रयोगमा ल्याएको पाइएन । तसर्थ नियमावलीको व्यवस्था अनुसार हरेक प्रकारका राजस्व आम्दानीको गोश्वार भौचर खडा गरी राजस्व स्रेस्ता दुरुस्त पार्नु पर्ने देखिन्छ ।

## यातायात व्यवस्था कायांलय (सवारी चालक अनुमती पत्र)

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्नेमा मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेका, कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको,नागरिक बडापत्रमा उल्लेख भएका सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको लगायतका कमी कमजोरी देखिएको छ । बिभिन्न ऐन नियम एवं कार्यबिधिमा तोकिएका व्यबस्थाहरुको अनिवार्य रुपमा अबलम्वन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **अनुमति पत्र जारी तथा नवीकरण** : यस आ. व. मा मोटर साइकल र स्कूटरको मात्र चालक अनुमति पत्र जारी गर्ने जिम्मेवारी रहेको र चालु वर्ष (२०७२।७३) देखि बांकी सबै प्रकारका सवारी साधनको अनुमति पत्र जारी गर्ने जिम्मेवारी प्राप्त भएको जानकारी कार्यालयबाट प्राप्त भयो । कार्यालयबाट प्राप्त

विवरण अनुसार मोटर साइकल र स्कूटरको सवारी चालक अनुमति पत्रको लागि आवेदन तथा जारी स्थिति देहाय अनुसार रहेको पाइयो ।

| आवेदन दर्ता संख्या | लिखित परीक्षामा उत्तीर्ण संख्या | प्रयोगात्म परीक्षामा उत्तीर्ण संख्या | अनुमती पत्र जारी संख्या | आवेदनको तुलनामा उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|
| ४४९४७ | ३१०९३ | १७००९ | १३२०६ | ३७.८४ |

३. **आम्दानी सप्टवेयर :** कार्यालयले प्रयोग गर्ने सफ्टवेयर भरपर्दो र प्रभावकारी हुनु पर्दछ । यातायात व्यवस्था विभागबाट सवारी चालक अनुमती पत्र जारी तथा नवीरण एवं व्यवस्थित अभिलेख र राजस्व असुलीमा सहजता समेतलागि प्रयोगमा ल्याइएका डी.एल.आर.एस. सप्टवेयरबाट कार्यालयमा हुने सबै प्रकारको राजस्व आम्दानीको एकीकृत ढांचा अनुसार दैनिक रुपमा आउने भई म.ले.प.फा.नं. १० संग भिडान गर्नुपर्नेमा सो अनुरुप नभई हरेक शीर्षकको छुट्टाछुट्टै विवरण प्राप्त हुने र सोको जोडजम्मा म्यानुअल्ली गर्नुपर्ने किसिमको रहेको छ । साथै असूली हुने लगती राजस्वको लागि वर्षभरिमा कति अनुमती पत्र जारी भए, कति नवीकरण भए, कति नवीकरण हुन बांकी छ भन्ने विवरण सप्टवेयरबाट प्राप्त नहुने हुंदा केवल रसिद काट्ने प्रयोजनको लागि मात्र प्रयोग भएको अवस्था छ । साथै काम गरिराखेको अवस्थामा सर्भर डाउन भएमा पहिले इण्ट्री गरिएका कतिपय डाटाहरु लस्ट हुने गरेको समेत जानकारी हुन आयो । लेखापरीक्षणको क्रममा सफ्टवेयर नखुलेको कारण २०७३ कार्तिक देखि २०७३ पौषसम्म सवारी चालक अनुमति प्रदान गर्ने सम्पूर्ण प्रक्रिया रोकिएको अबस्थामा रहेको पाइयो । सेवाग्राहीको अत्यधिक चाप हुने कार्यालमा सुस्त गतिको समयमै नखुल्ने सफ्टवेयर प्रयोगमा रहेको कारण सेवाग्राहीले अनाबश्यक झन्झट व्यहोर्नु परेको र कार्यालयबाट प्रदान हुने सेवाको लागि लामो समय कुर्नुपर्ने अबस्था रहेको छ । सफ्टवेयरमा आबश्यक सुधार गरी सेवा प्रभावलाई छिटो छरितो र प्रभावकारी बनाउनु पर्दछ ।

४. **लाइसेन्स कार्ड र होलोग्राम स्टीकर :** नयां सवारी अनुमति पत्र वितरण गर्दा तथा पुरानो लाइसेन्स नविकरण गरी नयां लाइसेन्स जारी गर्दा होलोग्रामस्टीकर टांसेर मात्र जारी गरिन्छ । सो स्टीकर खर्च भएको आधारमा जारी भएका सवारी चालक अनुमतिपत्रको संख्याको आधारमा राजश्व प्राप्त हुन्छ । कार्यालयले लाइसेन्स कार्ड र होलोग्राम स्टीकरको आम्दानी, खर्च र बांकीको विवरण स्पष्ट देखिने अभिलेख व्यबस्थित गरेको पाइएन । लाइसेन्स कार्ड र होलोग्रामको अभिलेख दुरुस्त नहुदा सोको अपचलन हुन सक्ने भएकोले क–कसको जिम्मामा के कति होलोग्राम छन सो खुल्ने गरी यथार्थ अभिलेख राख्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

## राजस्व अनुसन्धान पश्चिमान्चल क्षेत्रीय कार्यालय

१. **खरिद इकाई :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७(३) अनुसार खरिद योजना तयार गर्ने समेत कार्यको लागि एक खरिद इकाईको स्थापना गर्नुपर्ने व्यवस्था छ । तर यस वर्ष कार्यालयले ऐनले गरेको व्यवस्थाको कार्यान्वयन नगरेको कारण खरिद ईकाईको व्यवस्था भएको छैन । खरीद योजना पनि तयार गरेको छैन ।

२. **चौमासिक खर्चको स्थिति :** स्वीकृत कार्यक्रम अनुसार चौमासिकरुपमा कार्य सम्पादन गरी तोकिएको बजेट खर्च गर्नुपर्दछ । यस कार्यालयमा कायंक्रम र पुजिगततर्फ देहायबमोजिमको उप शीर्षकहरुमा भएको कुल रु.१६७०६७३/- खर्च भएको मध्ये ९५.०१ प्रतिशत तेस्रो चौमासिकमा र ८६.६८ प्रतिशत रकम असार महिनामा खर्च भएको देखिन्छ । कार्यालयले खरिद योजना अनुसार कार्य गर्न नसकेको कारण बर्षको अन्तमा अत्यधिक खर्च भएबाट कामको गुणस्तरमा समेत असर पर्नसक्ने अबस्था रहेकोले स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नु पर्दछ ।

३. **मुद्दा** : कार्यालयवाट यस वर्ष टुँगो लागेका मुद्दाका नमुना छनौट गरी १० फाइलको अध्ययन गर्दा कार्यालयले सुनचादी सम्वन्धी मुद्दाको फैसला भई जफत भएका चाँदीका गहना र सुनका ढिक्का लिलाम विकी नभई सुनचादी व्यवसायी सघ बुटवल शाखाले मूल्याकँन गरेअनुसाररु ६९,२०,५३६/- दाखिला गर्नैगरी नेपाल राष्ट्र बैकंमा पठाएकोमा लेखापरीक्षण अवधी सम्म पनि सो रकम राजस्व दाखिला भएको पाइएन । अतः उक्त रकम राजस्व खातामा दाखिला हुनुपर्दछ ।

४. **आयकर** : विभागले संकास्पद करदाताको कारोवार छानविन गरी भंसार अंन्तशुल्क र मु.अ.कर स्वयं निर्धारण आदेस जारी गर्दछ भने आयकर तर्फ संशोधित कर निर्धारण गर्न छुट कारोवारको बारेमा सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई जानकारी दिनुपर्ने व्यवस्था छ । यस व्यवस्था अनुसार आयकर तर्फ छुट कारोवार रु.८१,४४,०६६/-को जानकारी पठाएको र सम्वन्धित आन्तरिक राजस्व कार्यालयबाट सो छुट कारोवार समावेस गरी स)शोधित कर निधांरण गरे नगरेको सम्वन्धमा कुनै अभिलेख नरहेको साथै सो सम्वन्धमा अनुगमन समेत गनें गरेको पाइएन । यसबाट अनुसन्धानबाट पत्ता लागेका राजस्व चुहावटलाइं समयमानै नियन्त्रण गनें कायं प्रभावकारी देखिएन ।

## राष्ट्रिय गहुं बाली अनुसन्धान कार्यक्रम

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्नेमा तलबी प्रतिवेदन समयमै पारित नभएको, निर्माण कार्यको लगत इष्टिमेट, नापी किताव र कार्यसम्पन्न प्रतिवेदन आदिमा तयार पार्ने, पेश गर्ने, जांच गर्ने र सदर गर्ने कर्मचारीको नाम, पद, छाप एवम् मिति उल्लेख नगरेको, नापी किताब स्थायी प्रकारको बुकमा नराखेको, भ्रमण प्रतिवेदन लिने नगरेको, सवारी साधन मर्मत अभिलेख खाता नराखेको, कार्यक्रमबमोजिम खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणीत गरी भुक्तानी भएको जनाउने छाप लगाउने नगरेको, कार्यक्रमगत खर्च खाता नराखेको, चौमासिक रुपमा खर्च हुने नगरेको, पेश्की फछ्र्यौट गरेको बिल भरपाईमा खर्चको तेरिज संलग्न गर्ने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको,मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेका, कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको,नागरिक बडापत्रमा उल्लेख भएका सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको लगायतका कमी कमजोरी देखिएको छ । बिभिन्न ऐन नियम एवं कार्यबिधिमा तोकिएका व्यबस्थाहरुको अनिवार्य रुपमा अबलम्वन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **फरक कार्यक्रमबाट खर्च** : आर्थिक कार्यबिधि नियमावलीबमोजिम सम्बन्धित बजेट तथा कार्यक्रम अन्तर्गत रही खर्च गर्नुपर्नेमा बेग्लै बजेट व्यबस्था भएको कार्यक्रम (केयुबिके) तर्फबाट भुक्तानी दिनुपर्ने ज्याला कार्यालयको नियमित बजेट (बउशीनं.३१२१३६३) बाट रु १,४५,५००/- खर्च गरेकोले सो रकम कार्यक्रम ( केयुबिके) बाट प्राप्त गरी बेरुजु दाखिला गर्नुपर्ने देखिन्छ ।

३. **थप महशुल** : बजेटको व्यबस्था भएको अबस्थामा महशुल भुक्तानी गर्दा छुट लिनुपर्नेमा कार्यालयले २०७२ माघ र फागुनको बिद्युत महशुल भुक्तानी गर्दा रु १०,८७६/९४ जरिवान तिरेको उचित भएन ।

४. **तालिम खर्च** : आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६(५) बमोजिम तालिमको प्रतिवेदन तयार नगरेको कारण सीप विकास तथा तालिम खर्च वापत रु ६२,७७१।०० भुक्तानी दिएकोमा उक्त तालिम कुन मितिमा भएको, कहाँ भएको, कति जना सहभागी र प्रशिक्षक थिए, विषयवस्तु

के थियो, तालिम प्रतिवेदन केही पनि संलग्न नगरी नगद उधारो विल राखी खर्च लेखेकोमा तालिम तथा जनचेतना सम्वन्धी कार्य भएको थियो भनी एकिन गर्ने आधार भएन ।

५. **मू.अ. कर :** मुल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम तोकिएको ढा□चामा कर बिजक नभएको अबस्थामा एक आपूर्तिकर्तालाई रु.२६,९३७/- मू.अ.कर भुक्तानी भएकोले मु.अ.कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने देखिन्छ ।

६. **बिशेष कार्यक्रमतर्फको मौज्दात :** बिगतमा बिभिन्न १० कार्यक्रम सञ्चालन गर्न प्राप्त भई बचत रहको रु.२०,०५,९१९।९९ मौज्दात रहेको बिबरण प्राप्त भएको छ । उक्त रकम ने.बै.ली., भैरहवा शाखामा रहेको र बैंक स्टेटमेन्ट बमोजिम बर्षको अन्तमा रु.१९,३३,५१४।४३ मात्र मौज्दात देखिएकोमा बैंक हिसाब मिलान बिबरण तयार गरेको पाइयो । बैंक हिसाब बिबरणमा २०७१।०३।३० को चार वटा चेकको रु.८६,७४१।६५ समेत समाबेश गरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।

## राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय

१. **छात्रवृत्ति :** कार्यालयले  उच्च माध्यामिक तहमा अध्ययनरत छुट्टै पहिचान भएका ५१ जना विद्यार्थिहरुका लागि विशेष छात्रवृत्ति प्रदान गर्न निकाशा भएको रु ६२५०००।– विभिन्न १३ वटा विद्यालयको खातामा निकाशा दिएकोमा ति विद्यालयहरुबाट विद्यार्थीहरुलाई बितरण गरेको भरपाई पेश भएको छ । विद्यालयले उक्त छात्रवृत्ति वापतको रकम सम्वन्धित विद्यार्थीको नाममा खाता खोल्न लगाई सम्वन्धित विद्यार्थीको खातामा एकमुष्ट जम्मा गर्ने व्यवस्था गरिनु पर्दछ ।

## लुम्विनी अन्चल अस्पताल

१. **आन्तरिक नियन्त्रण :** बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नु पर्दछ । अस्पतालको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा नगदि रसीद नियन्त्रण खाता नराखेको, खरिद योजना नवनाएको, स्वीकृत ढाचामा प्रगति प्रतिवेदन नवनाएको, जिन्सी  निरिक्षण प्रतिवेदन अनुसार लिलाम विक्रि गर्नु पर्ने सवारी लगायतका सामान लिलाम विक्रि गरि र मर्मत गर्नु पर्ने सामान ममर्त गरी प्रतिवेदनको कार्यान्वयन नगरेको, मूल्य नखुलेका माल सामानको मुल्य नखुलाएको,कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको,बार्षिक प्रगति प्रतिवेदन तयार गरी तालुक निकायमा नपठाएको,र तालुक कार्यालयले निरीक्षण गरी निरीक्षण पुस्तिकामा उल्लिखित निर्देशनहरुको पूर्ण कारवाही नभएको , निशुल्क उपचारको अभिलेख नराखेको जस्ता कमीकमजोरी देखिएकोले यसमा यसमा सुधारगरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

२. **एकिकृत आर्थिक विवरण :** अस्पतालले विनियोजन तर्फको र धरौटी तर्फको एकिकृत आर्थिक विवरण तयार गरेको छैन । यसवाट अस्पतालको यो वर्षको समष्टीगतरुपमा आय र व्ययको विश्लेषण गर्न सकिने स्थिति रहेन ।यस सम्वन्धमा देखिएका अन्य व्यहोरा देहायअनुसार छ ।

२.१. सिध्दार्थ बैक लिमिटेडको बैक हिसाव नं.०१३१५०५०४४० मा बर्षान्तमा मौज्दात रु ८०३०७६/– रहेकोमा बैकं प्रमाणमा रु ७५७००५/- मात्र मौज्दात भएकोले घटी मौज्दात देखिएको रु ४६०७१/– छानवीन गरी दाखिला हुनुपर्दछ ।

२.२. समिति तर्फको बैक समायोजन हिसावमा जम्मा गनं पठाएको रकम रु ११५५०४३/- विच वाटोमा परेको भनि बैङ्क समायोजन हिसावमा देखाएकोमा सो रकम जम्मा भएको प्रमाण पेश हुन आएन । उक्त रकम छानवीन गरी समितिको खातामा दाखिला हुनुपर्दछ ।

२.३. समिति तर्फको वित्तीय विवरणमा समितितर्फको रु.१,७५,७३,२२४/-, समितिको धरौटीतर्फको रु.४१५३३४/-,भौचर प्राप्त नभएको रकम रु २६५६६६८/- र एकलकोष खाताको रु१५३०४/- समेत जम्मा रु २०६६०५३०।–साट्न वाकी चेक भनि बैक समायोजन हिसाबमा देखाइ हिसाव मिलान

गरेको छ। उक्त रकम भुक्तानी भए नभएको लेखापरीक्षणको क्रममा २०७३ श्रावणको बैकं स्टेटमेण्ट पेश नभएकोले भिडान हुन सकेन। चेक भुक्तानी गर्ने म्याद समाप्त भए पश्चात सो चेकको रकम पुनः आम्दानी वाध्नु पर्नेहुदां सो सम्वन्धमा हिसाव भिडान गरी यकिन गरीनु पर्दछ।

३. **चौमासिक खर्चको स्थिति** : स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्य सम्पादन गरी तोकिएको बजेट खर्च गर्नु पर्दछ। अनुगमन मुल्यांकन तथा योजना सुदृढिकरण कार्यक्रममा भएको कुल खर्च रु.५२७७९९००।– खर्च भएको मध्ये ७१.५८ प्रतिशत तेस्रो चौमासिकमा र ५९.०३प्रतिशत रकम असार महिनामा खर्च भएको देखिन्छ।अस्पतालले बर्षको अन्तमा अत्यधिक खर्च भएबाट कामको गुणस्तरमा समेत असर पर्नसक्ने अबस्था रहेकोले स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नु पर्दछ।

४. **औषधी खरीदको लागत अनुमान** : अस्पतालले यस वर्ष औषधी खरिदको लागत अनुमान तयार गर्दा ३ फर्माको दररेटलाई आधार लिई सोवाट कायम औसत दरमा २० प्रतिशत घटाइ प्रतिइकाइ लागत अनुमान दर कायम गरेको छ। तर यसरी लागत अनुमान तयार गर्दा गतवर्षको औषधीको प्रतिइकाइ दर र औषधी व्यवस्था विभागको औषधीको प्रति इकाइ दरलाई समेत आधार लिनुपर्नेमा सो गरेको पाईएन। यसवाट अस्पतालले १०७ आइटम औषधीको लागत अनुमान रु १०७२०१०५। कायम गरेको मितव्ययी र प्रतिस्पर्धी भएको सुनिश्चित हुने आधार रहेन।

५. **म्याद सकिन लागेका औषधी** : लेखापरीक्षणको क्रममा अस्पतालको औषधी भण्डार निरीक्षण गर्दा सिटामोल, एमोक्सीलिन, एम्पीसिलिन लगायतका १४ आइटम म्याद सकिन लागेका औषधी समेत मौज्दातमा देखिएका छन्। यस्ता औषधीको समयमा नै उचित व्यवस्थापन गरिनुपर्दछ।

६. **घरजग्गाको लगत** : अस्पतालको पुरानो नापी अनुसारको बुटवल न.पा.८ मा ८ विगाहा ४ कत्था ९ धुर सरकारी घर जग्गा भएको लगत अभिलेख पेश भएकोमा नंया नापी अनुसार राजमार्गले चर्चेकोजग्गा कटाई खुद जग्गाको नया स्वामीत्व प्रमाण प्राप्त गरेको छैन। अस्पतालले यस सम्वन्धमा सकृयता देखाउनुपर्ने जरुरी छ। यस सम्वन्धमा जग्गा यकीन गर्न प्रकियामा जाने अस्पतालको भनाइ रहेको छ।

६.१. अस्पताल हाता भित्र नेपाल चिकित्सक संघवाट बिगतमा निर्मित ३ तले ४ सटर भएको पक्की भवनवाट अस्पताललाई कुनै पनि आय आर्जन भएको देखिएन। संघले सो भवन पूर्णरुपमा व्यावसायिक प्रयोग गरेको अवस्थामा अस्पतालको जग्गा प्रयोग गरेवापतको बहाल सम्वन्धमा पहल गरीनुपर्दछ।

७. **अत्यावश्यक यन्त्र उपकरण** : लेखापरीक्षणको क्रममा अस्पताल भवन भित्र अवलोकन गर्दा लेवररुमको अल्ट्रासाउण्ड र सिटिसि मेशीन विग्री प्रयोग विहीन अवस्थामा रहेकोले उक्त २ मेशिन मर्मत गरी संचालनमा ल्याईनुपर्दछ।

८. **कार्यसम्पादन जमानत** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा खरिद सम्झौता रकमको ५ प्रतिशतले हुने कार्य सम्पादन जमानत पेश गर्नु पर्ने व्यवस्था छ।अस्पतालले औषधी खरिदको प्रतिइकाइ लागतमा संम्झौतागर्दा वोलपत्रकोबिल अफ क्वान्टीटीको परिमाण लाई आधार लिई सम्झौता रकम तय गरी सोको ५ प्रतिशतले कार्यसम्पादन जमानत लिनुपर्नेमा सो नगरी विना आधार ४ बोलपत्रदातावाट रु.४८६०००।– कार्यसम्पादन जमानत लिएको देखियो। यसवाट कार्यसम्पादन जमानतको पर्याप्तताको सुनिश्चित हुने अवस्था रहेन।

८.१. अस्पतालले ३ निर्माण कार्यको कार्य सम्पादन जमानत लिदां सार्वजनिक खरिद नियमावलीको नियम ११०(४) बमोजिम मरम्मत अवधि समेटीने गरी कार्यसम्पादन जमानत लिनुपर्नेमा सो अवधी समेटीने गरी कार्यसम्पादन जमानत लिएको देखिएन।

९. **सामाजिक सुरक्षा शर्शत अनुदान** : आमा सुरक्षा कार्यक्रमको लागि यो वर्ष अस्पताल विकास समितीको खातामा रु ३ करोड २ लाख अनुदान निकाशा दिएकोमा आमा सुरक्षा कार्यक्रम निर्देशिकामा उल्लेख भएको नर्मस अनुसार प्रसुती सेवा प्रदान गरेको संख्याको आधारमा अस्पताल विकास समितिलाई जम्मा रु.२९८९७४००।– अनुदान निकाशा दिनुपर्नेमा रु.३०२०००००।– निकाशा दिएको देखिएकोले समितिको खातामा बढी निकासा दिएको रु.३०२०००।–असुलगरी राजश्व दाखिला हुनुपर्दछ ।

१०. **अस्पताल विकास समिति तर्फ :**

१०.१. अस्पतालको अभिलेखमा संम्फौता अनुसार असुल हुनुपर्ने पसल कवल भाडा र असुल भएको एवं असुल हुन वाकी भाडा बक्यौताको अभिलेख अद्यावधिक हुनुपर्नेमा सो भएको देखिएन । असुल हुन वाकी भाडाको बक्यौता अभिलेख व्यक्तिगत खातामा समेत अद्यावधिक गरी वित्तीय विवरणमा प्रस्तुत गरीनुपर्दछ ।

१०.२. संम्फौता अनुसार समितिको जग्गा उपयोग गरेवापत ४ व्यक्तिवाट असुल गर्नुपर्ने जग्गा भाडा रु ६६५६९१/-असुल गर्न वाकी रहेकोले सो रकम असुल हुनुपर्दछ ।

११. **अग्रीमकर :** समितिले यसवर्ष आय हिसावमा शटरभाडा रु ६५१८९७९०/-र जग्गा भाडा रु १२८७७३२४/- गरी जम्मा रु ७८०६७११४/- असुल गरेकोमा सो को १० प्रतिशतले रु ७८०६७११/- अग्रीम कर दाखिला हुनुपर्नेमा रु ७४६०५२९/- मात्र कर दाखिला भएको भौचर पेश भएकोले वाकी कर रु ३४६१८२/- राजस्व खातामा दाखिला हुनुपर्दछ ।

११.१. आयकर ऐन, २०५८ को दफा ८७ अनुसार प्रत्येक नागरिकले रोजगारीबाट प्राप्त गरेको आय तथा अन्य श्रोतबाट प्राप्त हुने आम्दानीलाई वार्षिक आयमा गणना गरी करयोग्य आय निर्धारण गर्नु पर्दछ । यस अस्पतालको ओएसडी कार्यक्रम अन्तर्गत करारमा नियुक्त एक चिकित्सकको मासिक रु.४००००। का दरले वार्षिक रु.४८००००। आम्दानीमा रु ३५०००। पारीश्रमिक कर कट्टा गरेको छैन । सो कर रकम दाखिला हुनुपर्दछ ।

१२. **एजविल्ट नक्सा :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५(१)अनुसार खरिद संम्फौता वमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भएवमोजिम एजविल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ । साथै बी.ओ.क्यू.को प्रोभिजनल सम अन्तर्गतका आइटमहरुको भुक्तानिगर्दा निर्माण व्यबसायीले पेस गरेको बिल बिजकका आधारमा मात्र भुक्तानि दिनु पर्नेमा यो वर्ष अस्पतालले २ निर्माण व्यवसायीलाई बिलबिजक वेगर विमा एवं एजविल्ट नक्साको समेत रकम भुक्तानी गरेको रु ४०७८८।– असुल हुनुपर्दछ ।

१३. **मु.अ.कर विजक :** मुल्य अभिबृद्धि कर ऐन २०५२ अनुसार स्विकृत ढांचामा बिल विजक जारी गर्नुपर्ने व्यवस्था गरेको छ। अस्पतालमा एक आपूर्तकले कार्यालय सामान सप्लाई गर्दा जारी गरेको दुई कर बिजकमा बिजक नं केरमेट गरेको बिजकबाट रु २७३३९। मु.अ.कर भुक्तानी भएको देखिएकोले उक्त रकम मु.अ.करमा समायोजन भएको प्रमाण पेश गर्नु पर्ने अन्यथा सो रकम असुल हुनुपर्दछ ।

१४. **पेश्की वाकी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ तथा आर्थिक कार्यविधि नियमावली २०६४ को परिच्छेद ९ मा पेश्की दिने र फछ्र्यौट गर्ने व्यवस्था गरेको छ। अस्पतालले यो वर्ष ६ व्यक्तिलाई पेश्की दिएको रु २,०५,१०,०००/- आर्थिक वर्षको अन्त्य सम्म पनि फछ्र्यौट गर्न बांकी देखिएकोले उक्त नियमअनुसार फछ्र्यौट हुनुपर्दछ ।

## लुम्बिनी परिक्रमा/बर्दघाट–पालडांडा त्रिबेणी सडक आयोजना

१. **आन्तरिक नियन्त्रण प्रणाली** : बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्नेमाखरिद गुरु योजना तथा बार्षिक खरिद योजना तयार नगरेको, कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको, नागरिक बडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, लगायतका कमी कमजोरी सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **चौमासिक खर्चको स्थिति** : स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्य सम्पादन गरी तोकिएको बजेट खर्च गर्नुपर्नेमा यस आयोजनामा पूजिगततर्फ रु.१० करोड ७९ लाख ७९ हजार खर्च भएको मध्ये ६३.९०प्रतिशत तेस्रो चौमासिकमा र ८.८६ प्रतिशत रकम असार महिनामा खर्च भएको देखिन्छ ।कार्यालयले खरिद योजना अनुसार कार्य गर्न नसकेको, सम्झौताबमोजिम समयमै कार्य नभएको कारणले तेस्रो चौमासिक बढी खर्च भएको देखिन्छ ।

३. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) को अनुसूची १ मा लागत अनुमानको वर्कचार्ट खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने उल्लेख भएकोमा वर्कचार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख नभएको एवं सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कन्टिन्जेन्सीबाट खर्च गर्ने सम्बन्धमा स्पष्ट कार्यबिधि तयार नगरी बर्षभरीमा रु.१२ लाख ३८ हजार खर्च गरेको देखिन्छ। कन्टिन्जेन्सीबाट नियमित बजेटमा खर्च गर्नुपर्ने दैनिक भ्रमण भत्ता, इन्धन, गाडी तथा मोटरसाइकल मर्मत, स्टेशनरी छपाई लगायतका कार्यमा खर्च समेत खर्च भएको देखिन्छ ।चालु खर्चतर्फ योजनामा प्राप्त अख्तियारी न्यून हुने र कार्यालयको दैनिक कार्य सञ्चालनमा आई पर्ने खर्चहरु कन्टिन्जेन्सी रकमबाट खर्च गर्न तालुक कार्यालयको निर्देशन भएबमोजिम गरिएको र यस सम्बन्धमा तालुक कार्यालयहरुबाट नितिगत निर्णय भैआएमा सो समेत पालना गरिने कार्यालयको भनाई रहेको छ ।

४. **म्याद थप** : बर्दघाट–पालडांडा त्रिबेणी सडकको चेनेज नं.०+००० देखि १२+५०० सम्म स्तरोन्नति कार्यको १५ जुन २०१४ मा गावर/काश्यप जे.भी.सँग मु.अ.कर बाहेक रु.१७ करोड ५५ लाख ४६ हजारमा ठेक्का सम्झौता भएको यो बर्ष दोस्रो र तेस्रो बिल बापत मु.अ.कर बाहेक रु.३ करोड ७७ लाख ७८ हजार भुक्तानी भएको छ । सम्झौताबमोजिम २४ जुन २०१६ मा सम्पन्न गर्नुपर्ने कार्य विभिन्न प्राविधिक कारण जनाउदै २१ जुन २०१७ सम्म म्याद थप भएको पाइयो । यस अबधिमा २० प्रतिशत मात्र कार्य सम्पन्न भएको देखिएकोले उक्त ठेक्का समयमै सम्पन्न गराउन आयोजनाले थप पहल गर्नुपर्ने देखिन्छ ।

४.१. यसैगरी बर्दघाट–पालडांडा त्रिबेणी सडकको च्यानेज नं.३+००० देखि ४५+६०० सम्म स्तरोन्नति कार्यको ६ जुन २०१४ मा सुधाकर/हिमडुङग एण्ड थोकरसँग मु.अ.कर बाहेक रु. ५२,९२,८२,६५६।– मा ठेक्का सम्झौता भएको यो बर्ष दोस्रो, तेस्रो र चौथो बिल बापत मु.अ.कर बाहेक रु.४,८४,९४,८४३।५७ भुक्तानी भएको छ । सम्झौताबमोजिम १७ जुन २०१६ मा सम्पन्न गर्नुपर्ने कार्य विविध प्राविधिक कारण जनाउदै २५ नोभेम्वर २०१७ सम्म म्याद थप भएको पाइयो । यस अबधिमा ८ प्रतिशत मात्र कार्य सम्पन्न भएको देखिएकोले उक्त ठेक्का समयमै सम्पन्न गराउन आयोजनाले थप पहल गर्नुपर्ने देखिन्छ । आयोजनाले आगामी दिनमा काबु बाहिरको परिस्थिति बाहेकमा म्याद थपको लागि कार्यालयबाट सिफारिश नहुने प्रतिबद्धता जनाएको छ ।

५. **भेरिएशन आदेश** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दा पूर्वानुमान गर्न नसकिएको परिस्थितिमा कारण खुलाई भेरिएशन आदेश जारी गर्नसक्ने व्यवस्थाअनुसारठेक्का नं.०३।२०७०।७१ अन्तर्गत बर्दघाट पालडांडा त्रिबेणी सडकको स्तरोन्नतिगर्ने कार्यको सुरु सम्झौता रु.५२ करोड ९२ लाख ८२ हजार रहेकोमा प्रोभिजन सम आइटम (नं.१.५) मा सुरुमा रु.११ लाख रहेकोमा ४ हजार ६८७ प्रतिशत बृद्धि गरी रु.५ करोड १५ लाख ५५ हजार पुर्याएको कारण संशोधित सम्झौता रकम रु ५८ करोड १० लाख १२ हजार पुगेको पाइयो । परामर्शदाताबाट वस्तुगत स्पेशिफिकेशन, नक्सा, डिजाईन तयार नगरेको कारण प्रोभिजन सम आइटममा अत्यधिक भेरिएशन आदेश दिएको देखिन्छ । प्रोभिजन सम आइटममा प्रतिस्पर्धा नहुने भएकोले त्यस्तो आइटममा अत्यधिक भेरिएश आदेश दिएको उचित देखिएन ।

६. **मूल्य अभिबृद्धि कर** : निर्माण व्यबसायीसँग भएको सम्झौताबमोजिम अघिल्लो बिलमा भुक्तानी भएको मूल्य अभिबृद्धि कर दाखिला गरेको प्रमाण पछिल्लो बिल भुक्तानी लिदा पेश गर्नुपर्नेमा सो व्यबस्थाको परिपालना नगरी बिभिन्न दुई निर्माण व्यबसायीलाई रु.६१ लाख ५० हजार मूल्य अभिबृद्धि कर भुक्तानी दिएकोले उक्त कर रकम दाखिला भएको वा समायोजना गरेको प्रमाण पेश गर्नुपर्ने देखिन्छ ।

७. **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ र ठेक्का सम्झौताबमोजिम एक निर्माण व्यबसायीलाई उपलव्ध गराएको रु.८७ लाख ५६ हजार मोबिलाइजेशन पेश्की फछ्र्यौट हुन बांकी देखिन्छ ।

## लुम्बिनी बिकास कोष

१. **आन्तरिक नियन्त्रण प्रणाली** : बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्नेमानिर्माण कार्यको लगत इष्टिमेट, नापी किताव र कार्यसम्पन्न प्रतिवेदन आदिमा तयार पार्ने, पेश गर्ने, जाँच गर्ने र सदर गर्ने कर्मचारीको नाम, पद, छाप एवम् मिति उल्लेख गर्ने नगरेको, नापी किताब नियन्त्रण खाता नराखेको, नापी किताब स्थायी प्रकृतिको नराखी लुज सिटमा राखेका, भ्रमण प्रतिवेदन गर्ने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, खरिद गुरु योजना तथा बार्षिक खरिद योजना तयार नगरेको, प्रयोजन र अवधि समाप्त भएका धरौटी सदरस्याहा नगरेको, चौमासिक रुपमा वार्षिक कार्यक्रम खर्च नगरेको,पेश्की फछ्र्यौट गरेको बिल भरपाईमा खर्चको तेरिज संलग्न गर्ने नगरेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणीत गरी भुक्तानी भएको जनाउने छाप लगाउने नगरेको, कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको, नागरिक बडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा नगरेको, अख्तियारी र कार्यक्रम संशोधन भए अनुरुप बार्षिक खरिद योजना संशोधन नगरेको,डोर हाजिर नियन्त्रण खाता नराखेको, दश लाखभन्दा बढीको निर्माण ठेक्कामा बीमाको प्राबधान राखी अनिवार्य रुपमा बीमा गराउने नगरेको,बिभिन्न भुक्तानीमा कट्टा गरेको अग्रीम कर समयमै सम्बन्धित खातामा दाखिला गर्ने नगरेको, जिन्सी निरीक्षण नभएको,कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको लगायतका कमी कमजोरी सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **लेखा प्रणाली** : कोषको आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०५८ को विनियम १६ बमोजिम कोषमा हुने कारोबारको वासलात तयार गरी आर्थिक बर्ष समाप्त भएको ३५ भित्र कोषाध्यक्ष समक्ष कार्यालय प्रमुख र लेखा प्रमुखले पेश गर्नुपर्ने उल्लेख भएकोमा वासलात तयार गर्ने गरेको पाइएन । वासलात तयार नगरेको कारण प्राप्त आय व्यय बिबरणले कोषको समग्र सम्पत्ति र

दायित्वको उचित चित्रण गर्न सकेको देखिएन । तसर्थ विनियममा उल्लेख भएबमोजिम आर्थिक कारोबारको वासलात तयार गर्नु पर्दछ ।कोषले वासलात तयार गर्ने प्रकृया अगाडि बढाउने व्यहोरा जनाएको छ ।

३. **निष्कृय बैंक खाता** : कोषको कारोबारको लागि आबश्यकताबमोजिम बैंक खाता खोल्नुपर्नेमा बिगतमा बिभिन्न प्रयोजनमा खोलेको पाँचवटा बैंक खातामा २०७१।७२ र २०७२।७३ मा कुनै कारोबार नभएको यस्ता प्रयोजन बिहिन बैंक खाता बन्द गर्नु पर्दछ ।

४. **गुरु योजना कार्यान्वयन** : लुम्बिनी बिकास कोष ऐन, २०४२ बमोजिम गठन भएको यस कोषले आफ्नो स्थापनाकाल देखि करिब ३२ बर्षको अबधिमा लुम्बिनी क्षेत्रको बिकासको लागि १९७८ मा तयार भएको गुरुयोजनाको कार्यान्वयन गर्दै आएको देखिन्छ । कोषले तयार गरेको "लुम्बिनी गुरुयोजनाको स्थिति र निर्माण सम्पन्न गर्न बाँकी कम्पोनेन्टहरुको लागत अनुमान तथा कार्यतालिका" मा उल्लेख भएअनुसार हालसम्म गुरुयोजना अनुसार करिब ७० प्रतिशत कार्य सम्पन्न भइसकेको उल्लेख छ। उक्त प्रतिवेदनअनुसार गुरुयोजना लुम्बिनी साँकृतिक केन्द्र भवन, वाटर टावर लगायत १६ कार्यहरु सम्पन्न हुन बाँकी रहेको र सोको लागि करिब रु.५ अर्ब ९० करोड लागत लाग्ने अनुमान गरेको पाइयो । कार्यतालिका बनाई गुरुयोजनाका बाँकी काम सम्पन्न गर्न कोषले थप पहल गर्नु पर्दछ। कोषले गुरु योजना सम्पन्न गर्नेगरी ठेक्का व्यबस्थापन गर्ने प्रकृया अगाडि बढीरहेको व्यहोरा जनाएको छ ।

५. **सम्पर्क कार्यालय** : कार्यकारी समितिको २०७२ मंसिर १७ को निर्णय नं.९ मा कोषको काठमाण्डौं स्थित सम्पर्क कार्यालयआगामी ३ महिना भित्रमा सम्पर्क कार्यालय लुम्बिनीमा स्थानान्तरण गर्ने निर्णय भएकोमा उक्त निर्णय कार्यान्वयन भएको पाइएन। सम्पर्क कार्यालय काठमाण्डौमा रहनाले कोषका कार्यकारी पदाधिकारी (उपध्यक्ष, कोषाध्यक्ष, सदस्य सचिव लगायत) अधिकांश समय सम्पर्क कार्यालयमै रहने भएको कारण कोषको आन्तरिक व्यबस्थापनमा पर्याप्त ध्यान पुर्‍याउन नसकेको कारण आन्तरिक स्रोतको आय पछिल्ला बर्षहरुमा ठूलो ह्रास आएको, कर्मचारी व्यबस्थापनमा अन्योलता कायम भई पटक पटक कार्यालयको काम काज ठप्प भएको जस्ता समस्या आएको देखिएकोले उक्त निर्णय कार्यान्वयन गरी कोषका सम्पूर्ण कार्यकारी पदाधिकारीहरु लुम्बिनीमै रहने व्यबस्था मिलाउनु पर्ने देखिन्छ ।

६. **आन्तरिक स्रोतको आयमा ह्रास** : लुम्बिनी बिकास कोष ऐन, २०४२ को दफा ३ बमोजिम स्थापना हुने कोषमा नेपाल सरकारबाट प्राप्त रकम, चन्दा र अन्य स्रोतबाट रकम जम्मा हुने व्यबस्था रहेको छ। कोषले सेवा तथा संरक्षण शुल्क, क्यामेरा शुल्क, भू शुल्क, संग्रालय शुल्क, पसल भाडा, होटल भाडा, बिभिन्न आय ठेक्का लगायतबाट आन्तरिक स्रोततर्फको आम्दानी गर्ने गरेको देखिन्छ। यस कोषको २०७०/७१ मा रु.८२३२४२३४.७३, २०७१/७२ मा रु.५८६७७०७५.९४ र २०७२/७३ मा रु.३५०७२२५९.७५ भई क्रमश घटदै गएको देखिन्छ ।

कोषले लिने बिभिन्न शुल्कहरु समय सपेक्ष पुनरावलोकन नभएको, भाडा एवं बिभिन्न ठेक्काको रकम असुल गर्न नसकेको, करार र ज्यालादारीका कर्मचारी व्यबस्थापनमा समस्या रहेको लगायतको कारण आन्तरिक स्रोत आय निरन्तर घटदै गएको देखिन्छ। आन्तरिक स्रोतको आयमा निरन्तर ह्रास आउनाको कारण पहिचान गरी सुधारको लागि कोषका कार्यकारी पदाधिकारीहरुले ध्यान पुर्‍याई उचित व्यबस्थापन गर्नुपर्ने देखिन्छ ।

७. **शुल्क पुनरावलोकन** : कोषले आन्तरिक आय परिचालनको लागि लिने गरेको सेवा तथा संरक्षण शुल्क, क्यामरा शुल्क, भू शुल्क, संग्रालय सेवा तथा संरक्षण शुल्क लगायत बिभिन्न प्रकारको शुल्क धेरै बर्ष अघि निर्धारण भएकोले समय सामयीक रुपमा पुनरावलोकन गर्ने एवं शुल्क नलगाएको

क्षेत्र पहिचान गरी उचित शुल्क लगाई प्राप्त आम्दानी पुरातात्विक क्षेत्रको थप संरक्षण र सम्बर्द्धनमा लगाउनु पर्ने देखिन्छ ।

८. **भाडा असुल नभएको :** कोषले चमेना गृह र माला पसल सञ्चालन गर्न बसपार्क क्षेत्रमा पुरानो ३४ र नयाँ ८७ समेत १२१ लाई भाडामा उपलव्ध गराएकोमा सम्झौताबमोजिम समयमै असुल गर्न नसकेको कारण २०७१।७२ र २०७२।७३ को रु.३४ लाख ९२ हजारअसुल हुन बाँकी देखिन्छ । नयाँ पसल भाडा अन्तर्गत २०७१।७२ मा बिभिन्न ८७ व्यक्तिसंग प्रति महिना रु.१ हजारका दरले लिने गरी पसल भाडामा दिने गरी एक बर्षीय सम्झौता गरेकोमा २०७२।७३ मा उक्त सम्झौता नवीकरण गरेको वा नयाँ सम्झौता गरेको पाइएन । उक्त स्थानमा पसल सञ्चालन भई रहेको अबस्थामा कोषले भाडा उठाउन नसक्नाको कारण स्पष्ट गर्दै ती व्यक्तिहरुबाट न्यूनतम रुपमा २०७१।७२ कै सम्झौताबमोजिमको हुने रकम असुल गर्नुपर्ने देखिन्छ ।

९. **महशुल असुल नभएको :** कोषले ३४ पुराना माला पसल भाडामा लिनेसँग मासिक रु.२००।– का दरले बिद्युत महशुल लिने गरी बिद्युत उपलव्ध गराइं सोको महशुल तिर्दै आएकोमा भाडामा लिनेसँग २०७१।७२ र २०७२।७३ को रु.१ लाख ५ हजार महशुल असुल गर्न सकेको देखिएन । उक्त रकम असुल गर्नु पर्दछ ।

१०. **भू–शुल्क :** गुरु योजना अनुसार बिहार क्षेत्रको लागि छुट्याएको ४२ प्लट जग्गा बिभिन्न मुलुक तथा संस्थाहरुलाई बिहार निर्माण गर्न छुट्याएको पाइयो । यसरी छुट्याएको जग्गा सम्झौतामा उल्लेख भएबमोजिम भू–शुल्क लिने गरी उपलव्ध गराएको देखिन्छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छ:

१०.१. बिभिन्न मुलुक तथा संस्थाहरुलाई प्लट उपलव्ध गराउने सम्झौतामा तोकिएको क्षेत्रफलको प्लट तोकिएको अबधिको लागि तोकिएबमोजिमको भू–शुल्क लिने गरी उपलव्ध गराउने व्यहोरा मात्र उल्लेख भएको देखिन्छ । यसरी उपलव्ध गराएको प्लटमा के कस्ता संरचना निर्माण गर्न सकिने हो खुलाएको छैन । यसरी बिहार निर्माण गर्न उपलव्ध गराएको जग्गामा निर्माण हुने संरचनाको ड्रइङ्ग डिजाइन स्वीकृत कसले गर्ने हो सो समेत स्पष्ट भएन । कोषको कार्यालयमा यस्ता ड्रइङ्ग डिजाइन रहेको समेत देखिएन । साथै यसरी प्रदान भएको प्लटमा गेष्ट हाउस समेत निर्माण गरी सञ्चालन गरेकोमा यसरी गेस्ट हाउस निर्माण गर्न कस्ले स्वीकृति दिएको हो सो समेत स्पष्ट भएन । यी बिबिध कारणहरुले गर्दा यस्ता प्लटहरु व्यापारिक रुपमा प्रयोग भई रहेको छैन भनी यकिन गर्न सक्ने अबस्था रहेको छैन ।

१०.२. कतिपय लिज सम्झौतामा लिने भू शुल्क सम्बन्धमा उल्लेख भएको पाइएन । उदाहरणको लागि अन्तराष्ट्रि केन फाउण्डेशन, श्रीलंका बिहार, तारा फाउण्डेशन लगायत ।

१०.३. कार्यालयले यसरी सम्झौता भएको प्लट सम्झौता रकम, हालसम्म प्राप्त रकम, प्राप्त हुन बाँकी रकमको अभिलेख व्यबस्थित गरी प्रमाणित गराई राख्ने गरेको पाइएन । प्रमाणित अभिलेखको अभावमा लेखापरीक्षणको क्रममा उपलव्ध सूचना तथा जानकारीहरु भिडान हुन सक्ने अवस्था रहेको छैन ।बिभिन्न संघ संस्थासँग भएको सम्झौता एवं कार्यालयबाट उपलव्ध बिबरणअनुसार २०७१।७२ र २०७२।७३ मा प्राप्त हुनुपर्ने भू शुल्क रु.१२ लाख २३ हजार असुल हुन बाँकी देखिएको छ ।

१०.४. यसरी बिभिन्नसंघ संस्थाहरुसँगा सम्झौतामा यस्तो भू–शुल्क ५/५ बर्षको अबधिमा पुनरावलोकन हुने उल्लेख भएको हालसम्म कुनैमा पुनरावलोकन भएको पाइएन । भू–शुल्कमा समय सापेक्ष

पुनरावलोकन गरी उठन बाँकी भू–शल्क असुल गर्नु पर्दछ । यसरी लामो समयसम्म भू–शुल्क नबुझाउने बिहार सञ्चालकहरुलाई अफिशियल भिसा सिफारिश गर्ने कार्य बन्द गर्नु पर्दछ ।

११. **होटल भाडा** : कोषले न्यू लुम्बिनी भिलेज क्षेत्रमा एउटालाई बार्षिक रु.८५ हजार र अको)लाइ) बार्षिक यु.एस.डलर २ हजार भाडा लिने गरी दुइ)वटा होटललाइ) भाडामा दिएकोमा ती होटलसँग २०७२।७३ को रु.३ लाख १२ हजार भाडा असुल हुन बाँकी देखिन्छ ।लेखपारीक्षण सिलसिलामा एक प्रा.ली.ले सञ्चालन गरेको होटल हाल अन्यले सञ्चालन गरी रहेको बुझिन आयो । कोषको पूर्व स्वीकृति बेगर अन्यलाई होटल हस्तारण गरेको सम्बन्धमा कोषले स्पष्ट गर्नुपर्दछ ।व्यापरिक प्रयोजनका होटल र रेस्टुरेन्ट सञ्चालन गर्नेसँग धार्मिक रुपले सञ्चालित बिहार सरह न्यून भू–शुल्क लिएको उपयुक्त नदेखिएको यसमा पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

१२. **खर घाँस ठेक्का** : कोषले आन्तरिक स्रोतको आय परिचालन गर्ने सिलसिलामा २०७१।७२ को लागि खर घाँस बिक्रीको लागि ठेक्का सम्झौता गरेको एक व्यक्तिसँग रु.१ लाख ५ सय असुल गर्न बाँकी रहेको छ । साथै कोषले २०७२।७३ को लागि खर घाँसको ठेक्का नलगाएको कारण सो बर्ष यस स्रोतबाट प्राप्त हुने आय गुम हुन गएको देखिन्छ ।

१३. **सावारी पार्किङ्ग ठेक्का** : कोषले आन्तरिक स्रोतको आय परिचालन गर्ने सिलसिलामा लुम्बिनी गुरु योजना क्षेत्रमा पार्किङ्ग शुल्क उठाउन ३ बर्षको अबधिमा रु.४३,८२,१११।५० बुझाउने गरी२०७१।७।३० मा एक कन्स्ट्रक्सनसँग सम्झौता गरेकोमा निम्नानुसार देखिएको छ:

१३.१. उक्त ठेक्कामा टेण्डर हाल्ने चारबटै फर्मले टेण्डर बापतको धरौटी टेण्डर खाम भित्रै राखी पेश गरेकोमा कोषले उक्त नगद धरौटी खातामा जम्मा गरी टेण्डर स्वीकृत गरेको पाइयो ।

१३.२. सम्झौताबमोजिम हरेक बर्ष रु.१४,६०,७०३।८३ बुझाउनु पर्नेमा हालसम्म रु.१०,९६,१८०।– (२०७१।७६ मा रु.१,१५,१८०।–, २०७१।११।३ मा रु.३,६६,०००।– र २०७२।३।२४ मा रु. ६,१६,०००।–) मात्र बुझाएको देखिएकोले २०७१।७२ को रु.३,६४,५२३।८४ र २०७२।७३ को रु. १४,६०,७०३।८३ समेतले हुने रु.१८,२५,२२७।६७ असुल गर्नु बाँकी देखिन्छ ।

१३.३. समयमै सम्झौताबमोजिमको किस्ता नबुझाएको अबस्थामा सुद समेत लगाउने गरी सम्झौता गर्नपर्नेमा सम्झौतामा यस सम्बन्धमा उल्लेख गरेको देखिएन ।

१३.४. सम्झौताको बुँदा नं.८ मा हेलिकोप्टर ल्याण्ड गरेवापत प्रति एक ल्याण्डको रु.५ हजारका दरले असुल गरी कबोल अंकको अलवा थप रकम कोषमा जम्मा गर्नुपर्ने उल्लेख भएकोमा हेलिकोप्टर ल्याण्ड गरेको अभिलेख र सो वापतको थप रकम सम्बन्धमा यकिन हुनसक्ने अबस्था रहेको छैन ।

१४. **डुङ्गा सञ्चालन ठेक्का** : लुम्बिनी गुरुयोजनाको केन्द्रीय नहरमा डुङ्गा सञ्चालन गर्न २०७१।१२।२२ मा कोष र लुम्बिनी जय यातायातबीच ३ बर्षको लागि सम्झौता भएको देखिन्छ । सम्झौताबमोजिम पहिलो बर्षका लागि रु.९,५५,८००।– र त्यसपछि प्रत्यक बर्ष ५ प्रतिशतका दरले बृद्धि गरी कोषलाई बुझाउने गरी सम्झौता भएकोमा सम्झौता मितिदेखि २०७३ असार मसान्तसम्मको रु. १३,१५,४२०।– असुल गर्नुपर्ने देखिन्छ ।

१५. **मूल्य अभिबृद्धि कर** : मुअ कर ऐन, २०५२ को दफा १५ बमोजिम आम्दानी ठेक्कामा ठेक्का दिने संस्थाले ठेक्का रकमको १३ प्रतिशत रिर्भस मुअ कर तिर्नु पर्नेमा उल्लिखित आय ठेक्का (पार्किङ्ग, आँप फल बिक्री, डुङ्गा लगायत आय ठेक्कामा) मुअ कर लिने गरेको पाइएन ।

१६. **न्यू लुम्बिनी भिलेज** क्षेत्रमा श्रीलंकाले सञ्चालन गरेको पिल्ग्रीमेज र नेपाल बिद्युत प्राधिकरणले निर्माण गरेको सब स्टेशन र भवन उक्त प्रयोजनको लागि उपलव्ध गराउने गरी भएको निर्णय र ती निकायसँग भएको सम्झौता लेखापरीक्षण समयमा प्राप्त हुन सकेन । साथै ती निकायबाट

भू–शुल्क लिने गरेको समेत देखिएन । आफ्नै आयमा दिगो रुपमा सञ्चालन हुनुपर्ने कोषले ती निकायबाट भू शुल्क नलिनाको कारण समेत स्पष्ट भएन । ती निकायसँग भएको सम्झौता र भू शुल्क नलिने निर्णयमा पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

१७. **सिक्का र बिदेशी मुद्रा व्यबस्थापन** : दानपात्रमा जम्मा भएको र मन्दिरमा चढाएको सिक्काको उचित व्यबस्थापन गर्नुपर्नेमा यसरी प्राप्त भएका नेपाली र भारतीय सिक्का बैंक (भैरहवा स्थित नेपाल राष्ट्र बैंक समेत) ले लिन नमानेको कारण २०७१।७२ सम्मको नेपाली सिक्का रु.२,५७,१३१।– र भारतीय सिक्का भा.रु.१,२६,३५७– कार्यालयमा मौज्दात रहेको पाइयो । बैंकले लिन नमानेको कारण २०७२।७३ मा प्राप्त भएको सिक्का गणना नगरी मन्दिरभित्रै कपडामा पोको पारी राखेको पाइयो । यसैगरी कोषको दानपात्रमा प्राप्त विभिन्न ६० भन्दा बढी देशको मुद्रा सटही हुन नसकेको कारण लेखा शाखामा एउटा बाकसमा थन्काई राखेको पाइयो । सटहीको लागि थप पहल गर्नुपर्ने देखिन्छ । कोषले सटहीको लागि पहल गरिने व्यहोरा जनाएको छ ।

१८. **फ्रिज गर्नुपर्ने** : आर्थिक कार्यविधि नियमावली, २०६४ मा महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने भनी तोकेको शीर्षक बाहेक साल समाम हुनुभन्दा कम्तिमा ७ दिन अगाडी नै आर्थिक कारोबार बन्द गर्नुपर्ने उल्लेख भएबमोजिम कोषलाई नेपाल सरकारबाट प्राप्त अनुदान खर्च नभई बचत रहेको रु.१०,३६,८५,७०५।३७ फिर्ता गर्न बाँकी रहेकोले उक्त रकम बेरुजु खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

१९. **चौमासिक खर्च** : स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्य सम्पादन गरी तोकिएको बजेट खर्च गर्नु पर्दछ । यस कार्यालयमा नेपाल सरकारबाट प्राप्त अनुदान, आन्तरिक स्रोत र दक्षिण एशिया पर्यटन पूर्वाधार आयोजनातर्फ २०७२।७३ मा रु.३५,९०,६१,०५३।– खर्च भएको मध्ये ९७. ७७ प्रतिशत तेस्रो चौमासिकमा र ६३.४१ प्रतिशत रकम असार महिनामा खर्च भएको देखिन्छ ।बर्षको अन्तमा अत्यधिक खर्च भएबाट सम्पन्न कार्यको रेखदेख, मुल्यांकन लगायतमा चाप पर्न गई कामको गुणस्तरमा समेत असर पर्न सक्ने अवस्था रहेकोले स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नु पर्दछ ।आर्थिक बर्ष २०७२।७३ मा मधेश आन्दोलन, कर्मचारी आन्दोलन लगायत कारण असोजदेखि माघसम्म कार्यालयमा तालाबन्दी भएकोले यस्तो हुन गएको कोष भनाई रहेको छ ।

२०. **कर्मचारी व्यबस्थापन** : कर्मचारी सेवा शर्त तथा सुबिधा सम्बन्धी विनियम, २०५८ को परिच्छेद ३ मा पदपूर्ति सम्बन्धी व्यबस्थामा कोषको स्वीकृत दरबन्दी भित्र स्थायी, अस्थायी, ज्यालादारी र करारमा कर्मचारी पदपूर्ति गर्न सक्ने व्यबस्था गरेकोमा निम्नानुसार देखिएको छः

२०.१. प्राप्त बिबरणबमोजिम बिभिन्न पदको १५९ दरबन्दी स्वीकृत भएकोमा १ योजना प्रमुख, ६६ स्थायी र २५ करार समेत ९२ पदपूर्ति भई ६७ पद रिक्त रहेको पाइयो ।

२०.२. विनियम ३.२८.१ मा समितिको स्वीकृति लिएर उपाध्यक्षले एक पटकमा दुई बर्षमा नबढाई, कुनै खास काम गर्नको लागि सेवा भित्र उपयुक्त व्यक्ति वा बिशेषज्ञ नभएमा वा बिज्ञापन गर्दा पनि आबश्यक योग्यता पुगेको उपयुक्त व्यक्ति उपलव्ध नभएमा, आबश्यकता अनुसार उपयुक्त व्यक्तिलाई करारमा नियुक्ति गर्न सक्ने व्यबस्था रहेको पाइयो । कोषले दरबन्दीभित्रको कम्प्युटर अप्रेटर, सुरक्षा अधिकृत, सुरक्षा गार्ड, गाईड, ना.सु., इन्जिनियर, प्लम्बर लगायत बिभिन्न २६ पदमा करारमा कर्मचारी नियुक्ति गरी बर्षभरीमा रु.७२,४०,९५१।– तलबभत्ता खर्च लेखेकोमा विनियममा उल्लेख भएबमोजिमको आधार पुरा भएको अबस्था देखिएन । साथै दरबन्दी बेगरका पदमा ३८ सुरक्षा गार्ड करारमा नियुक्ति गरी रु.६८,१७,२००।– तलब भत्ता भुक्तानी भएको पाइयो । यस अलावा जी–फोर मार्फत १५ सुरक्षा गार्ड लिई रु.२५,५८,०७३।– भुक्तानी गरेको देखिन्छ ।

२०.३. विनियम ३.२७ मा उपाध्यक्षको स्वीकृति लिएर कार्यालय प्रमुखले कामको निमित्त आवश्यकतानुसार अधिकृत पद बाहेक अन्य रिक्त पदमा बढीमा ३ महिनाको लागि कुनै व्यक्तिलाई दैनिक ज्यालादारीमा नियुक्त गरी काममा लगाउन सक्ने व्यबस्था रहेको देखिन्छ । विनियमअनुसार रिक्त पदमा मात्र बढीमा ३ महिनाको लागि दैनिक ज्यादादारीमा नियुक्ति गर्न सकिनेमा दरबन्दी बाहेकको पदमा कामदार राखी तीन वर्षको अवधिमा रु ३ करोड ६१ हजार ज्याला भुक्तानी गरेको देखिन्छ । बिगत ३ बर्षको मस्टररोलबाट भएको ज्याला खर्च आधारमा बर्षभरी औसतमा ६० देखि ९० जना व्यक्ति बर्षै भरी ज्यालादारीमा काम गरेको देखिन्छ ।

२०.४. यस कोषले मष्टरोल मार्फत ज्यामी ज्याला वापत खर्च लेख्ने गरेको देखियो । ज्यामी खर्च लेख्दा कति क्षेत्रफलमा वगैचा हेरचाह गर्न, सरसफाई गर्न, वोट विरुवा रोप्न, वगैचा तयार गर्न कतिजना कामदार आवश्यक पर्ने हो, कुनै निश्चित आधार वेगर हचुवाको भरमा काम गराई खर्च लेखेको देखियो । कुन कार्यका लागि कति ज्यामी राख्नुपर्ने हो निश्चित नर्म्स र मापदण्डको प्रयोग गरेको पाईएन । अत : कोषले कुन कार्य गर्न कति ज्यामी आवश्यक पर्ने हो निश्चित नर्म्स तयार गरेर मात्र काम गराउनु पर्ने देखिन्छ । अन्यथा ज्यामी खर्चमा पारदर्शिता रहने देखिदैन साथै दुरुपयोग हुने सम्भावना रहन्छ ।

२०.५. ज्यालादारीमा कार्यरत सुरक्षा कर्मचारी तथा ज्यामिहरुको नियमानुसार लाग्ने १ प्रतिशत सामाजिक सुरक्षा बापतको कर रकम कट्टा गरेको देखिएन । सामाजिक सुरक्षा कर कट्टा गरी सम्बन्धित खातामा दाखिला गर्नु पर्दछ ।

२०.६. कोषले स्वीकृत दरबन्दीबमोजिमको पदमा लामो समयसम्म पदपूर्ति गर्न नसकेको, विनियममा उल्लेख भएको प्रावधार बिपरित करार र ज्यालादारीमा व्यक्तिहरुलाई काममा लगाएको एवं यसरी करार र ज्यालादारीमा रहेका व्यक्तिहरुले बिभिन्न माग राखी बेलाबखतामा कार्यालयको कामकाज रोकेको अबस्था देखिएकोले कोषको कर्मचारी व्यबस्थापन फितलो रहेको देखिन्छ । कोषकोलागि आबश्यक जनशक्तिको सम्बन्धमा ओ एण्ड एम सर्भे गराई आबश्यक पदमा कानूनी प्रकृया पुरा गरी कर्मचारी व्यबस्थापन गर्नु पर्ने देखिन्छ ।

२१. **बिद्युतीय रिक्सा** : कार्यकारिणी समितिको २०७२ जेष्ठको ३ नं. निर्णयमा लुम्बिनी गुरु योजना क्षेत्र भित्र सञ्चालनमा रहेको रिक्साहरुलाई प्रदुषण रहित तथा सुबिधायुक्त बिद्युतीय रिक्साबाट प्रतिस्थापन गर्न कोइका र कोषको सम्झौताबमोजिम ७० बिद्युती रिक्सा प्राप्त भएको व्यहोरा उल्लेख छ । यी रिक्सा कुन प्रकृयाबाट प्राप्त भएका हुन र क कसालाई कुन प्रकृयाबाट बितरण भयो भन्ने सम्बन्धमा कार्यालयमा कुनै अभिलेख रहेको पाइएन । कोष मार्फत वस्तुगत अनुदानमा प्राप्त रिक्सा जिन्सीमा आम्दानी नजनाई बितरण गरेको पाइयो । लुम्बिनी क्षेत्रमा बितरित केही रिक्सा चलेका भएतापनि पूर्ण रुपले सञ्चालनमा नआएको एवं बितरित रिक्साको व्याट्री चार्ज गर्न कोषले न्यू लुम्बिनी भिलेजमा २०७१।७२ मा रु.१६ लाख खर्च गरी निर्माण गरेको चार्जिङ्ग स्टेशन समेत प्रयोग बिहिन अबस्थामा रहेको देखियो ।प्राप्त रिक्सा लुम्बिनी अञ्चलमा दर्ता हुन नसकेको कारण चलाउन नसकेको र दर्ता प्रकृया अन्तिम चरण रहेको व्यहोरा कोषले जनाएको छ ।

२२. **कर दाखिला** : बिभिन्न भुक्तानीमा कट्टा गरेको कर रकम समयमै दाखिला गर्नुपर्नेमा कर्मचारी कल्याण कोष खातामा २०७२।७३ मा कट्टा भएको रु.४७,४५६।८८ कर दाखिला गर्न बाँकी रहेकोले सम्बन्धित खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

२३. **प्रतिस्पर्धा बेगर खरिद** : सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) मा यो ऐन र यस अन्तर्गत वनेको नियम वमोजिम खरिद गर्दा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१)को प्रतिवन्धात्मक वाक्यांश १(ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी ५ लाख भन्दा वढी रकमको

निर्माण कार्यको सोभ्कै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । यस कार्यालयले ऐन र नियम विपरीत प्रतिष्पर्धा सीमित हुनेगरी २०७२।७३ मा रु.८३,०९,०९१/- र २०७१।७२ मा रु.४९,६५,९७८/७९ कार्य प्रतिस्पर्धा बेगर पटक पटक गरी गराएको नियम सम्मत देखिएन ।

२४. **पूर्व निर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरीद नियमावली,२०६४ को नियम १२१(क) बमोजिम सम्झौता अनुसारको समयमा कार्य सम्पन्न नभएमा पूर्व निर्धारित क्षतिपूर्ति लगाउनुपर्नेमा ठेक्का नं.१०।२०७१।७२ को कार्यको ठेक्काको म्याद समाप्त भएकोमा म्याद थप नगरी भुक्तानी दिएको देखिएकोले रु.२,७१,९५०।– पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने देखिन्छ ।

२५. **कार्यसम्पादन जमानत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित निर्माण कार्यको त्रुटि सच्चाउने दायित्व ( मीए) को अवधि भन्दा कम्तिमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । यस कार्यालयले खरिद सम्झौताको कार्य सम्पादन जमानत लिदा निम्नानुसारको निर्माण कार्यको नियममा व्यवस्था भएको अवधिसम्मको नभएको साथै शर्त रहित कार्यसम्पादन जमानत हुनुपर्नेमा शर्त सहितको कार्यसम्पादन जमानत पेश भएको पाइएकोले त्रुटी सच्चााउने अवधि पछिको एक महिना खाम्ने गरी शर्त रहितको कार्य सम्पादन जमानत पेश गर्नुपर्ने देखिएको छ ।

| ठेक्का नं. | कार्य सम्पन्न गर्नुपर्ने मिति | त्रुटी सच्चयाउने अवधि (महिना) | कार्य सम्पादन जमानतको हुनुपर्ने मिति | कार्यसम्पादन जमानतको मिति | कार्यसम्पादन जमानत रु |
|---|---|---|---|---|---|
| १०-०७०/७१ | २०७३/१/३० | १२ | २०७४/०२/३० | २०७२/०१/०४ | १४१५००० |
| ५-०७०/७१ | २०७३/०६/१४ | १२ | २०७४/७/१३ | २०७४/०४/१० | २१०१२५०० |
| | | | | जम्मा | २,२४,२७,५०० |

२६. **मूल्य अभिवृद्धि कर :** मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१)अनुसार प्रत्येक दर्ता भएको व्यक्तिले तोकिए बमोजिमको अवस्थामा वाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई विजक दिनु पर्ने व्यवस्था छ । विजकमा आफ्नो नाम ठेगाना तथा स्थायी लेखा नम्वर उल्लेख गरी सिलसिलेवार नम्वर सहितको विजक जारी गर्नु पर्ने र उप नियम २ मा विजकको ढांचा तोकिए बमोजिम हुने उल्लेख छ। सोही ऐनको दफा २९(१) ख मा दफा १४ उल्लंघन गरेमा प्रत्येक पटक पांच हजार रुपैया जरिवाना हुने समेत व्यबस्था भएकोमा कतिपय कर विजक निर्धारित ढाचा अनुसार नभएको अबस्थामा रु.७,७२,४३३।– मू.अ.कर भुक्तानी दिएकोले मू.अ.कर समायोजन गरेको/बुझाएको प्रमाण पेश गर्नुपर्ने देखिन्छ ।

२७. **जिल्ला दररेट :** सार्वजनिक खरिद नियमावली,२०६४ को व्यवस्था अनुसार निर्माण कार्यको दर विश्लेषण गर्दा स्वीकृत नर्म्स र जिल्ला दर रेट निर्धारण समितिले निर्माण सामग्री लगाएतको दर निर्धारण गर्दा जिल्ला दर रेट निर्धारण समितिले निर्माण सामग्री लगाएतको दर निर्धारण गर्दा निश्चित रोड हेड नतोकि जिल्ला भरकालागि औसत दर निर्धारण गरेको देखियो । यस कार्यालयले दर विश्लेषण गर्दा जिल्ला दर रेटमा पुन ढुवानी जोडी निर्माण सामग्रीको दर निर्धारण गरेको देखियो । अतः जिल्ला दर रेट निर्धारण समितिले गरेको निर्णय विपरित ढुवानी समेत जोडी दर विश्लेषण गर्दा कोषलाई थप आर्थिक भार पर्न सक्ने र लागत अनुमान पनि वास्तविक नहुने हुदा यस तर्फ कार्यालय सचेत हुनुपर्दछ ।

२८. **एज विल्ड नक्सा :** ठे.नं.८।०७१।७२ अन्तग**म कर:**आयकर ऐन, २०५८ बमोजिम मूल्य अभिबद्धि करमा दर्ता नभएको एक परामर्शदाता फर्मलाई सेवा शुल्क भुक्तानी गर्दा अग्रिम करकट्टी नगरेको रु.५ लाख १० हजार असुल गर्नु पर्दछ ।

२९. **कार्यक्रम संशोधन** : कार्यालयले तिलौराकोट स्थित प्रशासनिक भवन र सूचना केन्द्र निर्माणका लागि लागतको तुलनामा १७.१२ प्रतिशत घटी अर्थात् रु.२,०८,९३,४१८।५१ को लागतमा एक निर्माण व्यबसायीसंग सम्झौता भएकोमा निर्माणको लागि साइट उपलब्ध गराउन नसकेको कारण

कार्यालयले लुम्विनी गुरुयोजना क्षेत्रमा भी.आई.पी. गेष्ट हाउस निर्माणको लागि रु.१,३१,८९,९९२।९२ को लागतमा २०७३।१०।२२ मा सम्पन्न गर्ने गरी वोलपत्र आव्हान र कार्यक्रम संशोधन नगरी उक्त निर्माण व्यवसायीलाई २०७२।१०।२२ मा कार्यादेश दिएको देखियो । गेष्ट हाउस निर्माणका लागि कोषले नयाँ आइटम वापत दर विश्लेषण गरी नीज निर्माण व्यवसायीसँग लागत अनुमानको तुलनामा ०.३९ प्रतिशत मात्र घटीमा सम्झौता भएको देखियो । नयाँ आइटम वापत लागत अनुमान रु.६४,२७,६८६।२५ रहेकोमा रु.६४,०२,५३०।९० मा कार्य गर्ने गरी निर्माण व्यवसायीले कवोल अंक स्वीकार गरेको देखियो । पुरान आइटमको रु.८५,०२,१६१।१०र नयाँ आईटमको रु.६४,०२,५३०।९० समेत रु.१,४९,०४,६९२।०० मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको छ । पुरानो कवोल अंक अनुसार कोषको लागत अनुमानको तुलनामा १७.१२ प्रतिशत घटी कवोल अंक हुनुपर्नेमा नयाँ आइटममा ०.३९ प्रतिशत मात्र घटी भएकोले निर्माण व्यवसायीलाई रु.१०,७५,२६४/-बढी भुक्तानी हुनजाने देखिन्छ ।

३०. **परामर्शदाता :** एक उपक्रमसंग रु १,०५,०६,४५७।५०(मू.अ.कर सहित) को लागतमा कार्य सम्पन्न गर्ने गरी मिति २०६९।११।२३ मा प्रशासकिय भवनको डिजायन र सुपरभिजन कार्यको लागि सम्झौता भएको देखियो । उक्त जे.भी.ले कार्यसम्पन्न नगरी राजीनामा दिएको र उक्त राजीनामा मिति २०७१।१२।२३ मा स्वीकृत गरी सम्झौता रद्द गरेको पाइयो । यस परामर्शदातासंगको सम्झौता आ.व. २०७१।७२ मा नै रद्द भई सकेको अवस्थामा आ.व. २०७२।७३ मा निजलाई अन्तिम विल वापत भनी रु १६,८७,४५२।७३ (मू.अ.कर समेत) भुक्तानी दिएको पाईयो । खरिद सम्झौता अनुसार परामर्शदाताले गर्नुपर्ने बिभिन्नकार्यहरु वांकी नै देखिन्छ । खरिद सम्झौता अनुसार सम्पूर्ण दायित्व पूरा नगराई परामर्शदातालाई सम्झौता रद्द गरी मुक्ती दिनु मनासिव देखिएन । सम्झौता रद्द पछि निजलाई भुक्तानी दिन मिल्ने देखिदैन । हाल सम्म निजलाई रु ८७,२०,९४३।४७ (मू.अ.कर समेत) भुक्तानी भएको छ, जुन सम्झौता रकमको ८३ प्रतिशत हुने देखिन्छ । कुल सम्झौता रकमको अधिकांश रकम भुक्तानी लिई कार्य सम्पन्न नहुदै सम्झौता रद्द पछि पनि निजलाई भुक्तानी दिएको नियम सम्मत देखिएन ।

३१. **बीमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको त्रुटि सच्याउने अवधि समेत कभर हुने गरी बीमा गराउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु देहाय अनुसार छन्:

३१.१. ठे.नं. १५।०७१।७२ को वीमा वापत रु ८०,०००।०० भुक्तानी भएकोमा प्रमाण संलग्न नभएकोले प्रमाण पेश गर्नुपर्ने रु

३१.२. ठे.नं. २१।०७१।७२ को निर्माण कार्यको लागत अनुमान रु ३,१६,७२,२५६।८० रहेकोमा वीमा सम्वन्धी प्रावधान राखेको पाईएन।

३१.३. निर्माण कार्यको म्याद थप गर्दा वीमाको म्याद थप गर्ने गरेको पाईएन । यस तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

३२. गाडीको विमा बापत एक बीमा कम्पनीलाई रु.१८३७४।– खचं लेखेकोमा खर्चको विल भरपाई संलग्न रहेको देखिएन ।

३३. **फरक शीर्षकबाट खर्च** : अर्थ मन्त्रालयबाट प्रकाशित खर्च शिर्षकको बर्गिकरण र व्याख्या अनुसार कार्यालय प्रयोजनका लागि आवश्यक पेन ड्राइभ, मसिजन्यटोनर क्याट्रीज सामान खरिद बापत रु. २६७००।– कार्यालय सामान (२२३११) बाट लेख्नुपर्नेमा मेशिनरी औजार शिर्षक (२९५११) बाट खर्च लेखेको नियमित देखिएन ।

३३.१. यसैगरी कार्यालय सामान शिर्षकबाट (२२३११) रेनकोट र गमवुट खरिद गरेको रु.२३१३६७–, पोशाक शीर्षकबाट रेनकोट खरिद गरेको रु.१३५००।– र विविध शीर्षकबााट फोटोकपी बुक बाइण्डीङमा खर्च गरेको रु.११९५०।– शीर्षक फरक पारी खर्च गरेकोले नियमित देखिएन ।

३४. **बढी भुक्तानी** : गोरखापत्र संस्थानलाई ठेक्काहरुको सूचनाहरु प्रकाशन गरेवापत विभिन्न विजकहरुको जम्मा रु.६६९६३६।– भुक्तानी गरेकोमा विजक नं. २९५५।२०७१।१२।२३ को जम्मा विल रकम रु.४७४४९।– भुक्तानी दिनुपर्नेमा रु.४७४५८८।७० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.४२७१३९।७० मा १.५ प्रतिशत अग्रिम कर बापत कट्टा भएको रकम रु.६२९९.८५ घटाई हुन आउने रु.४२०८३९।८५ असुल गर्नुपर्ने देखिन्छ ।

३५. **गत वर्षको भुक्तानी** : भुक्तानी बांकीकोप्रमाणीत कच्चावारी बेगर अस्थाई वाकथ्रु गेट निर्माण बापत गत वर्षको बिलबाट रु.१९७२९०/-भुक्तानी गरेको नियमसम्मत देखिएन ।

३६. **सडक कालोपत्रे** गर्ने कार्यको लागि कार्यालय र निर्माण व्यवसायी बीच रु.४,२५,९०,२३९।५३ को लागतमा २०७२।३।३० मा कार्य सम्पन्न गर्नकालागि २०७०।९।१७ मा सम्झौता भएको देखियो । यस सम्वन्धमा निम्न व्यहोरा रहेको छः

३६.१. प्रोभिजनल सम वापत रु.१ लाख भुक्तानी दिएकोमा सक्कल विल भरपाई संलग्न गरेको देखिएन ।

३६.२. प्रोभिजनल सम आइटममामू.अ.कर थप गरी भुक्तानी दिन नमिल्नेमा रु.१३ हजार मू.अ.कर थप दिएकोले उक्त रकम असुल हुनुपर्ने देखिन्छ ।

३६.३. उक्त कार्यको अन्तिम विल भुक्तानी दिदा एजविल्ड ड्रइङ ३० दिन भित्र कोषमा पेश नगरेमा रु. १,००,०००।– निजको धरौटीवाट कट्टी गरी कोषवाट तयार गर्ने निर्णय गरेकोमा एज विल्ड ड्रइङ पेश नगरेकोले निजको धरौटीवाट कट्टी गरी कोषवाट तयार गर्नुपर्ने देखिन्छ ।

३६.४. **वढी भुक्तानी**: एक निर्माण व्यबसायीलाई चेनेज २०० देखि २७५ सम्मको लम्वाई ७५ मी. हुनुपर्नेमा १०० मी. राखी वढी परिमाण भुक्तानी दिएकोले वढी भुक्तानी हुन गएको रु.१५,३२५।– असुल गर्नुपर्ने देखिन्छ । ज्यालादारीमा कार्यरत विभिन्न कर्मचारीहरुको १९ थान डोर हाजिर फारामबाट २०७१ मंसिर १ देखि १६ सम्मको ज्याला बापतको रकम भुक्तानी गर्दा रु.६७४९७५।– भुक्तानी गर्नुपर्नेमा रु.६७७९७५।– भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रु.३ हजार असुल गर्नुपर्ने देखिन्छ ।

निर्माण व्यवसायी विपिन कन्सट्क्सनलाई सोझै खरिद मार्फत कार्य गराएकोमा नापी अनुसारको विल रकम रु ३,७२,५४५।१८(मू.अ.कर समेत) भएकोमा निजलाई रु ४,०३,६९०।० भुक्तानी भएकोले वढी भुक्तानी भएको रु ३१,१४५।०० असुल गर्नुपर्ने देखिन्छ ।

ठे.नं.४।०७१।७२ को नि.व्य. आशिष सी.एम. जे.भी.लाई तेस्रो रनिङ्ग विल वापत भुक्तानी दिदा नापी अनुसारको विल रकम रु ८४,२३,१८६।९८ (मू.अ.कर समेत) भएकोमा निजलाई रु ८४,२६,१८६।९८ भुक्तानी भएकोले वढी भुक्तानी भएको रु ३,०००।०० असुल गर्नुपर्ने देखिन्छ ।

३७. **आन्तरिक लेखापरीक्षण**: आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोरा सुधार गरी अन्तिम लेखापरीक्षण अबधिसम्म सुधार गरी सक्नुपर्नेमा २०७१।७२ र २०७२।७३ को आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका देहायबमोजिमका व्यहोरा हालसम्म सुधार गरेको पाइएन ।

| क्र.सं. | बिबरण | रकम |
|---|---|---|
| १ | भुक्तानी बाँकीको प्रमाणित बिबरण बेगर गतबर्षको बिलबाट बिबिध खर्च लेखेको रु. | २५,२७५/- |
| २ | न्द्धक लाई भुक्तानी गर्दा दुई कमाण्डर १५/१५ दिन गयल रहेकोले सोको हुने रकम कटाई भुक्तानी गर्न आदेश भएकोमा पुरै भुक्तानी गरेकोले बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु. | २६,८२८/७४ |

| | | |
|---|---|---|
| ३ | सफ्टेक फाउण्डेसन प्रा.ली.सँग को लागि मुअ कर समेत रु.२,२६,०००।– मा सम्झौता भएकोमा देहायबमोजिम रु.२,८२,५००।– भुक्तानी भएकोले सम्झौताभन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | ५६,५००/- |
| ४ | अमानतबाट सार्बजनिक निर्माण कार्य गराई निम्नानुसार खर्च गरेको उचित नदेखिएको रु. | २७,४३,८९९/- |
| ५ | ज्याला भुक्तानीको पाना नं.३२ र ३३ मा १३/१३ जनालाई ज्याला भुक्तानी गरेकोमा १२/१२ जनाले मात्र बुझेको देखिएकोले पाना नं.३२ को रु.१,९२०।– र पाना नं.३३ को रु. ४,८००।– समेतले हुने रकम असुल गर्नुपर्ने रु. | ६,७२०/- |
| ६ | चैत्र पूर्णिमा मेला व्यबस्थापनको लागि खाजा खर्च, अन्य खर्च र भाडामा सार्वजनिक निर्माण शीर्षकबाट खर्च गरेकोमा यसरी खर्च गर्न मिल्ने गरी कार्यक्रम स्वीकृति भएको नदेखिएको रु. | ९१,४५०/- |
| ७ | सार्वजनिक खरिद ऐनबमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद कार्य गराउनुपर्नेमा देहायको कार्य प्रतिस्पर्धा बेगर सोझै खरिद गरेको अनियमित देखिएको रु. | ९३,७६,१४६/- |
| ८ | सार्क राष्ट्र प्रमुखको कार्यक्रमा टेन्ट सप्लाई गर्ने पटवा टेन्ट हाउस (३०३७७९८५६) को बिजक नं.०८।२०७१।८।२ बाट मुअकर रु.१,७२,५६६।– को कर बिजक जारी भएकोमा कार्यालयबाट सम्झौताबमोजिम पुरा काम गर्न नपरेको कारण रु.९१,०००।– मुअकर समेत रु.७,९१,०००।– मात्र भुक्तानी गरेको पाइयो । यसरी कर बिजक बढी र भुक्तानी कम भएको अबस्थामा भुक्तानी भएको रु.९१,०००।– मुअकर दाखिला भएको प्रमाण संलग्न गर्नुपर्ने रु. | ९१,०००/- |
| ९ | मु.अ.कर भुक्तानी भएको बीजक नं. हातले लेखेको एवं कर विवरण दाखिला नगरेको देहायको भुक्तानीको मु.अ.कर समायोजन पेश गर्नुपर्ने रु. | २९,४८,७२८/९१ |
| १० | कोषको सवारी साधन बा.९ च १४०७ को ब्लुबुक नवीकरण गर्दा थप दस्तुर तिरेको उचित नदेखिएको रु. | ४,४००/- |
| ११ | एशियन सप्लायर्सको तीन बिलको जोडजम्मा रु.६०,९४०।– (मुअकर सहित) लाई भुक्तानी गर्नुपर्नेमा अतिरिक्त मुअकर (मुअकरमा थप मुअकर दिएको) थप दिएको रकम असुल गर्नुपर्ने रु. | ७,९२२/- |
| १२ | कोषको प्रशासनिक भवन निर्माण सुपरीवेक्षण वापत परामर्श शीर्षकबाट भुक्तानी दिनुपर्नेमा तलब शीर्षकबाट भुक्तानी दिएको देखिन्छ । यस्तो भुक्तानी गर्दा शिब कुमार सिंहलाई २०७२ आश्विन महिनाको तलब दोहोरो भुक्तानी भएको (मिति २०७२।६।१७ को गोभौनं.१२ र २०७२।१०।१५ को गोभौनं.२७ बाट) रकम असुल गर्नुपर्ने रु. | २४,०००/- |
| १३ | एक पटकमा रु.५,०००।– भन्दा बढीको मुअकर लाग्ने वस्तु खरिद गर्दा मुअकर दर्ता भएका बिक्रेताबाट गर्नुपर्नेमा देहायको भुक्तानीमा सो व्यबस्थाको पालना नभएको रु. | १,२१,९५५/- |
| १४ | बिभिन्न प्रयोजनका लागि भाडामा लिएको सवारी साधनको भाडा भुक्तानी गर्दा सवारी साधनको ब्लुबुक र सवारी चालक अनुमति पत्रको प्रतिलिपि संलग्न गर्ने गरेको देखिएन । | - |
| १५ | करार सेवामा कोषले नियुक्ति गरेका १६ जना कर्मचारीको करार अबधि २०६९।७।३ को निर्णयले २ बर्ष म्याद थप गरेकोमा तत्पश्चात म्याद थप भएको पाइएन । म्याद थप नभएको अबस्थामा ती कर्मचारीहरुलाई भुक्तानी दिएको पारिश्रमिक नियमित खर्च मान्न सकिएन । | - |

३८. **पेश्की बाँकी** : आर्थिक बर्ष २०७१।७२ र २०७२।७३ अन्त्यमा बाँकी रहेको रु.७,८८,९९,२२५/- पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

३९. **धरौटी** : धरौटीमा जम्मा भएको रकमको प्रयोजन खोली व्यक्तिगत खाता व्यबस्थित गरी राख्नुपर्नेमा २०७२।७३ को धरौटीको व्यक्तिगत खाताको बिबरणबमोजिम रु.३५,१२,९३१।– यकिन हुन बाँकी रहेको देखिएकोले उक्त रकम के बापत दाखिला भएको यकिन गर्ने अन्याथा उक्त रकम सदरस्याहा गरी आम्दानी खातामा जम्मा गर्नुपर्ने देखिन्छ । साथै आम्दानी रकम धरौटी खातामा राख्न नहुनेमा २०७२।७३ को धरौटीको व्यक्तिगत खाताको बिबरणबमोजिम टेण्डर बिक्रीको रु.१८,०००।– धरौटी खातामै रहेको देखिएकोले सदरस्याहा गरी आम्दानी खातामा जम्मा गर्नु पर्दछ ।

४०. **परामर्शदाता** : लुम्विनी क्षेत्र पूर्वाधार सुधार अन्तर्गत आगन्तुक सूचना केन्द्र, युटिलिटि कार्य, पानी आपूर्ति अदी कार्यको लागि रु १७,४३,०८,९८४।५८ को लागतमा निर्माण कार्य २०७२।६।८ मा

सम्पन्न गर्ने गरी प्रेरा निर्माण सेवासँग २०७०।६।९ मा निर्माण सम्झौता भएको देखियो । यस निर्माण कार्य संग सम्वन्धित डिजाइन र निर्माण सुपरिवेक्षणका लागि परामर्शदातासंग अमेरिकी डलर २,५३,१३१.३० (विनिमय दर रु.१०१।– का दरले हुने रु.२,५५,६६,२६१।३०) र नेपाली रुपैया रु ४,९७,७०,६९४।०६ समेत जम्मा नेपाली रुपैयाले हुने रु.७,५३,३६,९५५।३६ को सम्झौता गरेको देखियो । जसअनुसार रु.१७ करोड ४३ लाखको निर्माण कार्यको लागि रु ७ करोड ५३ लाख परामर्शदाताका लागि खर्च गरेको औचित्यपूर्ण देखिदैन ।

४१. **भेरिएशन अर्डर** : सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को अधिनमा रही भेरिएशन अर्डर स्वीकृत हुनुपर्नेमा परामर्शदातासंगको खरिद सम्झौता दोश्रो पटकसम्म रु.२,११,५२,२४०।०० अर्थात३०.५३ प्रतिशत भेरिएशन अर्डर भएकोमा भेरिएशन अर्डर भएको पाइयो । समयमा कार्य सम्पन्न नभएको कारण सुपरीवेक्षण कार्यका लागि भेरिएशन गर्नु परेको देखिन्छ । समयमा काम सम्पन्न नगरी समग्र योजनाको लागत समेत वृद्धि हुनु मनासिव देखिएन ।

४२. **अग्रीम आयकर थप** : एशियाली म्यानेजमेन्ट एण्ड इन्जिनियरिङ्ग सर्भिसेज प्रा. ली. लाई पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पत्रको आधारमा रु.१,१६,४६६।०० अग्रीम आयकर थप गरी भुक्तानी दिएको देखियो । परामर्शदातालाई लाग्ने अग्रीम आयकर सार्वजनिक निकायले थप गरी खर्च लेख्ने आधार नदेखिएकोले असुल हुनुपर्दछ ।

४३. **खरिद सम्झौता** : एक निर्माण व्यबसायीसँगको खरिद सम्झौतामा मूल्य वृद्धि दिदा पेश्की फछ्र्यौट रकम कट्टी नगरी भुक्तानी रकममा मूल्य वृद्धि दिने व्यवस्था रहेको व्यवहारिक नदेखिएकोले मूल्य बृद्धि दिंदा पेश्की कट्टा गर्ने व्यबस्था गर्नु पर्दछ ।

४४. **मूल्य अभिवृद्धि कर** : मूल्य अभिबृद्धि कर नियमावली २०५३ को दफा ६(क) बमोजिम ठेक्का दिने सरकारी निकाय सार्वजनिक संघसंस्था वा दर्ता भएको व्यक्तिले आफूले गरेको ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजश्व कार्यालयलाई दिई करको भुक्तानी सम्वन्धित निर्माण व्यबसायीलाईदिनुपर्नेमा सो बेगर रु.७९,५४,३४४।०० मूल्य अभिबृद्धि कर भुक्तानी दिएकोले मूल्य अभिबृद्धि कर समायोजन गरेको वा बुझाएको प्रमाण पेश गर्नुपर्ने देखिन्छ ।

४५. **गैससबाट कार्य** : कार्यालयलेगैर सरकारी संस्थाहरुसंग सम्झौता गरी जीवन निर्वाह कार्यक्रम, हेरिटेज वेस लाइभलिहुड जेनेरेसन प्रोग्राम र टुरिजम प्रमोशन प्रोग्रम सञ्चालन गरे वापत भुक्तानी गरेको छ । उक्त कार्यक्रम संचालनका लागि विभिन्न तीन वटा गैह्र सरकारी संस्था संग सम्झौता गरी २०७१।७२ मा रु.१,६०,७६,१८५।– र २०७२।७३ मा रु.९७,३८,७५१।– भुक्तानी दिएकोमा प्रत्येक क्रियाकलाप अनुसारको कार्य वापत कति भुक्तानी गरियो, चालु विलवाट कुन क्रियाकलापको लागि कति भुक्तानी भएको हो र अव कुन क्रियाकलापका लागि कति भुक्तानी दिन वांकी छ सो स्पष्ट देखिने गरी ठेक्काको विल तयार गर्नुपर्नेमा सो अनुसार विल तयार गरेको देखिएन । कुल सम्झौता रकममा के कति कार्य भई कति रकम खर्च भएको थियो र के कति काम गरी हालको बिलबाट भुक्तानी दिएको हो एकिन भएन ।

४५.१. मल्टि डाइमेन्सनल एग्रिकल्चर फर डेभलपमेन्टको अन्तिम विल वापत रु.२७,८१,६६३।३७ भुक्तानी दिएकोमा रु.३,००,०००।– स्थगन गरी राखेको देखियो । गै.स.स.वाट तोकिएको ढाचामा अन्तिम प्रतिवेदन,हालसम्मका फोटोग्राफिक अभिलेख, ए.डि.वि.वाट आउदा प्रस्तुत भएको प्रस्तुतिकरणतथा एक अन्तिम पाउर पोइन्ट प्रस्तुतीकरण तयार गर्न र आफ्नो अन्तिम पृष्ठपोषण एवं स्थानीय व्यक्तिले त्यस तालिमवाट पाएका उपलव्धि एंव भविष्यको नीति सिफारिस सहितको अन्तिम प्रतिवेदन ३० दिन भित्र तयार गरी पेश गर्ने गरी टिप्पणी उठान भई निर्णय भएकोमा लेखापरीक्षणको अवधिसम्म पनि उक्त कार्यहरु भएको देखिएन । साथै सम्झौता अनुसारको सम्पूर्ण कार्यहरु सम्पन्न नभई अन्तिम विल रु. २७,८१,६६३/-भुक्तानी दिएको मनासिव देखिएन ।

४५.२. हेरिटेज वेस लाइभलिहुड जेनेरेसन प्रोग्राम संचालन गर्ने जिम्मा पाएको ग्रामिण पहुच विकास र अनुसन्धान संस्थाद्धारा प्रस्तुत हुन आएको चालु विलको सम्वन्धमा थप अध्ययन चेक जाच गर्दा अझै थप गहन अध्ययन गर्नुपर्ने भएकाले प्रस्तुत हुन आएको यस विलमा रु १० लाख हाल रोकी रु ३२,६४,१६८।०० मात्र भुक्तानी दिन स्वीकृत भएको देखियो । थप गहन अध्ययन गर्नुपर्ने हुदाहुदैरु.३२,६४,१६८/-बिल भुक्तानी गर्नु मनासिव देखिएन । साथै थप अध्ययनबाट देखिएको व्यहोरा समेत पेश हुनुपर्ने देखिन्छ ।

४६. **दाखिला प्रमाण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाईसहित लेखा राख्नुपर्नेमा आयकर र निर्माण व्यबसायी कोष दाखिला बापत रु.१३,७५,७००/२६ खर्च लेखेकोमा दाखिला प्रमाण संलग्न गरेको पाइएन ।

## लुम्बिनी बौद्ध विश्व विद्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : यस विद्यालयको आन्तरीक नियन्त्रण व्यवस्था मूल्यांकन गर्दाजिन्सी निरीक्षण गराउनु पर्नेमा नगराएको, पूजिगत सम्पतिको विस्तृत विबरण खुल्ने गरि सम्पति खाता राखि ह्रास कट्टी गर्ने नगरेको र कार्यविवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएकोव्यहोराहरु देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाईं प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

२. **व्याज** : लुम्बिनी बौद्ध विश्व बिधालयका एक भुतपूर्व सासंद एवं विपश्वीवाट प्रदान गरिएको रु.१५००००।– मिति २०१६।६।१ मा ९.५ प्रतिशत वार्षिक व्याज आर्जन हुनेगरि मिति २०२१।६।३० सम्मका लागि पाच वर्षे मुद्धति खातामा एक विकास बैंकमा राखिएकोमा २०१६।६।१ देखि २०१६।७।१५ सम्मको व्याज रु १७५७/- आम्दानी बांध्नु पर्दछ ।

३. **बजेट व्यबस्थापन** : विश्वबिधालयले प्रत्येक वर्ष गर्ने आम्दानी तथा खर्चको लागि कार्यक्रम स्वीकृत गरी सो अनुसार आम्दानी तथा खर्चको अनुमानित बजेट स्विकृत गरी सोको परिधिभित्र रहि खर्च गर्ने तथा आम्दानीको लक्ष्य प्राप्ती गर्नु पर्ने हुन्छ । तर क्याम्पसले आम्दानी तर्फ अनुमानित आय तथा लक्ष्य स्वीकृत गरेको छैन भने खर्च तर्फ बजेट स्वीकृत गरेको देखिएन । यसबाट आय तथा खर्च व्यबस्थापन प्रभावकारी भएको देखिएन ।

४. **कर बिजक** : मूल्य अभिबृद्धि कर ऐन २०५२ अनुसार स्विकृत ढांचामा विल विजक जारी गर्नुपर्ने व्यवस्था गरेकोमा यस विश्व बिधालयले आलम्युनियम पार्टेशनको काम गर्दा एक आलम्युनियम उद्योगको रु ९१७५६।– विल भुक्तानी गर्दा रु.१०५५६।– मूल्य अभिबृद्धि कर समेत भुक्तानी भएकोमा कर विजकमा विजक नम्बर नराखेकोले उक्त रकम बिक्रेताको बिक्री खातामा समावेश भएको प्रमाण पेश गर्नु पर्दछ अन्यथा असुल गर्नु पर्दछ ।

५. **सिधै खरिद** : अन्य कुनै प्रकारबाट प्राप्त भएका सम्पत्तिहरु भए सो समेत आर्थिक बिबरणमा उल्लेख गर्नुपर्नेमा विश्वबिद्यालयले बोलपत्र वेगर रु १५८२६६३। मूल्यका कप्युटर, फर्निचर, स्टेपलाइजर लगायतका जिन्सि सामानहरु बिभिन्न फर्मबाट लिखित कोटेशन लिइ सोझै खरिद गरेका नियम संगत देखिएन ।

## व्यापारिक मार्ग बिस्तार आयोजना बेहिया बुटवल सडक

१. **आन्तरिक नियन्त्रण प्रणाली** : बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्नेमानिर्माण कार्यको लगत इष्टिमेट, नापी किताव र कार्यसम्पन्न प्रतिवेदन आदिमा तयार पार्ने, पेश गर्ने, जाँच गर्ने र सदर गर्ने कर्मचारीको नाम, पद, छाप एवम् मिति उल्लेख गर्ने नगरेको, नापी किताब नियन्त्रण खाता नराखेको, नापी किताब स्थायी प्रकृतिको नराखी लुज सिटमा राखेका, भ्रमण प्रतिवेदन गर्ने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको, मूल्य नखुलेका पुराना सामानको

मूल्य कायम गराई नराखेको, खरिद गुरु योजना तथा बार्षिक खरिद योजना तयार नगरेको, प्रयोजन र अवधि समाप्त भएका धरौटी सदरस्याहा नगरेको, चौमासिक रुपमा वार्षिक कार्यक्रम खर्च नगरेको,पेश्की फछ्र्यौट गरेको बिल भरपाईमा खर्चको तेरिज संलग्न गर्ने नगरेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणीत गरी भुक्तानी भएको जनाउने छाप लगाउने नगरेको, कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको, नागरिक बडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा नगरेको, अख्तियारी र कार्यक्रम संशोधन भए अनुरुप बार्षिक खरिद योजना संशोधन नगरेको,डोर हाजिर नियन्त्रण खाता नराखेको, उपभोक्ता समितिलाई आयोजना हस्तान्तरण हुने नगरेको, उपभोक्ता समितिले समयमै कार्य सम्पन्न नगरेकोमा म्याद थप गर्ने नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको लगायतका कमी कमजोरी सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

१. **चौमासिक खर्चको स्थिति :** स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्य सम्पादन गरी तोकिएको बजेट खर्च गर्नुपर्नेमा यस आयोजनामा पूजिगततर्फ रु.५९ करोड ३५ लाख ४० हजार खर्च भएको मध्ये ५७.४१ प्रतिशत तेस्रो चौमासिकमा र २९.४३ प्रतिशत रकम असार महिनामा खर्च भएको देखिन्छ । बर्षको अन्तमा बढी खर्च भएबाट सम्पन्न कार्यको रेखदेख, मुल्यांकन लगायतमा चाप पर्न गई कामको गुणस्तरमा समेत असर पर्न सक्ने अबस्था रहेकोले स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नु पर्दछ ।आयोजनाले खरिद प्रकृयागत कारणले यस्तो हुन गएको व्यहोरा जनाएको छ ।

२. **ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) बमोजिम ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्नेमा आयोजनाबाट यो बर्ष रु.२ अर्ब ५ करोड ३२ लाखको ५ वटा खरिद सम्झौता भएकोमा दोस्रोमा ४ र तेस्रोमा १ सम्झौता भएको एवं आषाढ महिनामा१खरिद सम्झौता गरेको पाइयो । यस वर्ष खरिद सम्झौता भएका कुनैपनि कार्य यसै आर्थिक वर्षभित्र सम्पन्न भएको देखिएन ।समयमै ठेक्का व्यबस्थापन सम्बन्धी कार्य सम्पन्न गर्नु पर्दछ ।

३. **समय र लागत बृद्धि :** बिस्तृत परियोजना प्रतिवेदन (डी.पी.आर.) मा उल्लेख भएका क्रियाकलाप समयमै थालनी गरी आयोजना सम्पन्न गर्नु पर्दछ । बेलहिया बुटवल व्यापारिक मार्ग बिस्तारको डी.पी.आर.बमोजिम २४ की.मी. सडक निर्माण २०६८।६९ मा सुरु गरी २०७४।७५ मा सम्पन्न गर्ने गरी रु.३ अर्ब २ करोड ४३ लाख ९६ हजार लागत निर्धाण गरेकोमा २०७२।७३ सम्म रु.२ अर्ब २० करोड ६८ लाख २४ हजार खर्च भई ४४.८४ प्रतिशत काम भएको देखिन्छ । डी.पी.आर.मा उल्लेख भएको आयोजनाको लागतको तुलनामा ८१.७५ प्रतिशत खर्च हुदाको अवस्थामा भौतिक प्रगति ४४.८४ प्रतिशत मात्र रहेको देखिन्छ। केही लागत बढन जाने भएतापनि डी.पी.आर.बमोमिज सुरुमै ठेक्का बन्दोबस्त भई निर्माण कार्य सुरु नभएको कारण देहायबमोजिम आयोजनाको समय र लागत दुबै बृद्धि हुदै गएको देखिन्छ ।

| आर्थिक बर्ष | आयोजनाको अवधि | आयोजनाको लागत रु.हजारमा | डी.पी.आर. को तुलानामा बृद्धि प्रतिशत |
|---|---|---|---|
| डी.पी.आर. बमोजिम | २०६८/६९ - २०७४/७५ | ३०२४३९६ | ० |
| २०७१।७२ को कार्यक्रम बमोजिम | २०६८/६९ - २०७४/७५ | ४१११७५० | ३५.९५ |
| २०७२।७३ को कार्यक्रम बमोजिम | २०६८/६९ - २०७४/७५ | ४१२१७५९ | ३६.२८ |
| २०७३।७४ को कार्यक्रम बमोजिम | २०६८/६९ - २०७७/७८ | ५८६१७५९ | ४२.२१ |

४. **मूल्य बृद्धि** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(१) मा सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नपर्ने र ११९(२) मा खरिद सम्झौतामा मूल्य समायोजनको व्यवस्था गर्दा ११९(२ज)मा मूल्य समायोजन सूत्र लागू हुने समयको अन्तराल र ११९(२झ) मा मूल्य समायोजन सूत्रको प्रयोगबाट देखिनुपर्ने न्यूनतम मूल्यबृद्धि र मूल्य समायोजन सम्बन्धी प्रावधान लागू हुन पूरा हुनुपर्ने अन्य शर्त तथा बन्देजको व्यवस्था छ । यस कार्यालयले खरिद सम्झौता गर्दा मूल्य समायोजन दिने समय अन्तराल र मूल्यमा हुनुपर्ने न्यूनतम वृद्धिको प्रावधान राखेको छैन । यस सम्बन्धमा देखिएको प्रमुख व्यहोरा निम्नानुसार छन्:

४.१. ठेक्का नं. ०२।०६८।६९ को म्याद थप हुदा शुरु सम्झौताको अन्तिम दिनको मूल्य सूचांकको प्रयोग हुनेगरी मूल्य वृद्धि दिने उल्लेख भएबमोजिम उक्त दिनको सूचांक १.२०२२६२ को हुनुपर्नेमा सो भन्दा वढी सूचांक प्रयोग गरेको कारण मूल्य वृद्धि वढी भुक्तानी हुन गएको रु.१५ लाख ४२ हजार असुल असुल गर्नुपर्ने देखिन्छ । आयोजनाले म्याद थपका समयमा भएको व्यवस्था अनुसार नै गरेको व्यहोरा जनाएको छ ।

४.२. ठेक्का नं. ०२।०७०।७१को खरिद सम्झौतामा पेश्की फछ्र्यौट घटाई बांकी रहेको बिल रकममा मात्र मूल्य बृद्धि दिनुपर्ने व्यवस्था रहेकोमा आठौ देखि चौधौंबिलसम्म मूल्य बृद्धि दिदा पेश्की कट्टी नघटाई बिल रकममा मूल्य बृद्धि दिएको देखियो । निर्माण व्यवसायीलाई १५ औं बिलको मूल्य बृद्धि गणना गर्दा आठौ बिलदेखि तत्तत् बिलबाट पेश्की घटाई गणना गरी मूल्य बृद्धि समायोजन गरेको देखियो । यसले राज्य कोषमा नोक्सान हुनगई ठेकेदारलाइं फाईदा पुग्ने देखिन्छ । अतः मूल्य बृद्धि समायोजन गर्दा घटाउन छुट भएको पेश्की लाई १५ औं बिललको सूचांक प्रयोग गरी मूल्य बृद्धि समायोजन गर्नुपर्ने देखिन्छ । अतः १५ औं बिलको मूल्य बृद्धि सूचांक प्रयाग गर्दा र आठौंदेखीका बिलमा मूल्य बृद्धि सूचांक प्रयोग गर्दाको फरक सूचांकले हुने पेश्की फछ्र्यौट वापतको मूल्य बृद्धि रु.९ लाख ६१ हजार निर्माण व्यवसायीवाट असुल हुनुपर्ने देखिन्छ ।आयोजनाले औंल्याईएको मूल्य समायोजन मिलान गर्ने व्यहोरा जनाएको छ ।

५. **अन्तिम भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १२४(१) मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि निर्माण व्यवसायीलाई करारका शर्त बमोजिम अन्तिम विल भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस आयोजनाले २०६८।६९ को ठेक्का नं.१, २ र ३ को निर्माण कार्यजिम्मा लिएको प्रमाणपत्र जारी गरीजारी गरेको मितिलाई कार्यसम्पन्न भएको मानी सोही दिनदेखि त्रुटि सच्याउने अवधि गणना गरेको देखियो । त्रुटि सच्याउने अवधि भित्र विभिन्न कार्यहरु गराई ती निर्माण व्यबसायीलाई रु.२ करोड ३५ लाख ७५ हजार भुक्तानी भएको समेत देखियो । उक्त निर्माण कार्यको म्याद थप गर्दा ९५ प्रतिशत कार्य सम्पन्न भएको र साना साना काम मात्र वांकी रहेको भनी म्याद थप भएको देखियो । निर्माण कार्यजिम्मा लिएको प्रमाणपत्र जारी गरी कार्यसम्पन्न गरेको र अन्य कार्यहरु त्रुटि सच्याउने अवधि भित्र सम्पादन गरी म्याद थप समेत नगरी ३ निर्माण कार्यको भुक्तानी दिएकोमा सम्पूर्ण कार्य सम्पन्न भएपछिमात्र त्रुटि सच्याउने अवधि गणना शुरु गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।खरिद सम्झौताको व्यवस्था अनुसार भएको उक्त कार्य प्रचलित तथा नियमानुसार नै रहेको र निर्माण गर्दाका बखत आईपरेका विविध समस्या र खासै अर्थ नराख्ने आईटम त्रुटि सच्याउने अवधिमा गर्ने गरी उक्त कार्य गरेको कार्यालयको भनाई रहेको छ ।

६. **ठे.नं. ०३।०६८।६९ :** असपाल्ट कन्क्रिट को कार्यकालागि बाण्डर र वयरीङ्ग कोर्षको विटुमिनको मात्रामा घटी वढी को मापदण्ड ४.५% निर्धारण गरी सो भन्दा वढी विटुमिन प्रयोग भएमा वढी प्रयोग भएको विटुमिन वापत अतिरिक्त रकम दिनेगरी वि.ओ.क्यू.आइटममा राखेको पाईयो । उक्त ४.५% प्रतिशतको स्पष्ट आधार कार्यालयवाट पेश भएन र चालु आर्थिक वर्षमा लगाईएका ठेक्कामा

उक्त मापदण्डलाई ५.५% वनाएको देखियो । विटुमिनको मात्रामा घटी वढी को सामान्य मापदण्डका लागि ४.५%मापदण्डलाई आधार मानी रु.३० लाख ७६ हजार (मू.अ.कर समेत) भुक्तानी दिएको देखियो । अत:स्वीकृत नर्म्स, निश्चित मापदण्ड वा विश्वव्यापी प्रचलनलाई आधार मानेर कार्य गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखियो ।

७. **भेरिएशन** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दा पूर्वानुमान गर्न नसकिएको परिस्थितिमा कारण खुलाई र नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता बमोजिम काम सुरु भइसकेपछि प्राविधिक कारणबाट त्यस्तो कायंको परिमाणमा थपघट गनं वा नयां आइटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा प्राविधिक पुष्ट्याई गरी भेरिएशन आदेश जारी गर्नसक्ने व्यवस्था छ । खरिद सम्झौताको सम्झौतामा निर्माण व्यवसायीले निर्माण कार्यको अधावधिक कार्यक्रम निश्चित समयको अन्तरालमा पेश गर्नुपर्ने र सो पेश गर्न ढिलाई गरेमा आयोजनाले भुक्तानी गर्दा निश्चित रकम कट्टी गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले अधावधिक कार्यक्रम पेश गरेको छैन र आयोजनाले पनि सो वापत रकम कट्टी गर्ने गरेको छैन । निर्माण व्यवसायीले अधावधिक कार्यक्रम पेश नगर्ने र पर्याप्त प्राविधिक पुष्टयाई वेगर भेरिएशन अर्डर स्वीकृत गर्ने गरेको देखियो । कार्यालयले भेरिएशन अर्डर नियमानुसार गर्ने गरेको व्यहोरा जनाएकोछ ।

८. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) को अनुसूची १ मा लागत अनुमानको वर्कचार्ट खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने उल्लेख भएकोमा वर्कचार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख नभएको एवं सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कन्टिन्जेन्सीबाट खर्च गर्ने सम्बन्धमा स्पष्ट कार्यबिधि तयार नगरी बर्षभरीमा रु.८९ लाख ७७ हजार (विभाग पठाएको बाहेक) खर्च गरेको देखिन्छ । कन्टिन्जेन्सीबाट नियमित बजेटमा खर्च गर्नुपर्ने दैनिक भ्रमण भत्ता, इन्धन, गाडी तथा मोटरसाइकल मर्मत, स्टेशनरी छपाई लगायतका कार्यमा खर्च समेत खर्च भएको देखिन्छ ।कार्यालयले हालको बिद्यमान अनुसार नै कन्टिन्जेन्सी खर्च गर्ने गरेको एवंकार्यालय सञ्चालनमा विनियोजित बजेट अत्यन्त न्यून रहेको हुँदा सबै सञ्चालन खर्च यसैबाट गर्ने गरेको व्यहोरा जनाएको छ ।

९. **नर्म्सको प्रयोग** : सडक विभागले प्रयोग गर्ने फलामे डण्डी सम्बन्धी नर्म्स सिंचाई विभाग, भवन विभाग लगायत अन्य निकायले प्रयोग गर्ने नर्म्सभन्दा क्रमश: १० प्रतिशत बढी जर्ती जाने उल्लेख भएबमोजिम बिभिन्न ४ सडक निर्माण कार्यमा मात्र ४३ हजार ३३४ के.जी. डण्डी बढ्न गई रु.४२ लाख २३ हजार लागत अनुमान बढ्न गएको छ । आयोजनाले सडक विभागवाट स्वीकृत नर्म्स अनुसार कै लागत अनुमान गरी निर्माण गराएको व्यहोरा जनाएको छ ।

१०. **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ र ठेक्का सम्झौताबमोजिम उपलब्ध गराएको रु.२२ करोड २८ लाख मोबिलाइजेशन पेश्की हुन बांकी देखिन्छ ।

## सिचाई बिकास डिभिजन

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले ऐन नियम एंव कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा निर्माण कार्यको लगत इष्टिमेट, नापी किताव र कार्यसम्पन्न प्रतिवेदन आदिमा तयार पार्ने, पेश गर्ने, जाँच गर्ने र सदर गर्ने कर्मचारीको नाम, पद, छाप एवम् मिति उल्लेख गर्नेनगरेको, भ्रमण प्रतिवेदन लिने नगरेको, प्रथम चौमासिक भित्र ठेक्का व्यबस्थान सम्बन्धि कार्य हुन नसकेको, अख्तियारी र कार्यक्रम संशोधन भए अनुरुप बार्षिक खरिद योजना संशोधन नगरेको, उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि सो को रेखदेख मर्मत

संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण हुने नगरेको, उपभोक्ता समितिले समयमै कार्य सम्पन्न नगरेकोमा म्याद थप गर्ने नगरेको, प्रयोजन र अवधि समाप्त भएका धरौटी सदरस्याहा गरी राजस्वमा दाखिला गर्ने नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, लागत अनुमान स्वीकृति र ठेक्का स्वीकृति कार्य समयमै हुने नगरेको, रु ८ करोड १२ लाखको अख्तियारी असार महिनामा दिएको लगायतका स्थिति देखिएको छ । आन्तरिक नियन्त्रण प्रणालीमा रहेका यस्ता कमी कमजोरीले कार्यालय सञ्चालनमा असर पर्ने देखिएकोले बिभिन्न ऐन नियम एवं कार्यबिधिहरुमा तोकिएका व्यबस्थाहरुको अनिवार्य रुपमा अबलम्वन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **चौमासिक खर्चको स्थिति** : स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्य सम्पादन गरी तोकिएको बजेट खर्च गर्नुपर्नेमा पुजिगततर्फ पाँच बजेट उप शीर्षकमा भएकोरु.१३,३८,७३,२७७।०० खर्च भएको मध्ये ७१.७९ प्रतिशत तेस्रो चौमासिकमा र कुल खर्चको ५५.१० प्रतिशत रकम असार महिनामा खर्च भएको देखिन्छ ।बर्षको अन्तमा अत्यधिक खर्च भएबाट सम्पन्न कार्यको रेखदेख, मुल्यांकन लगायतमा चाप पर्न गई कामको गुणस्तरमा समेत असर पर्न सक्ने अबस्था रहेकोले स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नु पर्दछ ।

३. **आयोजना छनौट** : आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम २२ मा बिकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राबिधिक, बाताबरणीय तथा प्रशासकीय उपयुक्तता समेतकाआधारमा बार्षिक बजेट तर्जुमा गर्नुपर्ने उल्लेख छ । यस कार्यालयले २०७२।७३ मा सुरु गरेका मझौला सिंचाईतर्फका दुई आयोजनाउल्लिखित प्रक्रिया पुरा नगरी सिधै समाबेश गरेको कारण यो बर्ष खर्च हुन सकेको देखिएन ।

कार्यालयले सालबसाली रुपमा सर्वेक्षण गरेका आयोजनाहरु छनौट नगरी केन्द्रबाट सिधै आयोजनाहरुको लागि बजेट र कार्यक्रम प्राप्त भएको कारण आयोजना परी सके पश्चात सर्वेक्षण, ड्रईङ, डिजाइन बनाई लागत अनुमान बनाउने गरेको देखियो । यस प्रकार सिधै आयोजना समाबेश गर्ने प्रक्रिया बन्द गरिनु पर्दछ ।

४. **ठे.नं. १.२।०७१।७२** : निर्माण कार्य वोलपत्रको माध्यमावाट गराउदा सारभुत रुपमा प्रभावग्राह्री प्रथम घटीवाला संग सम्झौता गरी कार्य सम्पादन गर्नु पर्दछ । यस निर्माण कार्यमा प्रथम घटीवाला सम्झौता गर्न नआएकोले निजको वोलपत्र जमानत जफत गरी दोश्रो घटीवालासंग सम्झौता भएकोमा प्रथम घटीवाला संग सम्झौता नहुदा राज्यलाई रु.२३,४१,८७९/३२ थप आर्थिक दायित्व वृद्धि भएको छ । साथै उक्त ठेक्कामा निर्माण व्यवसायीले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६२ (६) को पालना नगरेको स्थिति देखिएकोमा दफा ६३ बमोजिमको कारवाही भएको देखिएन ।

५. **वढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १२३(१)ख मा प्राविधिक नापजाच गरी नापी किताबमा उल्लेख भएको वास्तबिक कार्यसम्पादनको आधारमा बिलको रकम भुक्तानी दिने व्यवस्था छ । यस डिभिजनले १.२/०७१/७२ को निर्माण व्यवसायीलाई ढुङ्गा गाह्रोको कार्य वास्तविक कार्यसम्पादन भन्दा वढी परिमाण भुक्तानी दिएकोले वढी भुक्तानी रु २४,८३७।०० असुल गर्नुपर्ने देखियो ।

६. **परामर्श सेवा :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्वन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट नै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । डिभिजनले यस वर्ष ७ वटा कार्यको लागि रु १७,८३,३९४।०० को परामर्श सेवा लिएकोमा उपलब्ध जनशक्तिबाट हुन नसक्ने कारण स्पष्ट गरेको देखिदैन । साथै उक्त ७ वटा सर्भे सम्वन्धी कार्यको प्रतिवेदन जिन्सी खातामा आम्दानी बाँधी अभिलेख राख्नुपर्ने देखिन्छ।

७. **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर नियमावली २०५३ वमोजिम कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजश्व कार्यालयलाई दिई करको भुक्तानी सम्वन्धित निर्माण व्यवसायीलाई गर्नुपर्नेमा आर्थिक

वर्ष समाप्त भएपछि(२०७३।०५।२१)मा मात्र सो कार्यालयलाई जानकारी दिएको छ ।मुल्य अभिवृद्धि कर ऐन, २०५२ वमोजिमस्थायी लेखा नम्वर उल्लेख गरी सिलसिलेवार नम्वर सहितको विजक जारी गर्नु पर्नेमारु ४८,६८,२१३।– भुक्तानी गर्दा कर विजक निर्धारित ढाचामा नभएकोले मू.अ.कर समायोजन गरेको वा बुझाएको प्रमाण पेश हुनुपर्दछ ।

८. सार्वजनिक खरिद नियमावली,२०६४ को व्यवस्था अनुसार निर्माण कार्यको दर विश्लेषण गर्दा स्वीकृत नर्म्स र जिल्ला दर रेट निर्धारण समितिले निर्माण सामग्री लगाएतको दर निर्धारण गर्दा जिल्ला दर रेट निर्धारण समितिले निर्माण सामग्री लगाएतको दर निर्धारण गर्दा निश्चित रोड हेड नतोकि जिल्ला भरकालागि औसत दर निर्धारण गरेको देखियो । यस कार्यालयले दर विश्लेषण गर्दा जिल्ला दर रेटमा पुन ढुवानी जोडी निर्माण सामग्रीको दर निर्धारण गरेको देखियो । अतः जिल्ला दर रेट निर्धारण समितिले गरेको निर्णय विपरित ढुवानी समेत जोडी दर विश्लेषण गर्दा राज्यलाई थप आर्थिक भार पर्न सक्ने र लागत अनुमान पनि वास्तविक नहुने हुदा यस तर्फ कार्यालय सचेत हुनुपर्दछ ।

९. व.उ.शि.नं. ३५७१०३४: एक जेभीलाईं ठेक्का नं.२.२/०७०/७१ नहर निर्माणको तेश्रो रनिङ विलबाट ल्याव टेष्ट मू.अ. कर समेत रु.५,०००।– भुक्तानी भएकोमा ल्याव टेष्टको प्रमाण पेश भएन ।

१०. **कन्टिन्जेन्सी** खर्च गर्ने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार अनुसूची–१ मा वर्कचार्ट खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत भनी उल्लेख छ । वर्कचार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन भने यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । कन्टिन्जेन्सीबाट गरिने खर्च रु ४५,८२,०००।०० सम्बन्धमा स्पष्ट कार्यबिधि तयार गरी खर्च गर्नुपर्ने देखियो ।

११. **कर कट्टी नगरेको** : उपभोक्ता समिति मार्फत भएका कार्यको बिल भरपाईमा नियमानुसार लाग्ने कर कट्टी गरी भुक्तानी दिनुपर्नेमा देहायबमोजिमका गोश्वरा भौचरबाट बिभिन्न उपभोक्ता समितिले गरेको कामको बिल भरपाई समेतको आधारमा भुक्तानी दिएको समितिले खरिद गरेको कर कट्टी नगरेको रु १९,१६२।०० असुल गर्नुपर्ने देखिन्छ ।

१२. **पेश्की बाँकी** : आर्थिक कार्यविधि नियमावली, २०६४ र ठेक्का सम्झौतामा उल्लेख भएबमोजिम पेश्की/मोविलाइजेसन पेश्की फछ्र्यौट गर्नु पर्नेमा मोविलाइजेसन पेश्कीको हकमा म्याद बाँकी नै रहेको र अन्य पेश्की समयमै फछ्र्यौट गर्न ध्यान नदिएको कारण आर्थिक बर्षको अन्तमा रु ३,१३,७५,०००।०० मोबिलाइजेशन पेश्की फछ्र्यौट हुन बाँकी देखिएकोले आर्थिक कार्यविधि नियमावली र ठेक्का सम्झौता बमोजिम फछ्र्यौट गर्नुपर्ने ।

## शहरी बिकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय

२. **आन्तरिक नियन्त्रण** : बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्नेमानिर्माण कार्यको लगत इष्टिमेट, नापी किताव र कार्यसम्पन्न प्रतिवेदन आदिमा तयार पार्ने, पेश गर्ने, जाँच गर्ने र सदर गर्ने कर्मचारीको नाम, पद, छाप एवम् मिति उल्लेख गर्ने नगरेको, नापी किताब नियन्त्रण खाता नराखेको, नापी किताब स्थायी प्रकृतिको नराखी लुज सिटमा राखेका, भ्रमण प्रतिवेदन गर्ने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, खरिद गुरु योजना तथा बार्षिक खरिद योजना तयार नगरेको, प्रयोजन र अवधि समाप्त भएका धरौटी सदरस्याहा नगरेको, चौमासिक रुपमा वार्षिक कार्यक्रम खर्च नगरेको,पेश्की फछ्र्यौट गरेको बिल भरपाईमा खर्चको तेरिज संलग्न गर्ने नगरेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणीत गरी भुक्तानी भएको जनाउने छाप लगाउने नगरेको,

कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको, नागरिक बडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा नगरेको, रु ८ करोड ७१ लाखको अख्तियारी असार महिनामा दिएको, डोर हाजिर नियन्त्रण खाता नराखेको, उपभोक्ता समितिलाई आयोजना हस्तान्तरण हुने नगरेको, उपभोक्ता समितिले समयमै कार्य सम्पन्न नगरेकोमा म्याद थप गर्ने नगरेको लगायतका कमी कमजोरी सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

३. **चौमासिक खर्चको स्थिति** : स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्य सम्पादन गरी तोकिएको बजेट खर्च गर्नु पर्दछ। यस कार्यालयमा कार्यक्रम/पुजिगततर्फका ११ बजेट उप शीर्षकहरुमा भएको कुल खर्च रु.२३,६७,५६,४५४।६५ खर्च भएको मध्ये ७७.५२ प्रतिशत तेस्रो चौमासिकमा र कुल खर्चको आधाभन्दा बढी अर्थात् ५८.४२ प्रतिशत रकम असार महिनामा खर्च भएको देखिन्छ ।बर्षको अन्तमा अत्यधिक खर्च भएबाट सम्पन्न कार्यको रेखदेख, मुल्यांकन लगायतमा चाप पर्न गई कामको गुणस्तरमा समेत असर पर्न सक्ने अबस्था रहेकोले स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नु पर्दछ ।

४. **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्ने व्यवस्था रहेको छ। बजेट कार्यान्वयन सम्बन्धी निर्देशिकामा २०७२ फागुन सम्म शुरु नभएका योजनाको बजेट फिर्ता हुने र २०७२ मंसीरभित्र ठेक्कापट्टा सम्पन्न गर्नु पर्ने निर्देशन दिइएको छ । यस कार्यालयको ठेक्का व्यबस्थापन स्थिति निम्नानुसार रहेको पाइयो ।कार्यालयबाट यस वर्ष रु.१३ करोड ६१ लाख ५८ हजार सम्झौता रकम रहेका १६ वटा खरिद सम्झौता भएकोमा प्रथम चौमासिकमा कुनै सम्झौता नभएको, दोस्रोमा ४ र तेस्रोमा १२ वटा सम्झौता भएको र आषाढ महिनामा मात्र रु.८ करोड ४ लाख ५६ हजार रकमको ७ वटा खरिद सम्झौता गरेको पाइयो । यस वर्ष खरिद सम्झौता भएका मध्ये रु.१ करोड ७९ लाख ६९ हजारको ९ मात्र यसै आर्थिक वर्षभित्र सम्पन्न भएको देखिन्छ ।

५. **बोलपत्र** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ मा खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट बञ्चित गर्ने उदेश्यले बोलपत्र वा प्रस्ताव पेश गर्नु भन्दा अघि वा पछि मिलोमतो गर्न वा गुटबन्दीमा संलग्न हुन नहुने उल्लेख छ । कार्यालयले यो बर्ष बोलपत्रबाट ठेक्का सम्झौताको स्थिति बिश्लेषण गर्दा बिभिन्न ६बोलपत्र बिक्रीको संख्या ५ देखि २३ सम्म भएकोमा दर्ता संख्या १ देखि ४ सम्म रहेको पाइयो । यसरी दर्ता भएका मध्ये छनौट भएका बोलपत्रदाताको कबोल अंक लागत अनुमानको तुलनामा १ प्रतिशतभन्दा कम (लागत अनुमान र कबोल अंक बराबर जस्तै) रहेको देखिन्छ । बोलपत्र बिक्री, दर्ता, लागत अनुमान र सम्झौता रकमको आधारमा बोलपत्रदाताहरु बीच मेलोमतो भएको हुन सक्ने देखिन्छ । मिलेमतो भएको ठोस प्रमाण नभएकोले सोको पुष्टी गर्न नसकिने कार्यालयको भनाई रहेको छ ।

६. **आवास व्यबस्था कार्यक्रम** : स्वीकृत बजेट तथा कार्यक्रमबमोजिम समयमै कार्य सञ्चालन गरी लक्ष्य हासिल गर्नु पर्दछ । यस कार्यक्रम (जनता आवास कार्यक्रम) अन्तर्गत अर्घाखाँची जिल्लामा गन्धर्बहरुको लागि १० बटा र कपिलवस्तु जिल्लामा ५० बटा नयाँ आवास निर्माण गर्न २०७२।५।१७ मा रु.१ करोड ८२ लाख ४६ हजारको अख्तियारी तथा कार्यक्रम प्राप्त भएकोमा २०७३।३।३१ मा रु.१ करोड ७३ लाख ७४ हजार कट्टा गरी रु.८ लाख १७ हजार कायम गरेको पाइयो । समयमै बजेट, अख्तियारी तथा कार्यक्रम प्राप्त भएकोमा जनता आबास कार्यक्रम जिल्ला स्तरीय समन्वय समितिको बैठक कपिलवस्तुमा २०७३।१।८ र अर्घाखाँचीमा २०७३।२।३० मा बसी गाबिस छनौट गरी केन्द्रीय निर्देशक समितिमा सिफारिश गर्ने निर्णय गरेको देखियो । यस सम्बन्धमा कार्यालयले समयमै प्रकृया सुरु नगरेको कारण प्राप्त प्राप्त बजेट फिर्ता भई सम्बन्धित सेवाग्राही समयमै सेवा पाउनबाट बन्चित हुन पुगेको पाइयो । समयमै कार्यक्रम सञ्चालन गरी लक्ष्य प्राप्त गर्न कार्यालयले थप ध्यान दिनु पर्दछ । मधेश

आन्दोलनका कारण जिल्ला समन्वय समितिको वैठक ढीला वसेकोले कार्यान्वयनमा ढीलाई हुन गएको कार्यालयको भनाई रहेको छ ।

७. **सवारी साधन खरिद** : निर्माण कार्यको बी.ओ.क्यु.मा सवारी साधन खरिदको आइटम समाबेश गर्न नहुनेमा श्रम कार्यालयको भवन र अन्तराष्ट्रिय सम्मेलन केन्द्र निर्माण कार्यको बी.ओ.क्यु.मा समाबेश गरी रु.३५,८२,५१३/- मोटरसाइकल र गाडी खरिद गरेको नियमित देखिएन ।विभागवाट स्वीकृत लागत अनुमान वमोजिम खरिद गरेको कार्यालयको भनाई रहेको छ ।

८. **कन्टिन्जेन्सी खर्च** गर्ने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार अनुसूची–१ मा उल्लिखित व्यवस्थाबाहेक अन्य कुनै आधार देखिंदैन । उक्त अनुसूची–१ मा वर्कचार्ट खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत भनी उल्लेख छ । वर्कचार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन भने यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । यस वर्ष कार्यालयले कन्टिन्जेन्सी वापत रु ६७,५७,२६०।– खर्च गरेको देखियो । कन्टिन्जेन्सीबाट गरिने खर्च सम्बन्धमा स्पष्ट कार्यबिधि तयार गर्नुपर्न देखिन्छ । कन्टिन्जेन्सि खर्च गर्ने कार्यविधि प्राप्त नभएको कार्यालयको भनाई रहेको छ ।

९. **बढी दरमा भुक्तानी** : उपभोक्ता समिति मार्फत गराउने काममा ओभरहेड बाहेकको दरमा भुक्तानी दिनु पर्नेमा मायादेवी ढल तथा सरसफाई उपभोक्ता समितिले गरेको कार्यको मूल्यांकन गरी रु.१,४२,५००।– भुक्तानी भएकोमा ईटा जोडाईको काम(१:६)को कार्यालयले गरेको दर बिश्लेषण अनुसार प्रति घन मी रु.१०,१७७।४५ भएकोमा रु.१०,८०९।२० का दरले भुक्तानी गरेको पाइएकोले ५.६३ घन मिटरको बढी भुक्तानी हुन गएको रु ३,५५६/- रकम असुल गर्नुपर्ने देखिन्छ ।

९.१. कोटीमाई मन्दीर भवन निर्माण समितिले गरेको कार्यको मूल्यांकन गरी रु.१,१९,०००।– भुक्तानी भएकोमा ईटा जोडाईको काम(१:६) को कार्यालयले गरेको दर बिश्लेषण अनुसार प्रति घन मीरु. १०,१७७।४५ भएकोमा रु.१०,८०९।२० का दरले भुक्तानी गरेको पाइएकोले ६.०१ घन मिटरको बढी भुक्तानी हुन गएको रकम रु ३,७९६/- असुल गर्नुपर्ने देखिन्छ ।

९.२. वि.ओ.क्यू.मा एज विल्ट ड्रईङ्ग वापत आईटम राखि कार्य सम्पन्न भएका निम्न निर्माण कार्यको भुक्तानी दिएकोमा एज विल्ट ड्रईङ्ग पेश नभएकोले एज विल्ट ड्रईङ्गपेश हुनुपर्ने अन्यथारु ४९,९३९/- असुल हुनुपर्ने देखिएको छ ।

१०. **भुक्तानी दिन बाँकी प्रमाण** : आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ४०(७) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोनुपर्ने भएमा विल भरपाई वमोजिमको रकम भुक्तानी वर्षमा भुक्तानी दिनपर्ने कारण खोली भुक्तानी दिन वांकीको कच्चावारीमा चढाई कार्यालयवाट प्रमाणित गराउनुपर्ने व्यवस्था छ । यस कार्यालयले ठे.नं.०७०६८।६९ को अन्तिम विल वापत आंशिक रकम आ.व.२०७१।७२ मा भुक्तानी दिएको र वांकी रकम भनी आ.व. २०७२।७३ मा भुक्तानी दिएको देखियो । आ.व.२०७१।७२ को भुक्तानी गर्न वांकी रकम भुक्तानी दिन वांकीको कच्चावारी प्रमाणित नगरी चालु आ.व.मा भुक्तानी दिएको रु ९,४१,१४७।०० नियमित भएन ।

११. **प्रोभिजनल सम** : प्रोभिजनल सम वापतको रकम भुक्तानी दिदा सक्कल विल भरपाई संलग्न गरी विल वमोजिमको रकम भुक्तानी दिनु पर्दछ । यस कार्यालयले निर्माण कार्यको एक आइटम वापत रु ४,८५,५७२/- भुक्तानी दिदा विल संलग्न नभएकोले सक्कल विल पेश हुनुपर्ने देखिन्छ ।

मूल्य वृद्वि दिदा विल अनुसारको भुक्तानी हुने प्रोभिजनल सम आईटममा भुक्तानी दिन हुदैन । यस कार्यालयले मूल्य वृद्वि भुक्तानी गर्दा प्रोभिजन सम आइटममा समेत मूल्य वृद्वि दिएकोले उक्त मूल्य वृद्वि वापतको रकम रु २,५३,५४०/- असुल हुनुपर्ने देखिन्छ ।

बिल अनुसारको कुल रकम प्रोभिजनल सम आइटममाभुक्तानी दिने हुनाले मूल्य अभिवृद्घि कर थप गरी भुक्तानी दिन हुदैन । यस कार्यालयले केही प्रोभिजनल सम आइटममा समेत मू.अ.कर थप गरी भुक्तानी दिएकोले मू.अ.कर थप वापतको रकम रु ६१,७४६/- असुल हुनुपर्ने देखिन्छ ।

१२. **वीमा :** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार निर्माण कार्यको विमा गराउनु पर्ने व्यवस्था छ । यस्तो बिमाले निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म हुने सबै हानि नोक्सानीलाई समेटनु पर्ने व्यबस्था छ । यस आयोजनाले निर्माण व्यवसायीसंग भएका कतिपय सम्झौतामा निर्माण कार्यमा संलग्न हुने प्राविधिक कर्मचारी, मजदुरको सामुहिक दुर्घटना बिमा र उक्त निर्माण कार्यको बिमा गराएको भएता पनि खरिद सम्झौताको म्याद थप गर्दा निर्माण कार्यको त्रुटी सच्याउने अवधी भन्दा एक महिना पछिसम्मको अवधिको बिमाको म्याद थप गर्ने गरेको देखिएन । यसरी तोकिएको अवधी सम्मको बिमा नगराएका निर्माण कार्यहरुको कार्यालय आफैंले बिमा गरी दिई ठेक्को रनिङ्ग बिलबाट उक्त भुक्तानी वापतको रकम कट्टा गर्नु पर्ने देखिन्छ ।

१३. **पेश्की जोखिम :** भैरहबा बसपार्कमा सटर विल्डीङ निर्माणि कार्यको ल-इ. रु.५०५६६५५।०८ (मू.अ.कर बाहेक) बमोजिम घटी कबोल गर्ने निर्माण व्यवसायी प्रितम विल्डर्स संग रु.३८७२४७७।१९ (मूअ कर बाहेक)मा २०७२।३।२० मा काम सम्पन्न गर्ने गरी २०७२।१२।१५ संझौता भएकोमा उक्त निर्माण कार्यको लागि रु.७,७०,०००।– पेश्की भुक्तानी दिएकोमा २०७२।३।३० सम्म जमानत भएको पेश्की जमानतपेश गरकोमा निजको पेश्की गो भौ.नं. १०/२०७३/३/१६ बाट प्रथम बिल रु.१३९३४५८।५६ भुक्तानी गर्दा रु. २४७०००।– कट्टा गरेकोमा रु.५२३०००।– अझै बांकी देखिन्छ, विमाको अवधि थपेको छैन । उक्त कार्यको लागि बजेट बिनियोजन नभएकोले काम अधुरै रहेको र पेश्की जमानत अवधि पनि सकिएकोले उक्त पेश्की रकम जोखिममा परेको देखिन्छ ।

१४. **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ र ठेक्का सम्झौतामा उल्लेख भएबमोजिम पेश्की/मोविलाइजेसन पेश्की फछ्र्यौट गर्नु पर्नेमा मोविलाइजेसन पेश्कीको हकमा म्याद बाँकी नै रहेको र अन्य पेश्की समयमै फछ्र्यौट गर्न ध्यान नदिएको कारण आर्थिक बर्षको अन्तमा पेश्की फछ्र्यौट हुन बाँकी रु.१,८७,००,०००/- देखिएकोले आर्थिक कार्यविधि नियमावली र ठेक्का सम्झौता बमोजिम फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

## शैक्षिक तालिम केन्द

१. **आन्तरिक नियन्त्रण :** बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको देखिएकोले यसमा सुधारगरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

२. **चौमासिक खर्चको स्थिति :** स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा कार्य सम्पादन गरी तोकिएको बजेट खर्च गर्नु पर्दछ । केन्द्रले बजेट २ उपशिर्षकमा कुल खर्च रु.५८१९००४/- भएको मध्ये १४ प्रतिशत प्रथम चौमासिकमा, २९ प्रतिशत दोस्रो चौमासिकमा, तेश्रो चौमासिकमा ५७ र ४५ प्रतिशत रकम असार महिनामा खर्च भएको देखिन्छ । बर्षको अन्तमा अत्यधिक खर्च भएबाट कामको गुणस्तरमा समेत असर पर्न सक्ने अबस्था रहेकोले स्वीकृत कार्यक्रम बमोजिम सन्तुलित रुपमा कार्य सम्पन्न गर्नु पर्दछ ।

३. **लक्ष्य प्रगति :** कार्यक्रम नम्वर २.१९.१.२ शैक्षिक तालिम केन्द्रबाट अगुवा श्रोत केन्द्रमा स्रोतव्यक्ति,रोष्टर द्वारा संचालन गर्ने टि.पि.डी/ प्र.अ.तालिमका लागि स्थलगत प्राबिधिक साहयता प्रदान गर्ने कार्यक्रमको भारित प्रगति ६३.६४ प्रतिशत मात्र देखाएकोछ । यस सम्बन्धमा छलफल गर्दा दैनिक भ्रमण खर्च शिर्षकमा रकम नपुग भएका कारण कम प्रगति भएको भनाइ रहेकोछ ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत ९६ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालय र ९ कार्यालयको आन्तरिक लेखापरीक्षण सम्बन्धित निकायको आन्तरिक लेखापरीक्षण शाखाबाट सम्पन्न भएको छ । आन्तरिक लेखापरिक्षण प्रतिवेदन अनुसार ८० कार्यालयको बेरुजू नदेखिएको जनाएको छ । यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका ३५ मध्ये निम्न ४ कार्यालयको रु.१९ लाख ३६ हजार बेरुजू बाकी देखिएको छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम (रु हजारमा) |
|---|---|---|---|---|
| १ | बाणिज्य कार्यालय, | २९२२१ | कार्यक्रम फरक पारी खर्च गरेको | ८०८ |
| २ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | विभिन्न | मोबिलाइजेशन पेश्की फछ्र्यौट हुन बाँकी रहेको रु. | ११२५ |
| | | विभिन्न | राजश्व खातामा जम्मा गर्नुपर्ने रकम धरौटी खातामा राखेकोले उक्त रकम राजश्व दाखिला गर्नुपर्ने रु. | ३ |
| ३ | कृषि र पशु विज्ञान अध्ययन संस्थान | विभिन्न | पनि मर्मत तथा खरिद कार्य गर्दा खरिद माग पत्र प्राप्त गर्नु पर्नेमा सो नगरेको, सम्बन्धित व्यक्ति वा फर्मबाट पूर्व लागत अनुमान तयार गरी कार्य गर्नुपर्नेमा सो नगरेको,सवारी साधन पटक पटक मर्मत गरेको बिल भुक्तानी भएकोमा पुरानो सामान स्टोर फिर्ता भएको नदेखिएको, परीक्षा संचालन गर्न डिन कार्यालयबाट पठाएको | सैदान्तिक |
| ४ | कोरिया नेपाल इन्स्टिच्युट अफ टेक्नोलोजी | विभिन्न | बांकी मौज्दात रु ३७७८७३७– देखाएकोमा यो वर्ष रु ३५५१८८३।– मात्र जिम्मेवारी सारेकोले फरक परेको रु २२६८५४।–, धरौटी खातामा ट्रान्सफर नगरी आर्जन कोष खातामै जम्मा नगरेको | सैदान्तिक |
| | | | **जम्मा** | **१९,३६** |

**(विश्वनाथ रेग्मी)**
**नायव महालेखा परीक्षक**

अनुसूची १

## लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

**लेखापरीक्षण विधिः विस्तृत** (रु लाखमा)

| क्र.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | उच्च अदालत बुटवल | ४९५ | ९.७ | ९० | ० | ५९४.७ |
| २. | जिल्ला अदालत | ४२२ | १३९७ | ८८२ | ० | २७०१ |
| ३. | उच्च सरकारी वकिल कार्यालय | २०८ | ०.३५ | ६ | ० | २१४.३५ |
| ४. | जिल्ला सरकारी वकिल कार्यालय | ४९ | ० | ० | ० | ४९ |
| ५. | जिल्ला निर्वाचन कार्यालय | ७९० | ०.४५ | ० | ० | ७९०.४५ |
| ६. | घरेलु तथा साना उद्योग कार्यालय | १०४ | ८७ | ५ | ० | १९६ |
| ७. | जिल्ला विकास समितिको कार्यालय | ६७६० | ११५ | ४७५ | ५६१२ | १२९६२ |
| ८. | जिल्ला प्राविधिक कार्यालय | १४४९ | ०.९ | ४५ | ० | १४९४.९ |
| ९. | स्थानीय विकास कोषको सचिवालय | ० | ० | ० | १९१ | १९१ |
| १०. | आन्तरिक राजश्व कार्यालय, बुटवल | १८४ | ३१५०१ | १६१ | ४८ | ३१८९४ |
| ११. | आन्तरिक राजश्व कार्यालय, भैरहवा | २११ | ४३२०३० | ६७ | २०५ | ४३२५१३ |
| १२. | नम्बर २२ बाहिनी | १०६६ | ३ | २८ | ० | १०९७ |
| १३. | सैनिक ब्याटल स्कुल | ८९६ | ० | ३४ | ० | ९३० |
| १४. | नम्बर २ ग्यारिजन गण | १९०४ | ०.३१ | १३ | ० | १९१७.३१ |
| १५. | इश्वरी बक्स गुल्म | ४१२ | ०.००९ | ५ | ० | ४१७.००९ |
| १६. | मालपोत कार्यालय, भैरहवा | १७५ | ५८७२ | ८६ | ६४४८ | १२५८१ |
| १७. | डिभिजन सहकारी कार्यालय, | ६७ | २ | २ | ० | ७१ |
| १८. | मत्स्य विकास केन्द्र, | १८३ | ४५ | ८ | १ | २३७ |
| १९. | राष्ट्रिय गहुवाली अनुसन्धान कार्यक्रम | ५४६ | ४६ | २० | १०० | ७१२ |
| २०. | भैरहवा लुम्बिनी भूमिगत सिंचाइ व्यवस्थापन डिभिजन | ७२० | ३ | १३० | ० | ८५३ |
| २१. | भूमीगत जल सिंचाइ विकास डिभिजन | ६८९ | ० | २४ | ० | ७१३ |
| २२. | भूमिगत जलश्रोत विकास समिति शाखा कार्यालय | ३९६ | ० | १६३ | ० | ५५९ |
| २३. | जनताको तटवन्ध फिल्ड कार्यालय | ७६२ | ५७ | ५२ | ० | ८७१ |
| २४. | सिंचाइ विकास डिभिजन, | १३९४ | ८ | ११० | ० | १५१२ |
| २५. | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन, | १२८९ | ० | ३२ | ० | १३२१ |
| २६. | डिभिजन सडक कार्यालय वुटवल | १०३१२ | १३८ | १३१७ | १७४१ | १३५०८ |
| २७. | लुम्बिनी परिक्रमा, बर्दघाट पालडाडा त्रिवेणी सडक योजना | ११०४ | ० | ० | ० | ११०४ |
| २८. | यातायात व्यवस्था कार्यालय (सवारी) बुटवल | ३२४ | १०६४७ | १५ | ० | १०९८६ |
| २९. | यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमती पत्र | १२५ | ७१४ | ० | ० | ८३९ |
| ३०. | यातायात व्यवस्था सेवा कार्यालय, भैरहवा | २९ | ८१५ | ० | ० | ८४४ |
| ३१. | शहरी बिकास तथा भवन निर्माण डिभिजन कार्यालय | २४४१ | १५ | २३६ | १०० | २७९२ |
| ३२. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | २७०२ | ५ | १८७ | ३ | २८९७ |
| ३३. | जिल्ला वन कार्यालय | ७०१ | ३६७ | १३४ | ७८८ | १९९० |
| ३४. | जिल्ला भू-संरक्षण कार्यालय | २८६ | ० | ० | ० | २८६ |
| ३५. | जिल्ला प्रहरी कार्यालय | १८४२ | ० | १३ | ३७१ | २२२६ |
| ३६. | दंगा नियन्त्रण प्रहरी गण | १८५८ | ० | १७ | ० | १८७५ |
| ३७. | ईलाका प्रशासन कार्यालय, बुटवल | ५६ | ८१५ | १ | ० | ८७२ |
| ३८. | जिल्ला कारागार कार्यालय | २२९ | २१ | ० | ५ | २५५ |
| ३९. | ईलाका प्रहरी कार्यालय, बुटवल | ५८१ | ० | ० | ० | ५८१ |
| ४०. | ईलाका प्रहरी कार्यालय, लुम्बिनी | १६७ | ० | ० | ० | १६७ |
| ४१. | अध्यागमन कार्यालय | ४६ | ८७३ | ० | ० | ९१९ |
| ४२. | जिल्ला प्रशासन कार्यालय | २७५ | ६७६ | २६९ | ५१९ | १७३९ |
| ४३. | क्षेत्रीय प्रहरी तालिम केन्द्र ,बुटवल | ९०५ | ८ | १२ | ० | ९२५ |
| ४४. | पश्चिमाञ्चल क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय | २५२ | १२१ | ० | ० | ३७३ |
| ४५. | वडा प्रहरी कार्यालय,बुटवल | २७५ | ० | ० | ० | २७५ |

| क्र.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| ४६. | स.प.बल सिमा सुरक्षा कार्यालय | १३६५ | ० | २० | ० | १३८५ |
| ४७. | स.प्र.बल राजश्व तथा भंसार सुरक्षा गस्ती | २६० | ० | २ | ० | २६२ |
| ४८. | स. प्र. बल राजश्व चुहावट नियन्त्रण गुल्म | २४१ | ० | १ | ० | २४२ |
| ४९. | स.प्र.बल औद्योगिक सुरक्षाबल | ५७३ | ० | ११ | ० | ५८४ |
| ५०. | जिल्ला पशु सेवा कार्यालय, | ४५३ | ४ | २ | १८ | ४७७ |
| ५१. | जिल्ला कृषि विकास कार्यालय, | ५८८ | १ | २ | ९ | ६०० |
| ५२. | जिल्ला हुलाक कार्यालय, | ३८१ | ५६ | ३ | २४० | ६८० |
| ५३. | महिला तथा वालवालिका कायांलय | २७७ | ० | ५ | ६४ | ३४६ |
| ५४. | लुम्बिनी बिकास कोष (२०७१।७२ र २०७२।७३) | १३२५९ | ९३८ | ३७३ | ० | १४५७० |
| ५५. | पर्यटन कार्यालय | ९८३ | ३ | ० | ० | ९८६ |
| ५६. | व्यापारिक मार्ग विस्तार आयोजना, बुटवल | ५९८८ | ४ | ८०१ | ० | ६७९३ |
| ५७. | किसानकालागि उन्नत बिउबिजन कार्यकम | ४९०७ | १६ | ७५ | ० | ४९९८ |
| ५८. | कोष तथा लेखा नियन्त्रक कार्यालय | १४३ | ०.५ | ०.९७ | ० | १४४.४७ |
| ५९. | जिल्ला जनस्वास्थ्य कार्यालय | १२१ | २० | १३ | ० | १५४ |
| ६०. | जिल्ला शिक्षा कार्यालय | १५२९५ | ५३४ | ० | ११८ | १५९४७ |
| ६१. | पश्चिमान्चल क्षेत्रीय मेडिकल स्टोर, बुटवल | ४७ | ०.०४ | २ | २ | ५१.०४ |
| ६२. | बुटवल बहुमुखी क्याम्पस, बुटवल | ० | ० | ० | ११२८ | ११२८ |
| ६३. | भीम अस्पताल भैरहवा | ३१७ | १ | ३३ | १६७ | ५१८ |
| ६४. | भैरहवा बहुमुखी क्याम्पस, भैरहवा | ० | ० | ० | ५३७ | ५३७ |
| ६५. | भैरहवा भन्सार कार्यालय वेलहिया | ८४८ | ६२४४५१ | २०० | ६६१३०४ | १२८६८०३ |
| ६६. | राजस्व अनुसन्धान पश्चिमान्चल क्षेत्रीय कार्यालय | १६२ | १ | ६११ | ० | ७७४ |
| ६७. | राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय,बुटवल | ० | ० | ० | १९९० | १९९० |
| ६८. | लुम्बिनी अंचल अस्पताल , बुटवल | १४२० | ५२ | १९ | २३५१ | ३८४२ |
| ६९. | लुम्बिनी बौद्ध विश्वविद्यालय, केन्द्रीय कार्यालय/केन्द्रीय क्याम्पस, पर्सा, चौरा | ० | ० | ० | ११६ | ११६ |
| ७०. | शैक्षिक तालिम केन्द्र, | १०८ | ०.५५ | ० | ० | १०८.५५ |
| | **जम्मा** | **९३४१७** | **१११२४७५** | **६८१३** | **६८४१७६** | **१८९६८८१** |

**लेखापरीक्षण विधिः आन्तरिक लेखा परीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा**

| क्र.स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग क्षे.का. | ११५ | ० | ० | ० | ११५ |
| २. | लोक सेवा आयोग अंचल कार्यालय | ११७ | १०८ | ०.५८ | ० | २२५.५८ |
| ३. | अंचल प्रहरी कार्यालय, भैरहवा | ३२६ | १ | ० | ० | ३२७ |
| ४. | अंचल शसस्त्र गुल्म लुम्विनी | ३८० | ० | ० | ० | ३८० |
| ५. | इलाका प्रहरी कार्यालय, सालझण्डी | ९८ | ० | ० | ० | ९८ |
| ६. | इलाका प्रहरी कार्यालय,रन्यौरा | ८२ | ० | ० | ० | ८२ |
| ७. | इलाका प्रहरी कार्यालय,सूर्यपूरा | ११० | ० | ० | ० | ११० |
| ८. | इलाका प्रहरी कार्यालय,रुद्रपुर | ७७ | ० | ० | ० | ७७ |
| ९. | इलाका प्रहरी कार्यालय,छपिया | ९० | ० | ० | ० | ९० |
| १०. | इलाका प्रहरी कार्यालय,बेहलिया | १३७ | ० | ० | ० | १३७ |
| ११. | इलाका प्रहरी कार्यालय,मझगांवा | १४७ | ० | ० | ० | १४७ |
| १२. | इलाका प्रहरी कार्यालय,मर्चवार | २६७ | ० | ० | ० | २६७ |
| १३. | इलाका प्रशासन कार्यालय,मझगांवा | ११ | ० | ० | ० | ११ |
| १४. | इलाका हुलाक कार्यालय, बुटवल | ० | ५१ | ३ | १८ | ७२ |
| १५. | कृषि र पशु विज्ञान अध्ययन संस्थान, पक्लिहवा क्याम्पस, | ० | ० | ० | ५०१ | ५०१ |
| १६. | कोरिया नेपाल इन्स्टिच्युट अफ टेक्नोलोजी, तामनगर बुटवल | ० | ० | ० | ६८४ | ६८४ |
| १७. | जब्बरजंग गण | २२७७ | ०.१७ | २३ | ० | २३००.१७ |
| १८. | नम्बर २ तालिम गण, सैनामैना | १४८६ | ०.०४ | १४ | ० | १५००.०४ |

| क.स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १९. | नम्बर २२ फि.ए. गुल्म | २०१ | ० | ० | ० | २०१ |
| २०. | नापी कार्यालय, बुटवल | ८३ | ५१ | ०.८ | २ | १३६.८ |
| २१. | नापी कार्यालय, भैरहवा | १९३ | ५६ | ०.१७ | १५ | २६४.१७ |
| २२. | पशु क्वारेन्दाईन कार्यालय, भैरहवा | ८५ | १ | ५ | ० | ९१ |
| २३. | बाणिज्य कार्यालय | ६० | २०२ | ०.४ | ० | २६२.४ |
| २४. | बालकल्याण गृह, बुटवल | ३९ | ० | २ | ० | ४१ |
| २५. | मालपोत कार्यालय, बुटवल | ८१ | ३७१८ | २१ | ० | ३८२० |
| २६. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ११० | ० | ० | १ | १११ |
| २७. | राष्ट्रिय मानवअधिकार उ.क्षे. कार्यालय | ४४ | ० | ० | ० | ४४ |
| २८. | राष्ट्रिय ग्रामिण यातायात सुदृढीकरण कार्यक्रम | २३४ | ० | ० | ० | २३४ |
| २९. | लुम्विनी अंचल आयुर्वेद औषधालय | ११६ | ०.१ | ०.२ | ० | ११६.३ |
| ३०. | वडा प्रहरी कार्यालय, भैरहवा | २५७ | ० | ० | ० | २५७ |
| ३१. | सिप विकास तालिम केन्द्र | १४९ | ०.३ | ६ | ० | १५५.३ |
| ३२. | श्रम कार्यालय तथा रोजगार सूचना केन्द्र | ४५ | ०.५५ | ० | ०.२ | ४५.७५ |
| ३३. | क्षेत्रिय प्लान्ट क्वारेन्टाईन कार्यालय, | ४२ | ६ | ३ | ० | ५१ |
| ३४. | क्षेत्रिय विउविजन प्रयोगशाला, | ७५ | ८ | ५ | १ | ८९ |
| ३५. | क्षेत्रीय खाध प्रविधि तथा गुण नियन्त्रण कार्यालय | ११० | ५७ | ० | ० | १६७ |
| | **जम्मा** | **७६४४** | **४२६०.१६** | **८४.२** | **१२२२.२** | **१३२१०.५१** |
| | **कुल जम्मा** | **१०१०६१** | **१११६७३५** | **६८९७** | **६८५३९८** | **१९१००९१** |

अनुसूची २

## बेरुजूको स्थिति

(रु हजारमा)

| क्र. सं. | कार्यालयको नाम | शुरु बेरुजू | | प्रतिक्रियाबाट फछ्यौट एवं समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिया बाट | जम्मा |
| १. | उच्च अदालत बुटवल | ८ | १४०१ | ० | ० | ८ | १२८ | ९२ | ११८१ | १४०१ | ० | ० | ० |
| २. | जिल्ला अदालत | ६ | २६४ | ४ | २३४ | २ | ३० | ० | ० | ३० | ० | २३४ | २३४ |
| ३. | उच्च सरकारी वकिल कार्यालय | ५ | ४९९ | २ | ० | ३ | ० | ४९९ | ० | ४९९ | ० | ० | ० |
| ४. | जिल्ला सरकारी वकिल कार्यालय | २ | १६६ | १ | ० | १ | ० | १६६ | ० | १६६ | ० | ० | ० |
| ५. | घरेलु तथा साना उद्योग कार्यालय | १० | ० | ४ | ० | ६ | ० | ० | ० | ० | ० | ० | ० |
| ६. | जिल्ला विकास समितिको कार्यालय | ७६ | ८२४२३ | २८ | ० | ४८ | ६२४४ | १८३९२ | ५७७८७ | ८२४२३ | ६.४ | ० | ६.४ |
| ७. | जिल्ला प्राविधिक कार्यालय | ९ | ४३०० | २ | ० | ७ | ० | ० | ४३०० | ४३०० | ० | ० | ० |
| ८. | स्थानीय विकास कोषको सचिवालय | ३ | ० | ० | ० | ३ | ० | ० | ० | ० | २१ | ० | २१ |
| ९. | आन्तरिक राजश्व कार्यालय, बुटवल | ५४ | ५७१८७ | १५ | ० | ३९ | २९०३६ | २८१५१ | ० | ५७१८७ | ० | ० | ० |
| १०. | आन्तरिक राजश्व कार्यालय, भैरहवा | ६१ | १३२५१४ | १७ | १३६६ | ४४ | ५०८५८ | ८०२९० | ० | १३११४८ | ० | ० | ० |
| ११. | मालपोत कार्यालय, भैरहवा | १२ | १३८३ | ६ | ० | ६ | १३८३ | ० | ० | १३८३ | ० | ० | ० |
| १२. | डिभिजन सहकारी कार्यालय, | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| १३. | मत्स्य विकास केन्द्र, | ३ | ० | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० |
| १४. | राष्ट्रिय गहुवाली अनुसन्धान कार्यक्रम | ६ | ३३२ | ० | ० | ६ | ० | ३३२ | ० | ३३२ | ० | ० | ० |
| १५. | भैरहवा लुम्बिनी भूमिगत सिंचाइ व्यवस्थापन डिभिजन | १८ | ५६३६ | ९ | ० | ९ | १३ | ४४०३ | १२२० | ५६३६ | ० | ० | ० |
| १६. | भूमीगत जल सिंचाइ विकास डिभिजन | २७ | २७९२ | १९ | ० | ८ | २० | २७७२ | ० | २७९२ | ० | ० | ० |
| १७. | भूमिगत जलश्रोत विकास समिति शाखा कार्यालय | २४ | १०९७ | २० | ० | ४ | ० | १०९७ | ० | १०९७ | ० | ० | ० |
| १८. | जनताको तटवन्ध फिल्ड कार्यालय | १६ | ४२५४ | १० | ० | ६ | ५६० | ३६९४ | ० | ४२५४ | ० | ० | ० |
| १९. | सिंचाइ विकास डिभिजन, | २३ | ४०८७४ | ११ | ० | १२ | ४४ | ९४५५ | ३१३७५ | ४०८७४ | ० | ० | ० |
| २०. | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन, | १७ | ४७८० | १२ | ० | ५ | ० | ४७८० | ० | ४७८० | ० | ० | ० |
| २१. | डिभिजन सडक कार्यालय वुटवल | ८३ | ३०८८०२ | ६४ | ० | १९ | ३६२२ | ३७०५१ | २६८१२९ | ३०८८०२ | ० | ० | ० |
| २२. | लुम्बिनी परिक्रमा, बर्दघाट पालडाडा त्रिवेणी सडक योजना | १४ | २१२११ | ७ | ६३०४ | ७ | ० | ६१५० | ८७५७ | १४९०७ | ० | ० | ० |
| २३. | अञ्चल यातायात व्यवस्था कार्यालय बुटवल | १५ | १२ | ९ | ० | ६ | १२ | ० | ० | १२ | ० | ० | ० |
| २४. | यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमती पत्र | ९ | ० | ५ | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० |
| २५. | शहरी बिकास तथा भवन निर्माण डिभिजन कार्यालय | २० | २४०८३ | ६ | ० | १४ | ३२३ | ५०६० | १८७०० | २४०८३ | ५ | ० | ५ |
| २६. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ११ | ४७९६७ | ० | ० | ११ | ४४२ | २५७७ | ४४९४८ | ४७९६७ | ० | ० | ० |
| २७. | जिल्ला वन कार्यालय | १८ | १४४२ | ३ | ० | १५ | ५५ | ० | १३८७ | १४४२ | १५० | ० | १५० |
| २८. | जिल्ला भू-संरक्षण कार्यालय | २३ | ० | १८ | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० |
| २९. | जिल्ला प्रहरी कार्यालय | ३ | ० | १ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |

| क. सं. | कार्यालयको नाम | शुरु बेरुजू | | प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिया बाट | जम्मा |
| ३०. | दंगा नियन्त्रण प्रहरी गण | ४ | १८१२ | २ | ० | २ | ० | ० | १८१२ | १८१२ | ० | ० | ० |
| ३१. | कारागार कार्यालय | ३ | ३१५ | १ | ० | २ | ० | ३१५ | ० | ३१५ | ० | ० | ० |
| ३२. | जिल्ला प्रशासन कार्यालय | ५ | ४१९ | ० | ० | ५ | ० | ४१९ | ० | ४१९ | ० | ० | ० |
| ३३. | क्षेत्रीय प्रहरी तालिम केन्द्र ,बुटवल | ३ | ० | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० |
| ३४. | जिल्ला पशु सेवा कार्यालय, | १५ | १५९ | ७ | ० | ८ | ६० | १९ | ८० | १५९ | ० | ० | ० |
| ३५. | जिल्ला कृषि विकास कार्यालय, | ११ | ११ | ५ | ११ | ६ | ० | ० | ० | ० | ० | ० | ० |
| ३६. | जिल्ला हुलाक कार्यालय, | ९ | ० | ८ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ३७. | श्री महिला तथा वालवालिका कायांलय | ६ | ० | ५ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ३८. | लुम्बिनी विकास कोष | १२५ | २८८६४८ | ७९ | ० | ४६ | ११४६२४ | ९५१२५ | ७८८९९ | २८८६४८ | ३७९४२ | ० | ३७९४२ |
| ३९. | पर्यटन कार्यालय | १९ | ६९७ | १२ | ० | ७ | ० | ६९७ | ० | ६९७ | ० | ० | ० |
| ४०. | व्यापारिक मार्ग विस्तार आयोजना, बुटवल | ३० | २३४३१३ | २० | ० | १० | २५०३ | ८९७७ | २२२८३३ | २३४३१३ | ० | ० | ० |
| ४१. | किसानकालागि उन्नत बिउबिजन कार्यक्रम | २४ | ११६९५ | १४ | ११६९५ | १० | ० | ० | ० | ० | ० | ० | ० |
| ४२. | राष्टिय अनुसन्धान जिल्ला कार्यालय | १ | ११२८ | ० | ० | १ | ३ | ० | ११२५ | ११२८ | ० | ० | ० |
| ४३. | कोष तथा लेखा नियन्त्रक कार्यालय | ४ | ० | २ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| ४४. | जिल्ला जनस्वास्थ्य कार्यालय, | २७ | ५०२९ | १२ | ० | १५ | १४० | २३६२ | २५२७ | ५०२९ | ० | ० | ० |
| ४५. | जिल्ला शिक्षा कार्यालय , | २८ | २६०२५९ | १६ | ० | १२ | १६४९ | २५८६१० | ० | २६०२५९ | ० | ० | ० |
| ४६. | पश्चिमान्चल क्षेत्रीय मेडिकल स्टोर, बुटवल | १४ | १८७२ | ६ | ० | ८ | ० | १८७२ | ० | १८७२ | ० | ० | ० |
| ४७. | बुटवल बहुमुखी क्याम्पस, बुटवल | २२ | २७६५७ | १३ | ० | ९ | ६ | २७६५१ | ० | २७६५७ | ० | ० | ० |
| ४८. | भीम अस्पताल भैरहवा | १७ | २५४५ | १ | ० | १६ | २५४५ | ० | ० | २५४५ | ० | ० | ० |
| ४९. | भैरहवा बहुमुखी क्याम्पस, भैरहवा | २५ | ३३५४ | १७ | ० | ८ | २२१ | ३१३३ | ० | ३३५४ | ० | ० | ० |
| ५०. | भैरहवा भन्सार कार्यालय वेलहिया | ४४ | १८३२८५ | २० | ० | २४ | १८२९३१ | ० | ३५४ | १८३२८५ | ० | ० | ० |
| ५१. | राजस्व अनुसन्धान पश्चिमान्चल क्षेत्रीय कार्यालय | ७ | ५२५१९ | ३ | ० | ४ | ९६४८ | ४२८७१ | ० | ५२५१९ | ० | ० | ० |
| ५२. | राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय,बुटवल | २ | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ५३. | लुम्बिनी अंचल अस्पताल , बुटवल | २५ | २३१२८ | ११ | ० | १४ | १३९० | १२२८ | २०५१० | २३१२८ | ० | ० | ० |
| ५४. | लुम्बिनी बौद्ध विश्वविद्यालय, पर्सा, चौरा | ६ | १५९५ | १ | ० | ५ | १५९५ | ० | ० | १५९५ | ० | ० | ० |
| ५५. | शैक्षिक तालिम केन्द्र, | ३ | ० | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० |
| ५६. | कोरिया नेपाल इन्स्टिच्युट अफ टेक्नोलोजी, तामनगर | ८ | ८५५ | ६ | ० | २ | ० | ८५५ | ० | ८५५ | ० | ० | ० |
| ५७. | कृषि र पशु विज्ञान अध्ययन संस्थान, पक्लिहवा क्याम्पस, | ८ | ० | ४ | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० |
| ५८. | वाणिज्य कार्यालय | १ | ८०८ | ० | ० | १ | ० | ८०८ | ० | ८०८ | ० | ० | ० |
| | | **१०७३** | **१८४५५२२** | **५३९** | **१९६१०** | **५३४** | **४१००८५** | **६४९९०३** | **७६५९२४** | **१८२५९१२** | **३८१२४** | **२३४** | **३८३५८** |

**द्रष्टव्यः** *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ ।*
*प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ ।*

# जिल्ला बिकास समितिको आय व्यय बिबरण

| आय शिर्षक | | व्यय शीर्षक | |
|---|---|---|---|
| **शुरु मौज्दात** | २६०७०६५२१।३२ | | |
| **आन्तरिक श्रोत** | | जिविस कोष संचालन | ३३३०००८८।६० |
| आन्तरिक श्रोत | १९६०७९६९९।३९ | जिविस कोष पुजिगत | १७६०२४६९३।२० |
| राजस्व बाँडफाँडबाट प्राप्त | ३६९७०८४९।०० | गाविस अनुदान | १४१८४००००।०० |
| गाविस अनुदान | १४१८४००००।०० | जिविस अनुदान | ६०४८७६२३।०० |
| जिविस अनुदान | ६०४८७६२३।०० | सडक बोर्ड | ४७०००४८।०० |
| विकृन्द्रीत वित्त विकास तथा व्यवस्था कार्यक्रम | | वैकल्पिक उर्जा विकास कार्यक्रम | ९५७२६०।०० |
| सडक बोर्ड | ४७०००४८।०० | पश्चिम नेपाल ग्रामीण खानेपानी तथा स.स. | १५८८३२४९।०० |
| वैकल्पिक उर्जा विकास कार्यक्रम | ९२०४७२।०० | स्थानीय विकास कोष | |
| पश्चिम नेपाल ग्रामीण खानेपानी तथा स.स. | १०९५२९५३।०० | राममणिग्राम मावि, आनन्दवन | ३२९७२०१।०० |
| ग्रा.खा.पा. तथा स.स. पुरानो | | नेपाल स्थानीय जलवायु | २७५०००।०० |
| स्थानीय विकास कोष | ३७३०८६।०० | अन्य | |
| नेपाल स्थानीय जलवायु कार्यक्रम | | आवधिक जिल्ला विकास योजना | १२०००००।०० |
| मणिग्राम मावि, आनन्दवन | | मर्मत संभार कोष | ६५६८९८५।०० |
| आवधिक जिल्ला विकास योजना | | प्रकोप व्यवस्थापन कोष | ८०८०००।०० |
| अन्य | ६१७८९०।०० | मानव संसाधन विकास कोष | २१३५००।०० |
| मर्मत संभार कोष | ८००००००।०० | वातावरण विकास कोष | ३५७८१८०।०० |
| प्रकोप व्यवस्थापन कोष | १००००००।०० | गरिवी निवारण तथा सा.प. कार्यक्रम | |
| मानव संसाधन विकास कोष | ५०००००।०० | महिला तथा बाल विकास कोष | |
| वातावरण विकास कोष | ६००००००।०० | स्थानीय विकास कोष | |
| गरिवी निवारण तथा सा.प. कार्यक्रम | ५००००।०० | कर्मचारी कल्याण कोष | ७३३६५३७।०९ |
| महिला तथा बाल विकास कोष | ५००००।०० | धरौटी | २४२७६२७८।५० |
| स्थानीय विकास कोष | ५००००।०० | | |
| कर्मचारी कल्याण कोष | ७०००१४४।७१ | | |
| धरौटी | २६८७७५७१।०० | | |
| | | **कोष तर्फको जम्मा** | **४८०७४६६४३।३९** |
| | | **केन्द्रिय बजेट तर्फ** | |
| **कोष तर्फको जम्मा** | **७६३१७६८५७४२** | सामाजिक सुरक्षा | २५१४७६५०६।०० |
| **केन्द्रिय बजेट तर्फ** | | पश्चिम नेपाल ग्रामीण खानेपानी | १३०३१०९४।०० |
| सामाजिक सुरक्षा | २५१४७६५०६।०० | युवा तथा खेलकुद मन्त्रालय | |
| पश्चिम नेपाल ग्रामीण खानेपानी | १३०३१०९४।०० | राष्ट्रिय विकास स्वयं सेवक | ३४३२००।०० |
| युवा तथा खेलकुद मन्त्रालय | | उपेक्षित, उत्पिडित र दलित वर्ग उत्थान | १८७५००।०० |
| राष्ट्रिय विकास स्वयं सेवक | ३४३२००।०० | लोपोन्मुख आदिवासी/जनजाति उत्थान | |
| उपेक्षित, उत्पिडित र दलित वर्ग उत्थान | १८७५००।०० | गुम्बा व्यवस्थापन | १९७६१५।०० |
| लोपोन्मुख आदिवासी/जनजाति उत्थान | | विद्युत विकास | १०१७५०००।०० |
| गुम्बा व्यवस्थापन | १९७६१५।०० | स्थानीय शासन तथा सामुदायिक विकास | २३५७५९१७।०० |
| विद्युत विकास | १०१७५०००।०० | पिछडिएको उत्थान विकास कार्यक्रम | ४६८१६७।०० |
| स्थानीय शासन तथा सामुदायिक विकास | २३५७५९१७।०० | झो.पु. क्षेत्रगत कार्यक्रम | १०८४७१०६।०० |
| पिछडिएको उत्थान विकास कार्यक्रम | ४६८१६७।०० | स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुच | २९८४५२४०।०० |
| झो.पु. क्षेत्रगत कार्यक्रम | १०८४७१०६।०० | ग्रामीण खानेपानी तथा स.स. | १६३१०६४।०० |
| स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुच | २९८४५२४०।०० | स्थानीय पूर्वाधार सिंचाई विकास | ६२३६८४१।०० |
| स्थानीय पूर्वाधार सिंचाई विकास | ६२३६८४१।०० | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | १६३२००६१।०० |
| ग्रामीण खानेपानी तथा स.स. | १६३१०६४।०० | आर्थिक केन्द तथा दुई जिल्ला जोड्ने | १२९१४९१५।०० |
| स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | १६३२००६१।०० | पश्चिम नेपाल ग्रामीण खानेपानी | ७९९५४३२।०० |
| आर्थिक केन्द तथा दुई जिल्ला जोड्ने | १२९१४९१५।०० | ग्रामीण खानेपानी तथा स.स. | ३४४०९७८।०० |
| पश्चिम नेपाल ग्रामीण खानेपानी | ७९९५४३२।०० | स्थानीय शासन तथा सामुदायिक विकास | |
| ग्रामीण खानेपानी तथा स.स. | ३४४०९७८।०० | शान्ति तथा पुन निर्माण मन्त्रालय | १०४६४००।०० |
| स्थानीय शासन तथा सामुदायिक विकास | | स्थानीय निकाय वित्तिय आयोग | ३९२०००।०० |
| शान्ति तथा पुन निर्माण मन्त्रालय | १०४६४००।०० | निर्वाचन क्षेत्र विकास कार्यक्रम | १२५३२३९५३।०० |

| आय शिर्षक | | व्यय शीर्षक | |
|---|---|---|---|
| स्थानीय निकाय वित्तिय आयोग | ३९२०००।०० | संस्कृति प्रवर्द्धन कार्यक्रम | १३२२५४७६।०० |
| निर्वाचन क्षेत्र विकास कार्यक्रम | १२५३२३९५३।०० | गरिवसंग विश्वश्वर कार्यक्रम | २७९७८६६।०० |
| संस्कृति प्रवर्द्धन कार्यक्रम | १३२२५४७६।०० | संचित बिदा | ६४६,३३०।०० |
| गरिवसंग विश्वश्वर कार्यक्रम | २७९७८६६।०० | औषधी उपचार | ८७४,३६८।०० |
| संचित बिदा | ६४६,३३०।०० | | |
| औषधी उपचार | ८७४,३६८।०० | **केन्द्रिय तर्फको जम्मा** | **५३२९९३०२९।००** |
| उपदान | | **सापटी खर्च** | |
| **केन्द्रिय बजेट तर्फको जम्मा** | **५३२९९३०२९।००** | **बैंक मौज्दात** | **२८२४३०२१४।०३** |
| | | ग-४-३ | २०३२२१७४३।१७ |
| | | ग-४-४ | |
| | | ग-४-५ | ११५७७५९५।५० |
| | | मर्मत संभार कोष | ९२६०६६२।०० |
| | | | २६२०९४६।०० |
| | | | ५७६५२८५।०० |
| | | | १४८६२१८६।०० |
| | | | ९०८३३३।०० |
| | | | ३२८४००९।५० |
| | | | ४०००००।०० |
| | | | ७२३६१८५।९३ |
| | | | २३२९३२६७।९३ |
| **केन्द्रिय र कोष तर्फको कूल जम्मा** | **१२९६१६९८८६।४२** | **केन्द्रिय र कोष तर्फको कूल जम्मा** | **१२९६१६९८८६।४२** |

अनुसूची ४

## जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १. | उच्च अदालत बुटवल | श्री भिम कुमार श्रेष्ठ | श्री धनीश्वर पोखरेल |
| २. | जिल्ला अदालत | श्री खिमानन्द पाण्डे | श्री रुक बहादुर भण्डारी |
| ३. | उच्च सरकारी वकिल कार्यालय | श्री धुव कुमार भट्टराई | श्री गोपाल प्रसाद ज्ञवाली |
| ४. | जिल्ला सरकारी वकिल कार्यालय | श्री कुल प्रसाद पाण्डे | श्री उमा कुमारी के.सी. |
| ५. | घरेलु तथा साना उद्योग कार्यालय | श्री डण्डपानी भुषाल | श्री शिवलाल अर्याल |
| ६. | जिल्ला विकास समितिको कार्यालय | श्री युवराज सुवेदी | श्री अब्दुल गफार खाँ |
| ७. | जिल्ला प्राविधिक कार्यालय | श्री पुष्कर प्रसाद पोखरेल | श्री नरेन्द्र प्रसाद गैरे |
| ८. | आन्तरिक राजश्व कार्यालय, बुटवल | श्री दुर्गादत्त भण्डारी | श्री बाबुलाल नेपाल |
| ९. | आन्तरिक राजश्व कार्यालय, भैरहवा | श्री महाराज कोइराला | श्री हरिप्रसाद दुवे |
| १०. | मालपोत कार्यालय, भैरहवा | श्री शिव प्रसाद रेग्मी | श्री अरुण कुमार कर्ण |
| ११. | डिभिजन सहकारी कार्यालय, | श्री नेत्र प्रसाद घिमिरे | श्री राम ब. सोमरे, श्री कमल लम्साल |
| १२. | मत्स्य विकास केन्द्र, | श्री महेशचन्द गुप्ता | श्री राजु पन्थी |
| १३. | राष्ट्रिय गहुवाली अनुसन्धान कार्यक्रम | श्री शेष रमण उपाध्याय | श्री धनश्याम शर्मा |
| १४. | भैरहवा लुम्विनी भूमिगत सिंचाइ व्यवस्थापन डिभिजन | श्री इच्छा कुमार श्रेष्ठ | श्री बिमल कुमार श्रेष्ठ र श्री बिकास श्रेष्ठ |
| १५. | भूमीगत जल सिंचाइ विकास डिभिजन | श्री सुरेन्द्रमान शाक्य | श्री नेत्र प्रसाद मरासिनी |
| १६. | भूमिगत जलश्रोत विकास समिति शाखा कार्यालय | श्री सुरेन्द्रमान शाक्य | श्री नेत्र प्रसाद मरासिनी |
| १७. | जनताको तटवन्ध फिल्ड कार्यालय | श्री पवन कुमार प्रसाद | श्री बाबुराम खनाल |
| १८. | सिंचाइ विकास डिभिजन, | श्री अक्षर गोपाल श्रेष्ठ | श्री होमनाथ देबकोटा |
| १९. | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन, | श्री राम प्रसाद अर्याल | श्री सुरेश कुमार रिमाल |
| २०. | डिभिजन सडक कार्यालय बुटवल | श्री मेघराज मरासिनी | श्री बिष्णु बहादुर रायमाझी |
| २१. | लुम्बिनी परिक्रमा, बर्दघाट पालडाडा त्रिवेणी सडक योजना | श्री देब कुमार तामाङ्ग | श्री नेत्र प्रसाद मरासिनी |
| २२. | अञ्चल यातायात व्यवस्था कार्यालय बुटवल | श्री देवीराम भण्डारी | श्री ढुण्डीराज अर्याल , श्री जनक अर्याल |
| २३. | यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमती पत्र | श्री वेद प्रसाद अर्याल | श्री बिष्णु प्रसाद भट्टराई |
| २४. | शहरी बिकास तथा भवन निर्माण डिभिजन कार्यालय | श्री सुरेश ठाकुर | श्री लुंजलाल शाक्य |
| २५. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | श्री शंकरमणी ज्ञवाली | श्री जिबनाथ अर्याल |
| २६. | जिल्ला वन कार्यालय | श्री इन्द्र बहादुर प्रछाई | श्री टिका बहादुर पौडेल |
| २७. | जिल्ला भू-संरक्षण कार्यालय | श्री आनन्दराम घिमिरे | श्री दामोदर पन्त |
| २८. | जिल्ला प्रहरी कार्यालय | श्री राजेन्द्र ढकाल र श्री बुद्धिराज गुरुङ्ग | श्री पूर्ण बहादुर श्रेष्ठ |
| २९. | दंगा नियन्त्रण प्रहरी गण | श्री संजय कुमार सिंह बस्नेत र श्री सूर्य प्रसाद उपध्याय | श्री गोबिन्द त्रिपाठी |
| ३०. | कारागार कार्यालय | श्री सूर्य बहादुर यादब | श्री गीता पाण्डे |
| ३१. | जिल्ला प्रशासन कार्यालय | श्री बिष्णु प्रसाद ढकाल | श्रीसुरेन्द्र बस्याल |
| ३२. | जिल्ला पशु सेवा कार्यालय, | श्री गान्धीराज उपाध्याय | श्री टंक प्रसाद पंगेनी |
| ३३. | जिल्ला कृषि विकास कार्यालय, | श्री भोजराज सापकोटा | श्री परशुराम भट्टराइ |
| ३४. | जिल्ला हुलाक कार्यालय, | श्री चिरन्जीवी राना र श्री नारायण प्रसाद पन्थी | श्री दान बहादुर खनाल |
| ३५. | श्री महिला तथा वालवालिका कायांलय | श्री उषा रावल | श्री होमनाथ पाण्डे |
| ३६. | लुम्बिनी विकास कोष | श्री अजितमान तामाङ्ग | श्री राम बहादुर के.सी.र श्री भिम बहादुर बस्नेत |
| ३७. | पर्यटन कार्यालय | श्री बिरेन्द्र महासेठ , श्री शालिकराम रेग्मी | श्री बसन्तराज सिग्देल र बिमल दवाडी |
| ३८. | व्यापारिक मार्ग विस्तार आयोजना, बुटवल | श्री ख्याम बहादुर थापा | श्री कृष्ण खनाल/ श्री पदम ज्ञवाली |
| ३९. | किसानकालागि उन्नत बिउबिजन कार्यक्रम | श्री लक्ष्मण प्रसाद पौडेल | श्री डिलाराम लम्सास |
| ४०. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | श्री ठाकुर चन्द्र के.सी. | श्री मनविर चौधरी |
| ४१. | कोष तथा लेखा नियन्त्रक कार्यालय | श्री दिपक ज्ञवाली | श्री मन बहादुर थापा |
| ४२. | जिल्ला जनस्वास्थ्य कार्यालय, | श्री टंक प्रसाद चापागाइ | श्री रामकृष्ण घिमिरे |
| ४३. | जिल्ला शिक्षा कार्यालय , | श्री टेक बहादुर थापा | श्री सिद्धिप्रसाद खनाल |
| ४४. | पश्चिमान्चल क्षेत्रीय मेडिकल स्टोर, बुटवल | श्री नारद प्रसाद साहनी | श्री गोपाल क.ष्ण भूतेंल |
| ४५. | बुटवल बहुमुखी क्याम्पस, बुटवल | डा.सखिशरण सुवेदी | श्री खिमनाथ शर्मा |
| ४६. | भीम अस्पताल भैरहवा | श्री अनन्त कुमार शमां | श्री मान बहादुर थापा |
| ४७. | भैरहवा बहुमुखी क्याम्पस, भैरहवा | प्रा. सुर्दशन प्रसाद नेपाल | श्री दुर्गाबहादुर बिश्वकमा |
| ४८. | भैरहवा भन्सार कार्यालय वेलहिया, । | श्री लावण्य ढकाल | श्री पुष्कर निरौला |
| ४९. | राजस्व अनुसन्धान पश्चिमान्चल क्षेत्रीय कार्यालय, बुटवल | श्री नरेन्द्र प्रकाश पाण्डेय | श्री गोकुलराज अयांल |
| ५०. | राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय,बुटवल | श्री नोगेन्द्र खनाल | श्री कपिल खनाल |
| ५१. | लुम्बिनी अंचल अस्पताल , बुटवल | डा. राजेन्द्र प्र. खनाल | श्री मित्रलाल त्रिपाठी |
| ५२. | लुम्बिनी बौद्ध विश्वविद्यालय, केन्द्रीय कार्यालय/केन्द्रीय क्याम्पस | श्री इन्द्र प्रशाद काफ्ले | श्री रत्नेश्वर तिवारी |
| ५३. | शैक्षिक तालिम केन्द्र, | श्री गिरमान थापा | श्री भवानी देवी आचाय |
| ५४. | कोरिया नेपाल इन्स्टिच्युट अफ टेक्नोलोजी, तामनगर बुटवल | श्री अरविन्द कुमार चौधरी | श्री प्रमोद पौडेल |
| ५५. | कृषि र पशु विज्ञान अध्ययन संस्थान, पक्लिहवा क्याम्पस, | डा. कनैया प्रसाद सिंह | श्री भिम ब. थापा |
| ५६. | बाणिज्य कार्यालय, | श्री वेद प्रकाश उपाध्याय | श्री शिवलाल अर्याल |
| ५७. | स्थानीय विकास कोषको सचिवालय | श्री टोपलाल शर्मा | श्री अन्जना ज्ञवाली |
| ५८. | क्षेत्रीय प्रहरी तालिम केन्द्र | श्री कमल बहादुर जि टी | श्री तिर्थराज क्षेत्री |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np